तालिम पुस्तिका

# रेडप्लसमा
# स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिको
# अभ्यास


करेन एडवार्ईस, रोनाकोन त्रिरागनन
चन्द्र सिलोरी र जिम स्टेफेन्सन





तयार पार्ने

THE CENTER FOR PEOPLE AND FORESTS RECOFTC
IGES
Norad

तालिम पुस्तिका

# रेडप्लसमा
# स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिको
# अभ्यास

करेन एडवार्ड्स, रोनाकोन त्रिरागनन
चन्द्र सिलोरी र जिम स्टेफेन्सन



तयार पार्ने

RECOFTC THE CENTER FOR PEOPLE AND FORESTS
IGES
Norad

## प्रतिलिपि अधिकार

यस पुस्तिकामा उल्लेखित भौगोलिक क्षेत्र (सिमाना, भू–भाग, देशको वैधानिक अवस्था र अधिकारसम्बन्धी धारणा) तथा प्रस्तुत अन्य सामग्रीहरु रिकफ्ट – जनता र वनका लागि केन्द्र, विश्व वातावरणीय रणनीति अध्ययन संस्थान (आइजिइएस) र नर्बेली विकास सहयोग नियोग (नोराड) का धारणाहरु होइनन्। यस किताबमा व्यक्त विचारहरूले पूर्णरूपमा रिकफ्ट, आइजिइएस र नोराडका आधिकारिक धारणा प्रतिबिम्बित गर्दैनन्। रिकफ्ट, आइजिइएस र नोराड यस प्रकाशनको अङ्ग्रेजी भाषाबाट अन्य भाषामा रूपान्तरणका दौरान हुनसक्ने भुल वा छुटका लागि जिम्मेवार छैनन्।

प्रकाशक : रिकफ्ट, आइजिइएस र नोराड

सर्बाधिकार : © २०१२ जनता र वनका लागि केन्द्र (रिकफ्ट), विश्व वातावरण रणनीति अध्ययन संस्थान (आइजिइएस) र नर्बेली विकास सहयोग नियोग (नोराड)

स्रोत पूर्णरूपमा खुलाइएको अवस्थामा शैक्षिक र गैरव्यापारिक प्रयोजनका लागि पूर्व लिखित अनुमतिविना नै यसको पुनः प्रकाशन अख्तियार गरिएको छ। पुनः विक्री र अन्य व्यापारिक प्रयोजनका लागि यस प्रकाशनको पुनः उत्पादन यसका प्रकाशकको लिखित अनुमतिविना पूर्णतः निषेध गरिएको छ।

उद्धरणः Edwards, K., Triraganon, R., Silori, C. and Stephenson, J. (2012). Putting Free, Prior, and Informed Consent into Practice in REDD+ Initiatives. A Training Manual. RECOFTC, IGES and Norad, Bangkok, Thailand. viii + 184 pages.

नेपालीमा अनुवाद : लोकमणि सापकोटा र विष्णुहरि पौड्याल

नेपाली भाषा सम्पादनः उत्तम सापकोटा

नेपाली डिजाइन र कम्प्युटरः रेन्बो डिजाइन हाउस प्रा.लि.

ISBN: 978-616-91154-0-3
बाहिरी पृष्ठ, चित्रहरू र खाका एडविन युलियान्तोद्वारा बनाइएको

प्रकाशन उपलब्ध हुने संस्थाहरुः रिकफ्ट, आइजिइएस र नोराड

मुद्रणः थाई वातना पानिक प्रेस कं. लि.

काठ प्रयोग नभएको कागजमा मुद्रण गरिएको

THE CENTER FOR PEOPLE AND FORESTS
RECOFTC

## रिकफ्ट-जनता र वनका लागि केन्द्र

यो संस्था एसिया प्यासिफिक क्षेत्रमा सामुदायिक वन तथा हस्तान्तरण गरिएको वन क्षेत्रका व्यवस्थापन क्षमता अभिवृद्धिमा केन्द्रित एक मात्र गैरनाफामूलक संस्था हो। सन् १९८६ मा वन सम्वन्धी ज्ञानको केन्द्रका रूपमा सुरु भएको रिकफ्टले यस क्षेत्रका सामुदायिक वनको संस्थागत, नीतिगत र कार्यगत विकासमा सक्रिय रूपमा टेवा पुऱ्याएको छ।

IGES

## विश्व वातावरणीय रणनीति अध्ययन संस्थान (आइजिइएस)

यो संस्था एसिया प्यासिफिक क्षेत्रको विकासका व्यावहारिक र नवीन अनुसन्धानमा संलग्न एउटा अन्तर्राष्ट्रिय अध्ययन संस्थान हो। जापान सरकारको अगुवाइमा सन् १९९८ मा स्थापना भएको आइजिइएसको नीतिसम्बन्धी अनुसन्धान रणनैतिक रूपमा यस क्षेत्रका मानिसको आर्थिक विकासको आवश्यकता पूरा गर्न केन्द्रित छ। आइजिइएस अन्तराष्ट्रिय/क्षेत्रीय नीति पहलकदमी र सञ्जाल विस्तारमा संलग्न भई अनुसन्धानका आधारमा ज्ञानको प्रसार र नीतिको सिफारिसका माध्यमबाट नीतिनिर्माणमा योगदान गर्दछ।

Norad

## नर्बेली विकास सहयोग नियोग (नोराड)

यो नर्बेली विदेश मामिला मन्त्रालयअन्तर्गतको एउटा निर्देशनालय हो। नोराड विकासोन्मुख देशहरूलाई गुणस्तरीय विकास सहायता प्रदान गर्न प्रतिबद्ध छ। नोराड महिला, बालबालिका, वातावरण, शिक्षा, एचआइभी/एड्स र स्वास्थ्यमा मुख्य रूपमा केन्द्रित भई बृहत् क्षेत्रमा कार्य गर्दछ। जलवायु परिवर्तन र वातावरण नर्बेली विकास नीतिका मुख्य अवयव हुन्, जसले विकासोन्मुख मुलुकहरूमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकरणका लागि अनुसन्धान, नमुना परीक्षण तथा नागरिक समाजको पद्दति विकासमा सहयोग गर्दछ।

# विषयसूचि


**धन्यवाद ज्ञापन** vi

**परिचय** १
यो तालिम पुस्तिका केसँग सम्बन्धित छ ? ३
किन यो पुस्तिका तयार गरियो ? ४
तालिम पुस्तिका कसका लागि ? ५
यो तालिम पुस्तिका कसरी प्रयोग गर्ने ? ६
तालिम पुस्तिका कसरी संरचित छ ? ६
तालिमलाई कसरी वास्तविक बनाउने ? ८
यी तालिम सामग्री प्रयोग गरी कसरी सिकाइ प्रक्रियालाई सबल बनाउने ? ९
यस तालिम पुस्तिकालाई रूपान्तरण वा आफ्नो ढाँचामा ढाल्दा के कुरामा सजग रहनु पर्दछ ? १०
तालिमलाई कसरी तपाईँको आवश्यकता अनुसार रूपान्तरण गर्ने ? १०
विभिन्न तालिम परिदृश्यका उदाहरणहरू ११

१
**सिकाइ तह १ :**
**रेडप्लसमा एफपिआइसीका लागि तयारी** १३

१. फेसबुकमा आफ्नो समूहको पेज बनाउनुहोस् १५
२. तालिमको परिचय १९
३. रेडप्लस के हो ? २१
४. एफपिआइसी के हो ? २७
५. सहमति किन ? ३५
६. एफपिआइसी के र कसका लागि ? ४०
७. रेडप्लस परियोजनामा एफपिआइसीको सम्मान किन ? ४४
८. अन्तर्राष्ट्रिय र राष्ट्रिय सम्झौता : रेडप्लसमा एफपिआइसीको अधिकारको सम्मान ५०

२
**सिकाइ तह २ :**
**एफपिआइसीका आधारभूत सिद्धान्तहरू** ५७

९. एफपिआइसीको चर्चा : स्वतन्त्र के हो ? ५९
१०. एफपिआइसीको चर्चा : अग्रिम के हो ? ६५
११. एफपिआइसीको चर्चा : सुसूचित के हो ? ७१
१२. एफपिआइसीको चर्चा : सहमति के हो ? ७७

३
**सिकाइ तह ३ :**
**एफपिआइसीका सहयोगी मान्यताहरू** ८३

१३. एफपिआइसीका सहयोगी मान्यताहरूको परिचय ८५
१४. सहयोगी मन्यता : आत्मनिर्णय ८७
१५. सहयोगी मान्यता : भोगाधिकारको बुझाइ ९०
१६. सहयोगी मान्यता : हकवालाहरूको पहिचान ९७
१७. सहयोगी मान्यता : सहभागितात्मक निर्णय १०६
१८. सहयोगी मान्यता : प्रभावकारी सञ्चार ११२

४ सिकाइ तह ४ः
एफपिआइसी कार्यान्वयनका प्रमुख चरणहरू ११९

१९. एफपिआइसी कार्यान्वयनका महत्त्वपूर्ण चरणहरूको सङ्क्षिप्त परिचय १२१
२०. निर्णय गर्ने उपयुक्त निकायहरूको पहिचान १२७
२१. सहमतिको खोजी तथा प्राप्तिका लागि प्रक्रियाको विकास १३३
२२. सहमतिको प्रमाणीकरण १४३
२३. सम्झौताको कार्यान्वयनको अनुगमन १४९
२४. गुनासो व्यवस्थापन प्रक्रियाको विकास १५३

५ सिकाइ तह ५ः
रेडप्लसमा एफपिआइसीको सिकाइको मूल्याङ्कन १६३
२५. तपाईँले एफपिआइसीका बारेमा केके देख्नुभयो, सुन्नुभयो, महसुस गर्नुभयो र सिक्नुभयो ? १६५
२६. एफपिआइसीका चार 'सी' हरू २६७
२७. कार्ड खेलका चुनौती तथा सफल अभ्यासहरू १७०

अनुसचीहरू १७३
तालिम सत्रमा आधारित विस्तृत परिदृश्यहरू १७५
जानकारीका थप स्रोतहरू (सन्दर्भ सामग्री र वेबसाइटहरू) १७९
शब्दावलीहरु १८१
शब्दका छोटकरी रुपहरु १८३

# धन्यवाद ज्ञापन

यो तालिम पुस्तिका करेन एडवार्ईस र रोनाकोन त्रिरागननले जिम स्टेफेन्सन, चन्द्रशेखर सिलोरी र रिकफ्ट – वन र जनताका लागि केन्द्रको क्षमता विकास र प्राविधिक सेवा टोलीका अन्य सदस्यहरूको योगदानका साथ तयार पार्नुभएको छ। यो पुस्तिकाको प्रारूप तयार गर्ने र पूर्णता प्रदान गर्ने कार्य विभिन्न स्रोतको मुख्य अवधारणामा आधारित छ। हामी विशेष रूपमा रिकफ्ट र जिआजेडबाट सन् २०११ मा प्रकाशित रेडप्लसमा स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिः नीति निर्माण तथा परियोजना विकासका सिद्रान्त र विधिहरूका प्रमुख लेखक प्याट्रिक एन्डरसनलाई धन्यवाद प्रदान गर्दछौँ। उक्त प्रकाशन नै तालिम सामग्री र घटना अध्ययनका मुख्य विषयवस्तुको विकासको आधार रहेको छ। त्यस्तै हामी वेन भिकर्स र विशेषज्ञ परामर्शका माध्यमद्वारा सुझाव प्रदान गर्नुहुने अन्य महानुभावहरूप्रति पनि आभारी छौँ।

प्रस्तुत पुस्तिकाका तालिम विधिहरू डेभ ग्रे, सन्नी ब्राउन र जेम्स मेकानुफोको गेमस्टोर्मिङ र वुधिता किस्मदी र डानी मोन्गोरोको भाइब्रेन्ट सञ्चार विधिलगायत विभिन्न सामग्रीहरूबाट लिइएका छन्।

हामी सन् २०११ को २५ देखि २८ जुलाईसम्म सञ्चालित रिकफ्टको रेडप्लसका एफपिआइसीको परीक्षण तालिममा सहभागी रही अमूल्य सुझावहरू प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति विशेष रूपमा कृतज्ञ छौँ। यो प्रकाशन प्रथम संस्करण भएको र रेडप्लस र एफपिआइसीको धारणा र अभ्यासको सँगालो भएको हुँदा यसका सामग्रीहरू आवश्यकता अनुसार परिमार्जन र अनुकूलन हुने अपेक्षा गर्दछौँ। यस प्रकाशनका प्रयोगकर्ताहरू प्रस्तुत सामग्रीहरू संशोधन गर्न स्वतन्त्र हुनुहुन्छ। साथै आगामी अङ्कको सुधारका लागि पृष्ठपोषणका लागि आग्रह गर्दछौँ।

अन्त्यमा, हामी यस पुस्तिका प्रकाशनका लागि प्राप्त बौद्धिक र आर्थिक सहयोगका लागि विश्व वातावरणीय रणनीति अध्ययन संस्थान (आइजिइएस) र रेडप्लस परियोजनाका लागि प्राथमिक तहमा क्षमता अभिवृद्धिका माध्यमबाट नर्बेली विकास सहयोग नियोग प्रतिसमेत आभार व्यक्त गर्दछौँ।

# परिचय



# परिचय

## यो तालिम पुस्तिका केसँग सम्बन्धित छ ?

यो पुस्तिका मानिसको स्वतन्त्र, अग्रिम र सुसूचित सहमति (एफसिआइसी) को अधिकारको ज्ञान तथा क्षमताको विकाससँग सम्बन्धित छ। एफसिआइसीलाई मानिसको आफ्नो जीविका र जीवनस्तरलाई प्रत्यक्ष प्रभाव पार्ने बाह्य क्षेत्रबाट लादिने नीति र कार्यक्रमका सर्त सम्बन्धका बहसलाई आधारभूत अधिकारका रूपमा उल्लेख गर्न सकिन्छ जसअन्तर्गत उनीहरूले ती सर्तहरूलाई स्विकार्न या नकार्न सक्दछन्। यो मानिसहरूलाई विकासका पहलकदमीहरूलाई "हुन्छ" वा "हुँदैन" भन्न सक्षम बनाउने सामाजिक सुरक्षण हो।

यो पुस्तिका तालिमका प्रशिक्षार्थीहरूका लागि विकास गरिएको हो। यसले विभिन्न मुलुक र समूहका मानिसहरूलाई विधिवत् रूपमा एफपिआइसीको धारणा विकास गर्ने र त्यसको कार्यान्वयनको प्रक्रियाका बारेमा सहयोगी ज्ञान, अनुभवजन्य सिकाइ र तालिम सामग्रीहरू प्रदान गर्दछ।

यो तालिम पुस्तिका रेडप्लसको परिप्रेक्ष्यमा ढालिएको भए तापनि एफपिआइसीको ज्ञान र सम्बन्धित सामग्रीहरू आत्मनिर्णयको अधिकार उपयुक्त हुने जुनसुकै विकासका पहलकदमीमा प्रयोगमा आउन सक्छ। भन्नुपर्दा, यो जहाँ बाह्य क्षेत्रको प्रस्तावित कदमलाई स्थानीय समुदाय वा अधिकारवाला समूहले हुन्छ वा हुँदैन भन्नु आवश्यक छ सो क्षेत्रमा उपयुक्त हुन्छ वा अफ कहीँ त अनिवार्य नै हुन्छ। विगतका तथा अहिले गर्न लागिएका निर्णयहरूले वन व्यवस्थापन र वनमा आश्रित समुदायको जीविकामा गहन प्रभाव पार्ने हुनाले वन क्षेत्रका लागि पनि यो उत्तिकै उपयुक्त छ। त्यसो भएतापनि वन क्षेत्रमा एफपिआइसीको भावनालाई आत्मसात गरिएको छैन र यसको महत्त्वमा हालसम्म खासै ध्यान पुग्न सकेको छैन। रेडप्लसले विशेषगरी स्थानीय समुदायको बाह्य क्षेत्रमा विकास गरिएका कार्यक्रमहरूको स्थानीय स्तरमा कार्यान्वयनका लागि स्थानीय समुदायकै सहमतिको आवश्यकता र अधिकार तथा महत्त्वमा प्रकाश पार्ने अवसर प्रदान गरेको छ। यो रेडप्लसका कदमहरूको सफलता तथा दिगोपन र स्थानीय समुदायका कुनै प्रस्तावित विकास कार्यक्रमलाई हुन्छ वा हुँदैन भन्ने अधिकार सुनिश्चित गर्न आवश्यक छ।

यो पुस्तिका रेडप्लसको सैद्धान्तिक संरचनाबारे नभएर रेडप्लसका सामग्रीहरू तथा तालिम सत्रहरू र यिनीहरूको कार्यान्वयनमा एफपिआइसीको आवश्यकताबारे प्रकाश पार्न प्रयोग गर्न आवश्यक छ। तपाईँ रेडप्लससँग सम्बन्धित आफ्नो ज्ञान र क्षमता विकास गर्न खोज्दै हुनुहुन्छ भने तपाईँलाई तालिम सामग्रीका अन्य स्रोतहरू[१] आवश्यक हुन सक्छन्।

यो तालिम पुस्तिका रिकफ्टद्वारा प्रकाशित सन्दर्भ पुस्तिका *रेडप्लसमा स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिः नीति निर्माण तथा परियोजना विकासका सिद्धान्त तथा विधिहरू (२०११)* सँग संयोजन गरी अध्ययन गर्न वा प्रयोगमा ल्याउन सकिन्छ। यो पुस्तिकाले तालिम प्रशिक्षक वा प्रस्तावित विकास परियोजनाहरूमा एफपिआइसी खोज्ने अन्य संस्थाहरूको क्षमता विकासका लागि प्रभावकारी हुने लक्ष्य राख्दछ।

१ RECOFTC Climate Change Mitigation http://www.recoftc.org/site/Climate-change-mitigation

## किन यो पुस्तिका तयार गरियो ?

रेडप्लसको बहस हालसालै मात्र आए तापनि एफपिआइसीको अवधारणा नौलो होइन । अरू विकासका कदमहरूले जस्तै रेडप्लसले लक्षित वन क्षेत्रवरिपरि बस्ने समुदायलाई जोखिम र फाइदा दुबै हुन सक्छन् । रेडप्लसका सन्दर्भमा भने ती जोखिम र फाइदाहरूको सम्बन्ध भू–उपयोग प्रणालीको रूपान्तरण र स्रोतमा विभिन्न औपचारिक वा अनौपचारिक हकवालाहरूको पहुँचसँग हुन सक्छ ।

एफपिआइसीको अवधारणा आदिवासी समुदायहरू र उनीहरूको अधिकार क्षेत्रसँग सम्बन्धित भएर विकास भएको भए तापनि सिद्धान्ततः यो बाह्य कदम र चासोका कारण कुनै समुदायको जीविकामा पर्ने प्रभावसम्बन्धी सामाजिक सुरक्षण हो । रेडप्लसका सन्दर्भमा स्थानीय समुदायको अधिकार र वनमा आश्रितहरूको जीविका संरक्षण मात्र नभई सम्बन्धित सबै पक्षहरूको पारस्परिक सहमति र समझदारीका माध्यमबाट परियोजना व्यवस्थापकको जोखिम कम गर्ने माध्यमका रूपमा एफपिआइसीको पहिचान गरिएको छ ।

जनसहभागिता र जनजीविकाको सुरक्षणको सबालमा धेरै देशहरूमा वन क्षेत्रको इतिहास र ख्याति कमजोर रहेकोले वन क्षेत्र र समुदायहरूका बिच ठुलो अविश्वासको स्थिति छ । एफपिआइसीले द्वन्द्वको सम्भावित स्थितिमा दुबै पक्षको सरोकार सम्बोधन गर्ने रचनात्मक अवसर प्रदान गर्न सक्छ । यसले समुदायलाई रेडप्लसको फाइदा र जोखिमहरूको होसियारीपूर्वक स्वमूल्याङ्कन गर्न पनि सक्षम बनाउन सक्दछ । एफपिआइसीको अभावमा समुदायहरूले वन संरक्षणका विगतका प्रयासहरूको अनुभवका आधारमा रेडप्लसबारेको धारणा बनाउन सक्ने जोखिम रहन्छ, जसले उनीहरूको सक्रिय सहभागिताका लागि प्रोत्साहन गर्न वा नगर्न पनि सक्छ ।

रेडप्लस सम्बन्धी हालै चलेका नीतिगत बहसमा रेडप्लसका समर्थकहरूले एफपिआइसीको सुनिश्चितताको सम्मान गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । तर यस सम्बन्धमा तालिममा संलग्नहरूलाई बुझाउने र तालिम दिन प्रयोगमा ल्याउन सकिने पाठ्यसामग्रीहरू थोरै छन् । सरकार, गैरसरकारी संस्था, निजी क्षेत्र र समुदायहरूको एफपिआइसी लागु गर्ने र टेवा दिन सक्ने आधारभूत बुझाइ र क्षमता अभिवृद्धि गरिनु पर्दछ । तर पनि रेडप्लसका लागि एफपिआइसी सम्बन्धी न्यूनतम  मापदण्डको अभाव नै एक ठुलो चुनौतीका रूपमा रहेको छ । अझ पनि एफपिआइसीको सर्त र आवश्यकताहरूबारे परम्परागत व्याख्या र आवश्यकताहरूले निर्देशित फरक फरक बुझाई व्याप्त छ ।

यो तालिम पुस्तिका उक्त क्षमता अभिवृद्धिको आवश्यकताबारेको सुरुवाती प्रतिक्रियाको रूपमा विकास गरिएको छ । यसले एफपिआइसीको उपयोगिता र रेडप्लसको प्रक्रियामा यसको सान्दर्भिकताका लागि बृहत्तर ढाँचा प्रस्तुत गर्दछ । यस्ता तालिमहरूले थप बहसको ढोका खुला गर्नुका साथै अवधारणालाई व्यवहारमा उतार्न र भविष्यका तालिम सामग्रीहरूमा समावेश गर्नका लागि नयाँ सिकाइहरूको समेत विकास हुन सक्दछ ।

## यो तालिम पुस्तिका कसरी रेडप्लस परियोजनाका प्रचलित सामाजिक सुरक्षण मापदण्डहरू र सरोकारवाला संलग्नता निर्देशिकासँग सम्बन्धित छ ?

परीक्षण वा छलफलमा रहेका निश्चित मापदण्डहरू उद्धरित भए तापनि यो पुस्तिका कुनै पनि एक सामाजिक सुरक्षण वा मापदण्डहरू[२] सँग मात्र संयोजित छैन । यो पुस्तिका एफपिआइसीका आधारभूत तर्कसङ्गत आधार र मान्यता अन्वेषण गर्न तयार पारिएको हो। एफपिआइसी प्रक्रियाको कार्यान्वयनका दौरान स्थानीय समुदायको संरक्षणको प्रभावकारिताका लागि यससँग सम्बन्धित आवश्यकताहरू पहिचान गरी अनुमोदन गरिनु पर्दछ। यिनै निश्चित सामाजिक सुरक्षणका मापदण्डहरूको विकासको सन्दर्भमा ध्यान दिई यो तालिम पुस्तिका कार्यान्वयनमा ल्याउन सकिन्छ।

सामाजिक सुरक्षणको राष्ट्रिय ढाँचा बनाउँदा र कार्यक्षेत्र (फिल्ड) का अभ्यासकर्ताको क्षमता अभिवृद्धि गर्न केही निश्चित सत्रहरूलाई प्राथमिकता दिन सकिन्छ।

## तालिम पुस्तिका कसका लागि ?



यो तालिम पुस्तिका मुख्यतः एफपिआइसीको आधारभूत ज्ञान भएका सेवाग्राहीहरूलाई सुपरिचित गराउन प्रशिक्षक र सहजकर्ताहरूमा लक्षित छ । यो पुस्तिका एफपिआइसीसँग सम्बन्धित क्षमता आवश्यकता आँकलन गरिरहेका अगुवा र परियोजना व्यवस्थापकहरूलाई पनि लाभदायक हुन सक्दछ।

फिल्डमा कार्यरत एफपिआइसीका तालिम सहजकर्ता र अभ्यासकर्ताहरूको मद्दतका लागि तयार पारिएको भए तापनि केही सामग्रीहरू समुदायलाई उनीहरूको अपेक्षा र अधिकारबारे प्रशिक्षित गर्न पनि प्रयोगमा ल्याउन सकिन्छ। यसअन्तर्गत के के पर्दछन् भन्ने जनाउन तालिम परिदृश्यका केही अंशहरू पनि समाविष्ट गरिएको छ।

प्रशिक्षकसँग कम्तीमा निम्न बमोजिमको अनुभव छ भन्ने मान्यतामा तालिमका सामग्रीहरू तयार पारिएका छन् :

- प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्रमा समुदायसँग काम गरेको अनुभव
- रेडप्लसको राष्ट्रियस्तरको ढाँचा र पृष्ठभूमिको बुझाइ तथा स्थानीय स्तरमा व्यावहारिक उपयोग (लाभ र जोखिम) को आधारभूत बुझाइ
- प्रयोगात्मक सिकाइका सिद्धान्तहरूको आधारभूत ज्ञान र बुझाइ
- निम्नदेखि उच्च स्तरको सहजीकरण क्षमता

प्रशिक्षकहरूसँग एफपिआइसी खाँचो पर्ने परियोजना वा कार्यक्रमहरूमा काम गरेको केही अनुभव हुनु वा उनीहरू राष्ट्रिय स्तरका एफपिआइसी प्रतिबिम्बित हुने कार्यक्रमहरूको बहसमा संलग्न भएको हुनु वाञ्छनीय छ। सिकाइको वातावरणको सृजना, तयारी र सहजीकरणका लागि उल्लेखित अनुभव भएका प्रशिक्षकहरू प्राप्त गर्न मुस्किल भएमा सामूहिक रूपमा ती आधारहरू पुरा गर्न सक्ने र संयुक्त रूपमा काम गर्न सक्ने टोली संयोजन गर्ने बारेमा पनि सोच्न सकिन्छ।

---

२ विश्व बैंकको सुरक्षण तथा रणनैतिक वातावरणिय र सामाजिक मापन (SESA), युएनएफसिसिसीको सरोकारवाला संलग्नता निर्देशिका, रेडप्लस सामाजिक तथा वातावरणिय मापदण्डहरु (REDD+ SES) र फरेष्ट स्टेवार्डसिप काउन्सिल (FSC) का सिद्धान्त तथा सूचकहरु

## यो तालिम पुस्तिका कसरी प्रयोग गर्ने ?

तालिमको उद्देश्य लक्षित समूह र समयावधि अनुरूप विभिन्न खण्डहरूबाट तालिम सामग्रीहरू छान्न सकिने गरी यो तालिम पुस्तिका तयार गरिएको छ। यस पुस्तिकाका प्रत्येक खण्डले एफपिआइसी आवश्यक पर्नुको धारणा र व्यवहार को वर्णन गर्ने सिकाइको तह प्रस्तुत गर्दछ।

प्रत्येक खण्ड पथ प्रदर्शकका रूपमा निश्चित उद्देश्य हासिल गर्ने धेरै सत्रहरूको योजनाबाट बनेको छ। ती सत्र योजनाहरूमा सिकाइ प्रक्रियाका लागि प्रशिक्षक जिम्मेवार भएका सम्पूर्ण चरण र क्रियाकलापहरू समाविष्ट छन्। तर यदि तपाईं कुनै सत्रमा सिकाइ प्रक्रिया परिवर्तन वा अनुकूलन गर्नुहुन्छ भने तपाईंले सिकाइका उद्देश्यहरू पनि परिमार्जन गर्नुपर्ने हुन सक्छ।

अझ प्रत्येक सत्र अभ्यास पत्र वा घटना अध्ययन हुन् जुन तपाईं सिधै प्रयोग गर्न सक्नुहुन्छ। तिनीहरू सहभागीको सिकाइ गन्तव्यको निर्देशनमा केन्द्रित छन्।

प्रत्येक सत्रमा सम्बन्धित स्रोत पत्र छ। ती स्रोत पत्रहरूमा सत्र योजना तर्जुमा प्रक्रियाका प्राविधिक विषयवस्तु छन्, जुन कुनै विषयमा द्विविधा हुँदा वा निश्चित सबालको जबाफ दिनुपर्दा प्रशिक्षकका लागि उपयोगी हुन सक्छन्। ती स्रोत पत्रहरू प्रशिक्षकका प्राविधिक सन्दर्भ पुस्तिकाका रूपमा र सहभागीको सिकाइ प्रक्रिया सुदृढ गर्न वितरणका लागि तयार पारिएका छन्।

## तालिम पुस्तिका कसरी संरचित छ ?



प्रशिक्षकका लागि सम्बन्धित सन्दर्भ सामग्रीहरू प्राप्त गर्न छरिता र सजिला तरिकाहरू उपलब्ध गराउँदै पाँच सिकाइका तहका अधारमा यो पुस्तिका विभिन्न खण्डहरूमा सँगठित छ। रिकफ्टको एफपिआइसी सन्दर्भ पुस्तिका मा आधारित भए तापनि सिकाइका विन्दुहरूमा जोड पुगेको सुनिश्चित गर्न यो पुस्तिका छुट्टै ढङ्गले संरचित छ। एफपिआइसीको सन्दर्भ पुस्तिकामा[३] उद्धत १२ वटा तत्त्वहरूलाई थप सहयोगी मान्यता र उपयोग (एफपिआइसी खोज्ने बृहत्तर चरणहरू) मा विभक्त गरिएको छ। सहभागीहरूले तालिम पूर्ण रूपमा पुरा नगरेसम्म र तालिमका विभिन्न खण्डहरू सन्दर्भ पुस्तिकासँग जोड्न सक्षम नभएसम्म प्रशिक्षकहरूलाई यो तालिम पुस्तिका प्रयोग गर्न निर्देश नदिन आग्रह गरिन्छ।

३ Free, Prior, and Informed Consent in REDD+: Principles and Approaches for Policy and Project Development. RECOFTC and GIZ, 2011

तालिम पुस्तिकाको परिचयले परिस्थिति निर्माण गर्न र परिस्थिति अनुसार तालिम पुस्तिको प्रयोग गर्न आधारभूत सुझावहरू प्रदान गर्दछ। तपाईं आफ्नो उद्देश्य अनुसार प्रत्येक सिकाइका तहबाट विभिन्न सत्रहरू छान्न वा कुनै एक सिकाइको तहमा केन्द्रित रहन सक्नुहुन्छ। तालिम प्रशिक्षकका रूपमा साधारण जानकारी लिन र तालिम तर्जुमाका विभिन्न विषयवस्तुमा जोड दिन सम्पूर्ण सिकाइका तहहरू र स्रोतपत्रहरूमा ध्यान दिनु लाभदायक हुनसक्छ।

१

## सिकाइ तह १:
## रेडप्लसमा एफपिआइसीका लागि तयारी

यस सिकाइ तहमा तपाईंले प्रस्तुत गर्ने पाठ्यक्रमको खाका र विषयवस्तुको वर्णन गर्न सहयोगी सत्रहरू उपलब्ध छन्। यसअन्तर्गत एफपिआइसी एउटा अवधारणाका रूपमा प्रस्तुत गर्न विभिन्न सन्दर्भमा यसको मान्यता र रेडप्लसमा एफपिआइसीको अधिकारको सम्मान गर्नुपर्ने औचित्यबारे आधारभूत तत्त्वहरू पर्दछन्। एफपिआइसीको औचित्य र मान्यताको मजबुत परिचयले तपाईंको सिकाइ प्रक्रियाको आधारभूत जगको काम गर्दछ। यो विशेषतः सहभागितात्मक विधिहरूमा अनभुवीहरूको हकमा लागु हुन्छ। त्यसैले एफपिआइसी सम्बन्धी ज्ञानहरू पहिले नै उपलब्ध छन् भन्ने मान्यता नराख्नुहोस्। सहमति शब्द तपाईंको आफ्नै सन्दर्भमा र दैनिकीमा सम्बन्धित गराउन जोड दिनुपर्दछ। सहमति खोज्ने अभ्यास र समुदायको सहभागितात्मक निर्णय प्रक्रिया बिचका भिन्नता बुझ्न केही समय खर्चनु फलदायी हुन्छ।

२

## सिकाइ तह २:
## एफपिआइसीका आधारभूत सिद्धान्तहरू

यो सिकाइको तहले एफपिआइसी भन्ने सङ्क्षिप्तरूपमा रहेका शब्दावलीहरूलाई केलाउँदछ र एफपिआइसीको खोजको व्यावहारिक पक्षमा ध्यान दिन्छ। यसले एफपिआइसीलाई सङ्क्षिप्त रूपका प्रयोगकर्ताहरूमा सम्बन्धित अवधारणाको पूर्ण जानकारी छ भन्ने मान्यतालाई चुनौती दिन्छ। यो सिकाइ तहले आवश्यक सहमति पहिचान र निर्माण गर्ने प्रक्रियामा पनि जोड दिन्छ। सत्रहरूलाई छुट्याएर हेर्दा यिनीहरूको भाव पूर्ण नहुने हुँदा यो अन्य सिकाइ तहहरूसँगको समग्रतामा हेरिनुपर्दछ। यस खण्डको असर सङ्क्षिप्त रूपको मिहिन विनिर्माणमा आधारित छ। यो सिकाइ तह छोड्न खोज्दा तालिमका सहभागीहरू एफपिआइसीलाई पूर्ण रूपमा नबुझी सङ्क्षेप रूपमा नै अल्मलिने जोखिम रहन्छ।

३

## सिकाइ तह ३:
## एफपिआइसीको मान्यतामा टेवा

यस सिकाइ तहले एफपिआइसीका आधारभूत सिद्धान्तहरूलाई टेवा दिने महत्त्वपूर्ण मान्यताहरूबारे प्रकाश पार्दछ। जस्तै स्वतन्त्र र सुसूचित सहमति प्राप्त गर्नका लागि सहभागिताको मान्यता र व्यवहार बुझ्न आवश्यक छ। यस सिकाइ तहको कुनै निश्चित सत्रको प्रयोग सहभागीको पृष्ठभूमि र चेतनाको स्तरमा निर्भर रहन्छ। यदि सम्पूर्ण सत्रहरूमा जोड दिन पर्याप्त समय छैन भने तालिममा कसरी यी मान्यताहरू सुदृढ गर्न सकिन्छ भनि मनन गर्नुहोस्। ती सत्रहरूले सिद्धान्तसँग सम्बन्धित सिकाइमा बल प्रदान गर्दछन् र कसरी तिनीहरूले काम गदर्छन् भनि व्यावहारिक दृष्टान्त प्रस्तुत गर्दछन्।

४

## सिकाइ तह ४:
## एफपिआइसी कार्यान्वयनका प्रमुख चरणहरू

यो सिकाइ तहले एफपिआइसी खोज्ने प्रक्रियाको मेरुदण्डका रूपमा बृहत् चरणको खाँका प्रस्तुत गर्ने प्रयत्न गर्दछ। यसले आवश्यक चरणहरू र कार्यहरूको व्यावहारिक कार्यान्वयनमा प्रकाश पार्न मद्दत गर्दछ। त्यस्तै यसले सहभागीले एफपिआइसीको प्राप्तिलाई कुनै एक विन्दुका रूपमा नबुझेर रेडप्लस परियोजनाको समग्र पाटोका रूपमा बुझ्न् भन्ने कुराको सुनिश्चित गर्दछ। यो सिकाइ तहले कसरी एफपिआइसी परियोजना चक्रभित्र समाविष्ट हुन्छ भन्ने प्रस्ट पार्दछ। कुनै परियोजना वा अवस्थामा एफपिआइसीको प्राप्तिको अन्वेषण गर्ने सत्रहरू अनुकूलन गर्न सकिन्छ। सम्पूर्ण चरणहरूमा ध्यान दिन समयाभाव भए सहभागीहरूले सम्पूर्ण चरणहरू र व्यावहारिक कार्यान्वयनबाट सोचून् भन्नका लागि र कुनै चरण नछुटेको सुनिश्चित गर्न सारांश सत्र उपयोगी हुन्छ।

५

## सिकाइ तह ५:
## रेडप्लसमा एफपिआइसीको सिकाइको मूल्याङ्कन

यस सिकाइ तहमा विभिन्न ऐच्छिक सत्रहरू छन् जसलाई सिकाइ प्रक्रियाका विभिन्न विन्दुहरूमा सहभागीहरूको एफपिआइसी सम्बन्धी ज्ञानको बुझाइ र सबालहरूको अवस्थाको मापन गर्न प्रयोगमा ल्याउन सकिन्छ। यी सत्रहरूले छलफलमा रहेका धारणाहरूका भिन्नता र द्विविधाका बारेमा पृष्ठपोषण उपलब्ध गराई सहयोग गर्दछन्। यी सत्रहरू सहभागीहरूको व्यावहारिक पक्षको चुनौती वा अस्पष्टता महसुसबारे प्रकाश पार्न पनि प्रयोगमा आउन सक्छन्। तिनीहरूले सहभागीहरूलाई फरक रूपको उनीहरूको बुझाइ आत्मासात्, मनन र सृजना गर्न अवसर पनि प्रदान गर्दछन्।

## तालिमलाई कसरी वास्तविक बनाउने ?

हामीले तालिम सामग्रीहरूलाई सान्दर्भिक र व्यावहारिक बनाउने हरसम्भव कोसिस गरेका छौं तर पनि प्रशिक्षकका रूपमा तालिमलाई कसरी मूर्त बनाउने भन्ने कुरा तपाईंमा नै निर्भर रहन्छ। यी तालिम सामग्रीहरू बृहत् प्रयोगकर्ता र वस्तुस्थितिका लागि तयार पारिएका छन् र तालिमलाई वस्तुगत बनाउन ती सामग्रीहरूलाई सहभागीहरूको स्थान वा अवस्था विशेषसँग सम्बन्धन गरिनु आवश्यक छ। प्रशिक्षकका रूपमा तालिमलाई जीवन्त र वस्तुगत बनाउन तपाईं धेरै कुरा गर्न सक्नुहुन्छ।



- **वास्तविक अनुभव भएका स्रोतव्यक्तिहरू प्रयोग गर्नुहोस्** : तपाईं रेडप्लस वा एफपिआइसी पहिले कहाँ प्रस्तावित वा लागु भएको छ भनी पहिचान गर्न सक्नुहुन्छ र त्यहाँका विज्ञहरूलाई तालिममा सहभागिताका लागि आमन्त्रण गर्न सक्नुहुन्छ। सिकाइ प्रक्रियामा उहाँहरूलाई स्पष्ट भूमिका दिने र तपाईंले प्रस्तुत गर्ने एफपिआइसीको संरचना मूलभूत रूपमा बुझ्नुभएको छ भन्ने कुराको सुनिश्चित गर्ने कोसिस गर्नुहोस्। वास्तविक अनुभव भएका स्रोत व्यक्तिहरू प्रयोग गर्नुको फाइदा उहाँहरूले वास्तविक उदारणसहित उत्तर दिन तपाईंलाई सहयोग गर्न सक्नुहुन्छ। यदि तपाईंलाई तालिम वास्तविक बनाउन मद्दत गर्छ जस्तो लाग्दछ भने उहाँहरूको अनुभवहरू खोतल्ने र तालिममा संयोजन गर्ने हरसम्भव प्रयास गर्नुहोस्।

- **घटना अध्ययनका लागि स्थानीय स्तरमा उपयुक्त उदारणहरू प्रयोग गर्नुहोस्:** कुनैकुनै स्थानमा यस तालिम पुस्तिकाले तपाईँलाई दुईवटा घटना अध्ययनहरूबाट एउटा छान्ने अवसर प्रदान गर्दछ। जहिले पनि द्विविधा भएमा आफ्नो परिस्थिति सुहाउँदो घटना अध्ययन छान्नुहोस् अथवा आफैँ विकास गर्ने कोसिस गर्नुहोस्। तपाईँको देशको घटना प्रयोग गर्नु प्रायजसो प्रभावकारी हुन्छ तर तिनीहरूले सत्रको उदारणमा दिए जस्तै सबाल र प्रश्नहरूको उठान गर्दछन् भन्ने सुनिश्चित गर्नुहोस्।

- **लक्षित समूहहरू मिसाउनुहोस्:** तालिम प्रशिक्षकका लागि समान पृष्ठभूमि वा दृष्टिकोण भएका सहभागीहरूको समूहमा तालिम सञ्चालन सहज हुने भए तापनि फरक पृष्ठभूमि वा दृष्टिकोण भएका सहभागीहरूको समूहमा तालिम सञ्चालन गर्दा सहभागीहरूलाई एफपिआइसीलाई विभिन्न कोणबाट बुझ्न सजिलो हुन्छ। तालिमका दौरान सबैको सामुन्ने सम्बन्धित सबालहरूबारे धारणा आदानप्रदान हुने हुँदा तालिम अझ सबल बन्दछ। वास्तविक अनुभवहरू सुनाउने अनुभवी फिल्ड सहजकर्ताहरू हुँदा यो जीवन्त हुन्छ तर पनि यस किसिमको तालिममा बहसमा रहेका सबालबारे संवाद र पारस्परिक बुझाइलाई बढावा दिन उच्च तहको तालिम कौशल आवश्यक पर्दछ।

- **लक्षित समूहहरूको मेल गराउनुहोस् र फिल्ड तहका प्रक्रियाहरूलाई समेट्नुहोस्:** यो सुझाव पछिल्लो विकल्पमा आधारित छ तर यसले स्थान विशेष सबालको अन्वेषण र अझ बढी सुनिश्चित गर्न ठुलो समुदायको सहभागिता समेट्ने मार्ग प्रशस्त गर्दछ। समुदायहरूलाई अरूसँग भेटघाट गर्नका लागि तयार पार्न र आफ्नो एफपिआइसीको अधिकारबारे सजग बनाउन होसियारीपूर्वक योजना र तहगत तयारी आवश्यक पर्दछ। यो तालिम तर्जुमाका विकल्पहरूमध्ये एक हो जुन पछि अनुसूचीमा प्रस्तुत गरिनेछ। यसलाई विशुद्ध तालिम मात्र नभनिन सक्छ तर एफपिआइसीको अधिकार को वुझाइका लागि क्षमता अभिवृद्धि गर्ने र सहमति प्रक्रियाको वास्तविक अभ्यास गर्ने यो रचनात्मक तरिका हो।

## यी तालिम सामग्री प्रयोग गरी कसरी सिकाइ प्रक्रियालाई सबल बनाउने ?

यी सामग्रीहरू प्रयोगात्मक सिकाइको वरिपरि रहेर तयार गरिएका हुन्। प्रयोगात्मक सिकाइले सहभागीको मौजुदा अनुभव मात्र परिचालन गर्नुपर्छ नभनि यसले तालिमका माध्यमबाट पनि सहभागीलाई अनुभवी बनाउने काम गर्दछ जुन नयाँ सिकाइ वा निष्कर्षको मननको आधार बन्न सक्छ। उक्त अनुभवमा कुन तरिकाबाट सहभागीहरूलाई सक्रिय बनाउने भन्ने कुरा प्रशिक्षकका रूपमा तपाईँमा नै निहित छ। सकेसम्म सिर्जनशील हुने र खाली ठाउँ, गति र चित्रहरूको प्रयोग गर्ने प्रयत्न गरेमा राम्रो हुन्छ।

सहभागीहरूलाई चिन्तनशील बनाउन उच्चस्तरको सहजीकरण कला आवश्यक पर्दछ। सहभागीहरू जति बढी चिन्तनशील हुन्छन् र तालिम सामग्रीहरू जति उनीहरूको सन्दर्भअनुसारको हुन्छ, उनीहरूले त्यति नै बढी सिक्ने सम्भावना रहन्छ। यसअन्तर्गत प्रशिक्षकका कुरा ध्यानपूर्वक सुन्ने, सक्रिय रूपमा प्रश्न गर्ने र अन्वेषण गर्ने कार्यहरू पर्दछन्। कुनै अवस्थामा सहभागीहरूले अनुभव आत्मसात् गर्दा पनि समाधान निर्बाध रूपमा निस्कँदैन भने प्रश्नहरू अर्कै तरिकाबाट अभिव्यक्त गरिनुपर्दछ। यसमा प्रशिक्षकको धैर्यता र दृढता आवश्यक पर्दछ।

प्रत्येक सत्रमा प्रशिक्षकहरूका लागि केही मननीय प्रश्नहरू (इटालिक्समा लेखिएका) पथ प्रदर्शकका रूपमा छन्। ती प्रश्नहरूले बिस्तारै आत्मसात् प्रक्रिया वृद्धि गर्दै लैजान्छन् र सहभागीहरूलाई लाभ पुऱ्याउन अुनभवसँग तार्किक संयोजन गर्ने तहगत प्रक्रिया अपनाउँछन्। यदि तपाईँ दक्ष प्रशिक्षक वा सहजकर्ता हुनुहुन्न भने ती प्रश्नहरूको तर्क र तहलाई अवलम्बन गर्ने प्रयत्न गर्नुहोस्। तपाईँको प्रश्न गर्ने तरिकाले पनि सहभागीहरूको उत्तर दिने गाम्भीर्यतालाई प्रभाव पार्दछ भन्ने कुराको हेक्का राख्नुहोस् र तपाईँ आत्मसात् प्रक्रियालाई बढावा दिन पाठ अवधिभर निरन्तर लाग्नुभएको छ भन्ने कुराको सुनिश्चित गर्नुहोस्। यसले सहभागीहरूमा सिकाइ प्रक्रियाका तत्त्वहरूलाई आत्मसात गर्ने बानी बसाउँछ र अझ भन्नुपर्दा यसमा उनीहरूले मनोरञ्जन पनि प्राप्त गर्न सक्छन्।

## यस तालिम पुस्तिकालाई रूपान्तरण वा अनुकूलन गर्दा के कुरामा सजग रहनु पर्दछ ?



- **शब्दावलीको गलत व्याख्या:** सबैभन्दा उपयुक्त शब्दावली सर्बदा खोज्नुहोस् तर रोजिएको शब्दले अङ्ग्रेजी शब्दको ठ्याक्कै एउटै अर्थ नदिन पनि सक्ने अवस्थाबारे सजग रहनुहोस्। सहमति भन्ने शब्द यस पुस्तिकाबाट उपयुक्त उदाहरण हुन सक्छ । तपाईँको आफ्नो संस्कृतिमा मिल्ने खालको दैनिक जीवनका उदाहरणहरू दिनुहोस्। शब्दावलीको अर्थ स्पष्ट रहेको सुनिश्चित गर्नुहोस् । यदि अङ्ग्रेजी शब्दले एकभन्दा बढी अर्थ दिन्छ र तिनीहरू सबै उपयुक्त छन् भन्ने लाग्दछ भने सन्दर्भको भिन्नता आँकलन गर्नुहोस् र सबै भन्दा उपयुक्त शब्द छनोट गर्नुहोस् । प्रमुख शब्दावलीका लागि स्थानीय शब्दहरू छान्नु अझ बढी प्रभावकारी हुन्छ। सहभागीहरूले अङ्ग्रेजी रूप भन्दा सजिलोसँग ग्रहण गर्ने सम्भावना रहने हुँदा यो कुरा सङ्क्षिप्त रूपमा अझ बढी लागु हुन्छ।

- **प्रमुख सिद्धान्तहरूको क्षयीकरण:** तालिम पुस्तिकालाई अनुकूलन गर्दा भाषा सान्दर्भिक र सांस्कृतिक रूपले उपयुक्त भएको कुराको सुनिश्चित गर्नुहोस् । तर सिद्धान्तहरूको क्षयीकरण हुन नदिने कुरामा सजग रहनुहोस् । उदाहरणका लागि तपाईँको देशमा आदिवासीको अधिकारलाई कानुनतः मान्यता प्राप्त छैन भन्नुको मतलब तालिमका दौरान अधिकारका विषयहरू उठान गर्नुहुँदैन भन्ने होइन। यो त एफपिआइसीको जग नै हो। रेडप्लस परियोजनाको सफलतासँग सम्बन्धित संवेदनशील सबालहरू कसरी प्रस्तुत गर्दा प्रभावकारी हुन्छ भनि विवेचनात्मक ढङ्गले सोच्नुहोस् र सिकाइलाई पूर्णता प्रदान गर्न आवश्यक सम्भावित प्रश्नहरूको सामना गर्न तयार रहनुहोस्।

## तालिमलाई कसरी तपाइँको आवश्यकता अनुसार रूपान्तरण गर्ने ?



अगाडि व्याख्या गरिए झैँ यस पुस्तिकाका सामग्रीहरूलाई तपाईँको आफ्नै सन्दर्भको तालिमको तर्जुमा गर्न प्रयोगमा ल्याउन सकिन्छ । तर पनि सिकाइलाई प्रभावकारी बनाउन तपाईँले उद्देश्य र लक्षित समूहमा पनि ध्यान दिनु पर्दछ। एकपटक यी कुराहरूको निधो गरिसकेपछि तपाईँले उद्देश्य हासिल गर्न उपयुक्त सिकाइ तहबाट विभिन्न सत्रहरू रोज्न सक्नुहुन्छ। कुनै स्थान विशेषका मानिसहरूलाई तालिम दिनुपर्ने भएमा एफपिआइसीको मान्यता र चरणहरूबारे प्रकाश पार्न वर्तमान बुझाइ र उपयोग (वा अनुपयोग) प्रयोगमा ल्याउन सक्नुहुन्छ। विभिन्न तालिम परिदृश्यका उदाहरणहरू तल प्रस्तुत गरिएका छन्। यिनीहरू अझ विस्तृत रूपमा निश्चित सत्रहरूको उदाहरणसहित अनुसूचीमा प्रस्तुत गरिएका छन् । फिल्ड सहजकर्ताहरूलाई तालिम प्रदान गर्दा उनीहरूमा समुदायमा घुलमिल हुन आवश्यक कला भएको सुनिश्चित गर्न उपयुक्त सहजीकरण कौशल र सहभागितात्मक विधि र सामग्री प्रयोग गर्न सक्नुहुन्छ । तर यसले तालिमको समयावधि लम्ब्याउन सक्छ। तालिका १ ले निश्चित सेवाग्राही र उद्देश्यका लागि तालिम तर्जुमाका उदाहरणहरू प्रस्तुत गर्दछ।

तालिका १: **विभिन्न तालिम परिदृश्यका उदाहरणहरू**

| तालिम परिदृश्य | लक्षित समूह | समयावधि | सिकाइका उद्देश्यहरू |
|---|---|---|---|
| एफपिआइसीका सहजकर्ताहरूलाई एक चरणको तालिम (सिकाइ तहहरू समेट्दै) | फिल्ड सहजकर्ता/ विभिन्न क्षेत्रमा क्रियाशील सर कारी प्रसार कर्ताहरू | ६ दिन | • एफपिआइसीको महत्त्व र प्रमुख सिद्धान्तहरूको व्याख्या गर्न सक्नु<br>• एफपिआइसीको सिद्धान्त र प्रमुख सहयोगी मान्यताहरूको वर्णन गर्न र तिनीहरूलाई व्यावहारिक पक्षमा संयो जन गर्न सक्नु<br>• एफपिआइसी प्राप्तिका प्रमुख चरणहरूको पहिचान र तिनीहरूको आफ्नै परिप्रेक्ष्यमा उपयोगको योजना गर्नु |
| व्यवस्थापक/ रेडप्लस परियोजना प्रस्तावकलाई एक चरणको सङ्क्षिप्त तालिम (सिकाइ तह १, २, र ४ बाट सङ्क्षिप्त सत्रहरूमा केन्द्रित हुँदै) | आयोजना वा प्रस्तावक, व्यवस्थापक / वरिष्ठ सरकारी योजनाविद् | २ दिन | • रेडप्लसको परिप्रेक्ष्यमा एफपिआइसीका मान्यताको वर्णन गर्न सक्नु<br>• एफपिआइसीका प्रमुख सिद्धान्तहरू र तिनीहरूको रेडप्लस परियोजनाको खाका तयारी र कार्यान्वयन प्रक्रियाको उपयोगको पहिचान र वर्णन गर्न सक्नु<br>• परियोजनाको योजना र कार्यन्वयन परिदृश्यमा एफपिआइसीका सफल अभ्यासहरू पहिचान गर्न सक्नु |
| दुई खण्डको तालिम र फिल्ड अनुशिक्षण प्रक्रिया (केहि फिल्ड उपयोग र व्यवहार मा समकक्षीको पृष्ठ पोषणसहित सम्पूर्ण सिकाइका तहहरूमा केन्द्रित हुँदै) | फिल्ड सहजकर्ता र परियोजना व्यवस्थापक | बिचमा छुट्टै फिल्ड अभ्याससहित ४ दिन × २ | • एफपिआइसीका प्रमुख सिद्धान्तहरूको महत्त्वका बारेमा व्याख्या र तिनीहरूलाई सहयोगी मान्यताका चालु मूल्यहरूसँग संयो जन गर्न सक्नु<br>• एफपिआइसीका न्यूनतम मापदण्डहरूसँग सम्बन्धित चालु परामर्शको स्तरको मापन गर्नु<br>• हकवालाहरूको पहिचान र सहमति प्राप्तिको प्रक्रियाको कार्ययोजना निर्माण गर्नु<br>• आफ्नै क्षेत्रका लागि सहमति प्राप्तिको प्रारम्भिक खाका बनाउँदाको चुनौतीको पहिचान र पृष्ठपोषणको आदानप्रदान गर्नु |

| तालिम परिदृश्य | लक्षित समूह | समयावधि | सिकाइका उद्देश्यहरू |
|---|---|---|---|
| एफपिआइसीको अधिकारका लागि समुदायलाई तालिम | समुदायका अगुवा र सदस्यहरू | २ दिन | ● रेडप्लससँग सम्बन्धित उनीहरूको एफपिआइसीको अधिकारको व्याख्या गर्न सक्नु<br>● एफपिआइसीका सिद्धान्तहरू र आयोजना प्रस्तावकले उनीहरूको सहमति खोज्नुको अर्थको व्याख्या गर्न सक्नु |
| बहुसरोकारवाला फिल्ड सिकाइ प्रक्रिया (सिकाइ तह १ र २ तथा तह ४ को व्यावहारिक उपयो गमा केन्द्रित रहँदै) | समुदायका सदस्य, फिल्ड सहजकर्ताहरू (तेश्रो पक्ष) आयो जना प्रस्तावक, सरकारी अधिकृतहरू (उक्त क्षेत्रमा कार्यरत) | ३ दिन (समुदायका लागि ३ दिन र अन्य सरोकारवालाहरूका लागि २ दिन)। | ● विभिन्न सरोकारवालाहरूको दृष्टिकोणबाट एफपिआइसीको अधिकारको औचित्य र सम्मान बारे व्याख्या गर्न सक्नु<br>● एफपिआइसीका मुख्य सिद्धान्तहरूको व्याख्या गर्न सक्नु<br>● निश्चित परियोजना स्थलका लागि सहमति प्रक्रियाका मुख्य चरणहरूको पहिचान गर्नु र त्यसमा सहमत हुनु |

सिकाइ तह

# १

# रेडप्लसमा एफपिआइसीका लागि तयारी



यस सिकाइ तहमा एफपिआइसीको अवधारणा, विभिन्न परिस्थितिमा यसको मान्यता र रेडप्लसमा एफपिआइसीको सम्मानको औचित्यबारे परिचय गराउन आवश्यक तत्त्वहरू भएका सत्र छन् । 'सहमति' भन्ने शब्दलाई तपाईँको आफ्नै सन्दर्भमा बुझ्न र यसलाई तपाईँको दैनिक जीवनमा जोडेर हेर्न जोड दिनुपर्छ । समुदायको सहभागितात्मक निर्णय प्रक्रिया र सहमति प्राप्तिको अभ्यासका बिचको फरक छुट्याउन समय खर्चनु लाभदायक हुन्छ ।

# १ फेसबुकमा आफ्नो समूहको पेज बनाउनुहोस्

**समय :**
४५ मिनेट

**विधिहरू :**
१. व्यक्तिगत चिन्तन र खाका तयारी
२. पूर्ण समूहमा छलफल

**सामग्रीहरू :**
१. चम्किलो रङका सङ्केत कार्डहरू र काला वा निला मार्करहरू
२. एउटा ठुलो कागज र कम्तीमा ६ वटा फ्लिप चार्टहरू
३. मास्किङ टेप

## उद्देश्य

तालिमको अन्त्यमा सहभागीहरूले :

- एक अर्काको नाम जान्नेछन्।
- उनीहरूको व्यक्तिगत चाहना र उत्साहको पहिचान र तिनीहरूको आदानप्रदान गर्नेछन्।
- तालिमको दौरान उत्तर प्राप्त गर्ने प्रश्नहरू पहिचान गर्नेछन्।
- व्यक्तिगत र व्यावसायिक रूपमा आपसमा पहिले नै रहेका र नयाँ सम्बन्धको पहिचान र विकास गर्नेछन्।

## चरणहरू

१. सहभागीहरूलाई कार्यक्रमहरूको परिचयभन्दा एकआपसको चिनजान पहिला जरुरी रहेको बुझाउँदै स्वागत गर्नुहोस्। एकआपसमा परिचय गर्न प्रयोग गरिने विधि र प्रत्येकको भूमिकाबारे वर्णन गर्नुहोस्।

२. सहभागीहरू कोकोसँग फेसबुक खाता छ भनी सोध्नुहोस्। प्रत्येक सहभागीले सजिलो तवरबाट आ–आफ्नो फेसबुकको खाता र सञ्जाल निर्माण गर्दै छन् भन्ने कुरा बुझाउनुहोस्।

३. प्रत्येक सहभागीलाई चम्किलो रङको कार्ड दिनुहोस् । फ्लिप चार्टको प्रयोग गर्दै कसरी कार्डको प्रयोग गर्ने भनि देखाउनुहोस् (अभ्यास हेर्नुहोस्)। उनीहरूले कार्डका बिचमा ठुलो चारकुने कोठा कोरी माथिपट्टि उनीहरूको नामका लागि खाली ठाउँ छोडी ठुलो कोठाको मुनितिर अरू दुईवटा कोठा कोर्न लगाउनुहोस्।

४. ठुलो कोठामा उनीहरूलाई आ–आफ्नो फोटो (जसले उनीहरूको प्रतिनिधित्व गर्छ) वा आफ्नो चित्र कोर्न भन्नुहोस् र त्यसमा उनीहरूको आफ्नो व्यक्तिगत चाहना, उत्साह र उनीहरूले तालिमबाट उत्तर प्राप्त गर्न चाहेको प्रश्न लेख्न लगाउनुहोस्।

५. त्यसपछि उनीहरूले आफूलाई बोलाउनु पर्ने नाम उक्त कार्डको सिरानीमा लेख्नुपर्दछ।

६. सबैले कार्ड भरिसकेपछि उनीहरूलाई नचिनेका तिनजना सहभागी पत्ता लगाई उनीहरूको कार्डमा रहेको कुराहरू जानकारी गराउन लगाउनुहोस्। उनीहरूलाई छलफलका लागि १० मिनेट छोडिदिनुहोस्।

७. छलफलपछि उनीहरूलाई आफ्ना सबै समूहहरूका कार्डहरू ठुलो फ्लिप चार्टमा टाँस्न लगाउनुहोस्।

८. उनीहरूलाई आफूले पहिला नै चिनेका मान्छेहरू पत्ता लगाउन लगाउनुहोस् र रेखा तानेर उक्त रेखामा उनीहरूको भेट कसरी भयो र उनीहरूका बिच केके समानता छ लेख्न लगाउनुहोस्। उनीहरूलाई समान चाहना र उत्साह भएका मानिसहरूका बिचमा पनि रेखा तान्न लगाउनुहोस् (टिपोट : यो कार्य भद्रगोल हुने सम्भावना छ, तर चिन्ता नगर्नुहोस्। सबैजना सहभागी मात्र भएको सुनिश्चित गर्नुहोस्)।

९. फेसबुक सञ्जाल पूर्ण भएपछि त्यसलाई भित्तामा झुन्ड्याउनुहोस्। उनीहरूले तालिम अवधिभर सहभागीहरू चिन्नेछन् र उक्त सञ्जालमा अरू सम्बन्धहरू थप्न सक्छन्। उक्त कागज सबैले देख्ने गरी झुन्ड्याइएको र तालिम अवधिभरि त्यहाँबाट हटाउनु नपर्ने कुराको सुनिश्चित गर्नुहोस्।

१०. समूहलाई पूर्ण सत्रमा फिर्ता ल्याउनुहोस् र निम्न मननीय प्रश्नहरू सोध्नुहोस् :
   - तपाईंले अभ्यास गर्दा कस्तो महसुस गर्नुभयो र उक्त तरिकाबाट परिचय गर्दा के महसुस गर्नुभयो ?
   - तालिमका माध्यमबाट हामी कस्ता प्रश्नहरू उत्तरित भएको हेर्न चाहन्छौँ ? तिनीहरू समान वा भिन्न के हुन् र किन ?
   - हामीले निर्माण गरेका सम्बन्धबाट हामी के सिक्न सक्छौँ ?
   - यो सञ्जालले समूहको केके प्रतिनिधित्व गर्दछ र यसलाई हामी तालिमका दौरान कसरी प्रयोगमा ल्याउन सक्छौँ ?

११. यो सत्र एकअर्कालाई चिन्ने अनौपचारिक तरिका थियो, जुन तालिम अवधिभर रेडप्लसमा एफपिआइसीको अनुभव र सिकाइ साट्ने माध्यम बन्नेछ भन्ने कुरा बुझाउँदै यस सत्रको समापन गर्नुहोस्।

### प्रशिक्षकका लागि टिपोटहरू

यो सत्रले परिचय र अपेक्षाहरू समेट्ने भएकोले तालिमको ढाँचा बनाउँदा यसलाई सुरुमा राखिएको छ। सुरुदेखि नै प्रश्नहरूमा स्पष्ट बनाउँदै कुनै वेला तालिमका उद्देश्यहरूबारे परिचित गराउन सक्नु हुन्छ।

तपाईंले यसलाई तालिम अवधिभर औजारका रूपमा प्रयोग गर्न पनि सक्नुहुन्छ। जस्तै प्रत्येक दिनको समाप्तिमा सहभागीहरूले उनीहरूको सिकाइ प्रक्रियाको वा सिकाइका बारेमा आफ्नो भावना र स्थितिबारे सुसूचित गर्न सक्छन्। त्यसकारण उक्त कागज सबैले देख्ने गरी र सबैको पहुँचमा रहने गरी तालिम अवधिभर राखिनुपर्दछ।

अभ्यास


## आफ्नो फेसबुक समूहको पाना बनाउनुहोस्


| |
|---|
| आफूलाई बोलाइनुपर्ने नाम यहाँ लेख्नुहोस्। |
| तपाईं, तपाईंको व्यक्तित्व र चाहना तथा उत्साहको प्रतिनिधित्व झल्काउने चित्र, सङ्केत वा आवरण कोर्नुहोस्। |

| | |
|---|---|
| तपाईंको सबभन्दा ठुलो रुचि के हो ? | यस तालिममा तपाईंले कुन प्रश्नको उत्तर सबैभन्दा बढी चाहनु भएको छ ? |

यो म हुँ।






Facebook
http://www.facebook.com
facebook
Search
Home
Profile
Find Friends
Account
Photo
My Group
Edit my profile
News Feed
Messages
Events
Friends
Friends on Chat
News Feed
Top News
Most Recent
Share: Status Photo Link Video
What's on your mind?
Photo
Lorem ipsum dolor sit amet, consectetur adipisicing elit, sed do eiusmod tempor incididunt ut labore et dolore magna aliqua. Ut enim ad minim veniam, quis nostrud exercitation ullamco laboris
Jon Doe and 3 others like this.
View all 5 comments
Photo
Lorem ipsum dolor sit amet, consectetur adipisicing elit, sed do eiusmod tempor incididunt ut labore et dolore magna aliqua. Ut enim ad minim veniam, quis nostrud exercitation ullamco laboris
Jon Doe and 3 others like this.
View all 5 comments
Photo
Lorem ipsum dolor sit amet, consectetur adipisicing elit, sed do eiusmod tempor incididunt ut labore et dolore magna aliqua. Ut enim ad minim veniam, quis nostrud exercitation ullamco laboris
Jon Doe and 3 others like this.
View all 5 comments
Photo
Lorem ipsum dolor sit amet, consectetur adipisicing elit, sed do eiusmod tempor incididunt ut labore et dolore magna aliqua. Ut enim ad minim veniam, quis nostrud exercitation ullamco laboris
Jon Doe and 3 others like this.
View all 5 comments
Events
See All
What are you planning?
People You May Know
See All
Photo
Ally
5 mutual friends
+1 Add as Friend
Photo
John
+1 Add as Friend
Sponsored
Create an Add
Ad
Chat (0)

# २ तालिमको परिचय

**समय :**
४५ मिनेट

**विधिहरू :**
पूर्ण सत्रमा छलफल

**सामग्रीहरू :**
१. तालिमका कार्य सूचीहरू/सिकाइ तहसँगै तालिमका कार्यक्रमहरूको फ्लिप चार्ट।
२. फ्लिप चार्टमा लेखिएका तालिमबाट हुने सिकाइका उद्देश्यहरू।
३. दैनिक तालिका र व्यवस्थापकीय सामग्रीहरूको सूची।

## उद्देश्यहरू

तालिमको अन्त्यमा सहभागीहरूले :

- तालिमका प्रमुख उद्देश्य र सिकाइका तहहरूबारे वर्णन गर्न सक्नेछन्।
- उनीहरूले फेसबुकको पानामा भेटेका प्रश्नहरू कसरी तालिमको प्रारूपसँग सम्बन्धित छ भनी वर्णन गर्न सक्नेछन्।
- तालिम अवधिमा प्रयोग गरिएका सिकाइका विधिहरूबारे वर्णन गर्न सक्नेछन्।

## चरणहरू


१. तपाईंले तालिमको अभिप्राय उद्देश्य, बहाव र प्रक्रियालाई ध्यान दिँदै सिकाइका लागि मैदान तयारी गर्दै हुनुहुन्छ भन्ने कुरा बताउनुहोस्। यसबाट उनीहरूको तालिमबाट गरिएको अपेक्षा पनि प्रस्फुटित हुनेछ।

२. तालिम हलको सबैले देख्ने भित्ताको भागमा तालिमका अभिप्राय र उद्देश्य टाँसेर तिनीहरू 'किन' भन्ने कुरा बताउनुहोस्। तिनीहरू तालिम अवधिभर भित्तामा नै टाँसिएको हुनुपर्दछ। किन यी अभिप्राय र उद्देश्य छानिए भन्ने बारेमा बताउनुहोस् र सोधिएका प्रश्नहरूको जबाफ दिनुहोस्।

३. तालिमका सिकाइका तह र तर्कहरू बारेमा छलफल गराउँदै 'के' तालिम हो बुझाउनुहोस् र सहभागीहरूलाई प्रश्न गर्दै उनीहरूको बुझाइ स्पष्ट पार्नुहोस्।

४. तालिम वयस्क सिकाईका सिद्धान्तहरू, प्रयोगात्मक औजारहरू र विधिहरूमा आधारित हुनेछन् भन्ने कुरा बताउनुहोस्। सिकाइका लागि सहभागीहरू स्वयं जिम्मेवार हुन्छन् र समूहगत कार्यमा सामूहिक जिम्मेवारी जरुरत पर्दछ भन्ने कुरामा दुई खुट्टान्को नियम बारे वर्णन गर्नुहोस्।

५. तालिमको तालिका टाँस्दै र पुनरावलोकन गर्दै कुन 'समय' मा भन्ने कुरा प्रस्तुत गर्नुहोस्।




दुई 'खुट्टा'को नियम

६. सत्रको अन्त्यमा फेसबुक सञ्जाल र सहभागीहरूले तालिममा जबाफ चाहेका प्रमुख सबालहरूको पूर्ण अवलोकन गर्नुहोस्। ती प्रश्नहरूलाई तालिमको बहावसँग जोड्ने प्रयत्न गर्नुहोस् र कुन प्रश्नको जबाफ आएन स्पष्ट हुनुहोस्।

## प्रशिक्षकका लागि टिपोटहरू

यो तालिमको केन्द्र रेडप्लसमा एफपिआइसी हो न कि रेडप्लस भन्ने कुरा सहभागीहरूलाई जोड दिन आवश्यक छ।

दुई खुट्टाको सिद्धान्त यसप्रकार छ "कुनै समयमा तपाईंले आफूलाई यस्तो अवस्थामा पाउनुभयो जहाँ तपाईं न सिक्दै हुनुहुन्छ न त योगदान गर्दै ! तपाईंले आफ्ना दुई खुट्टाहरू प्रयोग गर्दै गएर केही फाइदाजनक काम गर्नु छ। जिम्मेवारी तपाईंमा नै निहित छ।"

तालिमको 'कसरी' भन्ने बारे छलफल गर्दा स्पष्ट रूपमा सहभागिता, प्रयोगात्मक सिकाइ, व्यक्तिगत चिन्तन, समूहगत कार्यमा सामूहिक दायित्व, समकक्षीको पृष्ठपोषण र दुई खुट्टाको सिद्धान्तका मान्यताहरूबारे जानकारी दिनुहोस्। यसले तालिमको सुरुवातदेखि तालिम अवधिभर सहभागीहरूमा सिकाइ प्रक्रियाहरूबारे एउटा अमिट छाप छोड्नेछ।

यस पुस्तिकाको परिचय खण्डमा विभिन्न लक्षित समूह र समय सीमाहरूका लागि तालिमको बहावका उद्देश्यहरू र प्रारूपका बारेमा सुझावहरू छन्।

# ३ रेडप्लस के हो ?

**समय :**
४५ मिनेट

**विधिहरू :**
१. व्यक्तिगत रेखाङ्कन
२. सामुहिक कार्य
३. पूर्ण सत्रमा छलफल

**सामग्रीहरू :**
१. प्रत्येक सहभागीका लागि रङ्गीन कागज वा फ्लिप चार्टको आधा टुक्रा
२. मार्करहरू र पोस्ट– इटहरू
३. रङ्गीन कलम र सिसाकलमहरू

## उद्देश्यहरू

सत्रको अन्त्यमा सहभागीहरूले :

- रेडप्लसबारे दिमागमा एउटा चित्रको विकास गर्नेछन् र रेडप्लस के हो भन्ने बारे को आफ्नो बुझाइ साट्नेछन् ।
- उक्त रेडप्लसको दिमागी चित्रको सामूहिक विश्लेषण गर्नेछन् र रेडप्लसको सजिलो सङ्क्षिप्त वर्णन गर्नेछन् ।
- रेडप्लसलाई जनाउने मुख्य अवधारणा पहिचान गरी सामूहिक रूपमा सहमत हुनेछन् ।
- तालिमको केन्द्रका रूपमा एफपिआइसीको अवधारणालाई रेडप्लसमा जोड्नेछन् ।

## चरणहरू

१. रेडप्लसमा एफपिआइसीको भूमिका जान्नुभन्दा पहिले रेडप्लसका केही आधारभूत सिद्धान्त र सबालहरूबारे जान्न आवश्यक छ भन्नेबारे बताउनुहोस् । त्यस्तै रेडप्लसका बारेमा समूहभित्र विभिन्न बुझाइ रहेको हुनसक्छ र यो तालिमले केही मुख्य अवधारणामा पारस्परिक बुझाइ विकास गर्न सहजीकरण गर्नेछ भन्ने कुरा पनि बताउनुहोस् ।

२. प्रत्येक सहभागीलाई फ्लिप चार्टको आधा टुक्रा वितरण गर्नुहोस् । उनीहरूलाई केही समय रेडप्लस के हुन सक्छ चिन्तन गरेर त्यसलाई चित्रका रूपमा कोर्न लगाउनुहोस् । उनीहरूलाई तपाईँ कुनै विलक्षण चित्रकारको खोजीमा नरहेको तर उनीहरूको जोड केमा छ सो विषयमा उनीहरूको धारणा चित्रका माध्यमबाट प्रस्तुत भएको हेर्न चाहनुहुन्छ भन्ने कुरा बताउनुहोस् । त्यस्तै यो अभ्यास उनीहरूले रेडप्लसबारे कति बुझेका छन् भन्ने जाँच्न नभई उनीहरूले रेडप्लसलाई आफ्नै तरिकाले कसरी बुझेका रहेछन् भन्ने पत्ता लगाउन हो भनी बताउनुहोस् । सहभागीहरूलाई अफ्नो बुझाइको चित्र कोर्न १० मिनेट समय दिनुहोस् ।

३. चित्र कोरिसकेपछि उनीहरूलाई तत्कालै कम्तीमा तिन जना अरू सहभागी रहेको सानो समूह बनाउन र आफूले कोरेको चित्र देखाउन तथा उनीहरू के कति समान वा भिन्न छन् भनी छलफल गर्नका लागि भन्नुहोस् ।

४. उक्त साना समूहहरूका प्रत्येक सदस्यले आफ्नो चित्र देखाइसकेपछि भित्ता वा पाटीमा टाँस्न लगाउनुहोस् र उनीहरूलाई दैनिक प्रयोगमा आउने बढीमा २५ शब्द प्रयोग गरी रेडप्लसको आफ्नो परिभाषा लेख्न भन्नुहोस्। उक्त परिभाषा उनीहरूको चित्रमा व्यक्त भएको विचार बमोजिमको हुनुपर्नेछ। ती समूहहरूलाई यस कार्यका लागि बढीमा १५ मिनेट समय दिनुहोस्।

५. उनीहरूले परिभाषा लेखिसकेपछि उक्त परिभाषा चित्र टाँसेको ठाउँसँगै भित्ता वा पाटीमा टाँस्नका लागि आग्रह गर्नुहोस्।

६. प्रत्येक समूहलाई अर्को समूहको कार्य निरीक्षण गरी चित्र र लिखित परिभाषाको सम्बन्ध खोज्न र पोस्ट–इट मार्फत आफ्ना सुझावहरू दिन वा प्रश्नहरू सोध्न आग्रह गर्नुहोस्।

७. सबै समूहहरूले ती कार्यहरू सकेपछि आ–आफ्नै चित्र र परिभाषा फिर्ता लैजान र पोस्ट–इटहरूका सुझाव र प्रश्नको जबाफ दिन आग्रह गर्नुहोस्। प्रत्येक समूहलाई जबाफ दिनका लागि २ मिनेट समय दिनुहोस्। उनीहरू आफ्नो चित्रको वर्णन गर्न नभई जबाफ दिन केन्द्रित छन् भन्ने कुराको सुनिश्चित गर्नुहोस्।

८. सबै समूहहरूले जबाफ दिइसकेपछि निम्न बमोजिमका मननीय प्रश्नहरू गर्नुहोस् :

- *के सबै समूहहरू समान वा भिन्न थिए ? प्रमुख भिन्नताहरू केके थिए ?*
- *कुन प्रमुख तत्त्वहरूमा सबै समूहहरू सहमत थिए ?*
- *कसरी यो तालिमको केन्द्र (एफपिआइसी) ती चित्र र परिभाषाहरूसँग सम्बन्धित छ ?*
- *यदि तपाईँहरूलाई रेडप्लसमा एफपिआइसी शीर्षकमा सोही कार्य गर्न लगाएको भए त्यही चित्र कोर्नुहुन्थ्यो ? कोर्नुहुन्थ्यो भने किन ? कोर्नुहुँदैनथ्यो भने किन ?*

९. सहभागीहरूलाई पूर्ण सत्रमा फिर्ता ल्याउनुहोस् र उनीहरूको चित्रहरूको प्रमुख तत्त्वहरूको सारांश (अनिश्चित प्रक्रिया, मौद्रिक लाभ, वनको छत्र र अवस्था सुधार्ने र स्थायित्व दिने लक्ष्य राख्नु, जलवायु परिवर्तनलाई सम्बोधन गर्नु, विकसित राष्ट्रहरूबाट विकासशील राष्ट्रहरूमा लिएको पहलकदमीको प्रतिनिधित्व, प्रक्रियाका अरू इच्छित सामाजिक प्रतिफलहरू, दिगो वन व्यवस्थापन इत्यादि) प्रस्तुत गर्नुहोस्। उनीहरूलाई कसरी यो उनीहरूको परिभाषा र एफपिआइसीसँग सम्बन्धित छ भनी प्रश्न गर्नुहोस्।

१०. यो एफपिआइसीका लागि वातावरण बनाउने प्रक्रियाको एक अङ्ग थियो भन्दै सत्रको बिट मार्नुहोस्। यो तालिम रेडप्लसबारे होइन तर रेडप्लसको कार्यान्वयनका दौरान एउटा सामाजिक सुरक्षण (एफपिआइसी) लागु गर्ने निश्चित प्रणालीबारे हो भन्ने कुरामा पुनः जोड दिनुहोस्।

## प्रशिक्षकका लागि टिपोटहरू :

सहभागीहरूले रेडप्लसबाट उनीहरूको आफ्नो इच्छित प्रतिफलहरू सामाजिक न्याय, असमानता वा संरक्षणप्रति झुकाव राख्ने प्रयत्न गर्नेछन् तर रेडप्लस एउटा सामाजिक विकासको कदम नभई वनमा सञ्चित कार्बनमा मौद्रिक मूल्य तोक्ने बाह्य क्षेत्रबाट भित्र्याइएको एउटा प्रणाली हो भन्ने कुरामा स्पष्ट हुन जरुरी छ। त्यसकारण एफपिआइसी एउटा महत्त्वपूर्ण अवयव हो।

रेडप्लसका विषयमा प्रस्तुतीकरण दिन आवश्यक छैन तर रेडप्लसको मुख्य उद्देश्य सामाजिक न्यायोचितता र जीविकोपार्जनमा सुधार नभई जलवायु परिवर्तनको सम्बोधन (विकसितबाट विकासशील देशहरूमा) हो भन्ने कुरा सहभागीहरूले महसुस गरेको सुनिश्चित गर्नुहोस्। यदि उनीहरूले रेडप्लसको परिभाषा खोजे भने प्रशिक्षकले युनएफसिसिसी, विश्व बैंक वा युनेपको वेब पेज सिफारिस गर्न सक्नुहुनेछ।

## स्रोतपत्र

# रेडप्लस के हो ?

## रेडप्लस के हो ?

"वन विनाश र वन क्षयीकरणबाट हुने उत्सर्जनको न्यूनीकरण (Reducing Emission from Deforestration and forest Degradation or REDD+) विकासशील राष्ट्रहरूलाई वन क्षेत्रबाट हुने उत्सर्जनमा कमी ल्याएवापत फाइदा प्रदान गरी र कम कार्बन निस्कने दिगो विकासमा लगानी गरी वनमा सञ्चित कार्बनको मौद्रिक मूल्य खडा गर्ने एउटा प्रयास हो। रेडप्लसअन्तर्गत वन विनाश र वन क्षयीकरण मात्र नभई संरक्षण, दिगो वन व्यवस्थापन र वनको कार्बन सञ्चितिमा वृद्धि पनि पर्दछन्।" (युएन–रेड २०११)

वनले जलवायु परिवर्तनमा धेरै महत्त्वपूर्ण भूमिकाहरू खेल्दछ। जस्तैः वनविनाश र वनको क्षयीकरणले रुखहरूमा सञ्चित रहेका कार्बनडाइअक्साइड र अरू ग्याँसहरू वायुमण्डलमा निष्काशन गर्दछ जसले जलवायु परिवर्तनमा योगदान गर्दछ। वैज्ञानिकहरूको अनुमानअनुसार वनविनाश र क्षयीकरणबाट वार्षिक उत्सर्जनको १२ देखि १७ प्रतिशतका बिचमा कार्बनाइअक्साइड उत्सर्जन हुन्छ[४]। तथापि स्वस्थ वनहरूले वायुमण्डलबाट वार्षिक २.४ अरब टन कार्बन सोस्दछन[५]।

त्यसैले जब कुनै वनको क्षति वा विनाश हुन्छ हामी कार्बन सञ्चिति मात्रै गुमाउँदैनौँ तर वनहरूको वायुमण्डलबाट कार्बन सोस्ने क्षमता पनि गुमाउँछौँ। यो दोहोरो घाटा हो। जब वनले उपलब्ध गराउने वायुमण्डलीय ओसिलोपनाको नियन्त्रण र स्थायित्वलगायतका अन्य वातावरणीय सेवाहरूको गणना गर्दा उक्त घाटा झन् ठुलो हुन आउँछ।

तर यदि वनविनाश र वन क्षयीकरण जलवायु विरुद्धको लडाइँमा दोहोरो घाटा हो भने वनको वृद्धि दोहोरो फाइदा हो। रेडप्लसका माध्यामबाट न्यून खर्चमा र छोटो समयअवधिमा ठुलो परिमाणमा कार्बन उत्सर्जन कटौती हुने सम्भावना रहेका कारण नै वनविनाश र वन क्षयीकरणको न्यूनीकरणमा धेरै चासो रहेको पाइन्छ।

## रेडप्लसका सिद्धान्तहरू केके हुन् ?

यो एउटा नितान्त सरल उपाय हो। यसमा वन व्यवस्थापन गर्ने मानिसहरूलाई पुरस्कृत गरिन्छ ताकि वन संरक्षणको कारण वनविनाश र वन क्षयीकरणबाट हुने हरितगृह ग्याँसहरूको उत्सर्जनमा कटौती हुन्छ। हामीले वन क्षयीकरण कम गर्नु र तिनलाई स्वस्थ राख्नु बढी फाइदाजनक हुन्छ। रेडप्लसले कार्बन सञ्चिती र वनको संरक्षणलाई मौद्रिक वा अन्य लाभ प्रदान गरेर ती कार्यलाई प्रोत्साहन गर्ने प्रस्ताव गर्दछ। उत्सर्जित कार्बनमा आधारित रही वनविनाश रोक्दा वनधनी वा वन व्यवस्थापकले श्रेय पाउँदछन्। यही श्रेय घरेलु वा अन्तर्राष्ट्रिय कार्बन बजारमा बिक्रीयोग्य हुन्छ वा यसलाई प्रयोग गरे वापत राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरव्यापारिक कोषबाट वन संरक्षकलाई पैसा तिरिन्छ।

---

४ Intergovernmental Panel on Climate Change, (2007); Van der Werf et al, (2009). CO2 emissions from forest loss.Nature Geoscience 2, 737-738 (2009).

५ USDA Blog, (2011). US Forest Service Finds that Forests Play Huge Role in Reducing Carbon and Higher Global Temps. Available online:http://blogs.usda.gov/2011/07/14/us-forest-service-finds-that-forests-play-huge-role-in-reducing-carbon-and-higher-global-temps/. Last accessed: 18th October 2011.



रेडप्लसमा (REDD+) मा '+' चिन्हले दिगो वन व्यवस्थापनको भूमिका र पुनःवृक्षरोपणका माध्यमबाट कार्बन सञ्चितमा बढावा दिनुलाई समेट्छ।

बेलायत सरकारको एलियास्क रिभ्यु (२००८) ले सन् २०२० सम्ममा वार्षिक ७ अर्ब अमेरिकी डलर कार्बन क्रेडिट राजस्व रेडप्लसमा ल्याउन सकिने प्रक्षेपण गरेको छ। तथापि जलवायुको सुस्त अन्तर्राष्ट्रिय बहसका कारण उक्त अङ्कमा पुनर्विचार आवश्यक हुन सक्छ। यस्तो उल्लेखनीय मात्राको रकमको बहावले कार्बन उत्सर्जनको अर्थपूर्ण कटौतीलाई पुरस्कृत गर्न सक्छ र जैविक विविधता संरक्षण र महत्त्वपूर्ण पारिस्थिकीय सेवा सुनिश्चित गर्न नयाँ र गरिबमुखी विकास कार्यक्रमलाई टेवा दिन सक्छ।

अझ भन्नुपर्दा वनको पारिस्थिकीय प्रणालीको निरन्तरताले जलवायु परिर्वतनको लचकता बढाउन योगदान गर्न सक्छ। यी धेरै फाइदाहरू प्राप्त गर्न रेडप्लसमा आदिवासी र अन्य वनमा आश्रित समुदायहरूको पूर्ण संलग्नता र उनीहरूको अधिकारको सम्मान आवश्यक पर्दछ।

## चुनौतीहरू केके हुन् ?

रेड र रेडप्लसको आधारभूत सिद्धान्त नितान्त सरल हुन सक्छ तर व्यवहारमा निम्न प्रकारका जटिल चुनौतीहरू रहेका छन् :

**अतिरिक्तता** : रेडप्लस खतरामा रहेको वनक्षेत्रको हकमा मात्र लागु हुन्छ। उक्त क्षेत्रमा रेडप्लसको कोष वनलाई उक्त खतराबाट थप बचाउ गर्न प्रयोग गरिन्छ। भविष्यको कठिन पूर्वानुमान र ३० वर्षमा हुन सक्ने वनविनाश र वन क्षयीकरणको सही मापनको कठिनाइ रेडप्लसका मुख्य आलोचनाहरूमध्ये एक हो। जब भविष्यको वन प्रयोगलाई ठिक रूपमा अनुमान लगाउन सकिँदैन भने वन संरक्षणबाट कमाइ हुने कार्बन क्रेडिटको मात्रा पनि अनुमान मात्र हुन जान्छ।

यो चुनौती पार गर्न र विकासकर्ताहरूलाई सहयोग गर्न स्वेच्छिक रूपमा रेडप्लसका विधिहरूको प्रारूप तयार गरिएको छ जुन तेस्रो पक्षले प्रमाणित गर्छ तर पनि केही अवलोकनकर्ताहरू यसलाई अझै अपूर्ण महसुस गर्दछन्। राष्ट्रिय तथा उपराष्ट्रिय तहमा लैजाँदा अतिरिक्तताको हिसाब पनि झनै कठिन हुन जान्छ।

- **चुहावट** : एक वन क्षेत्रलाई संरक्षण गर्दा वनविनाशको चाप देशभित्र वा देशबाहिरको अर्को क्षेत्रमा सर्दछ। यसलाई रेडप्लसको अर्को एउटा आलोचनाको कारकका रूपमा लिइएको छ। रेडप्लसका विधिहरूले सम्बन्धित क्षेत्रको मध्यवर्ती क्षेत्रमा हुने चुहावटसमेत कार्बनको हिसाबमा सँलग्न गरी चुहावटको सम्बोधन गर्ने कोसिस गरेका छन् तर राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा चुहावटको सही मापन झनै बढी चुनौतीपूर्ण हुन्छ र त्यस्तै वनविनाश एक क्षेत्रबाट अर्को क्षेत्रमा स्थानान्तरण गर्नु र त्यसको असर वातावरण र प्रभावित समुदायहरूमा पार्नु नैतिक दृष्टिकोणले प्रश्न योग्य पनि छ।

- **कोषको भ्रष्टाचार र दुरूपयोगको खतरा** : ऐतिहासिक रूपमा नै वनक्षेत्र घुसखोरी, भ्रष्टाचार र कोषको दुरूपयोगबाट संवेदनशील रहेको कुरामा अवलोकनकर्ताहरूको धेरै चासो रहेको छ। धेरैको तर्क रेडप्लसले शासन संरचना सुधार्न र समग्रमा भ्रष्टाचारलाई सम्बोधन गर्न एउटा अवसर प्रदान गर्दछ भन्ने भए तापनि केहीले यस क्षेत्रमा लगानी बढाउँदा यो समस्यालाई झनै विकराल बनाउन सक्नेसमेत तर्क गर्दछन्।

- **जमिन र कार्बनको भोगाधिकार** : रेडप्लस परियोजनाको विकासका लागि यसमा संलग्न विकासकर्ता र समुदायहरूले जमिनको भोगाधिकार र वनस्रोत माथिको अधिकारबारे स्पष्ट हुनु जरुरी छ। जमिनको भोगाधिकार अस्पष्ट र कमजोर शासन रहेका ऊष्ण वन भएका देशहरूमा यो प्रक्रिया कहिलेकाँही झन्झटिलो र लामो हुन्छ। केही अवस्थामा आदिवासी तथा वनमा आश्रित समुदायको जमिनमाथिको भोगाधिकार राज्यले कानुनी रूपमा मान्यता दिएको हुँदैन जसले रेडप्लसका लागि अवरोध सिर्जना गर्दछ। तथापि केही रेडप्लसका विश्लेषकहरू बताउँछन् कि रेडप्लसको लगानीले जग्गा दर्ता सुदृढ बनाउने र समुदायलाई उनीहरूको जग्गाको भोगाधिकार कानुनी रूपमा परिभाषित गर्न सहयोग गर्ने अवसर प्राप्त हुन्छ।

- **सामाजिक सुरक्षण** : सरोकारवालाहरूको ठुलो तप्काले सरकार र परियोजना विकासकर्ताहरूसँग सामाजिक सुरक्षण सुनिश्चित गरेर मात्र रेडप्लस लागु गर्न माग गरेका छन्। यसलाई सन् २०१० को क्यानकुन सहमतिले पनि मान्यता दिएको छ, तर यसको होसियारीपूर्वक कार्यान्वयन आवश्यक छ। बृहत् समुदायको स्थानान्तरण नहोस्, उनीहरूको वनस्रोतमाथिको अधिकार कटौती नहोस्, समुदायहरू रेडप्लसबाट पाउनुपर्ने सुविधाबाट वञ्चित नहून् भन्नाका खातिर ती सुरक्षणहरूको सफल कार्यान्वयन आवश्यक छ।

- **नियमन, प्रतिवेदन र प्रमाणीकरण** : परियोजनाको स्तरभन्दा माथि वन कार्बन सञ्चितीकरणको उचित नियमन, प्रतिवेदन र प्रमाणीकरण गर्नका लागि हाल धेरै कम ऊष्ण वन क्षेत्र भएका राष्ट्रहरूसँग मात्र आवश्यक जनशक्ति र प्राविधिक क्षमता छ। तथापि रेडप्लस लागु गर्न देशहरूलाई उपराष्ट्रिय र राष्ट्रिय स्तरमा नियमन, प्रतिवेदन र प्रमाणीकरण प्रक्रिया आवश्यक छ र रेडप्लस कार्बन क्रेडिटको स्थायित्व भएको देखाउन जरुरी छ। नियमन, प्रतिवेदन र प्रमाणीकरण क्षमता बढाउने प्रयासहरू भइरहेका छन् र यो धेरै दाताहरूको लगानीको केन्द्र पनि बनेको छ।

- **लगानी कहाँबाट आउँछ** : रेडप्लसका लागि आवश्यक मात्रामा लगानी कहाँबाट प्राप्त हुन्छ भन्ने कुरा अझै पनि अनिश्चित छ। क्योटो अभिसन्धिपछि बाध्यकारी सहमति नभएको अवस्थामा रेडप्लस मुख्यतः स्वेच्छिक रहनेछ जसलाई रेडप्लससहितको घरेलु कार्बन बजार (क्यालिफोर्नियामा जस्तो) ले टेवा दिन्छ। त्यस्तै धेरै सङ्ख्यामा बलिया संस्थानहरूले रेडप्लसको बजारतन्त्रको विरोध गर्दछन् र छिनोफानो हुनुपर्ने रेडप्लस बजारमा आधारित वा कोषमा आधारित भन्ने कुरामा अझै पनि अन्तर्राष्ट्रिय सहमति हुन बाँकी छ।

## एफपिआइसी कसरी रेडप्लसमा समाविष्ट छ ?

एफपिआइसी प्रक्रियाले रेडप्लसबाट प्रभावित हुने सरोकारवालाहरूलाई परियोजना कार्यान्वयनको स्विकृति दिने, चुनौती दिने वा नकार्ने क्षमता प्रदान गर्ने हुँदा यो रेडप्लसका लागि एक महत्त्वपूर्ण सुरक्षण हो।

## सामुदायिक वन कसरी रेडप्लस र एफपिआइसीसँग सम्बन्धित छ ?

केही सामुदायिक वन क्षेत्रहरू रेडप्लस परियोजनाका लागि योग्य हुनेछन्। यसले सामुदायिक वनको दिगो व्यवस्थापन र संरक्षणको प्रयासका लागि अतिरिक्त लाभ वा विकासको फाइदा दिलाउन सक्दछ। तर समुदायको वन संरक्षणको प्रयासको सट्टामा हुने लाभको परिचालन स्पष्ट हुनु जरुरी छ। स्थानीय समुदायहरूको वनस्रोत व्यवस्थापन गर्ने चाहना र क्षमता भएका क्षेत्रहरूमा सामुदायिक वनले नयाँ रेडप्लस क्षेत्रहरूका रूपमा वन व्यवस्थापनको एउटा विकल्प प्रदान गर्दछ।

रेडप्लस बाह्य परियोजना कार्यान्वनका लागि स्थानीय रूपमा व्यवस्थापन गरिएको वन क्षेत्र खोज्ने बाह्य क्षेत्रको कदम हो। त्यसकारण परियोजना कार्यान्वनका लागि सामुदायिक वनका सबै समूहहरू र उपभोक्ताहरूले रेडप्लसको तात्पर्य बुझ्नु र स्वतन्त्र, अग्रिम र सुसूचित सहमति व्यक्त गर्नु आवश्यक छ। समुदायहरू लाभ र जोखिमको पूर्ण विश्लेषण नगरी रेडप्लसमा सहभागी हुन चाहन्छन् भन्ने मान्यता राख्न सकिँदैन। एफपिआइसीले परियोजना प्रस्तावकको जोखिम पनि कम गराउँछ। सुनिश्चित भोगाधिकार भएको र राम्रोसँग व्यवस्थापन भएको सामुदायिक वन रेडप्लसका लगानीकर्ताका लागि आकर्षक प्रस्ताव हुन सक्छ तर सम्पूर्ण प्रक्रियामा सहमति प्रदान गर्न समुदायको सहभागिता अपरिहार्य छ। एफपिआइसीको अपेक्षा 'वास्तविक' छ र यसले रेडप्लस र अन्य संरक्षण 'परियोजनाहरू' बिचको फरक बुझाइएको अवस्थाको सुनिश्चित गर्दछ।

# ४ एफपिआइसी के हो ?

**समय :**
१ घण्टा

**विधिहरू :**
१. आफ्नो स्थान छान्ने
२. पूर्ण सत्रमा छलफल

**सामग्रीहरू :**
१ . एफपिआइसीका प्रत्येक परिभाषाका पोस्टरहरू

## उद्देश्यहरू

सत्रको अन्त्यमा सहभागीहरूले :

- आफ्नो बुझाइसँग मिल्ने एफपिआइसीको परिभाषा खोजेका हुनेछन्।
- परामर्श, छलफल र एफपिआइसीको भिन्नताबारे वर्णन गर्न सक्नेछन्।
- एफपिआइसी परिभाषित गर्ने मुख्य अवधारणाहरूमा सहमत हुनेछन् जुन तालिमका लागि साझा बुझाइको एउटा संरचना हुनेछ।

## चरणहरू

१. तपाईँ तालिम अवधिभर प्रयोगमा ल्याउन सकिने एफपिआइसीको एउटा साझा परिभाषा र बुझाइको खोजीमा रहेको जनाउँदै यो सत्रको परिचय गराउनुहोस्।

२. ठुलो अक्षरमा लेखिएका कम्तीमा ३ वटा परिभाषाहरू कोठाको भित्तामा सबैले केही परबाट समेत देख्ने स्थानमा टाँस्नुहोस्।

३. सबै परिभाषाहरू ठुलो स्वरमा वाचन गर्नुहोस् र प्रत्येक सहभागीलाई आफू सबै भन्दा सहमत भएको परिभाषाको मुनितिर उभिनका लागि भन्नुहोस्।

४. उनीहरूले आआफ्नो स्थान छानिसकेपछि प्रत्येक परिभाषाको मुनि उभिइरहेका सहभागीहरूलाई उनीहरू त्यहाँ किन उभिइराखेका छन् भन्ने प्रश्न गर्दै आफ्नै समूहका अन्य सदस्यहरूलाई उत्तर बताउन र अरू समूहरूलाई बुझाउन र निचोड निकाल्न लगाउनुहोस्।

५. १० मिनेटपछि प्रत्येक समूहलाई आफ्नो कारण दिन र स्पष्ट हुने प्रश्नहरू सोध्न तथा अन्य सहभागीहरूलाई मञ्च प्रदान गर्न आग्रह गर्नुहोस्। प्रत्येक प्रस्तुतिपछि निचोड निकाल्ने प्रयत्न गर्नुहोस्। सहभागीहरू सहमत भएका परिभाषाका मुख्य शब्दावलीहरूको मुनि रातो कलमले धर्को तानी ती शब्दहरूमा जोड दिनुहोस् (सामूहिक अधिकार, हुन्छ वा हुँदैन, आत्मनिर्णय, प्रक्रिया, बहस आदि )।

६. सहभागीहरूले परिभाषाहरूलाई प्रस्ट्याइसकेपछि सबै समूहरूलाई पूर्ण सत्रमा फिर्ता बोलाउनुहोस् र मुनितिर धर्सो तानिएका मुख्य शब्दावलीहरू केलाएर सारांश प्रस्तुत गर्नुहोस्।

७. निम्न प्रश्न सोधी अभ्यासमा चिन्तन गर्नुहोस् :

- *छलफलमा आधारित कुनकुन अवयवहरू एफपिआइसीका मुख्य अवधारणाहरू हुन् ?*
- *तपाईंको बुझाइमा सहमति र परामर्श बिचका मुख्य भिन्नताहरू केके हुन् ? त्यस्तै सहमति र बहस बिच नि ? (यदि तपाईंले किन सहमति ? भन्ने सत्र पनि सञ्चालन गर्नुभएको छ भने ती उत्तरहरूमा आधारित रहेर सत्र सञ्चालन गर्नुहोस्।)*
- *कसरी 'आत्मनिर्णय' भन्ने शब्दावली एफपिआइसीको मुख्य अवधारणासँग सम्बन्धित छ ?*

८. एफपिआइसीका मुख्य तत्त्वहरूको निचोड निकाल्नुहोस्। सहभागीहरूले एफपिआइसीलाई सहभागितात्मक ग्रामीण लेखाजोखा जस्तै औजारका रूपमा नबुझून् भन्ने कुरामा जोड दिनुहोस्। यो कुनै औजार होइन, यो त बाह्य क्षेत्रबाट आएको प्रस्तावका सम्बन्धमा निर्णय लिने फरक तरिका हो, जहाँ मानिसहरूलाई 'हुन्छ' वा 'हुँदैन' भन्ने अधिकार र आफ्ना सर्तहरूबारे बहस गर्ने अवसर प्राप्त हुन्छ। सहमति (जुन स्वतन्त्र, अग्रिम र सुसूचित छ) को खोजी रहेको कुरामा जोड दिनुहोस्।

९. सङ्क्षिप्त रूप एफपिआइसीका शब्दावलीहरू र मार्गचित्र अझै बढी खोतल्दै गइनेछ भन्ने कुरा बताउनुहोस्। स्रोतपत्र वितरण गर्नुहोस्। यदि सहभागीहरूले अनुरोध गरे वा द्विवधा व्यक्त गरे भने उनीहरूलाई स्रोतपत्रमा इटालिक्समा रहेको परिभाषा हेर्न भन्नुहोस्।

## प्रशिक्षकका लागि टिपोटहरू

स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिको अर्थलाई विस्तृत छलफलमा नल्याउने प्रयत्न गर्नुहोस्। यस सत्रले विभिन्न बहसहरू निम्त्याउन सक्छ जुन पछि अरू सत्रहरूमा समेटिनेछन्। मुख्य कुरा अवधारणासँग परिचय गराउनु हो जुन पछि विभिन्न चरणमा खोतल्दै गइनेछ।

एफपिआइसी एउटा विधि नभएको कुरामा जोड दिनुहोस्। सहभागीहरू एफपिआइसीको सङ्क्षिप्त रूपमा अभ्यस्त हुँदा एफ. पी. आई. सी. लाई छुट्टाछुट्टै भन्न कठिन हुन सक्छ। त्यसैले प्रशिक्षकका रूपमा ती अक्षरहरूलाई ठुलो स्वरमा छुट्टाछुट्टै उच्चारण गर्न सक्नुहुनेछ जसका कारण सहमति भन्ने शब्द छुट्नेछैन।

## अभ्यास

## एफपिआइसीको तपाईंको परिभाषा के हो ?

**एफपिआइसी आत्म निर्णयको सिद्धान्तमा आधारित छ । यो आदिवासी र स्थानीय समुदायको जीविकोपार्जन र भलाइमा प्रत्यक्ष असर गर्ने बाह्य क्षेत्रबाट भित्र्याइएका नीति, कार्यक्रम र परियोजनाका सर्तहरूमा बहस गर्न पाउने सामूहिक अधिकार हो ।**

*(प्रशिक्षकको टिपोट : यस भनाइले एफपिआइसीको अधिकारको सम्मानमा जोड दिन्छ र ती शब्दावलीहरूलाई पहिलो पटक भित्र्याउँदै आत्मनिर्णयका सन्दर्भमा आदिवासी र स्थानीय सामुदायका बिचको अन्तर बताउँछ। यसले शक्तिको बहसका लागि छलफललाई प्रोत्साहन गर्दछ जसका कारण यो प्रक्रिया निरन्तर हुन सक्छ।)*

**एफपिआइसी एउटा निर्णय प्रक्रियाको रूप हो जसले प्रस्तावित परियोजना वा हस्तक्षेपलाई 'हुन्छ' वा 'हुँदैन' भन्नका लागि समुदायलाई सक्षम बनाउँछ ।**

*(प्रशिक्षकको टिपोट : यस भनाइले सहमति निर्णय प्रक्रियाको एक रूप भएको कुरामा जोड दिन्छ र यसले हुन्छ वा हुँदैन भन्ने अवधारणालाई प्रकाशमा ल्याई छलफललाई प्रोत्साहन गर्दछ। तर पनि यसले सङ्क्षिप्त रूप एफपिआइसीको एफपिआई तत्त्वहरूलाई चाहिँ चटक्कै बिर्सन्छ।)*

**स्वतन्त्र, अग्रिम र सुसूचित सहमति यस्तो सहमति हो जुन कुनै बाह्य परियोजना कार्यान्वनका असरहरूबारे पूर्णरूपमा जानकार मानिस वा समुदायबाट कुनै निर्णय लिनुपूर्व स्वतन्त्रतापूर्वक उनीहरूको आफ्नै निर्णय प्रक्रियाबमोजिम प्रदान गरिन्छ ।**

*(प्रशिक्षकको टिपोट : यस भनाइले निर्णयको रूप (सहमति) र अरू सर्तहरू (एफपिआई)को अर्थ दिन्छ। यो विशेष छ र यसले सहमति के हो भन्ने विषयमा छलफल निम्त्याउँछ तर यसले प्रत्यक्ष रूपमा हुन्छ वा हुँदैनका रूपमा निर्णय दिँदैन।)*

**एफपिआइसी परामर्श प्रक्रियाको एउटा अङ्ग हो जसले मानिसहरूलाई उनीहरूका आफ्ना प्राकृतिक स्रोतहरू कसरी व्यवस्थापन गर्ने भन्ने कुरामा आफ्नो लगानी गर्ने ठाउँ उपलब्ध गराउँदछ ।**

*(प्रशिक्षको टिपोट : यो भनाइ एफपिआइसीको बृहत् परामर्श र प्राकृतिक स्रोतका बारेमा अति नै सतही छ। यसले सहमति के हो भन्ने गुह्य कुरा र समुदायको हुन्छ वा हुँदैन भन्ने शक्तिलाई समेट्दैन। यसलाई गलत नै भनेर भन्न नसकिए तापनि जसले यो परिभाषा रोज्दछन्, उनीहरूलाई सहमति र परामर्शको भिन्नता छुट्ट्याउन चुनौती दिइनुपर्दछ। सहमति भनेको वास्तवमा सहमतिको 'खोजाइ प्रक्रिया' नै हो।)*

**मानिसहरूलाई कुनै परियोजनामा सामेल हुन बाध्य नपारी गरिने परामर्श र बहस नै एफपिआइसी हो ।**

*(प्रशिक्षक टिपोटः माथिका भनाइले जस्तै यस भनाइले पनि प्रक्रिया र उपलब्धिमा अलमलमा पारिदिन्छ। परामर्श र बहस सहमति खोज्ने प्रक्रियाका अङ्गहरू हुन् तर सहमति आफैँमा 'हुन्छ' वा 'हुँदैन' भन्ने शक्ति हो । सहभागीहरूलाई प्रगति र उपलब्धिको फरक छुट्ट्याउन चुनौती दिइनुपर्दछ र सहमति एउटा उपलब्धि हो जसलाई परामर्श र बहसको बराबरीमा बुझिनु हुँदैन । यसले 'स्वन्त्रता'का केही सिद्धान्तहरूलाई 'बल प्रयोग नगरिएको' भन्ने अर्थमा जोड दिन्छ जसको अर्थ कुनै पनि चालबाजी विना भन्ने बुझिँदैन। तर वास्तवमा परियोजनाहरूले प्रायशः यो तरिका नै अवलम्बन गर्ने गर्दछन् ।)*

अभ्यास

# एफपिआइसी के हो ?

## एफपिआइसी कहाँबाट आयो ?

एफपिआइसी कुनै नौलो अवधारणा होइन । यसको उत्पत्ति विकास प्रक्रियामा मानवअधिकारको छलफलबाट भएको हो जहाँ प्रत्येकलाई आफ्नो विकासबारे निर्णय गर्ने अधिकार हुन्छ। यसलाई कुनै प्रस्तावित परियोजना वा बाह्य क्षेत्रबाट हुने विकासलाई 'हुन्छ' वा 'हुँदैन' भन्ने क्षमताका रूपमा पनि परिभाषित गर्न सकिन्छ। एफपिआइसी धेरै वर्षसम्म खानी उत्खनन र पूर्वाधार विकास परियोजनाहरू (विशेष रूपमा आदिवासी समुदायको अधिकार र क्षेत्र संरक्षण गर्ने परिप्रेक्ष्य) मा एउटा सामाजिक सुरक्षणका रूपमा पहिचान गरिएको हो । आदिवासी जनताले एफपिआइसीको अधिकार कायम राख्न लामो समयसम्म सङ्घर्ष गरेका भए तापनि यो अधिकार उनीहरूमा मात्रै सीमित छैन। एफपिआइसीको अवधारणा वनक्षेत्रमा पनि भित्र्याइएको छ। यसका तत्त्वहरू अन्तर्राष्ट्रिय वन प्रमाणीकरण प्रक्रियाहरूमा समाविष्ट गराइएको छ तर पनि यसको कार्यान्वयन त्यति प्रभावकारी भएको छैन।

## एफपिआइसी के चाहिँ होइन ?

एफपिआइसीका तत्त्वहरूलाई परिभाषित गर्नुअघि एफपिआइसी के होइन भन्ने जान्नु आवश्यक छ । एफपिआइसी सहभागितात्मक संलग्नता, परामर्श र बहसहरू केही पनि होइन । यिनीहरू त एफपिआइसी प्राप्त गर्न प्रयोगमा आउने साधनहरू मात्र हुन्।

परामर्श र बृहत् सामुदायिक सहभागितालाई सहमतिसँग बराबरीमा राखेर हेरिनु हुँदैन। वैचारिक र व्यावहारिक रूपमा परामर्श, बहस र सहभागिता समुदायको चासो सम्बोधन गर्न र समुदायका सदस्यहरूको अधिकार संरक्षण गर्न पर्याप्त छैनन् । परियोजनाका दाताहरूको परामर्श र सहभागिताको मापन गर्ने प्रकृतिको कारण र बाह्य रूपमा हुनसक्ने चालबाजीको सिकार हुने कमजोरीका कारण सहमतिको सर्वोत्तम अभ्यास समुदायले निर्धारण गरेका आधारमा र युएनड्रिप (आदिवासीको अधिकारको संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र) र अन्य अभिसन्धिहरूले मान्यता दिएबमोजिम हुनुपर्दछ।

## एफपिआइसी के हो ?

स्वतन्त्र, अग्रिम र सुसूचित सहमति (एफपिआइसी)ले अरूले मान्यता दिएका निश्चित अधिकार भएका आदिवासी समुदायहरू र स्थानीय जनताका बारेमा बताउँछ। यसलाई सामुदायिक अधिकार भन्न पनि सकिन्छ। यसको मतलब समुदायलाई पूर्ण रूपमा स्वतन्त्र, अग्रिम र सुसूचित सहमति दिने वा अस्वीकार गर्ने अधिकार हुन्छ।

समुदायलाई एफपिआइसी शब्दको हरेक अंशको महत्त्व हुन्छ। प्रत्येक अंशको मतलव के हुन्छ भन्ने बारेमा तिनीहरूको निम्न बमोजिम वर्णन गरिएको छ :

## स्वतन्त्र

जो कोही (कुनै पनि सरकार, कम्पनी वा अन्य कुनै व्यक्ति वा संस्था) बाट प्रयोग हुन सक्ने बल, डर, धम्की वा दबाबबाट स्वतन्त्र।





## अग्रिम

अग्रिम भन्नाले कुनै पनि परियोजना स्वीकृत हुनुपूर्व नै पूर्ण रूपमा सहमति खोजिएको छ भन्ने जनाउँछ। त्यस्तै समुदायलाई पुरै कुरा बुझ्न र निर्णय लिनका लागि प्रशस्त समय दिइनुपर्दछ।




## सुसूचित

सुसूचितको अर्थ समुदायलाई परियोजनासँग सम्बन्धित सम्पूर्ण जानकारी दिइएको हुनुपर्दछ जसले उनीहरूलाई उक्त परियोजना स्वीकार गर्ने वा नगर्ने निर्णय लिन मद्दत गर्दछ।

## सहमति

सहमतिका लागि परियोजनामा संलग्न मानिसहरूले कुनै पनि हालतमा आदिवासी समुदायहरूलाई परियोजनालाई 'हुन्छ' वा 'हुँदैन' भन्न दिइनुपर्दछ। यो उनीहरूको निर्णय प्रक्रिया अनुसार गरिनुपर्दछ



## आत्मनिर्णयको सिद्धान्तसँग एफपिआइसी कसरी सम्बन्धित छ ?

एफपिआइसीको अधिकारको सम्मानलाई कुनै कदम पुरा गरी कोष्ठमा ठिक चिन्ह लगाउने प्रक्रियामा रूपान्तरित गरिनु हुँदैन । एफपिआइसीको अधिकार आत्मनिर्णयको सामूहिक अधिकारको एक अङ्ग हो जसअन्तर्गत कुन प्रकारका सहभागिता, परामर्श र निर्णयका प्रक्रियाहरू आफूलाई उपयुक्त छन् भनी रोज्ने अधिकार पर्दछ। आदिवासी तथा स्थानीय समुदायलाई परम्परागत क्षेत्रको धनी र व्यवस्थापकका रूपमा उनीहरूको अधिकारको मान्यता दिई ती समुदायहरूलाई असर गर्ने परियोजनाको विकास, योजना र कार्यान्वयनका हरेक चरणमा उनीहरूको निर्णायक बोली एफपिआइसीले सुनिश्चित गर्दछ।

त्यसकारण एफपिआइसीको अधिकारको सम्मानको परिभाषा *प्रभावित समुदायहरू आफैँले विधिहरू निर्धारण गर्न पाउने एउटा स्थान र संस्कृति विशेषको प्रक्रिया भन्ने बुझिन्छ। एफपिआइसीलाई आफ्नो जीविका र हैसियत प्रभावित पार्ने बाह्य क्षेत्रबाट लादिने नीति तथा कार्यक्रमहरूका सर्तहरूका विषयमा बहस गर्न पाउने र सहमति प्रदान गर्न वा असहमति राख्न पाउने मानिसहरूको आधारभूत हक* [६] भनेर बुझ्न सकिन्छ।

## एफपिआइसी र सरोकारवालाहरूको परामर्श र बहसका बिचमा के भिन्नता छ ?

सहमति पुरै प्रक्रियाको एउटा उपलब्धि हो। उक्त प्रक्रियामा परामर्श र बहस प्रयोगमा आउन सक्छन् तर सहमति आफैमा प्रस्तावित परियोजनालाई हुन्छ वा हुँदैन भन्ने अवसर हो। परियोजना चक्रका विभिन्न विन्दुहरूमा सहमति आवश्यक पर्न सक्छ र जब सहमतिमा पुग्न सकिँदैन, त्यस समयमा बहस आवश्यक हुन सक्छ। परामर्शअन्तर्गत प्रस्तावका विषयमा जानकारी दिने र मानिसहरूबाट पृष्ठपोषण प्राप्त गर्ने सहजीकरण प्रक्रिया पर्दछ। सर्तहरू प्रस्ताव गरिएका र विभिन्न पक्षहरूका बिचमा पुग्नुपर्ने ठाँउमा बहस आवश्यक हुन्छ। मानिसहरूको विचमा सहमति हुन्छ वा हुँदैन भन्ने कुरा शक्ति केन्द्र कहाँ छ भन्नेमा भर पर्छ।

---

६ Free, Prior, Informed Consent in REDD+: Principles and Approaches for Policy and Project Development. RECOFTC and GIZ 2011. o;n] UNPFII (2005) को सवैभन्दा वढी उद्दरण गरिएको एफपिआइसीको सारांस प्रस्तुत गर्दछ।

# ५ सहमति किन ?

**समय :**
१ घण्टा ३० मिनेट

**विधिहरू :**
१. मस्तिष्क मन्थन
२. समुहमा छलफल

**सामग्रीहरू :**
फ्लिप चार्ट, कार्डहरू र मार्करहरू

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- सहमति शब्दबारे आफ्नै परिप्रेक्ष्यमा वर्णन गर्न र दैनिक जीवनबाट यसका उदाहरणहरू दिन सक्नेछन् ।
- सहमति खोज्न किन आवश्यक छ र कुन अवस्थामा सहमति खोजिनुपर्दछ भन्ने कुराको वर्णन गर्न सक्नेछन् ।
- सहमतिलाई सम्बन्ध विस्तारको चालु प्रक्रियाका रूपमा वर्णन गर्न र यसका प्रमुख चरित्रहरू पहिचान गर्न सक्नेछन् ।

## चरणहरू

१. सहभागीहरूको समूहगत संरचनाअनुसार उनीहरूलाई विवाहित र अविवाहित वा युवा र वृद्ध वा पुरुष र महिलामा विभाजन गरी सत्रको सुरुवात गर्नुहोस् ।

२. समूहका प्रत्येक सदस्यलाई आफ्नो अनुभवका आधारमा निम्न प्रश्नहरूमा मस्तिष्क मन्थन गर्न आग्रह गर्दै प्रत्येक समूहलाई १० मिनेट समय दिनुहोस् । उनीहरूलाई हरेक निर्णय छुट्टाछुट्टै कार्डमा लेख्नका लागि भन्नुहोस् ।

- *तपाईँका आमाबुबा, अग्रज/अनुज, श्रीमती/श्रीमान् ले तपाईँका लागि के के निर्णयहरू लिनुहुन्छ ?*
- *त्यसले तपाईँलाई कस्तो महसुस गराउँछ ?*
- *त्यसबारे तपाईँले के र किन परिवर्तन गर्न चाहनुहुन्छ ?*

३. समूहहरूलाई पालैपालो गर्दै त्यसका सहभागीहरूलाई मस्तिष्क मन्थन सत्रमा के छलफल गरे भनी भन्न लगाउनुहोस् । यदि सहभागीहरूले प्रस्तुत गर्ने उदाहरणहरू दोहोरिन थाले भने सहभागीहरूलाई उनीहरूले छलफल गरेका तर अरूले प्रस्तुत नगरेका उदाहरणहरू प्रस्तुत गर्न भन्नुहोस् ।

४. सबै समूहहरूले निर्णय, भावना र परिवर्तनहरू प्रस्तुत गरिसकेपछि पूर्ण सत्रमा निम्न प्रश्नहरूमा चिन्तन गर्न लगाउनुहोस् ।

- *यो अभ्यास गर्दा तपाईँले कस्तो महसुस गर्नु भयो ?*
- *ती निर्णयहरूबाट तपाईँमा कस्ता भावनाहरू उत्पन्न भए ?*

- *उक्त निर्णय र भावनाहरूमा कस्तो किसिमको परिपाटीको विकास भयो ?*
- *के फरक निर्णयका लागि फरक विधि आवश्यक पर्छ ?*
- *मानिसहरूले चाहेका निर्णय प्रक्रियाको परिवर्तनमा समानता छ ? किन ?*
- *यो कसरी सहमतिको अवधारणासँग सम्बन्धित छ ?*
- *तपाईंको संस्कृतिमा कस्ता खालका निर्णयका लागि औपचारिक सहमति आवश्यक पर्दछ ?*
- *तपाईंको विचारमा के सहमति सहभागितात्मक निर्णयभन्दा भिन्न छ ? किन ?*

५. फ्लिप चार्टमा सहमति किन भन्ने प्रश्न लेख्नुहोस् र अगाडिका अभ्यासहरूका आधारमा मनन गरी उक्त प्रश्नको उत्तर खोज्न सहभागीहरूलाई आग्रह गर्नुहोस्। उत्तरहरूलाई दैनिक जीवनका सन्दर्भ (सम्मान, निर्णयको कार्यान्वयनमा साझा जिम्मेवारी, रचनात्मक सम्बन्धको निरन्तरता, इतिहास वा अधिकार क्षेत्रको पहिचान) भित्र सीमित राख्ने प्रयत्न गर्नुहोस्।

६. सहमति किन भन्ने निचोड निकालेर तपाईं कुनै पनि अवस्थामा सहमति खोज्ने प्रक्रिया पत्ता लगाउन तल्लीन हुनुहुन्छ भन्ने कुरा बताउनुहोस्।

७. विवाहित सहभागीहरूलाई उनीहरूको अनुभव बाँड्न आग्रह गर्नुहोस्। उनीहरू कसरी अविवाहितबाट विवाहित भए भन्ने प्रश्न गर्दै जीवनसाथीसँगको भेट, कुराछिनाइ, टिकालगाइ, दाइजोको छलफल, विवाह समारोहको व्यवस्थापनसम्मको प्रक्रिया कोर्न लगाउनुहोस्। कुनकुन विन्दुमा निर्णयहरू लिइयो र त्यसमा कोको संलग्न थिए भन्ने कुरा पनि सोध्नुहोस्।

८. ती अनुभवहरू साटिसकेपछि निम्नबमोजिमका मननीय प्रश्नहरू गर्नुहोस्:

- *यी कथाहरू कसरी सहमति खोज्ने प्रक्रियासँग सम्बन्धित छन् ?*
- *के कुराले कसले र कुन वेला निर्णय गर्ने भन्ने निर्धारण गर्दछ ?*
- *यी अनुभवहरू सुनिसकेपछि सहमति खोज्ने प्रक्रियाका विशेषताहरू केके हुन् ?*
- *तपाईंको विचारमा सहमति के हो ?*
- *यो वनक्षेत्र र विकास परियोजनासँग कसरी सम्बन्धित छ ?*

९. सहमति किन भन्ने कुरा पुनः छलफल गरेर र सहमति र सहभागिताको भिन्नतामा जोड दिई सत्रको समापन गर्नुहोस्। सहमति कुन अवस्थामा अत्यावश्यक छ र कुन अवस्थामा भए पनि हुन्छ र यिनीहरू सजिलै छुट्टिन्छन् वा छुट्टिँदैनन् ? यी कुराहरूमा जोड दिएर सहभागीहरूको आफ्नो संस्कृतिबाट उदाहरण दिनुहोस्।

१०. सहमति विभिन्न अवस्थामा आवश्यक पर्दछ भन्ने निचोड निकाल्नुहोस्। विकास परियोजनाहरूको सबालमा यो समुदायहरूको बचावटका लागि हो। सहमतिलाई कसैको कोठामा छिर्नुअघि ढोकामा ढकढक्याउनुका रूपमा बुझ्न सकिन्छ तर सहमति खोज्ने प्रक्रिया तात्कालिक होइन र विवाह प्रक्रियामा जस्तै विभिन्न किसिमको अन्तर्क्रिया र समयावधि आवश्यक पर्दछ।

११. यस सत्रले सहमति भन्ने शब्दावलीमा मात्र जोड दिएको र स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिको व्याख्या अझै बाँकी रहेको बताउनुहोस्। यिनीहरूका बारेमा रेडप्लस र अरू वनविकासका परियोजनाहरूका सन्दर्भमा अझ बढी खोजबिन गरिनेछ।

## प्रशिक्षकका लागि टिपोटहरू

एफपिआइसीसँग सम्बन्धित धेरै सिकाइहरूका लागि यस सत्रले आधार खडा गर्दछ। सहमतिलाई स्थानीय स्तरमा विभिन्न रूपमा बुझिएको हुन सक्छ। त्यसैले सहमतिलाई स्थानीय उदाहरणहरूसहित स्थानीय स्तरमा बुझ्ने भाषामा रूपान्तरण गरी बुझाउन आवश्यक छ। सहमतिको परिभाषामा नै अलमलिएर नबस्न सचेत हुनुहोला। एफपिआइसीबारे थप खोतल्दै जाँदा यो कुरा अझ बढी स्पष्ट हुने कुरामा जोड दिनुहोस्। यो सत्र अझै पनि रेडप्लससँग जोडिएको छैन। यसलाई पुस्तिकाको पछाडिका भागहरूमा जोडिनेछ। आफूले नै सबै कुरा नभनिदिन सतर्क रहनुहोस्। सहभागीहरूलाई नै सहमतिका सम्बन्धमा खोजबिन गर्न उत्प्रेरित गर्नुहोस्।

स्रोतपत्र

# सहमति के हो ?

## सहमति के हो ?

विभिन्न पक्षहरूका बिचमा हुने सम्झौता नै सहमति हो । कुनै एक पक्षले बाह्य रूपमा केही प्रस्ताव गरेमा यसको आवश्यकता पर्दछ। यस प्रस्तावले परिवार, समाज वा सामाजिक प्रणालीमा सम्बन्ध अथवा लाभहरूमा असर गर्दछ। सांस्कृतिक रूपमा विभिन्न अवस्थाहरूमा पुरुष र महिलाका बिचमा, युवा र वृद्धका बिचमा, परिवार र समुदायका बिचमा सहमति खोजिन्छ। अर्को रूपमा भन्नुपर्दा यो एक पक्षले अर्को पक्षसँग केही प्रस्ताव गर्दा दिइने स्वीकृति हो। विभिन्न संस्कृतिहरूमा सहमति आवश्यक पर्ने उदाहरणहरूमा विवाह, घरहरूबिचको जग्गाको उपयोग र घरहरूको प्रवेश पर्दछन्।

## सहमति र सहभागितामा के भिन्नता छ ?

सहभागिता र सहमति एउटै कुरा होइनन् । सहमतिमा पुग्न सहभागिता आवश्यक हुन्छ तर जुन पक्षसँग सहमति खोजिने हो त्यसलाई 'हुन्छ' वा 'हुँदैन' भन्नसक्ने शक्ति प्रदान गर्नाले सहमति आफैँमा धेरै अघि छ। यसो भन्नुको अर्थ उक्त प्रक्रियामा बहसका लागि कुनै स्थान नै हुँदैन भन्ने होइन तर यसले सहमति प्रक्रियामा संलग्न कुनै पक्षतर्फ शक्ति सन्तुलन सारिदिन्छ।

## सहमति खोज्ने प्रक्रिया

सहमति खोज्ने प्रक्रिया दोहोरिरहन्छ र चिरकालसम्म रहन्छ। यो कुनै एकैपटकमा सकिने प्रक्रिया होइन। यसका लागि रचनात्मक संलग्नता र अर्थपूर्ण छलफल आवश्यक पर्दछ। विभिन्न संस्कृतिमा विवाहमा भए जस्तै सुरुको अवस्थाबाटै घना संलग्नताले सहमतिलाई सुदृढ र सरल बनाउँछ। अन्तर्क्रियाको लामो प्रक्रियामा निर्णय लिनुपर्ने विन्दु एकभन्दा बढी हुन सक्छन् र घना सहभागिताले लचिलो बहस रणनीतिहरूका माध्यमबाट सहमतिमा पुग्ने सम्भावना बढी रहन्छ। तर पनि सहमति र सहभागिता छुट्टाछुट्टै कुराहरू हुन्।

## सहमति किन ?

कुनै कार्यक्रमबाट भएको हानि व्यहोर्ने पक्षलाई सो कार्यक्रम गर्नु हुन्न भन्ने अधिकार प्रदान गर्ने सुरक्षणका रूपमा सहमति प्रयोगमा छ । यो कुनै संस्कृतिमा अनिवार्य सम्मानका रूपमा विकसित भएको छ । तर वनक्षेत्र र विकास परियोजनाहरूका हकमा सहमति दिगोपना र समुदायहरूको उक्त कदममा सहभागिता सुनिश्चित गर्ने माध्यम पनि हो। यदि उनीहरू सहमति दिन संलग्न भए तर 'हुन्छ' वा 'हुँदैन' भन्न स्वतन्त्रता महसुस गरेनन् भने उनीहरूले परियोजना विफल बनाइदिने जोखिम रहन्छ।

**एफपिआइसी समुदायलाई प्रस्तावित परियोजना वा हस्तक्षेपलाई 'हुन्छ' वा 'हुँदैन' भन्न समर्थ बनाउने निर्णय प्रक्रियाको एउटा रूप हो ।**

*(प्रशिक्षकका लागि टिपोट : यस भनाइले सहमति निर्णय प्रक्रियाको एक रूप भएकामा जोड दिन्छ र 'हुन्छ' वा 'हुँदैन' भन्ने अवधारणामा यो कति भिन्न छ भन्ने कुराको छलफललाई प्रोत्साहन गर्दछ। तर पनि यसले सङ्क्षिप्त रूपको एफपिआइसीका तत्त्वहरूलाई त्यति छुँदैन।)*

**स्वतन्त्र, अग्रिम र सुसूचित सहमति यस्तो सहमति हो जुन स्वतन्त्रतापूर्वक त्यसका असरहरूबारे पूर्णरूपमा जानकार मानिसबाट कुनै निर्णय लिनुपूर्व उनीहरूको आफ्नै निर्णय प्रक्रियाबमोजिम प्रदान गरिन्छ ।**

*(प्रशिक्षकको टिपोट : यस भनाइले निर्णयको रूप (सहमति) र अरू सर्तहरू (एफपिआइ)को अर्थ दिन्छ। यो विशेष छ र यसले सहमति के हो भन्ने विषयमा छलफल निम्त्याउँछ तर यसले प्रत्यक्ष रूपमा हुन्छ वा हुँदैनका रूपमा निर्णय दिँदैन।)*

# ६ एफपिआइसी के र कसका लागि ?

**समय :**
१ घण्टा ३० मिनेट

**विधिहरू :**
१. घटना अध्ययन
२. साना समूहहरूमा छलफल

**सामग्रीहरू :**
फ्लिप चार्टहरू र मार्करहरू

## उद्देश्यहरू

सत्रको अन्त्यमा सहभागीहरूले :

- एफपिआइसी अधिकारको सम्मानको आवश्यकता निर्धारण गर्ने सूचक र एफपिआइसी आवश्यक पर्ने विभिन्न परियोजनाहरू/पहलकदमीहरू पत्ता लगाउनेछन्।
- कुनै पनि परियोजनाहरू वा पहलकदमीको प्रस्तावक एफपिआइसीको अधिकारमा समय र पैसा खर्च गरेवापत हुने फाइदाहरूको सूची बनाउन सक्नेछन्।
- रेडप्लसको कार्यान्वयनमा कोसँग एफपिआइसीको अधिकार छ र तिनलाई किन सम्बोधन गरिनुपर्छ भनी व्याख्या गर्न सक्नेछन्।

## चरणहरू

१. कुन वेला र कसबाट एफपिआइसी अधिकार आवश्यक पर्छ भन्ने बारे वर्णन गर्दै सत्रको प्रारम्भ गर्नुहोस्। यस सत्रमा एफपिआइसीलाई पहिला साधारण विकासका सन्दर्भमा जोडेर हेरिनेछ र पछि यसलाई रेडप्लससम्म पुऱ्याइनेछ भन्ने कुरा प्रकाश पार्नुहोस्।


२. एफपिआइसी कुनै नयाँ आवश्यकता होइन भन्ने कुरा स्मरण गराउनुहोस्। उनीहरूलाई रेडप्लसबाहेक एफपिआइसी आवश्यक पर्ने अन्य परियोजनाहरूबारे पनि जानकारी छ कि भनी सोध्नुहोस् (केही उदाहरणहरू: पुनः वृक्षरोपण परियोजना, बढी महत्त्वको संरक्षण क्षेत्रमा विकास गर्न, नयाँ राष्ट्रिय निकुञ्ज वा संरक्षण क्षेत्र स्थापना गर्न, जलविद्युत् परियोजना सुरु गर्न, बाँध बाँध्न, खनिज उत्खनन गर्न र पूर्वाधार विकास गर्न आदि हुन सक्छन्)।

३. यस सत्रमा तपाईंले एउटा सानो घटना अध्ययनको प्रयोग गर्दै हुनुहुन्छ भन्ने कुरा बताउनुहोस्। घटना अध्ययन बाँडेर सहभागीहरूलाई ध्यान दिएर पढ्न भन्नुहोस् र उनीहरूको प्रश्नको उत्तर २० मिनेटसम्म दिनुहोस्। उनीहरूलाई ससाना समूहमा आबद्ध भएर छलफल गर्न आग्रह गर्नुहोस्।

४. २० मिनेटपछाडि पालैपालो प्रत्येक समूहका प्रत्येक प्रश्नहरूमा पुराना कुराहरू नदोहोऱ्याई नयाँ कुरा थप्दै छलफल गर्दै अगाडि बढ्नुहोस्।

५. सबै समूहहरूले आफ्ना जबाफहरूको आदानप्रदान गरिसकेपछि निम्न प्रश्नहरूमा आधारित रही घटना अध्ययन अभ्यासमा चिन्तन गराउनुहोस्।

- *यो घटना अध्ययनले हामीलाई एफपिआइसीबारे के बताउँछ ?*
- *रेडप्लस परियोजनाहरूमा पनि लागु गर्न सकिने यो घटना अध्ययनबाट तपाईँले के सिक्नुभयो ?*
- *हामीले रेडप्लस परियोजनामा एफपिआइसीको अधिकारको सम्मान किन गर्नुपर्छ ?*
- *रेडप्लसको परिप्रेक्ष्यमा तपाईँलाई कसको एफपिआइसीको अधिकारको सम्मान गरिनु पर्दछ जस्तो लाग्छ ? के यो आदिवासी जनताको हकमा मात्र लागु हुन्छ ? किन ?*
- *रेडप्लस परियोजनाका प्रस्तावकलाई एफपिआइसी खोज्ने प्रक्रियामा लगानी गर्दा केके फाइदाहरू हुन्छन् ?*



६. सहभागीहरूले पहिचान गरेका एफपिआइसीको अधिकारको सम्मान गर्नुपर्ने परियोजनाहरूका सूचकहरूको सारांश निकाल्दै सत्रको समापन गर्नुहोस्। एफपिआइसीको अधिकारको सम्मान आदिवासी जनजातिको हकमा मात्र लागु हुँदैन। यो त बाह्य स्रोतबाट हुने विकासबाट आफ्नो क्षेत्र वा स्रोत (खानी, सडक, बाँध, वन र रेडप्लस परियोजना) को भलाइमा हुने असर सम्बन्धमा 'हुन्छ' वा 'हुँदैन' भन्ने स्थानीय मानिसहरूको अधिकार हो। यस तालिमको पछाडि भागको पुरै एक सत्रमा रेडप्लसमा एफपिआइसी खुलस्त रूपमा प्रस्तुत गरिएको छ।

## प्रशिक्षकका लागि टिपोटहरू

यो सत्र एफपिआइसी रेडप्लसका कारणले उत्पत्ति भएको र यो आदिवासी जनजातिको हकमा मात्र लागु हुन्छ भन्ने बुझाइमा आधारित रहेर तालिम सामग्रीमा समावेश गरिएको थियो। कुनै विकास परियोजनाबाट प्रभावित हुने पक्षहरूको एफपिआइसीको अधिकार झल्काउन यस सत्रले रेडप्लसभन्दा ठुलो क्षेत्र समेट्ने प्रयत्न गर्दछ। प्रस्तुत घटना अध्ययन जानेर नै वनक्षेत्रभन्दा बाहिरबाट लिइएको हो। यदि तपाईँ स्थानीय घटना अध्ययन प्रयोग गर्न चाहनुहुन्छ भने एउटा त्यस्तो घटना खोज्नुहोस् जसले एफपिआइसीलाई बृहत् विकासको सन्दर्भमा राखेर प्रकाश पार्छ।

घटना अध्ययन

## एफपिआइसी के र कसका लागि ?

### समुदायलाई उत्खनन र पूर्वाधार निर्माण परियोजनामा सामेल गराउने सामूहिक अनुभवहरू

सन् १९९० को दशकको पूर्वाद्धमा रियो टिन्टोको हामर्स्ले फलाम उद्योगले अस्ट्रेलियाको पिलवारा क्षेत्रको यान्डिकोजिना भन्ने स्थानमा फलामको धातुको खानी र रेलमार्ग विकास गर्ने योजना बनायो। खानी प्रस्ताव गरिएको क्षेत्र नजिक धेरै आदिवासी समुदायहरू बसोबास गर्दथे। सन् १९९४ मा हामर्स्लेले ती समुदायका अगुवाहरूसँग उक्त खानीबाट समुद्री बन्दरगाहसम्म जोड्ने रेलमार्ग विस्तार गर्दा ती आदिवासी समुदायहरूलाई न्यून प्रभाव पर्छ भन्ने कुराको सुनिश्चित गर्न प्रारम्भिक परामर्श गऱ्यो। सन् १९९५ मा उक्त कम्पनीले उक्त क्षेत्रवरिपरिका समुदायहरूसँग जमिन प्रयोगको सहमति र बहस गर्ने प्रक्रिया एकैसाथ सम्पन गऱ्यो।

मुख्य सरोकारवालाहरू र उनीहरूको परियोजनासँग सम्बन्धित चासोबारे अझ राम्रोसँग बुझ्न हामर्स्लेले सामाजिक नक्साङ्कन अभ्यास गर्दै ४ महिना बितायो। यसरी प्राप्त जानकारीका आधारमा रहेर सन् १९९६ को जनवरीदेखि जुनसम्म स्थानीय समुदायहरूसँग बहसहरू सञ्चालन गरियो। ३ वटा आदिवासी समुदायले संयुक्त रूपमा पेस हुने निर्णय गरे र सरोकारवालाहरूले एकजना स्वतन्त्र मध्यस्थकर्ता नियुक्त गरे। उनीहरूले हामर्स्लेको आर्थिक स्रोतमा र गुमाला आदिवासी संस्थानको स्थापनामा १ जना कानुनी सल्लाहकार नियुक्त गरे। त्यसले समुदायहरूको पक्षबाट बहस गऱ्यो र त्यससँग संस्थानका सदस्यहरूलाई अनुबन्धित गर्ने कानुनी क्षमता थियो। सन् १९९५ को जुनसम्ममा ती पक्षहरू एउटा बहसको अभिसन्धिमा र आदिवासी समुदायहरूका पाका मानिसहरूलाई बहसको पर्यवेक्षकका रूपमा राख्दै समुदायहरूलाई बहसको अवस्था जानकारी गराउने विधिमा सहमत भए।

सन् १९९६ को नोभेम्बरमा हामर्स्ले र गुमाला आदिवासी संस्थान एउटा प्रतिज्ञापत्रमा सहमत भए। प्रत्येक व्यक्तिलाई भेटी सहमति प्राप्त गर्न सहमतिका सर्तहरू जानकारी गराउँदै र आफूले प्रतिनिधित्व गरेका आदिवासी समुदायहरूको ठुलो समूहमा उक्त प्रतिज्ञापत्रबारे छलफल गर्दै उक्त संस्थानले आदिवासी समुदायहरूबाट सहमति प्राप्त गऱ्यो। उक्त सहमतिको प्रतिफल जमिन उपभोगको सन्धि थियो जुन चिरकालसम्म हामर्स्ले र आदिवासी समुदायहरूका बिचको सहकार्यको आधार बन्यो। सो गरेवापत हामर्स्लेको अनुमति लिन लाग्ने समय घट्यो, निर्माण कार्य १० करोड अमेरिकी डलर कम खर्चमै सकियो र योजाना गरिएको भन्दा ६ महिनाअगावै उत्पादन सुरु भयो।

स्रोत : Herbertson, K., et al. 2009. Breaking Ground - Engaging Communities in Extractive and Infrastructure Projects. World Resource Institute, Washington DC.
यो www.wri.org मा उपलब्ध छ।

### घटना अध्ययनका प्रश्नहरू

- *एफपिआइसी स्थापित गर्न कम्पनी किन सहमत भयो ?*
- *यहाँ कसको अधिकारको सम्मान भएको छ ? कसरी ?*
- *तपाईंको विचारमा उक्त कम्पनीले एफपिआइसी प्राप्त गर्न समय र पैसा खर्च गर्नुको कारण के हुन सक्छ ?*
- *यस किसिमको पूर्वाधारको परियोजना र रेडप्लस परियोजनाका समानता र भिन्नताहरू केके हुन् ?*

## स्रोतपत्र के र कसका लागि एफपिआइसी ?

### के र कसका लागि एफपिआइसी ?

स्थानीय समुदायहरूको परम्परागत क्षेत्रहरू र हैसियतमा असर गर्ने कुनै पनि आयातीत विकास परियोजनाका लागि एफपिआइसी आवश्यक पर्दछ। यो आत्मनिर्णयको प्रमुख तत्त्वमा आधारित छ। प्रत्येक मानिसलाई आफ्नो विकासको प्रकृति निर्धारण गर्ने अधिकार हुन्छ। हालसालै बनाइएका राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय सम्झौताहरूका सन्दर्भमा आदिवासी समुदायले आफ्ना अधिकारका लागि दृढतापूर्वक लडेका भए तापनि यो अधिकार आदिवासी समुदायहरूमा मात्रै सीमित छैन। केही देशहरूले आदिवासी जनजातिहरूलाई मात्र एफपिआइसीको अधिकार प्रदान गरेका छन् तर स्थानीय मानिसहरूमा पनि आफ्नो क्षेत्र र हैसियत सुरक्षित गर्ने अधिकार रहेको छ।

### परियोजना प्रस्तावका लागि एफपिआइसी किन आवश्यक छ ?

स्थानीय व्यक्ति सञ्चालक समितिमा रहनु आवश्यक भएका कुनै पनि परियोजनाको सफलताका लागि सहमति आफैँमा अत्यावश्यक हुन्छ। समुदायको कुनै एक व्यक्तिको सहमति अपर्याप्त हुन्छ र सुरुवातदेखि नै परियोजनाको प्रत्येक चरणमा सहभागितात्मक संलग्नताले अन्त्यमा अर्थपूर्ण सहमतितर्फ डोहोर्‍याउँछ। यदि दृढ विश्वासका साथ सहमति खोजियो भने यसले परियोजनाको गति, कार्यक्षमता र नाफा बढाउँछ। परियोजना प्रस्तावकले गुणस्तरीय प्रक्रियाका माध्यमबाट एफपिआइसीको खोजलाई भविष्यका लागि आवश्यक लगानीका रूपमा हेर्नु पर्दछ।

### सहमति खोज्ने प्रक्रिया

सहमति खोज्ने प्रक्रिया दोहोरिइरहन्छ र चिरकालसम्म जारी रहन्छ। यो एकै पटकमा हुने प्रक्रिया होइन। यसका लागि रचनात्मक संलग्नता र अर्थपूर्ण छलफल आवश्यक हुन्छ। विभिन्न संस्कृतिमा विवाहको प्रक्रियामा भए जस्तै सुरुवातबाटै उच्चस्तरको संलग्नताले सहमतिलाई सुदृढ र सरल बनाउँछ। अन्तर्क्रियाको लामो प्रक्रियामा निर्णय लिइनुपर्ने विन्दुहरू धेरै छन्। बढी सहभागिता, बढी लचक सहभागिता र सहमति एउटै कुरा होइनन्।

### खानी उत्खनन र पूर्वाधार क्षेत्रबाट रेडप्लसतर्फ

किन रेडप्लस आयोजनालाई खानी, सडक र बाँधहरू जस्ता विकासका कदमहरूसँग समान रूपमा राखेर हेरिन्छ ? जलवायु परिवर्तनलाई विश्वव्यापी छलफलका माध्यमबाट सम्बोधन गर्ने माध्यमका रूपमा रेडप्लसको सुरुवात गरिएको हो। रेडप्लसको वित्तीय प्रणाली अझैसम्म स्पष्ट नभए तापनि यसमा समुदाय तथा देशबाहिरबाट पैसाको लगानी हुन्छ। यसले मानिसको हैसियतमा असर पुर्‍याउँछ र परम्परागत क्षेत्रमा बाँध वा सडकमा भएको लगानीको फाइदा र जोखिम प्रस्तुत गरेझैँ यसको पनि फाइदा र जोखिमहरू केलाइनु पर्दछ। रेडप्लस परियोजनाको सफलता वन र जमिनको दिगो संरक्षण र व्यवस्थापनमा निर्भर रहनाले यो अरू विकासका कदमहरू भन्दा केही भिन्न हुन्छ। त्यसैले यदि परियोजनाका प्रस्तावक स्थानीय वन व्यवस्थापक वा समुदायबाट एफपिआइसी प्राप्त गर्न असफल भएमा परियोजनामा जोखिमको एउटा कारक तत्त्वको वृद्धि भएको मानिन्छ।

# ७ रेडप्लस परियोजनामा एफपिआइसीको सम्मान किन ?

**समय :**
१ घण्टा ३० मिनेट

**विधिहरू :**
१. घटना अध्ययनको विश्लेषण
२. समूहमा छलफल
३. पूर्णसत्रमा छलफल

**सामग्रीहरू :**
- फ्लिप चार्टहरू
- मार्करहरू
  प्रत्येक सहभागीहरूलाई एकएक वटा घटना अध्ययनको प्रति

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- आदिवासी जनजाति र स्थानीय समुदायहरूमा पर्ने रेडप्लसका केही असर र जोखिमहरूको पहिचान गर्नेछन्।
- त्यस्ता जोखिमहरूमा एफपिआइसीको भूमिकाको वर्णन गर्न सक्नेछन्।
- रेडप्लस परियोजनामा एफपिआइसीको खोज नगर्ने परियोजना प्रस्तावकका जोखिमहरू पहिचान गर्नेछन्।
- रेडप्लस परियोजनामा संलग्न आदिवासी जनजाति र स्थानीय समुदायहरूका लागि एफपिआइसीले प्रदान गर्नसक्ने अवसरहरूको पहिचान गर्नेछन्।

## चरणहरू

१. हामी एफपिआइसीको दायरा तोक्दै र यसलाई परिभाषित गर्दै यो किन रेडप्लसको योजना तथा कार्यान्वयनमा महत्त्वपूर्ण तत्त्वका रूपमा विकास हुँदै छ भन्ने कुराको खोजबिन गर्नेछौँ भन्ने कुराको वर्णन गर्दै सत्रको सुरुवात गर्नुहोस्।

२. सहभागीहरूलाई उनीहरूको आफ्नो रेडप्लस तथा समग्र वन क्षेत्रको अनुभवका आधारमा कुन हदसम्म एफपिआइसीको अधिकारको सम्मान भएको छ भनी प्रश्न गर्नुहोस्। यसको सम्मान नगरिनुका कारणहरू केके हुन् भनी सोध्दै छलफललाई निरन्तरता दिनुहोस् (जटिलता, समय स्रोतको आवश्यकता, समुदायहरू आफ्नो एफपिआइसीको अधिकारहरूबारे अनभिज्ञ, परियोजना प्रस्तावक आफ्ना दायित्वबारे अनभिज्ञ, सबल परामर्शका लागि आवश्यक मापदण्डहरूबारे अस्पष्टता आदि)।

३. एफपिआइसीको महत्त्वका बारेमा छलफल गर्न तपाईँ घटना अध्ययनको प्रयोग गर्न चाहनुहुन्छ भन्ने कुरा बताउनुहोस्।

४. सहभागीहरूलाई समूहमा बाँड्नुहोस् र उनीहरूलाई घटना अध्ययनका प्रतिहरू बाँड्नुहोस्। उनीहरूलाई त्यो ध्यान दिएर पढ्न र प्रश्नहरूबारे कल्पना गर्न आग्रह गर्नुहोस्।

५. ४० मिनेटपछि समूहलाई एकत्रित गर्नुहोस् र उनीहरूको फ्लिप चार्टलाई टाँस्नुहोस् जसका कारण तपाईँ उत्तरहरूबिच तुलना गर्न सक्नुहुनेछ।




६. सहभागीहरूको समूह छिचोल्दै उनीहरूका प्रश्नका उत्तरहरू पालैपालो हेर्दै अगाडि बढ्नुहोस् । हामी अझै पनि तालिमको सुरुको भागतिर छौँ र केही सहभागीहरूले एफपिआइसीलाई एकै पटकमा सकिने प्रक्रियाका रूपमा बुझेका हुन सक्दछन् भन्ने कुरा दिमागमा राख्दै उत्तरहरू बाझेका ठाउँमा छलफलका लागि सहजीकरण गर्नुहोस् ।

७. समूहका उपलब्धिहरू साटासाट गरिसकेपछि निम्न बमोजिम मननीय प्रश्नहरू सोध्नुहोस् :

- *तपाईँका विचारमा घटना अध्ययनमा घटेको कुरा वनका परियोजनाहरूमा घटिरहन्छ ? किन ? त्यस्तो अवस्था तपाईँले आफ्नो सर्न्दभमा पनि देख्नुभएको छ ?*
- *तपाईँको विचारमा यो घटनामा उक्त गैरसरकारी संस्था एफपिआइसीको सम्मान गर्नमा कमजोर थियो ?*
- *तपाईँको विचारमा रेडप्लस परियोजनामा कसरी एफपिआइसीको अधिकारको अझ बढी सम्मान गर्न सकिन्छ ? त्यसका लागि के गर्नु पर्छ र किन ?*

८. रेडप्लसको सन्दर्भमा समुदायलाई असर गर्नसक्ने प्रमुख जोखिमहरू र लाभहरूको बारे सङ्क्षेपमा प्रस्तुत गर्दै सत्रको समापन गर्नुहोस् ।

९. एफपिआइसीको अधिकारको सम्मानको व्यावहारिक फाइदाहरू र तिनीहरूको कारणमा पुनः जोड दिँदै निर्क्यौल निकाल्नुहोस् । एफपिआइसीको अधिकारको सम्मानको कानुनी ढाँचा तालिमको पछाडिको भागतिर समेटिनेछ भनी बताउनुहोस् ।

## प्रशिक्षकका लागि टिपोटहरू

यदि तपाईँ राष्ट्रिय स्तरको तालिमको सहजीकरण गर्दै हुनुहुन्छ भने तपाईँले समान उद्देश्य भएको घटनालाई तालिम सञ्चालन भइरहेको देशबाट खोज्न सक्नुहुनेछ ।

यस सत्रले रेडप्लसबाट हुनसक्ने फाइदाहरू र जोखिमहरूको पूर्ण विश्लेषण गर्न सघाउँछ । घटना अध्ययनपश्चात् तपाईँलाई अर्को विकल्पसमेत छ । आफैँले सार प्रस्तुत गर्नुभन्दा तपाईँले सहभागीहरूलाई नै सानासाना समूहहरूमा घटना अध्ययनका क्रममा पहिल्याइएका जोखिम र फाइदाहरूलाई केलाउन र आफ्ना धारणाहरू प्रस्तुत गर्न लगाउन सक्नुहुनेछ । रेडप्लसमा पहिले नै कारोबार सुरु गरिसकेका समूहहरूलाई यो अभ्यास उपयोगी हुनेछ ।

घटना अध्ययन

## रेडप्लस परियोजनामा एफपिआइसीको सम्मान किन ?

### तान्जानियामा समुदायमा आधारित वन व्यवस्थापन, वन प्रमाणीकरण र रेडप्लसको योजना[७]

सन् २०१० मा तान्जानियाको एउटा जिल्लामा रहेको एउटा स्थानीय संरक्षणमुखी गैरसरकारी संस्थाले रेडको तत्परता कार्यक्रमहरूमा वित्तीय सहयोगका लागि एउटा युरोपेली दुतावासमा प्रस्ताव हाल्ने निधो गऱ्यो। उक्त गैरसरकारी संस्थाले उक्त क्षेत्रमा कम्तीमा विगत पाँच वर्षदेखि समुदायमा आधारित वन व्यवस्थापन क्रियाकलापहरू सञ्चालनमा सहयोग पुऱ्याउँदै आएको थियो र केही स्थानमा फरेस्ट स्टेवार्डसिप काउन्सिलअन्तर्गत प्रमाणपत्र प्राप्त गर्न अन्तर्राष्ट्रिय वन प्रमाणीकरण मापदण्ड पुरा गर्न सफल पनि भएको थियो। हाल समुदायहरू[८] महत्त्वपूर्ण काष्ठ प्रजातिहरूलाई सक्रिय रूपमा कटान गर्दैछन् र सरकारबाट कानुनबमोजिम स्वीकृत व्यवस्थापन योजना बमोजिम वनको संरक्षण गर्दैछन्। एफपिआइसी प्रमाणीकरणको सुरुवाती खर्चका लागि अर्को बाह्य संस्थाबाट सहयोग प्राप्त भएको थियो। समुदायमा आधारित वन व्यवस्थापनमा काठको दिगो कटान गरी एफपिआइसीको व्यापारिक चिन्ह प्रयोग गरेर अन्तर्राष्ट्रिय बजारमा उक्त काठको व्यापार गरी आर्थिक लाभ पाएका तान्जानियाको सुरुका क्षेत्रहरूमध्ये यो पनि एक हो।

उक्त दुतावासले एउटा कार्यक्रमअन्तर्गत रेड प्रदर्शनी स्थलको निर्माण गर्न स्वीकृत भएको क्षेत्रमा उनीहरूको इतिहास र सो क्षेत्रको जानकारीमा आधारित रही रेडको तत्परता कार्यक्रम सञ्चालन गर्न उक्त गैरसरकारी संस्थाले प्रस्ताव तयार पाऱ्यो। आर्थिक सहयोग प्राप्त गरिसकेपछि उक्त संस्थाले परियोजनाका लागि के आवश्यक पर्दछ भन्नेबारेमा समुदायलाई जागृत बनाउदै सोही समयमा गाउँलेहरूलाई एफपिआइसीको मापदण्ड पुरा गर्न र लेखापरीक्षणमा सहयोग उपलब्ध गराइरहेमा संस्था र समुदायले सहकार्य गर्ने भन्ने थियो। तर त्यस्तो सहयोग गरेवापत ३० वर्षसम्मका लागि कार्बन क्रेडिटको भुक्तनीमा संस्थाको अधिकार रहने कुरामा आग्रह गरियो। उक्त संस्थाले कार्बन क्रेडिटबाट प्राप्त रकम दिगो वन व्यवस्थापनमा पुनः लगानी गरी प्रमाणीकरणबाट प्राप्त हुने फाइदाहरू अन्य गाउँहरूमा पनि पुऱ्याउने कुरा बतायो। यसले गर्दा उनीहरूलाई अरू गाउँहरू पनि प्रमाणीकरण गर्न सहयोग मिल्दथ्यो र अर्थतन्त्रको स्तरवृद्धिका कारण उनीहरूको बजारको पहुँचमा वृद्धि हुन्थ्यो।

समुदायमा आधारित वन व्यवस्थापन गरेका केही क्षेत्रहरूले उनीहरूका छिमेकी गाउँलेहरूले वन प्रमाणीकरणका कारण प्राप्त गरेका जस्तै फाइदाहरू प्राप्त गर्ने आशामा तत्कालै सहमतिमा हस्ताक्षर गरे। अरू गाउँलेहरूले उनीहरूले रेडप्लस र यसले उनीहरूलाई पार्ने प्रभावका बारेमा पुरै बुझ्न नसकेको भन्दै हस्ताक्षर गर्न असहमति प्रकट गरे। गाउँलेहरूले भविष्यमा हुने फाइदाहरू नदेखेका कारण र कार्बन जस्तो अमूर्त वस्तुका बारेमा बयान गर्नुपर्ने चुनौतीका कारण उक्त संस्थाका अधिकरीहरूले हिनताबोध गरे।

उक्त संस्थाको पहल कदमीबारेको समाचार सम्बद्ध मन्त्रालयको शाखाका वरिष्ठ सरकारी अधिकृतहरूसमक्ष समेत पुग्यो। यसमा उनीहरूले पनि चासो व्यक्त गरे र हाल रेडको राष्ट्रिय खाका र रणनीति बनेका कारण रेडप्लसको स्थानीय स्तरमा पहलकदमी लिनुपूर्व उनीहरूसँग परामर्श गरिनुपर्दछ भने प्रचलित कानुनी प्रावधानमा व्यवस्था नभएका कारण कार्बनको अधिकार र सोबारेमा बहस चलाउने अधिकार कोसँग छ भन्ने प्रश्नसमेत गरे।

---

७ यो घटना अध्ययन तान्जानियाको वास्तविक घटना हो तर कहिकतै नामहरू आवश्यक स्थानमा परिर्वतन गरिएका वा हटाइएका छन्।

८ त्यस्ता समुदायहरू वनमा आश्रित छन्। तान्जनियाको कानुनी प्रावधानमा आदिवासी जनजातीलाई मान्यता दिइएको छैन।

हाल उक्त परियोजना यथास्थितिमा छ । केही सहमतिहरू हस्ताक्षरित भएका छन्, केही छैनन् र राष्ट्रिय सरकारी प्रतिनिधिहरू समुदायमा आधारित वन व्यवस्थापन गरिएको क्षेत्रमा कार्बनको अधिकारको बारेमा प्रश्न गर्दै छन् ।

निम्न प्रश्नहरू समूहमा छलफल गर्नुहोस् र फ्लिप चार्टमा आफ्नो उत्तर लेख्नुहोस् :

- *तपाईँको विचारमा यस घटना अध्ययनमा एफपिआइसीको अधिकारको सम्मान भएको छ ? छ भने किन ? छैन भने किन ?*
- *यदि उक्त समुदायमा रेडप्लस परियोजना भित्र्याइयो भने उक्त समुदायलाई सम्भावित जोखिमहरू केके हुन सक्छन् ?*
- *उक्त गैरसरकारी संस्था वा अन्य परियोजना प्रस्तावकका लागि उचित तवरबाट एफपिआइसी नखोजिनुका जोखिमहरू केके हुन्न सक्छन् ?*
- *तपाईँको विचारमा एफपिआइसीको अधिकारको सम्मानले स्थानीय समुदायको जोखिम वा नकारात्मक प्रभाव कसरी न्यूनीकरण हुन्छ ?*
- *तपाईँको विचारमा समुदायहरूले रेडप्लस परियोजनामा संलग्न हुँदा केके अवसरहरू प्राप्त गर्दछन् ?*

स्रोतपत्र

## रेडप्लस परियोजनामा एफपिआइसी किन आवश्यक छ ?

एफपिआइसी सुरुमा आदिवासीहरूको अधिकारको सन्दर्भमा विकास भएको थियो जुन पछि परम्परागत र ऐतिहासिक सम्बन्धका आधारमा अरू मानिसहरूको जमिन र अधिकार क्षेत्रमा समेत विस्तारित भयो । आदिवासी जनजाति राजनैतिक पहुँचविहीन हुन्छन् र उनीहरूको पुर्ख्यौली अधिकार रहेका स्रोतहरूका सम्बन्धमा अन्तर्राष्ट्रिय संस्थाहरू, सरकारहरू र निजी लगानीकर्ताहरूले निर्णय गर्दा उनीहरूको चासोको सम्बोधन हुँदैन भन्ने बुझाइका आधारमा एफपिआइसीमा जोड दिइएको थियो ।

त्यसैले रेडप्लस परियोजनाले स्थानीय स्तरमा विश्वास आर्जन गर्न र स्रोतहरूको उपयोगमा दीर्घकालीन सहमति गर्न आदिवासी जनजाति र जीविकाका लागि कुनै निश्चित वनमा आश्रित स्थानीय समुदायहरूको अधिकारले मान्यता प्राप्त गर्नुपर्दछ । यसो नगर्दा यसले किचलो सृजना गर्नुका साथै अपेक्षित उपलब्धि हासिल नहुने सम्भावना प्रबल रहन्छ ।

रेडप्लस परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि आदिवासी जनजाति र स्थानीय समुदायहरू केन्द्रीय भूमिकामा रहेका हुन्छन् । वनमा आधारित कार्बन क्रेडिटका लगानीकर्ताहरूका तर्फबाट प्रमाणीकरण गर्ने संस्थाहरूले गर्ने मूल्याङ्कनका दौरान सामाजिक मापदण्ड वा सुरक्षण पालना गर्न उनीहरू आवश्यक हुन्छन् ।

**किन धेरै परियोजनाहरू प्रभावकारी रूपमा सुसूचित सहमति प्राप्त गर्न असफल हुन्छन् ?**

- हतारमा सम्पन्न गरिएको प्रक्रियाका कारण जटिल अवधारणाको गलत बुझाइ
- अपूर्ण वा अनुचित तवरले सूचना सम्प्रेषण
- क्षमता अभिवृद्धिका लागि पर्याप्त स्रोतको अभाव
- गुणस्तरीय संलग्नताका लागि सामाजिक सुरक्षणको अभाव

## आदिवासी जनजाति र स्थानीय समुदायहरूका लागि रेडप्लसका सम्भावित जोखिमहरू केके हुन सक्छन् ?

रेडप्लस परियोजना र नीतिहरूले ग्रामीण समुदायहरूलाई धेरै लाभहरू सृजना गर्छन् । त्यस्तै यसका निम्न सम्भावित जोखिमहरू समेत पहिचान भएका छन् :

- परम्परागत अधिकार तथा कडा बाध्यकारी नियमहरूको उल्लङ्घन : यसले गर्दा जीविका र आयआर्जन प्रयोजनका लागि वन प्रवेशमा रोक लाग्न, भू–उपयोगमा विवाद सृजना हुन र वनको भौतिक स्थानान्तरण हुनसक्छ ।

- नौलो र भू–खण्डीकरण अभ्यासका कारण सीमान्तीकरण : सरकारले वनको कार्बनबाट प्राप्त राजस्वमा राज्यको हक लाग्ने घोषण गर्न सक्नेछ र समुदायमा प्रदान गरिने वन स्वामित्व र वन व्यवस्थापनको हालसालको विकेन्द्रीकरणको गतिलाई रोक्ने वा उल्टाउने कार्य हुनसक्दछ ।

- वनको कार्बनको हकलाई वनको स्वामित्व र व्यवस्थापनको हकबाट छुट्याएर समुदायको वित्तीय फाइदाको हकमा रोक लाग्ने हुनसक्छ ।

- एक पक्षीय कार्बन सम्झौता हुन सक्छ, जसमा समुदायले अनभिज्ञरूपमा भू–उपयोगको हक त्याग्ने, वन विनाशको दायित्ववहन गर्ने, वैकल्पिक अवसर वा भू–उपयोगमा बन्देज लगाउने तथा न्यूनभुक्तानीको अनुमोदन गर्ने जस्ता सम्झौतामा हस्ताक्षर गर्न सक्छन्।
- कमजोर शासन प्रणालीका कारण समाजभित्र वा बाहिरका बोलवालाहरूले रेडप्लस परियोजनाबाट प्राप्त हुने लाभमा कब्जा जमाउन सक्छन्।
- स्थानीय स्तरमा खाद्य उत्पादनमा कमी आई खाद्य सुरक्षण जोखिममा पर्नेछ र गरिबी अझ भयावह हुन सक्नेछ।

## एफपिआइसी नखोजेमा परियोजना प्रस्तावकलाई केके जोखिम हुनसक्छ ?

एफपिआइसी नखोजेमा परियोजनाका प्रस्तावकहरू निम्न जोखिमहरूबाट प्रभावित हुन सक्छन् :

- विवाद सृजना हुँदा लागतमा वृद्धि र परियोजनामा ढिलाइ।
- अरू सरोकारवालाहरू र सम्भावित लगानीकर्ताहरूमा विश्वासको कमी।
- अन्तर्राष्ट्रिय सामाजिक मापदण्डहरू पुरा गर्न असफल।
- स्थानीय व्यक्तिहरूले कार्बनको रकम भुक्तानी हुने सर्तहरूको बेवास्ता गर्दा अन्ततोगत्वा परियोजना विफल हुनु।

## एफपिआइसी प्रक्रियाका कारण परियोजना प्रस्तावक र समुदायहरूका लागि सृजना हुने अवसरहरू केके हुन् ?

एफपीआइसी खोज्नाले निम्न बमोजिम अवसरहरू सृजना हुन्छन् :

- समुदायलाई रेडप्लस परियोजनाबाट प्राप्त हुने लाभहरूको वृद्धि गर्न र ती लाभहरूलाई आफ्नो आवश्यकता अनुसार परिमार्जन गर्न समुदायहरूलाई परियोजनाको प्रारूप र कार्यान्वयनमा प्रभाव पार्नसक्ने बनाउँछ।

- विकासकर्ताहरूका लागि एफपिआइसीले समुदायहरूसँग उनीहरूका उद्देश्य र योजनाहरूबारे संरचनागत बहस र स्पष्ट सञ्चार गर्ने अवसर उपलब्ध गराउँछ। यसले समुदायसँगको सम्बन्ध मजबुत बनाई दीर्घकालमा परियोजना सफल हुने सम्भावना बढाउँछ।

- परियोजनाका सम्भावित लगानीकर्ता र कार्बन क्रेडिटका खरिदकर्ताहरूमाझ एफपिआइसीको पूर्ण प्रक्रियाको स्पष्ट उदाहरण दिई परियोजनाको आकर्षणमा वृद्धि गरी परियोजना विकासकर्ताहरूलाई फाइदा पुऱ्याउन पनि सकिन्छ। एफपिआइसीको पूर्ण प्रक्रियाले परियोजनाको जोखिम कम गर्न र समुदायको आवश्यकता र चासोको सम्बोधन गर्न काम गरिएको छ भन्ने प्रमाण दिन्छ जुन कुरालाई सम्भावित लगानीकर्ताहरूले उच्च महत्त्व दिन्छन्।

# ८ अन्तर्राष्ट्रिय र राष्ट्रिय सम्झौता : रेडप्लसमा एफपिआइसीको अधिकारको सम्मान

**समय :**
१ घण्टा १५ मिनेट

**विधिहरू :**
समूहमा छलफल

**सामग्रीहरू :**
- फ्लिप चार्टहरू
- मार्करहरू

## उद्देश्यहरू

सत्रको अन्त्यमा सहभागीहरूले :

- कुनकुन अन्तर्राष्ट्रिय सम्भौता, घोषणापत्र र लगानीको संरचनाले रेडप्लस परियोजनामा एफपिआइसीलाई बाध्यकारी बनाउँछ भन्नेबारे वर्णन गर्न सक्नेछन्।
- एफपिआइसीको अधिकारको संरक्षण गर्न प्रचलित राष्ट्रिय कानुन र नीतिहरूका बारेमा ज्ञान आदानप्रदान गरी उनीहरूको आफ्नो परिप्रेक्ष्यमा त्यस्ता संरचनाको उपयोगहरू पत्ता लगाउनेछन्।

## चरणहरू

१. तालिमको बहावसँगै जोडेर सत्रको परिचय दिनुहोस्। रेडप्लसको सन्दर्भमा एफपिआइसी के हो र किन आवश्यक छ भन्ने कुरामा ध्यान दिएर यस सत्रले रेडप्लसमा एफपिआइसीको सम्मान गर्नुपर्ने प्रचलित बाध्यकारी प्रक्रियाहरूमा जोड दिनेछ भन्ने बताउनुहोस्।

२. यसो गर्नका लागि तपाईंले प्राकृतिक स्रोतसँग सम्बन्धित अन्तर्राष्ट्रिय बहसमा एफपिआइसीको प्रादुर्भाव कसरी भयो भन्ने सम्बन्धमा एउटा छोटो प्रस्तुति दिनुहुनेछ भन्ने कुरा बताउनुहोस्। अन्तर्राष्ट्रिय घोषणाहरू र सम्भौताहरूलाई घरको जगका रूपमा र विकास भइरहेका मापदण्डहरूलाई घरको भित्ताका रूपमा कार्डहरूका माध्यमबाट प्रस्तुत गर्नुहोस्। सहभागीहरूले स्पष्ट हुने प्रश्न सोधेमा ती प्रश्नहरूको उत्तर दिनुहोस् (स्रोत पत्र हेर्नुहोस्)।

३. प्रस्तुतिपछि सहभागीहरूलाई निम्न बमोजिमका प्रश्नहरू सोध्नुहोस् :

- *के तपाईं बाध्यकारी अवस्था (जस्तैः कानुनी रूपमा बाध्यकारी, अन्तर्राष्ट्रिय सम्भौता, आर्थिक सहयोगका सर्तहरू आदि) को पहिचान गर्न सक्नुहुन्छ ? तपाईंको विचारमा कुन चाहिँ सबैभन्दा बाध्यकारी हो र किन ?*

- *यी प्रणालीहरूले तपाईंको देशमा एफपिआइसीको अधिकारको सम्मानलाई कुन हदसम्म डोऱ्याएका छन् ?*

- *रेडप्लसमा एफपिआइसीको बाध्यकारी प्रक्रियाबारे रेडप्लसका सरोकार वाला वा खेलाडीहरूमा कुन स्तरको चेतना छ ?*

- रेडप्लस परियोजना र परियोजना प्रस्तावकका लागि एफपिआइसी कार्यान्वयनका तात्पर्यहरू केके हुन सक्छन् ?
- एफपिआइसीको अधिकारको सम्मानको आवश्यकताबारे तपाईँको कार्यक्षेत्रमा वर्णन गर्न यी बन्धनहरू कत्तिका सहयोगी हुन्छन् ?

४. सबै सहभागीहरु स्वदेशी भए सरोकारको आधारमा समूह निर्माण गर्न आग्रह गर्नुहोस्। सहभागीहरूलाई राष्ट्रिय, स्थानीय कुन स्तरको संरचना, ढाँचा वा प्रक्रियाहरूले एफपिआइसीको मान्यतालाई बल प्रदान गर्दछन् भन्ने प्रश्नको उत्तर खोज्दै एफपिआइसीलाई विभिन्न कोणहरूबाट केलाउन आग्रह गर्नुहोस्। उनीहरूलाई १५ मिनेट समय दिँदै सो कुरा फ्लिप चार्टमा लेख्न लगाउनुहोस्।

५. सबै समूहहरूलाई आफ्नो फ्लिप चार्ट टाँस्न र उत्तरहरू आदानप्रदान गर्न भन्नुहोस् । उनीहरूले सूचीकृत गरेका प्रक्रियाहरूको जोडबारे चिन्तन गर्न लगाउनुहोस् (वनकर्मीहरूले वन क्षेत्रका नीतिहरू र संरचनाहरूमा जोड दिनेछन्)। एफपिआइसी स्पष्ट रूपमा नै ऐननियम र नीतिहरूमा उल्लेख नभए तापनि यसले धेरै राष्ट्रिय स्तरका नीति, प्रक्रिया र सांस्कृतिक मान्यताको मर्मको प्रतिनिधित्व गर्दछ भन्ने कुराको वर्णन गर्नुहोस्।

## प्रशिक्षकका लागि टिपोटहरू

मापदण्डहरू, सम्बन्धित जानकारीहरू र बहस परिवर्तन भइरहने हुँदा प्रशिक्षकहरूले यस सत्रअघि ताजा जानकारीहरूका लागि खोजबिन गर्न आवश्यक छ।

धेरै जसो अन्तर्राष्ट्रिय घोषणाहरू आदिवासी जनाजातिको सन्दर्भमा एफपिआइसीमा केन्द्रित छन्। रेडप्लसमा एफपिआइसी उनीहरूमा मात्र लागु नहुने कुरामा सचेत रहनुहोस्। एफपिआइसीका मान्यताहरूलाई बल दिने धेरैजसो राष्ट्रिय प्रणाली तथा प्रक्रियाहरूले गएका सत्रहरूमा (एफपिआइसी के र कसका लागि ?) छलफल भए झैँ आदिवासी जनजाति भन्दा ठुलो दायराका मानिसहरूलाई समेट्छ।

सहभागीहरूलाई एफपिआइसीको मान्यता प्रतिबिम्बित गर्ने सटिक उदाहरणहरूको सहायताबाट राष्ट्रिय स्तरका प्रक्रियाहरूबारे अभ्यास गर्न उत्प्रेरित गर्नुपर्दछ। उनीहरूलाई वन र प्राकृतिक स्रोतका क्षेत्रमा मात्र सीमित नरही ठुलो दायराबाट सोच्न प्रोत्साहन गर्नुहोस् (उदाहरणका लागि स्रोतपत्र हेर्नुहोस्)।

प्रस्तुतीकरण

# अन्तर्राष्ट्रिय र राष्ट्रिय सम्झौता : रेडप्लसमा एफपिआइसीको अधिकारको सम्मान

कार्डहरू लेख्नुहोस् र विकासको अधिकारको संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रको जग बनाई एकएक गर्दै प्रस्तुत गर्नुहोस्।


| | |
|---|---|
| **आदिवासी जनजातिको अधिकार बारे संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (युएनड्रिप)** | यसमा एफपिआइसीको व्याख्या सबैभन्दा पूर्ण छ र आदिवासी जनजातिको अधिकार सम्बन्धमा देशहरूलाई स्पष्ट बन्धनहरू छ। यसमा १४७ राष्ट्रहरूले हस्ताक्षर गरिसकेका छन् तर यसलाई कानुनी रूपमा बाध्यकारी मानिँदैन। |
| **अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९** | यस महासन्धिले मानिसहरूको भू–अधिकार र आफ्नो स्रोत तथा जीविकामा प्रभाव पार्ने निर्णयमा सहभागी हुन पाउने अधिकार सुनिश्चित (ग्यारेन्टी) गर्दछ। |
| **जैविक विविधतासम्बन्धी महासन्धि** | यसमा अग्रिम सहमतिपश्चात् मात्र परम्परागत ज्ञानको उपयोग गर्न पाउने व्यवस्था भएका कारण यसले परम्परागत ज्ञानको संरक्षण गर्दछ। |
| **जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि – युनएफसीसीसी)** | यस महासन्धिले रेडप्लसका क्रियाकलापहरू लागु गर्दा पालना गर्नुपर्ने सुरक्षणसम्बन्धी युएनड्रिपको अनुसूचीलाई इङ्गित गर्दछ। |
| **विश्व बैंकको वन कार्बन साझेदारी (एफसीपीएफ) तथा वनमा लगानी कार्यक्रम (एफआइपी)** | विश्व बैंकको कार्यगत नीति ४.१ मा आधारित रही यसले स्वतन्त्र, अग्रिम र सुसूचित परामर्शलाई निर्देश गर्दछ। तर यसले प्रस्तावित विकास परियोजनामा समुदायको आफ्नो असहमतिको हकको भने ग्यारेन्टी गर्दैन। |
| **स्वयंसेवी कार्बन बजार मापदण्डहरू** | यिनमा हाल प्रमाणित कार्बन मापदण्ड (भिसिएस) तथा जलवायु, समुदाय र जैविक विविधता मापदण्डहरू (सिसिबी ) समावेश छन्। भिसिएसलाई एफपिआइसी आवश्यक पर्दैन, परामर्श भए पुग्छ तर सिसिबीलाई एफपिआइसीको अधिकारको सम्मान गरेको प्रक्रियाको दस्ताबेज आवश्यक पर्दछ। |
| **रेडप्लस सामाजिक तथा वातावरणीय मापदण्डहरू** | यी मापदण्डहरू विशेष तवरमा राष्ट्रिय तथा देशभित्रैका रेडप्लस परियोजनामा लागु हुन्छन्, अन्य कुनै विशेष परियोजनामा लागु हुँदैनन्। यिनीहरू आदिवासी र स्थानीय समुदायहरूका लागि एफपिआइसी आवश्यक पर्ने तथा तिनीहरूको विकास नागरिक समाज, युएन–रेड, एफएस्सी र रेन फरेस्ट अलाएन्स जस्ता अन्तर्राष्ट्रिय नियोगहरूबाट डोऱ्याइएको हुनुपर्ने कुराहरूमा स्पष्ट छन्। |

स्रोतपत्र

# कुनकुन अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनहरूले प्रस्तावकलाई रेडप्लसमा एफपिआइसीको अधिकार को सम्मान गर्न बाध्य पार्दछन् ?

एफपिआइसीको अवधारणा नौलो नभए तापनि यसले पाएको मान्यताका आधारमा यो अझै अपरिपक्व छ। यसका तत्त्वहरूलाई निम्न बमोजिमका समेत धेरै अन्तर्राष्ट्रिय सम्झौता र औजारहरूले मान्यता दिएका छन्।

- **आदिवासी जनजाति समुदायको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (युएनड्रिप)**: यसले एफपिआइसीको सबैभन्दा पूर्ण विवरण र आदिवासी समुदायको अधिकारका सम्बन्धमा देशहरू स्पष्ट रुपमा उत्तरदायि भएको अवस्था प्रस्तुत गर्दछ। सन् २००७ मा १४७ देशहरूले युएनड्रिपमा हस्ताक्षर गरेका छन्।




- **अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९** : यस महासन्धिले आदिवासी समुदायहरूको आफ्नो जमिनमा अधिकारको र आफ्ना स्रोतहरू तथा जीविकामा प्रभाव पार्ने कुनै पनि निर्णयमा सहभागिताको ग्यारेन्टी गर्दछ। सन् १९८९ मा २० राष्ट्रहरूले यस महासन्धिमा हस्ताक्षर गरेका थिए।

- **जैविक विविधतासम्बन्धी महासन्धि** : यसले परम्परागत ज्ञानको पूर्व सहमतिविना प्रयोगमा रोक लगाउँछ। सन् १९९२ मा १५० राष्ट्रहरूले यस महासन्धिमा हस्ताक्षर गरेका थिए।

- **जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युनएफसिसिसी)** : यसले देशहरूले रेडप्लसका क्रियाकलापहरू सञ्चालन गर्दा पालना गर्नुपर्ने युएनड्रिपको अनुसूचीका सुरक्षणहरूलाई निर्देश गर्दछ। यसलाई क्यानकुनमा सन् २०१० मा पक्ष राष्ट्रहरूको १६ औँ सम्मेलनमा भएको सम्झौताको अनुसूची १ मा निर्देश गरिएको छ[९]।
- **विश्व बैंकको वन कार्बन साझेदारी (एफसिपिएफ) तथा वनमा लगानी कार्यक्रम (एफआइपी)** : यी दुबैले प्रस्तावित विकास कार्यक्रममा स्वतन्त्र, अग्रिम, सुसूचित परामर्शको निर्देश गर्दछन् तर समुदायको असहमतिको हकको भने ग्यारेन्टी गर्दैनन्। धेरै पैरवी पहलकदमीहरूले यी कार्यक्रमहरूको कार्यगत मार्गदर्शनहरूमा सहमति शब्दको प्रयोगमा परिवर्तन गर्न प्रयत्न गर्दै छन्। अचेलका बहसहरूले विश्व बैंकको कार्यगत नीतिले सहमति शब्द प्रयोगमा नल्याएको औँल्याए पनि आदिवासी समुदायहरूका क्षेत्रमा एफपिआइसीको पालना गर्न विश्व बैंकले ती राष्ट्रहरूको युएनड्रिपमा हस्ताक्षरको अपेक्षा गर्दछ।

- **स्वयंसेवी कार्बन बजार मापदण्डहरू** : यिनीहरूअन्तर्गत हाल भिसिएस (प्रमाणित कार्बन मापदण्ड) र सिसिबी (जलवायु, समुदाय र जैविक विविधता मापदण्डहरू) पर्दछन्। भिसिएसलाई परामर्श भए पुग्दछ तर सिसिबीलाई एफपिआइसीको सम्मान गरिएको प्रक्रियाको लिखित दस्ताबेज नै आवश्यक पर्दछ।

- **रेडप्लस सामाजिक तथा वातावरणीय मापदण्डहरू** : यी मापदण्डहरू विशेष गरी राष्ट्रिय तथा त्यस देशभित्रकै रेडप्लस कार्यक्रमहरूमा लागु हुन्छन्, कुनै निश्चित परियोजनामा मात्र लागु हुँदैनन्। तिनीहरूले एफपिआइसीलाई आदिवासी जनता र स्थानीय समुदायहरूसँग जोडेर हेर्दछन् र उनीहरूको विकासलाई नागरिक समाजका संस्थाहरूले डोऱ्याउन आवश्यक ठान्दछन्।

**युएनड्रिप समर्थन गर्ने १४७ राष्ट्रहरू**

अफगानिस्तान, अलवानिया, अल्जेरिया, एन्डोरा, अङ्गोला, एन्टिगुवा, र बारबुडा, अर्जेन्टिना, आर्मेनिया, अस्ट्रेलिया, अस्ट्रिया, बहामास, बहराइन, बरबाडोस, बेलारुस, बेल्जियम, बेल्जी, बेनिन, बोलिभिया, बोस्निया र हर्जगोभिना, बोत्स्वाना, ब्राजिल, ब्रुनाई, दारुस्लाम, बुल्गेरिया, बुर्कानिया फासो, कम्बोडिया, क्यामरुन, केप भर्डे, अफ्रिकन गणतन्त्र, चिली, चिन, कोलम्बिया, कोमोरोस, कङ्गो, कोस्टारिका, क्रोएसिया, क्युबा, साइप्रस, चेक गणतन्त्र, प्रजातान्त्रिक जनगणतन्त्र कोरिया, प्रजातन्त्रिक गणतन्त्र कङ्गो, डेनमार्क, जिवाउटी, डोमिनिका, डोमिनिकन गणतन्त्र, इक्वेडर, इजिप्ट, इआई साल्भाडोर, इस्टोनिया, फिनल्यान्ड, फ्रान्स, ग्याबन, जर्मनी, घाना, ग्रिस, ग्वाटेमाला, गिनिया, गायना, हैटी, होन्डुरस, हङ्गेरी, आइसल्यान्ड, भारत, इन्डोनेसिया, इरान, इराक, आयरल्यान्ड, इटाली, जमैका, जापान, जोर्डन, काजकिस्तान, कुबेत, जनप्रजातन्त्रिक गणतन्त्र लाओ, लात्भिया, लेबनान, लेसोथो, लाइबेरिया, लिबियन अरब जमाहिरिय, लिचेन्थिस्टेन, लिथुआनिया, लक्जेम्बर्ग, मादागास्कर, मलावी, मलेसिया, माल्दिभ्स, माली, माल्टा, मौरिसस, मेक्सिको, सङ्घीय राज्य माइक्रोनेसिया, मोल्डोभा, मोनाको, मङ्गोलिया, मोजाम्बिक, म्यान्मार, नामिबिया, नेपाल, नेदरल्यान्ड, न्युजिल्यान्ड, निकारागुवा, नाइजेरिया, नर्वे, कोरिया, सेन्ट लुसिया, सेन्ट भिसेन्ट र ग्रिनाडिनेस सामोआ, सानमारिनो, साउदी अरब, सेनेगल, सर्बिया, सियरालियोन, सिङ्गापुर, स्लोभाकिया, स्लोभेनिया, दक्षिण अफ्रिका, स्पेन, श्रीलङ्का, सुडान, सुरिनाम, स्वाजिल्यान्ड, स्विडेन, स्विजरल्यान्ड, सिरियाली अरब गणतन्त्र, तान्जानिया, थाइल्यान्ड, पूर्व युगोस्लाभ, म्यासिडोनिया गणतन्त्र, टिमोर-लित्स्टे, ट्रिनिडाड र टोबागो, ट्युनिसिया, टर्की, संयुक्त अरब इमिरेट्स, संयुक्त अधिराज्य, उरुग्वे, भेनेजुएला, भियतनाम, यमन, जाम्बिया र जिम्बाबे।

स्रोत : http://www.un.org/esa/socdev/unpfii/en/declaration.html

---

९ क्यानकुन सम्झौताले पक्ष राष्ट्रहरूको १६ औँ सम्मेलनको एडब्लुएफ-एलसिए निर्णयलाई निर्देश गर्दछ। यसमा बढी जानकारीका लागि www.unfccc.int हेर्नुहोस्।

सरोकारवालाहरूको संलग्नताका लागि उल्लिखित मार्गदर्शनहरूसहित थप रेड तत्परता योजना (वन कार्बन साझेदारीको मे २०११ को खाका) विकास गरिएको छ। यो युएन–रेड र विश्व बैंकको एफसिपिएफको सहकार्यको उपलब्धि हो तर यसले अझै पनि 'सहमति' शब्दको प्रयोगको एकरूपतामा ध्यान दिएको छैन। यो छलफलले विशेष रूपमा विभिन्न सिद्धान्तहरू[10] पालना गर्ने विभिन्न सञ्चालक संस्थाहरूको चालु बहसका लागि विषयवस्तु उपलब्ध गराएको छ।

## अन्तर्राष्ट्रिय सम्झौताहरू कसरी राष्ट्रिय परिप्रेक्ष्यमा लागु हुन सक्छन् ?

छलफलमा आए जस्तै युएनड्रिप जस्ता अन्तर्राष्ट्रिय साधनहरूले स्पष्ट रूपमा एफपिआइसीलाई बल पुऱ्याएका छन् र के हो देशहरूले स्पष्ट रूपमा राष्ट्रिय कानुनहरूमा एफपिआइसीलाई मान्यता दिएका छन्।

अन्तर्राष्ट्रिय कानुनमा एफपिआइसीको वैधानिकता सुदृढ छ र रेडप्लसका लागि योग्य अधिकांश राष्ट्रहरू उपयुक्त कानुनी साधनहरूका पक्षमा छन्।

सम्बद्ध अधिकारले आइएलओ १६९ र युएनड्रिपमा उल्लेख गरिएका क्षेत्र भन्दा ठुलो क्षेत्र ओगट्छ। तिनीहरू लगभग सर्वव्यापी महत्त्वका विकासको अधिकारको संयुक्त राष्ट्रसङ्घीय घोषणालगायत धेरै मानव अधिकारका र अन्य सन्धिहरूमा उल्लेख छन्।

त्यस्तै प्रचलित भोगाधिकार र परम्परागत कानुनहरूलाई मान्यता दिने लगायतका कानुनहरूलाई मान्यता दिने राष्ट्रिय कानुनहरू हुन सक्छन्। एफपिआइसीसँग सम्बन्धित हालैका अन्तर्राष्ट्रिय कानुनहरू संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूको राष्ट्रिय कानुनमा प्रतिबिम्बित हुन अझै केही समय लाग्न सक्छ। रेडप्लसका कार्यक्रमहरूले वास्तवमा त्यस्ता सकारात्मक विकासको गति बढाउन र तिनीहरूलाई सुदृढ बनाउन भूमिका खेल्न सक्छन्। यसको अर्थ समुदायको एफपिआइसीको अधिकारको सम्मान गर्न आवश्यक प्रक्रिया विकास भइरहेको छ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १६९ को धारा ७.१ मा विकासका प्रक्रियाले मानिसहरूको जीवन, आस्था, संस्थाहरू र आध्यात्मिक कल्याणमा असर गर्ने हुँदा सम्बन्धित मानिसहरूको विकासका प्रक्रियाको आफ्नै प्राथमिकता क्रम तोक्ने हक हुन्छ (...)' र उनीहरूको आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि सम्भव भएसम्म नियन्त्रण गर्ने भन्ने उल्लेख छ। उक्त सन्धिकै धारा १६ उल्लेख गर्दछ : 'उनीहरूको स्वतन्त्र र सुसूचित सहमतिबाट मात्र स्थानान्तरण गरिनुपर्दछ' (अन्तर्राष्ट्रिय श्रम सङ्गठन १९८९)।

## एफपिआइसीका सिद्धान्तहरूको समर्थन गर्ने प्रचलित नीति, प्रक्रिया र संरचनाहरू

एफपिआइसी नै उल्लेख गर्ने कानुन तथा नीतिहरू राष्ट्रियस्तरमा नहुन सक्छन् तर पनि धेरै संरचनाले यसका प्रमुख मान्यता र सिद्धान्तहरू प्रतिबिम्बित गर्दछन्। विभिन्न देशहरूबाट सोसम्बन्धी उदाहरणहरू सङ्कलन गरिएको छ। जुन यस प्रकार छन् :


१० Dooley et al . Smoke and Mirrors, a critical assessment of the Forest Carbon Partnership Facility, May 2011.

| नेपाल | कम्बोडिया | भियतनाम | भारत | थाइल्यान्ड |
| --- | --- | --- | --- | --- |
| ▪ स्थानीय स्वायत्त शासन ऐन<br>▪ वन ऐन<br>▪ फेकोफन<br>▪ वन क्षेत्रका मार्गदर्शनहरू<br>▪ वन क्षेत्रको गुरुयोजना (सन् १९९०–२०१०)<br>▪ सामुदायिक वनका नीतिहरू | ▪ संविधान<br>▪ वनका कानुनहरू<br>▪ संरक्षित क्षेत्रका कानुनहरू<br>▪ सामुदायिक वन र सामुदायिक वनको मार्गदर्शनको आदेश<br>▪ सामूहिक संरक्षण क्षेत्र मार्गदर्शन (खाका)<br>▪ वातावरणीय प्रभाव अध्ययन<br>▪ जमिनसम्बन्धी कानुन | ▪ निम्न तहमा प्रजातन्त्रको अध्यादेश<br>▪ पहाडी र आदिवासी मामलाको समिति (सिइएमए)<br>▪ वन संरक्षण र विकास ऐन, २००४ | ▪ वन्यजन्तु संरक्षण ऐन, सामुदायिक संरक्षण क्षेत्रहरू<br>▪ जेएफएम : जनसहभागिता र लाभको बाँडफाँड<br>▪ पञ्चायती राज ऐन : स्थानीय शासनको शक्ति हस्तान्तरण<br>▪ आदिवासी हक ऐन : आदिवासी –आइपी)को वन क्षेत्रको स्वामित्वको हक<br>▪ वातातवरणीय/ सामाजिक प्रभाव अध्ययन र जनसुनुवाइ | ▪ थाई संविधान (सन् १९९७ र २००७ )<br>▪ सामुदायिक भू–अधिकार पुनर्गठन ।<br>▪ सूचना प्राप्तिको हक<br>▪ सांस्कृतिक र स्थानीय मान्यताहरू |

सिकाई तह

# २

# एफपिआइसीका आधारभुत सिद्धान्तहरू




यो सिकाइ तहले एफपिआइसीका शब्दावलीहरूलाई खोतल्दछ र एफपिआइसी खोज्ने चलनको तात्पर्यलाई केलाउँदछ । सम्बन्धित अवधारणा बुझ्न तपाईँलाई यसले मदत गर्दछ । यो सिकाइको तहले खोजिनुपर्ने सहमतिको पहिचान र निर्माणको प्रक्रियामा जोड दिन्छ । यस सत्रले एक्लै मात्र अर्थ नराख्ने हुँदा यसका उपलब्धिहरूलाई अन्य सत्रहरूसँग एकीकृत गरेर हेरिनुपर्दछ । यस सत्रको प्रभाव एफपिआइसी सङ्क्षिप्त रूपको पूर्ण विनिर्माणमा भर पर्दछ । यदि तपाईँले यो सत्र नसमेट्ने निधो गर्नुभएको छ भने तपाईँका सहभागीहरू सङ्क्षिप्त रूपको अर्थ नबुझ्री यसको वरिपरि अल्मलिने जोखिम रहन्छ ।

# ८ एफपिआइसीको चर्चा : स्वतन्त्र के हो ?

**समय :**
१ घण्टा ३० मिनेट

**विधिहरू :**
- सानो अभिनय
- प्रश्न गर्ने

**सामग्रीहरू :**
- स्रोतपत्र
- भूमिका खेलको छापिएका प्रतिहरू
- एफपिआइसीका सिद्धान्तहरू भएको ठुलो चित्र

## उद्देश्यहरू

सत्रको अन्त्यमा सहभागीहरूले :

- रेडप्लसमा एफपिआइसीको सन्दर्भमा स्वतन्त्र, जबरजस्ती, चालबाजी, डर धम्कीहरूका बिचको फरक छुट्याउन सक्नेछन्।
- रेडप्लस गतिविधिहरूमा एफपिआइसीको 'स्वतन्त्र' सहमति सुनिश्चित गर्नुपर्नाका चुनौतीहरूको पहिचान गर्नेछन्।
- एफपिआइसी प्रक्रियामा 'स्वतन्त्र' सुनिश्चित गर्न प्रयोगमा ल्याउन सकिने प्रमुख प्रक्रियाहरू पहिचान गर्नेछन्।

## चरणहरू

१. सहभागीहरूलाई एफपिआइसीका सङ्क्षिप्त रूप प्रत्येक अक्षरहरू (एफ.पी.आई.सी.)ले के जनाउँछ ? याद भए भन्न आग्रह गर्दै सत्रको प्रारम्भ गर्नुहोस्। उनीहरूलाई एफपिआइसी कुनै विधि नभई एउटा निर्णयको किसिम हो, जुन स्वतन्त्र, अग्रिम र सुसूचित अवस्थामा लिइन्छ भन्ने कुरा स्मरण गराउनुहोस् । उनीहरूलाई स्वतन्त्रबाट सुरु गरेर एफपिआइसीका प्रत्येक शब्दहरूलाई नजिकबाट नियालिनेछ भन्ने कुरा बताउनुहोस्।

२. स्वतन्त्र शब्दलाई केलाउन सहभागीहरूले एउटा भूमिका खेल्न गइरहेका छन् भन्ने कुरा बताउनुहोस्।

३. सहभागीहरूलाई उनीहरू अभिनयबारे जानकार रहेनरहेको सोधी निक्यौंल गर्नुहोस् । यदि उनीहरू जानकार छैनन् भने उक्त क्रियाकलापका बारेमा बताउनुहोस् । सहभागीहरूलाई उनीहरू उक्त खेलमा कलाकारका रूपमा हुनेछन् र उक्त क्रियाकलापमा उनीहरूको भूमिकालाई व्यक्तिको भन्दा पनि कलाकारका रूपमा लिइनेछ भन्ने कुरामा जोड दिनुहोस्। प्रत्येक समूहले परियोजना विकासकर्ताका रूपमा छुट्टाछुट्टै भूमिका खेल्नेछ भन्ने कुरा बताउनुहोस्। उनीहरूले खेल्ने परिदृश्यहरू अरू समूहहरूलाई उजागर गर्न भन्नुहोस्।

४. सहभागीहरूलाई ३ वटा समूहमा बाँड्नुहोस् र उनीहरूले परियोजनाको विकासकर्ताका रूपमा कस्तो भूमिका खेल्नुपर्नेछ भनी छुट्टाछुट्टै बताउनुहोस्। उनीहरूलाई १० मिनेट समय प्रदान गरिनेछ, जसमा उनीहरूले कस्तो चरित्र देखाउने, कस्तो हाउभाउ व्यक्त गर्ने र कस्तो भाषा बोल्ने, जसले गर्दा

अर्को समूहले उनीहरूको भूमिकाको अनुमान गर्न सकून् भन्ने कुराको विचार गर्न भन्नुहोस् । भूमिकाका चरित्रहरूबारे वर्णन गरिएका कार्डहरू वितरण गर्नुहोस्। सहभागीहरू कार्डमा उल्लेख गरिएको चरित्रभन्दा बाहिर नजाऊन् भन्ने कुराको सुनिश्चित गर्नुहोस् । सहभागीहरूले आफ्नो व्यक्तित्व सुहाउँदो भूमिका नभए पनि उक्त भूमिकाबारे स्पष्ट बुझेका छन् र त्यसलाई उनीहरूले सरल रूपमा प्रस्तुत गर्नेछन् भन्ने कुराको सुनिश्चित गर्नुहोस्।

५. १० मिनेटपछि एउटा समूहलाई आफ्नो अभिनय गर्न निम्त्याउनुहोस् र अरू सहभागीहरूलाई कस्तो भूमिका खेलिँदै छ भनी हेर्न प्रोत्साहन गर्नुहोस्। तपाईँले ५ मिनेटपछि घन्टी बजाएर उक्त खेल रोक्नुहुनेछ। भूमिका बुझ्नका लागि पुरै खेल सकिनु पर्दैन भन्ने कुरा बताउनुहोस्। अभिनयहरू सकिसकेपछि निम्न मननीय प्रश्नहरू सोध्नुहोस् ?

- *परियोजना विकासकर्ताले यो भूमिका खेलाइमा कस्ता चरित्रहरू देखायो ?*
- *उनीहरूको कुन व्यवहारका कारण उनीहरू उक्त चरित्रमा भएको तपाईँलाई भान गरायो ? उनीहरूका क्रियाकलापहरूको एउटा उदाहरण दिनुहोस्।*
- *तपाईँले यस्तै व्यवहारको उदाहरण आफ्नै परिप्रेक्ष्यमा देख्नुभएको छ ? तपाईँलाई यस्तो किन हुन्छ जस्तो लाग्छ ?*
- *यो भूमिका खेल्दा तपाईँले कस्तो महसुस गर्नुभयो ? (अभिनयकर्ताहरूलाई)।*
- *तपाईँले किन त्यस्तो महसुस गर्नुभयो ? (अभिनयकर्ताहरूलाई)।*
- *उनीहरूले कस्तो किसिमको परियोजना विकासकर्ताको भूमिका खेल्दै थिए ? (अन्यलाई)।*

६. यदि सहभागीहरूले कुन भूमिका खेलिँदै छ भन्ने अनुमान लगाउन सकेनन् भने भूमिकाबारे भन्नुहोस् र कार्डमा लेखिएका चरित्रहरू पढेर सुनाउनुहोस्।

७. अरू २ वटा अभिनय पनि सोही तवरबाट सञ्चालन गर्नुहोस्। यदि ती अभिनयहरूबाट भूमिका छुट्टिएनन् भने मनन गर्न लगाएर चरित्रहरूको भिन्नता छुट्याउनुहोस्।

८. ३ वटा नै अभिनय सकिएपछि निम्नबमोजिमका प्रश्नहरू गरी समूहहरूलाई आफ्नो अनुभवबारे चिन्तन गर्न लगाउनुहोस्।

- *उक्त ३ वटा अभिनयहरूबाट हामी के सिक्न सक्छौँ ? तपाईँको विचारमा के ती तिन वटै व्यवहारहरू जहिले पनि भिन्नभिन्न हुन्छन् ?*
- *के त्यो किसिमको व्यवहार पहिचान गर्न सजिलो हुन्छ ? किन र कहिले ?*
- *तपाईँको विचारमा कुनै अभिनय एफपिआइसीको सन्दर्भको 'स्वतन्त्र'को परिभाषासँग मिल्न सक्छ ?*
- *अभिनयमा तपाईँले 'स्वतन्त्र'को कुन चाहिँ भूमिका देख्नुभयो ?*
- *तपाईँको विचारमा उक्त चरित्रहरूका आधारमा हामी कसरी 'स्वतन्त्र'को वर्णन गर्न सक्छौँ ?*
- *तपाईँको विचारमा 'स्वतन्त्र' कसरी रेडप्लसमा सहमति प्रदानको अवधारणाको अङ्ग हो ?*
- *यो कसरी आदिवासी जनताहरूको आत्मनिर्णयको अधिकारसँग सम्बन्धित छ ?*
- *उनीहरू रेडप्लसको परिप्रेक्ष्यमा 'स्वतन्त्र' छन् भन्नुको मतलब के हुन सक्छ ?*
- *'स्वतन्त्र' सुनिश्चित गर्नुका चुनौतीहरू केके हुन सक्छन् ?*

९. पूर्ण सत्रमा तिनै वटै शब्दहरू फ्लिप चार्टमा लेख्नुहोस्। सहभागीहरूलाई ती शब्दहरू उनीहरूको भाषामा कसरी उल्था गर्न सकिन्छ भनी विचार गर्नका लागि भन्नुहोस्। ती शब्दहरू एफपिआइसीमा के स्वतन्त्र छैन भन्ने कुरा प्रस्ट पार्न प्रयोग हुन्छ भन्ने कुरा बताउनुहोस्।

१०. सबैभन्दा महत्त्वपूर्ण कुरा ती शब्दहरूसँग गाँसिएका व्यवहारका किसिमहरू बुझ्नु हो भन्ने कुरा बताउनुहोस्।

११. सहभागीहरूलाई पूर्ण सत्रमा फिर्ता लिएर आउनुहोस् । एफपिआइसीका सिद्धान्तहरू व्यवहारमा लागु भएका छन् भन्ने कुराको सुनिश्चित गर्न एफपिआइसीको चर्चा गर्दै अब यसलाई व्यवहारमा जोड्न गइरहेका छौँ भन्ने कुरा बताउनुहोस् । एफपिआइसीका सिद्धान्तहरू प्रस्तुत गर्ने एक केन्द्रीय वृत्तको चित्र प्रस्तुत गर्दै यसमा नै आगामी सत्रहरू आधारित रहनेछन् भन्ने कुरा बताउनुहोस् । स्वतन्त्र पहिलो सिद्धान्त भएको हुँदा यसलाई हामी केन्द्रमा राख्दछौँ (अभ्यास पत्र हेर्नुहोस्) ।

१२. पूर्ण सत्रमा उनीहरूलाई एफपिआइसीमा स्वतन्त्र सुनिश्चित गर्न कस्ता प्रक्रिया वा तत्त्वहरूमा ध्यान दिनुपर्दछ भनी मस्तिष्क मन्थन गर्न लगाउनुहोस् । उनीहरूको धारणा लिप चार्टमा लेखी स्वतन्त्रको व्याख्या गर्ने चित्रसँगै जोडेर राख्नुहोस् (अभ्यास हेर्नुहोस्) ।

१३. रेडप्लस क्रियाकलापहरूमा सहमति दिन आदिवासी जनताहरू स्वतन्त्र हुनुको महत्त्वमा जोड दिँदै सत्रको समापन गर्नुहोस् । अगाडिका सत्रहरूमा अरू सिद्धान्तहरूको चर्चा गरिनेछ र अगाडि बढ्दै जाँदा चित्रको पनि विकास गरिनेछ।

## प्रशिक्षकका लागि टिपोटहरू

बलजफत, चालबाजी र डरधम्की जहिले पनि स्पष्ट नहुन सक्छन् र ती कुराहरू सधैँ परियोजना प्रस्तावकले मात्र गर्दैनन् भन्ने कुरामा पनि जोड दिनु उपयोगी हुन सक्छ। समुदायभित्रकै निश्चित व्यक्तिले पनि समुदायभित्रकै अरूलाई मान्नका लागि दबाब दिन सक्छ। सहभागीहरूबाट उनीहरूको यससम्बन्धी उदाहरणहरू लिने प्रयत्न गर्नुहोस् जसले गर्दा उनीहरूलाई के चाहिँ स्वतन्त्र होइन भनी बुझाउन सहयोग मिलोस्।

एफपिअइसीका सिद्धान्तहरूबारे चर्चा गर्दा ती सिद्धान्तहरूलाई दृश्यमा उतार्नुहोस् र चर्चा प्रक्रिया अगाडि बढाउँदै सहभागीहरूले सिद्धान्तहरूलाई एकआपसमा जोड्ने मुख्य प्रक्रियाहरू बुझेका छन् भन्नका लागि तिनलाई कार्डमा लेख्नुहोस्।

अभिनय

# एफपिआइसीको चर्चा स्वतन्त्र के हो ?

## बलजफत

यसमा तयारी गर्न समूहसँग १० मिनेट र अभिनय गर्न ५ मिनेट समय छ। तपाईँको समूहको एक जना सदस्यले बलजफत गर्ने परियोजनाको विकासकर्ताको भूमिका खेल्दछ भने अरूहरूले चाहिँ आदिवासी जनताको। बलजफत गर्ने मानिसका निम्न बमोजिमका चरित्रहरूले तपाईँलाई अभिनयको तयारी गर्न सहयोग पुग्न सक्छ।

एउटा बलजफत गर्ने मान्छे त्यो हो, जसले :

- पीडितलाई अनिच्छा हुने कामहरू गर्न बाध्य पार्छ।
- भौतिक तथा मानसिक शक्ति प्रयोग गर्न सक्छ (धम्की दिएर वा पश्चातापको भावना सृजना गरेर)।
- आफूले चाहेको कुरा प्राप्त गर्न आफ्नो पदीय शक्ति र अधिकारको दुरूपयोग गर्छ।

## चालबाजी

यसमा तयारी गर्न १० मिनेट र अभिनय गर्न ५ मिनेट समय छ। तपाईँको समूहको एक जना सदस्यले चालबाजी गर्ने परियोजनाको विकासकर्ताको भूमिका खेल्दछ भने अरूहरूले आदिवासी जनताको। चालबाजी गर्ने मानिसका निम्न बमोजिमका चरित्रहरूले तपाईँलाई अभिनयका लागि तयारी गर्न सहयोग पुग्न सक्छ।

एउटा चालबाज गर्ने त्यो हो, जसले :

- उपहारहरू प्रदान गरेर मनाउन सक्छ।
- मानिसहरूलाई मनाउन अख्तियारको दुरूपयोग गर्छ।
- मानिसहरूको गरिबीको फाइदा लिई मानिसहरूले जे सुन्न चाहन्छन् त्यही भनिदिन्छ।
- समूह वा समुदायमा 'फुटाउ र राज गर' को रणनीति प्रयोग गर्छ।

## डरधम्की


यसमा तयारी गर्न १० मिनेट र अभिनय गर्न ५ मिनेट समय छ। तपाईँको समूहको एक जना सदस्यले डरधम्की दिने परियोजनाको विकासकर्ताको भूमिका खेल्दछ भने अरूहरूले आदिवासी जनताको डरधम्की दिने मानिसको। निम्न बमोजिमका चरित्रहरूले तपाईँलाई अभिनयको तयारी गर्न सहयोग पुग्न सक्छ।

एउटा डरधम्की गर्ने मान्छे त्यो हो, जसले :

- केही प्राप्त गर्न त्रासको सृजना गर्दछ। उक्त त्रासले कसैलाई उनीहरूको सुरक्षाबारे डर पैदा गर्दछ।
- तर्साउनका लागि शरीरको हाउभाउ तथा हतियार प्रयोग गर्न सक्छ।

## अभ्यास एफपिआइसीका सिद्धान्तहरू :

एफपिआइसीका सिद्धान्तहरूको चर्चा गर्न निम्न चित्र प्रयोग गर्नुहोस् र त्यसलाई तालिम कक्षको भित्तामा टाँसिरहनुहोस्।



स्रोतपत्र

# एफपिआइसीको चर्चा : "स्वतन्त्र"

## स्वतन्त्र के हो ?

बल्ल म स्वतन्त्र भएँ.........



स्वतन्त्र भन्नाले कसै (सरकार, परियोजना विकासकर्ता, कम्पनी वा कुनै संस्था) को करकाप, डरधम्की, बलजफत, चालबाजी वा दबाबबाट मुक्त भन्ने बुझिन्छ।

त्यसकारण हकवालाहरूसँग विना बलजफत, डरधम्की वा चालबाजी रेडप्लसका क्रियाकलापहरूसम्बन्धी निर्णय लिने अधिकार हुन्छ । स्वतन्त्रअन्तर्गत कुनै पनि त्रासमुक्त वा 'हुँदैन' भन्ने निर्णय भएमा बदला लिने सम्भावना नभएको अवस्था पर्दछ।

'स्वतन्त्र' समुदायको आत्मनिर्णयको अधिकारसँग पनि सम्बन्धित छ जसले समुदायहरूलाई आफ्ना लागि निर्णय गर्न र आफू अनुकुल उपयुक्त परामर्श तथा निर्णय प्रक्रिया रोज्न पाउने सामूहिक अधिकार प्रदान गर्दछ।

## के गरेर स्वतन्त्र सहमति सुनिश्चित गर्न सकिन्छ ?

- परस्परमा सहमति भएको स्थान र समयमा परामर्श र बहस हुन्छ। यो कार्य कुनै पक्षद्वारा बलजफत गर्छ भन्ने ठानेको मानिसको अनुपस्थितिमा हुनुपर्दछ।
- परियोजना विकासकर्ताहरूले समुदायको सहमतिविना रेडप्लस परियोजनाको कुनै पनि चरणहरू सुरु नगर्ने प्रतिबद्धता स्पष्टसँग व्यक्त गर्नुपर्दछ।
- हकवालाहरूलाई उनीहरूसँग परियोजनालाई "हुँदैन" भन्ने र रेडप्लस परियोजनाको प्रक्रियाका सम्बन्धमा बहस गर्ने अधिकार सुरक्षित रहेको जानकारी दिनुपर्दछ।
- प्राप्त सूचनाहरू केलाउन र पूर्णरूपमा निर्णय गर्ने प्रक्रिया अवलम्बन गर्न हकवालाहरूलाई पर्याप्त समय दिनुपर्दछ।
- बाह्य सहजकर्ता र प्रस्तावित परियोजनाहरूलाई सहयोग गर्नेहरू क्षमतावान् र सहमति प्रक्रियाको नतिजा सम्बन्धमा तटस्थ हुनुपर्दछ।
- एउटा स्वतन्त्र प्रमाणीकरण प्रक्रियाले सहमति प्राप्त गर्ने प्रक्रिया अनावश्यक प्रभावबाट मुक्त थियो भन्ने कुराको जाँच गर्दछ।
- जहाँ बहस तोडिन्छ त्यहाँ तेस्रो पक्षको सहयोग (कानुनी वा अन्य)मा पहुँच हुनुपर्दछ। तेस्रो पक्षले थप जानकारीका स्रोतहरू उपलब्ध गराउँछ, मध्यस्थताको काम गर्छ वा हकवालाको पक्षमा बल प्रदान गर्छ।
- जहाँ सहमति हुन सक्दैन त्यहाँ पुनः अर्कोपटक सहमति खोज्ने समयावधि र सर्तहरूका विषयमा पारस्परिक सहमति खोज्न सकिन्छ।

त्यसकारण साधारण रूपमा बुझिए झैं एफपिआइसीको अधिकारको मतलब आदिवासी जनता तथा स्थानीय समुदायहरू आफ्नै परम्परागत प्रणालीबाट निर्णयमा पुग्दछन्। यसमा उनीहरू 'फुटाउ र राज गर' भन्ने रणनीतिको सिकार नभई आफ्नो स्वतन्त्र विवेक प्रयोग गरी निर्णय गर्दछन्।

# १० एफपिआइसीको चर्चा : "अग्रिम" के हो ?

**समय :**
१ घण्टा ३० मिनेट

**विधिहरू :**
१. सहमतिका परिदृश्यहरू
२. पूर्ण सत्रमा छलफल
३. एफपिआइसीका सिद्धान्तहरूको ठुलो चित्र

**सामग्रीहरू :**
१. स्रोतपत्र
२. रेखाको प्रतिनिधित्व गर्ने डोरी वा अन्य केही
३. सहमतिको परिदृश्य भएका कार्डहरू

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- रेडप्लसमा एफपिआइसीको जुनसुकै सहमतिमा 'अग्रिम' शब्दको आशयबारे वर्णन गर्न सक्नेछन्।
- रेडप्लस परियोजनाको प्रारूप तयार पार्दा र कार्यान्वयन प्रक्रियामा अग्रिम शब्द प्रयोगका चुनौती र तात्पर्यहरू पहिचान गर्न सक्नेछन्।

## चरणहरू

१. तालिमको बहाव र एफपिआइसीका शब्दहरूको अवधारणाबारे पुनः उल्लेख गर्दै सत्रको सुरुवात गर्नुहोस्। यस सत्रले 'अग्रिम' शब्दको अर्थ र त्यसको रेडप्लस परियाजनाको एफपिआइसीमा महत्त्व विषयमा जोड दिने कुरा बताउनुहोस्।

२. सबै सहभागीहरूलाई उभिएर आआफ्ना कुर्सीहरू पछाडि धकेलेर बिचमा वरिपरि सजिलै हिँड्न सकिने गरी ठुलो खाली ठाउँ बनाउन भन्नुहोस्। उक्त खाली ठाउँमा सहभागीहरूको अगाडिबाट पुरै खाली ठाउँ ओगट्ने गरी एउटा रेखा कोर्नुहोस्। तपाईँ विभिन्न निर्णय गर्नुपर्ने परिदृश्य प्रस्तुत गर्दै हुनुहुन्छ र उक्त रेखाले समय जनाउनेछ। तपाईँले परिदृश्यहरू प्रस्तुत गर्दैगर्दा उनीहरूलाई कुन समयमा सहमति आवश्यक पर्दछ जस्तो लाग्छ, उनीहरू तत्कालै आएर त्यस रेखामा उभिनुपर्नेछ भन्ने कुरा बताउनुहोस्।

३. प्रत्येक बहुवैकल्पिक छनोटका लागि छुट्टाछुट्टै ठुला कार्डहरूमा सहमतिको परिदृश्य उतार्नुहोस् (अभ्यास हेर्नुहोस्)।

४. पहिलो समूहका कार्डहरू पढ्नुहोस् र प्रत्येक कार्डलाई त्यसको स्थानअनुसार समय रेखामा मिलाएर राख्नुहोस्। उदारणका लागि तपाईँ साथीको कार माग्दै हुनुहुन्छ भने के तपाईँ कार प्राप्त गर्न चाहेको समयको एक हप्ताअगावै सहमति खोज्नुहुन्छ ? जब तपाईँले कारको साँचो पाउनुभयो तर कार चलाइसक्नुभएको छैन, जब तपाईँले कार चलाउनुभयो र गन्तव्यको आधाआधी पुग्नुभयो वा गन्तव्यमा आइपुगेको तिन दिनपछि ? सहभागीहरूलाई कथा सुनाउँदै अगाडि बढ्दै ती कार्डहरूलाई सोही क्रममा समय रेखामा मिलाएर राख्नुहोस्।

५. सहभागीहरूलाई कार माग्नका लागि उनीहरूको विचारमा सहमति लिनुपर्ने उपयुक्त समय कुन हो भनी सोको निर्णय गरेर उनीहरूको विचार अभिव्यक्त गर्ने कार्डमा उभिन आग्रह गर्नुहोस् ।

६. सहभागीहरू आफ्नो स्थानमा उभिइसकेपछि एउटै स्थानमा उभिएका सहभागीहरूलाई उनीहरू किन त्यहाँ उभिएका हुन् ? छलफल गर्न भन्नुहोस् र एक्लै उभिनेलाई त्यहाँ उभिनाको कारण प्रस्टसँग भन्न लगाउनुहोस् । त्यसपश्चात् सोका कारणहरू अन्य सहभागीहरूलाई पनि बताउन भन्नुहोस् ।

७. छलफल सकेपछि अर्को परिदृश्य सुरु गर्नुहोस् र सोही तवरबाट छलफल चलाउनुहोस् ।

८. सबै निर्णयका परिदृश्यहरू सकिइसकेपछि सहभागीहरूलाई पूर्ण सत्रमा फिर्ता ल्याउनुहोस् र निम्न बमोजिमका मननीय प्रश्नहरू सोध्नुहोस् :

- *तपाईँले यो अभ्यास गर्दा कस्तो महसुस गर्नुभयो ? किन ?*
- *कहाँ उभिने भनेर तपाईँले कसरी निर्णय लिनुभयो ? तपाईँले केके सूचकहरु प्रयोग गर्नुभयो ?*
- *के तपाईँले सबै परिदृश्यहरूमा निर्णय लिन उही सूचकहरु प्रयोग गर्नुभयो ?*
- *तपाईँ यी परिदृश्यहरूलाई रेडप्लस परियोजनामा सहमति खोज्ने सन्दर्भ (क्रियाकलाप, सम्पत्तिमाथिको अधिकार, सामूहिक स्वामित्व र निर्णय प्रक्रिया)मा कसरी जोडेर हेर्नुहुन्छ ?*
- *यो कसरी रेडप्लस परियोजनामा सहमति खोज्ने र सहमति प्रदान गर्ने अवधारणामा लागु हुन्छ ?*
- *यस अभ्यासका आधारमा तपाईँको विचारमा एफपिआइसीको सन्दर्भमा 'अग्रिम' शब्दको अर्थ के हुन सक्छ ? तपाईँको विचारमा यो किन आवश्यक छ ?*
- *रेडप्लस परियोजनामा अग्रिम सहमति खोजिएको छ वा छैन भनी हामी के गरी मापन गर्न सक्छौँ ?*
- *'अग्रिम' सहमति सुनिश्चित गर्नाका केही चुनौती केके हुन सक्छन् ? (फ्लिप चार्टमा लेख्नुहोस्)*

९. तपाईँ चार्टमा स्वतन्त्रबाट उल्लेख गर्न सुरु गर्नुभएको एफपिआइसीका सिद्धान्तहरूमा एकपटक पुनः नजर लगाउँदै सत्रको समाप्तितिर लम्कनुहोस् ।

१०. एफपिआइसीको सिद्धान्तका रूपमा केले अग्रिम⁝ सुनिश्चित गर्दछ भन्नेबारेमा सहभागीहरूलाई मस्तिष्क मन्थन गर्नका लागि भन्नुहोस् ।

११. समुदायले पूर्व सहमति दिने प्रक्रियामा कुनै कोष्ठमा रेजा लगाए जस्तो एकैपटकमा सकिने प्रक्रिया नभई उनीहरूको अधिकारको निरन्तर सम्मान हो जसका लागि पर्याप्त समय आवश्यक पर्दछ भन्ने कुरामा जोड दिँदै सत्रको समापन गर्नुहोस् ।

## प्रशिक्षकका लागि टिपोटहरू

तालिमका सहभागीहरूका लागि निर्णय गर्न उपयुक्त परिदृश्य तपाईँ आफैँ पनि सृजना गर्न सक्नुहुन्छ । त्यसलाई तपाईँले समूहगत छलफलमा पनि लैजान सक्नुहुन्छ तर सहभागीहरूलाई तालिम कक्षवरिपरि हिडाउँदा वा व्यक्तिगत मनन गरी निर्णय लिन लगाउँदा तालिममा विविधता आउँछ ।

## अभ्यास सहमतिका परिदृश्यहरू

प्रत्येक परिदृश्य पढ्नुहोस् । ठुलो अक्षरमा प्रत्येक विकल्पहरूलाई कार्डमा पुनः उतार्नुहोस् र कथा भन्दै सहभागीहरूमध्ये बाट अघि बढ्दै र यी कार्डहरूलाई पनि मिलाएर राख्दै जानुहोस् ।

---

तपाईंको जीवनसङ्गी/सङ्गिनी कामको सिलसिलामा पेरिस जाँदै हुनुहन्छ । उहाँ तपाईंहरूलाई उक्त सप्ताहान्तमा सँगै लैजानका लागि तपाईंहरूको सहमति प्राप्त गर्न चाहनुहन्छ । उहाँले तपाईंको सहमति :

१. तपाईंहरू दुबै जना पेरिस प्रस्थान गर्ने सप्ताहान्तको एक महिनाअगावै माग्नु पर्नेछ ।
२. तपाईंहरू दुबै जना पेरिस प्रस्थान गर्ने सप्ताहान्तको एक हप्ताअगावै माग्नु पर्नेछ ।
३. उहाँले प्रस्थान गर्नुको एक रातअघि फोन गरेर तपाईंका लागि पनि टिकट किनिसकेको कुरा भन्नुपर्नेछ ।
४. उहाँ विमानस्थल पुगिसकेपछि तपाईंलाई फोन गरेर तपाईंले लगाइरहेकै लुगामा पेरिस उड्नका लागि विमानस्थल जानका लागि भन्नुपर्नेछ ।

---

तपाईंहरूको घरमा सँगै बस्ने साथी घरमा नै उहाँको कार पार्क गरेर बाहिर जानुभएको छ । तपाईंलाई यो सप्ताहान्तमा उत्तरतर्फ लामो यात्रामा जानुपर्नेछ र कारको प्रयोगले तपाईंको यात्रालाई धेरै सजिलो बनाउँदछ । कारको साँचो भान्छाको टेबुलमा छ । तपाईं उक्त कार प्रयोग गर्न चाहनुहुन्छ तर साथीको सहमति आवश्यक छ भन्ने ठान्नुहुन्छ । के तपाईं :

१. यात्रामा निस्कनु अघि उहाँलाई सम्पर्क गरेर उहाँको अनुमति माग्नुहुन्छ ?
२. तपाईंको गन्तव्यको आधा बाटोमा पुगिसकेपछि एकपटक सम्पर्क गर्नुहुन्छ ?
३. तपाईं र उहाँ आआफ्नो यात्राबाट फर्किसकेपछि भन्नुहुन्छ ?
४. कार प्रयोग गर्नुहुन्छ र केही पनि भन्नुहुन्न ?

---

तपाईं र तपाईंका ज्वाइँले संयुक्त रूपमा एक टुक्रा जमिन खरिद गर्नुभएको छ । तपाईंलाई पैसाको एकदमै आवश्यकता परेको छ र उक्त जग्गा वेच्न चाहनुहुन्छ । एक जना जग्गाको खरिदकर्ता आएर तपाईंलाई जग्गाका लागि पैसा दिन खोज्दछ । तपाईं उक्त समयमा तपाईंका ज्वाइँलाई सम्पर्क गर्न पनि सक्नुहुन्न । के तपाईं :

१. तपाईंका ज्वाइँलाई पछि खबर गर्ने योजनाअनुसार उक्त पैसा लिएर जग्गा बेचिदिनुहुन्छ ?
२. उक्त खरिदकर्तालाई तपाईंका ज्वाइँसँग सल्लाह गरेर जग्गा बेच्ने वा नबेच्ने कुरा एक हप्तामा निर्णय दिनेछु भनी भन्नुहुन्छ ?
३. जग्गा किनबेचबारेको छलफल गर्दा तपाईंका ज्वाइँ साथै हुनुपर्दछ भन्ने कुरा उक्त खरिदकर्तालाई बताएर तपाईं ज्वाइँलाई उक्त कुराको खबर गरी दुबै जनाको उपयुक्त समय र स्थान तय गरेर त्यहाँ खरिदकर्तालाई पनि बोलाउँनेछु भनी भन्नुहुन्छ ?

## स्रोतपत्र एफपिआइसीको चर्चा : "अग्रिम" के हो ?

### किन अग्रिम ?

स्थानीय मानिसहरूलाई बुझ्न र प्राप्त जानकारीको विश्लेषण गर्न पर्याप्त स्थान र समय दिनका लागि अग्रिम अत्यावश्यक छ। यसमा प्रस्तावका जोखिम र फाइदाहरू विभिन्न कारणहरूबाट केलाइन्छन्। कति समय आवश्यक पर्दछ भन्ने कुरा प्रस्तावित परियोजनाको स्तर र प्रकृति, जोखिमको स्तर, प्रभावको स्तर र चालु निर्णय लिने संरचना र प्रक्रियामा भर पर्दछ।

### रेडप्लसको परिप्रेक्ष्यमा 'अग्रिम' के हो ?

'अग्रिम'ले रेडप्लसका क्रियाकलाप वा विकासहरूमा केही निर्णय गर्नु वा अधिकार प्रत्यायोजन गर्नुभन्दा पर्याप्त समय अगाडि अर्थपूर्ण रूपमा खोजिएको सुसूचित सहमतिलाई जनाउँछ। यसले समुदायलाई परम्परागत तवरबाट आवश्यक जानकारी सङ्कलन गर्न, स्थानीय रूपमा बुझिने भाषामा अनुवाद गर्न र उपयुक्त क्रियाकलापहरूलाई स्थानीय रूपमा छलफल र विश्लेषण गर्न यथेष्ट समय दिन्छ।

यसको अर्थ परियोजनाको पहिचान गर्न वा अवधारणा विकास गर्दाका क्रममा सुरुमा नै सहमति खोजिनु पर्दछ। सरकारले (राष्ट्रिय र स्थानीय दुबै) रेडप्लस परियोजनाको विकास गर्दा पनि समुदायहरूसँग सहमति माग्नुपर्दछ।



रेडप्लस परियोजनाको विकास प्रक्रियामा समझदारीबाट तोकिएका विभिन्न विन्दुहरूबाट अर्को चरण प्रवेश गर्नु अगाडि सहमति खोज्ने र सहमतिको निरन्तरता दिने कार्य गरिन्छ।

## 'अग्रिम'को सम्मानको सुनिश्चित गर्न कुन प्रक्रिया अवलम्बन गरिनुपर्दछ ?

- कुनै पनि परियोजना सुरु गर्नुअघि सुसूचित सहमति खोजिनु पर्दछ।
- आदिवासी र स्थानीय मानिसहरूलाई उनीहरूले प्राप्त गरेको जानकारीको विश्लेषण गर्न पर्याप्त समय होस् भन्ने सुनिश्चित गर्न अग्रिम सहमतिका लागि सङ्क्षिप्त प्रक्रियाको आवश्यकता पर्दछ।
- निश्चित समयमा गरिने सूचना प्रवाह आदिवासी र स्थानीय मानिसहरूको अवस्थासँग तारतम्य मिलेको हुनुपर्दछ।
- परम्परागत तथा स्थानीय परामर्श/सहमति प्रक्रियाका लागि आवश्यक पर्ने समयको सम्मान गरिनुपर्दछ।



अग्रिम ‘सहमति’ सुनिश्चित गरिनुका चुनौतीहरू केके हुन सक्छन् ?

# ११ एफपिआइसीको चर्चा : सुसूचित के हो ?

**समय :**
१ घण्टा १५ मिनेट

**विधिहरू :**
१. विचार सङ्कलन (माइन्ड म्यापिङ)
२. पूर्ण सत्रमा छलफल

**सामग्रीहरू :**
१. स्रोतपत्र
२. रेडप्लस परियोजना वर्णन गर्ने घटना अध्ययन




## उद्देश्यहरू

सत्रको अन्त्यमा सहभागीहरूले :

- 'सुसूचित' शब्द र यो शब्द कसरी रेडप्लसमा एफपिआइसीसँग सम्बन्धित छ भनी वर्णन गर्न सक्नेछन् ।
- समुदायले सहमति प्रदान गर्न उनीहरुलाई रेडप्लसबारे कस्तो जानकारी र कस्तो निर्णय प्रक्रिया प्रदान गरिनु पर्दछ भनी पहिचान गर्नेछन् ।
- कसलाई कुन समयमा जानकारी गराउनुपर्दछ भन्ने पत्ता लगाउनेछन् र सञ्चार का विभिन्न विधिहरूको तात्पर्य बुझ्नेछन् ।

## चरणहरू

१. एफपिआइसीका सिद्धान्तहरूमा एक नजर लगाउँदै सत्रको सुरुवात गर्नुहोस् । यो सत्र 'सुसूचित' मा केन्द्रित रहनेछ भन्ने कुरा बताउनुहोस् ।

२. समूहरूलाई उनीहरू किन सुसूचितलाई एफपिआइसीको सिद्धान्तका रूपमा मान्दछन् भनी सोध्नुहोस् । उनीहरूको उत्तर फ्लिप चार्टमा लेख्नुहोस् र उक्त तालिम अवधिभर देख्न सकिने गरी राख्न लगाउनुहोस् । (स्थानीय मानिसहरूलाई स्पष्ट निर्णय लिन सहयोग गर्दछ, आफ्नो आबाज उठाउने स्थान उपलब्ध गराउँछ, जोखिम र फाइदाहरूको सन्तुलित चित्र प्रदान गर्दछ, उपयुक्त योजना प्रक्रिया छान्न मद्दत गर्दछ) ।

३. यस सत्रमा हामी विचार सङ्कलन गरेर 'सुसूचित' सहमतिको सिद्धान्तमा खोजबिन गर्नेछौं भन्ने कुरा बताउनुहोस् ।

४. विचार सङ्कलनको खाका प्रस्तुत गर्नुहोस् र आफूले चाहेको आकार र बनोटमा बनाउन सहभागीहरू स्वतन्त्र छन् (अभ्यास हेर्नुहोस्) तर त्यसमा के के कुरा कुन वेला र कसरी सुसूचित गर्ने भन्ने कुरा समेटिएको हुनुपर्नेछ भनी भन्नुहोस् ।

५. एक समूहमा ४–५ जना रहने गरी सहभागीहरूलाई समूहमा विभाजन गर्नुहोस् ।

६. फ्लिप चार्ट र पोस्ट–इटहरू वितरण गर्नुहोस् र उनीहरूसँग ३० मिनेट समय छ भनी भन्नुहोस् । प्रत्येक व्यक्तिले को, कसरी, के र कुन वेला सुसूचित हुनु पर्छ पोस्ट–इटमा लेखेर योगदान गर्नका लागि भन्दै समूहहरूमा जानुहोस् र

ती पोस्ट–इटहरू जम्मा गरेर विचार सङ्कलन गर्नुहोस् । नक्सा बनाउने उनीहरूको मान्यतामा चुनौती दिन स्मरण गराउनुहोस् ।

७. सबै समूहहरूले नक्सा बनाइसकेपछि प्रदर्शन गर्न लगाउनुहोस्। सबै समूहहरूलाई नक्साहरू हेर्न र प्रश्न सोध्न वा पृष्ठपोषण दिन आग्रह गर्नुहोस्। प्रत्येक समूहहरूलाई पृष्ठपोषणमा प्रतिक्रिया दिन लगाई पृष्ठपोषण सार्वजनिक गर्नुहोस्।

८. सबै समूहहरूले विचारको नक्सा सार्वजनिक गरिसकेपछि निम्न बमोजिमका प्रश्नहरू सोध्नुहोस्।

- *ती नक्साहरूमा केके समानता र केके भिन्नताहरु थिए ? किन ?*
- *तपाईँको अनुभवमा समुदायहरू रेडप्लस परियोजनाहरूबारे कुन तहसम्म सुसूचित छन् ?*
- *तपाईँको विचारमा केही परियोजना प्रस्तावकहरूले सम्पूर्ण कुराहरू किन सार्वजनिक गर्दैनन् ?*
- *किन कुनै समुदायका सदस्यहरूले कार्यक्रमपश्चात् पनि सुसूचित नभएको दाबी गर्छन् ?*
- *समुदायलाई सुसूचित गर्न बाहृय सामाजिक तथा वातावरणीय प्रभाव विश्लेषणको के भूमिका हुन्छ ?*
- *समुदायलाई पुरै प्रक्रियाभरि सुसूचित राख्नुका चुनौतीहरू केके हुन् ?*
- *स्वतन्त्र सल्लाहको भूमिका के हुन्छ ? स्वतन्त्र सल्लाहका लागि कसले खर्च गर्नुपर्दछ ?*

९. सहभागीहरूलाई पूर्ण सत्रमा फिर्ता ल्याउनुहोस् र एफपिआइसीका सिद्धान्तहरूमा एक झलक दिनुहोस्। के गर्दा समुदायहरूलाई पूर्ण सुसूचित राख्न सकिन्छ भनी सहभागीहरूलाई सोध्नुहोस्। त्यसका उत्तरहरू वृत्तलाई लगभग पुरा गर्दै सिद्धान्तको फ्लिप चार्टमा लेख्नुहोस्।

१०. 'स्वतन्त्र', 'अग्रिम' र 'सुसूचित'हरूलाई जोड्दै र अर्को सत्र 'सहमति'मा हुनेछ भन्दै सत्रको समापन गर्नुहोस् । समुदायहरू पूर्ण रूपमा सुसूचित हुन आवश्यक छ र यसका लागि समय, चुस्त सञ्चार र पर्याप्त क्षमता आवश्यक पर्दछ भन्ने कुरामा जोड दिनुहोस्। समुदायहरूले जुनसुकै वेला स्वतन्त्र सल्लाहकारहरूलाई आग्रह गर्न सक्ने हुँदा समुदायले कुरा बुझ्दैनन् भनेर उनीहरूबाट कुनै पनि कुरा लुकाउनु मान्य हुँदैन । सहभागीहरूलाई अब दैनिक जीवनमा प्रयोग हुने बढीमा २५ शब्दहरू प्रयोग गरी रेडप्लसको परिभाषा लेखी त्यसलाई भित्ता वा पाटीमा टाँस्न आग्रह गर्नुहोस्। यो परिभाषा उनीहरू आफूले बनाएको चित्रको मर्ममा आधारित हुनु पर्नेछ। यस अभ्यासका लागि बढीमा १५ मिनेट समय दिनुहोस्।


## प्रशिक्षकका लागि टिपोटहरू

यस प्रक्रियामा समुदायका हकहरूसम्बन्धी जानकारी र सहमति प्रक्रियाको बुझाइ पनि समावेश हुनुपर्दछ भन्ने कुरा टिपोट गर्नुहोस्। सहभागीहरूले प्रायजसो यसलाई बेवास्ता गर्दछन्। यदि कुनै समूहहरू यस अभ्यासको केन्द्रबाट बाहिर पुगी अनावश्यक जानकारीहरूको सूची बनाउन पुगे भने 'के' मा र 'किन' मानिसहरू सुसूचित हुन किन आवश्यक छ भनी प्रश्न गर्नुहोस्।

समुदायको स्वतन्त्र सल्लाहको पहुँचसम्बन्धी सबालहरू उठाउने (एफपिआइसीको एउटा एकदम महत्त्वपूर्ण तत्त्व) यो एक मात्र स्थान हो भन्ने कुराका बारेमा जानकार हुनुहोस्। यदि सहभागी आफैँले यो सबाल उठाएनन् भने पनि तपाईँ आफैँ यो सबाल उठाउन नभुल्नुहोला।

**अभ्यास**

## एफपिआइसीको चर्चा : “सुसूचित” के हो ?



**स्रोतपत्र**

# एफपिआइसीको चर्चा :

## 'सुसूचित' के हो ?

'सुसूचित को अर्थ उपयुक्त भाषा र ढाँचामा सबै सरोकारवालाहरू र अवस्थाहरूसम्बन्धी जानकारीहरू खुलस्त रूपमा राख्नु हो। ती भाषा तथा ढाँचाहरूले पृथक् र विभिन्न परम्परागत र स्थानीय शासन संरचना, नियम कानुन, संस्कृति र रीतिरिवाजलाई मान्यता दिएका हुन्छन्। समुदायका सदस्य, पाका मानिस, महिला, आध्यात्मिक अगुवा, जीविका चलाउने र परम्परागत ज्ञान भएकाहरू सबैको सक्रिय सहभागिता 'सुसूचित' अन्तर्गत पर्दछ। यसका लागि कठिन प्राविधिक शब्दहरू र कानुनी शब्दहरूको सरलीकरणसहित सम्भाव्य जोखिम र फाइदाहरूबारेको सन्तुलित जानकारी विश्लेषण गर्न पर्याप्त समय र स्रोतहरू आवश्यक पर्दछ। त्यसकारण 'सुसूचित' धेरै हदसम्म 'स्वतन्त्र' र 'अग्रिम' सँग सम्बन्धित छ।

त्यस्तै कुनै कार्यको तथ्य, तात्पर्य तथा भविष्यका असरहरूको स्पष्ट मूल्याङ्कन र बुझाइमा आधारित भएर मात्र सुसूचित सहमति प्रदान गरिएको मान्न सकिन्छ। सुसूचित सहमति प्रदान गर्नका लागि सम्बन्धित व्यक्तिसँग सहमति प्रदान गर्ने समयमा सो सम्बन्धी यथेष्ट जानकारीहरू र निष्कर्षमा पुऱ्याउन सक्ने योग्यता अपरिहार्य हुन्छ।

## को कसरी सुसूचित हुन्छ ?

कुनै बाह्य परियोजनाबाट जीविका र हैसियतमा असर पुग्ने वा प्रभावित हुने महिला, युवा तथा कमजोर समूहहरू लगायतका मानिसहरू परियोजनाबारे सुसूचित हुनु पर्दछ। यी मानिसहरूलाई परियोजनाको प्रारूप तयार पार्दादेखि कार्यान्वयनसम्मका सबै विकास प्रक्रियाका बारेमा जानकारी गराइनु पर्दछ। ती जानकारीहरू निम्न बमोजिमका तरिकाद्वारा सम्प्रेषण गरिनु पर्दछ :

- सम्पूर्ण जानकारीहरू स्थानीय भाषा वा संचारको सजिलो माध्यममा उपलब्ध हुनुपर्दछ। यो समुदायको सिक्ने संस्कृति र आवश्यकता (समय, स्थान र सहयोग) सँग तारतम्य मिल्ने गरी सम्प्रेषण गरिनु पर्दछ। बैठकहरू स्थानीय भाषाहरूमा सञ्चालन गरिनु पर्दछ।

- सुसूचित सहमतिका लागि सञ्चारको प्रभावकारिता बढाउन सहभागितात्मक र नवीन विधिहरूको प्रयोग गरी आमनेसामने बैठकहरू सञ्चालन गरिनुपर्दछ।

- परियोजना प्रस्तावकले जानकारी हरसम्भव फराकिलो रूपमा प्रवाह गर्नुपर्दछ। अगुवा वा पाका मानिसहरूबाट समुदायको सबै तहसम्म जानकारी पुग्दछन् भन्ने मान्यता राख्नु हुँदैन।

- उचित बुझाइका लागि सहजीकरण गर्न जानकारीहरू सम्प्रेषण गर्ने स्रोतहरू (आर्थिक, मानवीय र समय) पर्याप्त हुनुपर्दछ।

- हकवालाहरूमा पुग्ने प्राविधिक जानकारी र सम्झौताहरूको बुझाइ जाँच्नु र आवश्यक ठाउँमा सुदृढ गर्नुपर्दछ।

- सञ्चारका विधिहरूको प्रभावकारिता लगातार मापन गर्नुपर्दछ र स्वतन्त्र तवरबाट निश्चित समयावधिमा प्रमाणित गरिनुपर्दछ।

## सहमति प्रदान गर्न समुदायसँग केके जानकारी हुनु आवश्यक छ ?

प्रभावित मानिसहरूले सुसूचित छनोट वा निर्णय गर्न सक्षम बनाउन उपयुक्त ढाँचा र भाषामा पर्याप्त जानकारीको व्यवस्था नै एफपिआइसीको आधारभूत पाटो हो । यस सूचकको छलफलमा विकास वा परियोजना प्रस्तावकको उनीहरूको योजनाको अनुमानित खर्च र फाइदाहरू तथा असर र न्यूनीकरणका योजनाहरू, कानुनी आधार, क्षतिपूर्तिको योजना र कुनै हकहस्तान्तरणका लागि प्रस्तावित क्षतिपूर्तिलगायतका जानकारीहरूको दायित्वमा जोड दिनुपर्दछ।

माथि प्रस्तुत गरिए जस्तै आदिवासी तथा स्थानीय मानिसहरूलाई रेडप्लस परियोजनाको प्रारूप तयार र कार्यान्वयन गर्नका लागि सुसूचित सहमति प्रदान गर्न दुई बृहत् किसिमका जानकारीहरू उपलब्ध गराइनु पर्दछ। ती जानकारीहरू निम्न बमोजिमका छन् :

### १. सहमतिको हकबारे जानकारी

- स्थानीय स्तरमा सहमतिको हक (एफपिआइसी) बारे जानकारी बृहत् रूपमा सम्प्रेषण गर्नु र बुझ्नु (कहिले, कुन चरणमा, केलाई र कसरीको उत्तर दिँदै) पर्दछ।
- रेडप्लस परियोजना प्रस्तावक परियोजनाका क्रियाकलापहरू परियोजना चक्रका निश्चित विन्दुहरूमा रोक्न इच्छुक हुन सक्छन् भन्ने कुरा उजागर गर्नुहोस्।
- सहमतिको सहजीकरण गर्न अवलम्बन गरिएको प्रक्रिया, सम्झौताको विवरण र मानिसहरूले यो प्राप्त गर्नसक्ने माध्यम (छापिएको, सुन्ने, हेर्ने इत्यादि) सार्वजनिक गरिनुपर्दछ।
- परियोजनामा प्रस्तावकहरूले कानुनी सेवा र त्यस्ता सेवाहरू प्राप्त गर्दाको सामुदायिक खर्चहरूबारेको जानकारी उपलब्ध गराउनुपर्दछ।

### २. रेडप्लस परियोजनाबारे जानकारी

- परियोजनाको सम्भावित प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चहरूलगायतका सकारात्मक तथा नकारात्मक प्रभावहरू पत्ता लगाउनुपर्दछ।
- परियोजनाका सम्पूर्ण विकल्पहरू र विभिन्न परिवेशका सम्भावित उपलब्धिहरू समावेश गरिनुपर्दछ।
- प्रस्तावित परियोजनासँग सम्बन्धित समुदाय तथा परियोजना विकासकर्ता (प्रस्तावक) दुबैको कानुनी हक जहिले पनि परिभाषित हुनासाथ सुसूचित गरिनुपर्दछ।
- विशेषगरी सामाजिक तथा वातावरणीय प्रभाव अध्ययनलगायतका परियोजना विकासका सम्पूर्ण चरणहरूमा हकवालाहरू संलग्न हुनुपर्दछ।
- समुदायका मानिसहरूलाई परियोजनाको अनुगमनमा समेत समावेश गराइनुपर्दछ जसले गर्दा उनीहरू परियोजनाको चालु हालतबारे जानकार हुन्छन्।

ठुलो स्तरका परियोजनाहरूका लागि प्रायः जसो सामाजिक तथा वातावरणीय प्रभाव अध्ययन कानुनतः आवश्यक पर्दछ। यिनीहरू सहभागितात्मक तवरबाट गरिँदा मापन गरिएका तथ्याङ्कको आधार रेखामा छन् र स्थानीय समुदायका महत्त्वका सबालहरू बेवास्ता गरिएका छैनन् भन्ने कुराको सुनिश्चित हुन्छ। यस्ता छलफलहरूका प्रायः कमजोरी जानकारीहरूको दुईतर्फी आदान प्रदानको महत्त्वको बेवास्ता हो । समुदायको जमिनको भोगाधिकार र भू-व्यवस्थापन, उनीहरूको जमिनसँगको सांस्कृतिक र धार्मिक सम्बन्ध, पुजिएका स्थानहरू र सांस्कृतिक महत्त्वका क्षेत्रहरूबारेको र आफ्नो प्रचलनका जानकारीहरू निर्णय गर्ने र प्रभाव अध्ययन गर्ने स्थानमा प्रस्तुत गरिनुपर्दछ।

## सञ्चारका विधिहरूको तात्पर्य के हो ?

एफपिआइसीका कठिनतम पाटाहरूमध्ये सूचनाको सबाल एक हो । परियोजनाको पूर्ण जानकारी नभई स्थानीय समुदायहरूले वनका क्रियाकलापहरूका लागि सहमति दिँदैनन् । तर यसमा एउटा सबाल उठ्छ : सहमतिका लागि स्वतन्त्र निर्णय लिन मानिसहरूलाई कुनै स्तरमा सुसूचित गराउन आवश्यक छ ? यसले धेरै सहायक प्रश्नहरू उठाउँछ जुन यस प्रकार छन् :

- समुदाय के गरी परिभाषित हुन्छ ? के यसका प्रत्येक मानिस एउटै स्तरमा सुसूचित हुनु आवश्यक छ ?
- कति विस्तृत र विकसित अपेक्षा गर्नु तर्कसङ्गत छ ?
- मानिसहरूले कसरी सुसूचित निर्णय लिन उनीहरूसँग पर्याप्त जानकारीहरू छन् वा छैनन् भन्ने थाहा पाउन सक्छन् ?
- यी मामलाहरूमा कसले निक्यौंल गरिदिनुपर्दछ ?
- समुदायको सामूहिक बुझाइ समझदारी गरिएको तहसम्म पुग्यो कि पुगेन भनेर कसले जाँच गर्ने ?

यस्ता प्रश्नहरूले सुस्पष्ट रूपमा जानकारी प्रदान गर्दैमा बुझाइ सुनिश्चित हुँदैन भन्ने कुरा व्यक्त गर्दछन् । रेडप्लस परियोजनाका प्रस्तावकहरूले आफ्ना कार्यक्षेत्रहरूमा पूर्ण रूपमा जागरण चलाएको विश्वास गरे तापनि अध्ययनहरूले मानिसहरू विषयवस्तुमा जानकार नभएको अथवा अति नै कम जानकार भएको देखाएका छन् । यस सन्दर्भमा राजनीतिक, सामाजिक, सांस्कृतिक र शैक्षिक स्थिति प्रभावकारी सञ्चारका अवरोधहरू हुन् । ती अवरोधहरूको खोजबिन गर्न र तिनीहरूलाई पार गर्न भन्दा सजिलो छ। तर त्यसो नहुँदासम्म सुसूचित सहमति प्राप्त गर्ने सम्भावना दुर्लभ हुन्छ।

## सहमति खोज्ने प्रक्रियामा समुदायको स्वतन्त्र सल्लाहको हक भनेको के हो ?

कानुनी, सामाजिक, आर्थिक र वातावरणीय मामलाहरूमा स्वतन्त्र विज्ञहरूबाट सल्लाह खोज्न पाउने हकबारे समुदाय जानकार हुनु आवश्यक छ। यो हकबारेको जानकारीले सहमति प्रदान गर्ने वा नगर्ने भन्ने निर्णय प्रक्रियामा ठुलो सहयोग गर्दछ। समुदायहरूको त्यस्तो सल्लाहमा पहुँच पुऱ्याउन खर्च गर्नु परियोजना प्रस्तावक, सरकार र निजी लगानीकर्ताहरूको दायित्व हो । केही देशहरूमा यो पाटो विवादास्पद बन्दै गइरहेको देख्न सकिन्छ तर सही नतिजाका लागि यसो गर्नु आवश्यक छ। समुदायहरूले एफपिआइसी प्रदान गर्ने प्रक्रियामा स्वतन्त्र सल्लाह प्राप्त गर्नका लागि खर्च गर्न आफ्नो पहुँचमा रहने गरी कल्याणकारी कोषको स्थापना गर्ने पहलकदमीबारे पनि छलफल भइरहेको छ।

# १२ एफपिआइसीको चर्चा : सहमति के हो ?

**समय :**
१ घण्टा ३० मिनेट

**विधिहरू :**
पूर्ण सत्रमा छलफल

**सामग्रीहरू :**
१. अभिनय
२. समूहमा छलफल

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- सहमतिको स्वरूप र स्तरको फरक छुट्याउन सक्नेछन् ।
- रेडप्लसमा एफपिआइसीको सन्दर्भमा सहमति खोज्नुका तात्पर्यहरूको पहिचान गर्नेछन् ।
- एफपिआइसीका छुट्टाछुट्टै शब्दहरू (स्वतन्त्र, अग्रिम, सुसूचित र सहमति) लाई एकआपसमा जोड्नेछन् र रेडप्लसमा तिनीहरूको तात्पर्यको वर्णन गर्न सक्नेछन् ।

## चरणहरू

१. एफपिआइसी चार्टमा रहेका सिद्धान्तहरूलाई पुनः अवलोकन गर्दै सत्र सुरु गर्नुहोस् । सत्र सुरु गर्नुअघि यसलाई किन 'सहमति ?' भन्ने पहिलाको सत्रसँग जोड्नुहोस् ।

२. सहभागीहरूलाई सहमति शब्दको अर्थ के हो र यो किन महत्त्वपूर्ण छ भन्दै जोडी बनाएर उनीहरूकै शब्दमा पुनः स्मरण गर्न लगाउनुहोस् । सबै सहभागीहरूले सहमति (अनुमति, स्वीकृति, निश्चित प्रस्तावमा सम्झौता, प्रस्तावित कुरामा अगाडि बढ्ने निर्णय) का शब्दहरू र यो किन अत्यावश्यक छ (कुनै विकासलाई हुँदैन भन्न पाउने प्रत्येक व्यक्तिको हक हुन्छ, सम्मान, जीविकोपार्जनको संरक्षण, उनीहरू मालिकरु हुन्) लाई राम्रोसँग बुझेका छन् भन्ने कुराको सुनिश्चित गर्नुहोस् र प्रत्येक जोडीलाई यी कुराहरू आफ्नै शब्दमा भन्न दिनुहोस् ।

३. हामी यस सत्रमा सङ्क्षिप्त अभिनय गरी रेडप्लसमा एफपिआइसीको सन्दर्भमा सहमति शब्दको खोजी गर्नेछौँ भन्नुहोस् । सहभागीहरूलाई ३ वटा समूहमा विभाजन गर्नुहोस् ।

४. प्रत्येक समूहलाई अभिनयको परिदृश्य प्रदान गर्नुहोस् र ५ मिनेट भन्दा बढी समय नलाग्ने खालको अभिनय तयार गर्न तर अरू समूहहरूलाई आफ्नो अभिनयबारे थाहा नदिनका लागि भन्नुहोस् ।

५. प्रत्येक समूहलाई आआफ्नो अभिनय प्रदर्शन गर्न लगाउनुहोस् । त्यसपछि तलका प्रश्नहरूको प्रयोगमा चिन्तन गर्न सहजीकरण गर्नुहोस् :

   - *हरेक अभिनयमा के भएको थियो ? अभिनयकर्ताहरूले कस्तो महसुस गरे ?*

- *प्रत्येक अभिनयमा सहमतिमा पुग्ने प्रक्रियाहरूका बिचका भिन्नताहरू केके हुन् ?*
- *प्रत्येक अभिनयमा सहमतिको भिन्न स्वरूप के हो ?*
- *तपाईँको अनुभवमा, कुनकुन सहमतिका स्वरूपहरू रेडप्लस वा प्राकृतिक स्रोत व्यवस्थापनका परियोजनासँग समान छन् र किन ?*
- *तपाईँको विचारमा रेडप्लसमा एफपिआइसीका लागि कुन स्वरूपको सहमति सबैभन्दा उपयुक्त होला र किन ?*
- *सहमतिको स्वरूप कसरी आत्मनिर्णयको सिद्धान्तसँग सम्बन्धित छ ? के रेडप्लसका सहमतिहरू सधैँ लिखित हुनुपर्छ ?*
- *कुन चाहिँ सहमतिको स्वरूप सबैभन्दा उपयुक्त छ भनी कसले निर्धारण गर्छ ?*

६. सबै समूहहरूलाई पूर्ण सत्रमा फिर्ता ल्याउनुहोस् र स्वतन्त्र, अग्रिम र सुसूचित भन्ने शब्द पहिले नै उल्लेख गरिएको कागजमा रहेका एफपिआइसीका सिद्धान्तहरूको पुनः अवलोकन गर्नुहोस्। समूहहरूलाई कस्तो सहमतिको स्वरूप सबै समुदायहरूलाई मान्य हुन सक्छ र यसमा निहित अवरोध तथा समस्याहरू के गरी पार पाउन सकिन्छ भनी मस्तिष्क मन्थन गर्नका लागि भन्नुहोस्। उनीहरूका आफ्ना कुराहरू कार्डमा लेख्न र चित्र पुरा गर्न पनि भन्नुहोस्। पुरै चित्र पुनः अवलोकन गर्नुहोस् र समूहलाई प्रश्न गर्नुहोस् :

- *विभिन्न सिद्धान्तहरू एकअर्कामा कसरी सम्बन्धित छन् ?*
- *यदि कुनै एक सिद्धान्त छुट्यो भने यसको असर कस्तो हुन्छ होला ?*
- *के सबै सिद्धान्तहरू समेटिएका छन् भन्ने कुरा मापन गर्न सम्भव छ ? कसरी ?*
- *परियोजना चक्रमा यो कार्य कहिले गरिन्छ ?*
- *तपाईँको अनुभवमा रेडप्लसका यी सिद्धान्तहरू कत्तिको पालना भएका छन् ?*
- *यसका केही असरहरू के हुन सक्छन् ?*

७. रेडप्लस परियोजनामा आदिवासी जनता र स्थानीय समुदायहरूबाट मात्र सहमति प्राप्त गर्न सकिन्छ र निर्णय लिनुपूर्व छलफल र बहस गरिने विषयहरूमा पूर्ण जानकारी गराएर परामर्श र बहस स्वतन्त्र तवर (डरधम्की, बलजफत वा जालसाजी विना)बाट सञ्चालन गरिनुपर्छ भन्दै सत्रको समापन गर्नुहोस्।

## प्रशिक्षकका लागि टिपोटहरू

यो सत्रको पहिलो भागमा 'किन सहमति' भन्ने विषय समावेश भएको हुँदा सहमति 'के र किन' भन्नेमा केही सहभागीहरू पहिले नै स्पष्ट हुन सक्छन्। तर पनि सम्पूर्ण अवस्थाहरूमा पुरै समूहले सहमति के हो र सहमति किन आवश्यक छ भन्ने कुरामा बाटो बिराएका छैनन् भन्ने कुरा सुनिश्चित गर्न यी कुराहरूमा पुनः अवलोकन गर्नु लाभदायक हुन सक्छ।

## अभिनय

# एफपिआइसीको चर्चा : "सहमति" के हो ?

### अभिनय १ : केहीसँग हात मिलाउनु !

रेडप्लस परियोजना प्रस्तावकले सहमति खोजिरहेको र सहमतिमा पुग्न लागेको झल्किने र गाउँमा केही प्रभावशाली हुनेखाने समेत भएको एउटा सङ्क्षिप्त अभिनयको रचना गर्नुहोस् । मौखिक सम्झौताबाट मात्र सहमतिमा पुगिन्छ र सहमतिमा पुगेको सङ्केत हात मिलाउनु हो ।

यसमा चिन्तन गर्नुहोस् :

- कथावस्तुको सारांश (तपाईँसँग केवल पाँच मिनेट समय भएको ख्याल गर्नुहोस्)
- गाउँका प्रभावशाली व्यक्तिहरू र परियोजना प्रस्तावकको भूमिका कसले खेल्छ ?
- कथाको कुन विन्दुमा उनीहरूले हात मिलाउँछन् ? उनीहरू के मा सहमत हुनेछन् ?

### अभिनय २ : प्रतिनिधिमूलक सहमतिबाट निर्णय

समुदायका उल्लेखनीय प्रतिनिधिहरूसँग रेडप्लस परियोजना प्रस्तावकले सहमति खोजिरहेको र सहमतिमा पुग्न लागेको झल्किने एउटा सङ्क्षिप्त अभिनयको रचना गर्नुहोस् । सहमतिको सङ्केत सबैको मौखिक सम्झौताबाट सहमतिमा पुग्नु हो जसको कुनै तवरबाट अभिलेख राखिन्छ ।

यसमा चिन्तन गर्नुहोस् :

- कथावस्तुको सारांश (तपाईँसँग केवल पाँच मिनेट समय भएको ख्याल गर्नुहोस्)
- गाउँका प्रभावशाली व्यक्तिहरू र परियोजना प्रस्तावकको भूमिका कसले खेल्छ ?
- कथावस्तुको कुन विन्दुमा उनीहरू सहमतिमा पुग्छन्, केमा सहमत हुन्छन् र सहमतिमा पुगेको सङ्केत गर्न तपाईँ के कार्य गर्नुहुन्छ ?

### अभिनय ३ : एकल प्रदर्शन

रेडप्लस परियोजना प्रस्तावकले सहमति खोजिरहेको र गाउँको प्रभावशाली तर निरङ्कुश अगुवासँग सहमतिमा पुग्न लागेको झल्किने एउटा सङ्क्षिप्त अभिनयको रचना गर्नुहोस् । सहमतिमा पुगेको सङ्केत प्रस्तावकले उपलब्ध गराएको रेडप्लसका कठिन प्राविधिक शब्दावलीहरू भएको कानुनी कागजमा उक्त अगुवाले हस्ताक्षर गर्नु हो ।

यसमा चिन्तन गर्नुहोस् :

- कथावस्तुको सारांश (तपाईँसँग केवल पाँच मिनेट समय भएको ख्याल गर्नुहोस्)
- गाउँका प्रभावशाली व्यक्तिहरू र परियोजना प्रस्तावकको भूमिका कसले खेल्छ ?
- कथावस्तुको कुन विन्दुमा उनीहरू सहमतिमा पुग्छन्, केमा सहमत हुन्छन् र सहमतिमा पुगेको सङ्केत गर्न तपाईँ के कार्य गर्नुहुन्छ ?



**स्रोतपत्र**

# एफपिआइसीको चर्चा : "सहमति"

## 'सहमति' के हो ?

सहमति समुदायले गरेको एउटा स्पष्ट र पूर्ण सम्झौताको प्रस्तावित रेडप्लस क्रियाकलापहरू वा परियोजना विकासको स्वीकृति हो । यसमा परियोजनामा संलग्न मानिसहरूले आदिवासी जनता तथा स्थानीय समुदायहरूलाई उनीहरूको आफ्नै निर्णय प्रक्रियाद्वारा परियोजनाको कुनै पनि चरणमा परियोजनालाई 'हुन्छ' वा 'हुँदैन' भन्न दिनु आवश्यक हुन्छ । सहमतिमा सहभागितात्मक निर्णय अपरिहार्य छैन भन्ने कुरामा सजग हुनु आवश्यक छ । सहभागितात्मक निर्णय समुदायभित्र नै गरिन्छ र त्यसपश्चात् परियोजना प्रस्तावकसँग बहस गरिन्छ वा उसलाई प्रस्तुत गरिन्छ ।

## परामर्शमा मात्र सीमित नभई सहमतिमा पुग्न के गरिनुपर्दछ ?

सहमति दुई वा सो भन्दा बढी पक्षका बिचको सम्झौता हो। यसले पक्षहरूका बिच सहमति के हो भन्नेमा पारस्परिक बुझाइ हुनुपर्छ भन्ने मान्यता राख्दछ। त्यसैले रेडप्लस परियोजनामा एफपिआइसीको अधिकारको सम्मान गर्ने सहमतिमा निम्न बमोजिम सिद्धान्तहरू समावेश गरिनुपर्छ :

- सहमति भनेको न संलग्नता हो न त परामर्श नै। यी दुई त केवल सहमति प्राप्त गर्ने साधन मात्र हुन्। संलग्नता वा परामर्श त प्रक्रियाको कुनै नतिजाका लागि बाध्य नभएका सहभागीहरूका बिचको छलफल हो। अर्को अर्थमा सहमति कानुनी रूपमा बाध्यकारी हुन सक्छ।
- सहमतिको प्रक्रिया र स्वरूपलाई समुदाय र परियोजना प्रस्तावकले स्वीकार तथा सम्मान गर्नुपर्छ। यो कागजी रूपमा हुनु नै आवश्यक त छैन तर दुबै पक्षले भविष्यमा उक्त सहमतिमा आधारित हुन पाउने गरी त्यसको अभिलेख राख्नुपर्छ।
- समावेशी प्रतिनिधित्वको बढावा दिँदा हकवालाहरूले रेडप्लसको निर्णयका लागि आफ्नो इच्छित प्रक्रिया तथा संस्था विकास गर्नुपर्दछ।
- पुरै समुदायमा दूरगामी प्रभाव पर्ने निर्णय क्षमता अभिवृद्धि आवश्यक हुन सक्छ।

## कुन स्तरको सहमति आवश्यक हुन्छ ?

गाँउका केही अगुवा र बोलवालाहरूले मात्र गरेको सम्झौता पर्याप्त हुँदैन। सहमतिका लागि प्रस्तावबाट प्रभावित हुन सक्ने समुदायका सबैको सहभागिता आवश्यक हुन्छ। यसका लागि सुसूचित गर्न ठुलो पहल आवश्यक हुन्छ र निर्णय प्रक्रियामा सम्बन्धित समुदायका सबै उपसमूहहरूसँग परामर्श गरिएको छ भन्ने कुरा सुनिश्चित गरिएको हुनुपर्दछ। यसमा परियोजना प्रस्तावकले नै यो सेवा प्रदान गर्न सम्भव वा उचित नहुने हुँदा यसका लागि तेस्रो पक्षको सहजीकरण आवश्यक हुन सक्छ।

## एफपिआइसीका सिद्धान्तहरू कसरी अन्तर्सम्बन्धित छन् ?

रेडप्लसमा एफपिआइसीको अधिकारको सम्मान गर्न समुदायलाई उनीहरूको एफपिआइसीको हक र परियायोजनाका सम्पूर्ण पाटाहरूबारे वेलैमा सुसूचित गरी परियोजनाको कुनै कार्यको स्वीकृति लिनुअघि दबाबमा नपारी सहमति प्राप्त गर्नु आवश्यक छ। एफपिआइसीका सिद्धान्तहरूमध्ये कुनै एउटालाई मात्रै पनि बेवास्ता गरेर गरेको सहमतिले विवाद सिर्जना गर्न र एकआपसमा दोषारोपण हुने अवस्था सृजना गर्न सक्छ।

त्यसैले एफपिआइसीका सिद्धान्तहरू अन्तर्सम्बन्धित छन् र आदिवासी जनताको र स्थानीय समुदायको रेडप्लस परियोजनामा सामूहिक अधिकारको सम्मान सुनिश्चित गर्न सबै सिद्धान्तहरूलाई एउटै प्रक्रियाका रूपमा समेट्ने निश्चित प्रणालीमा ध्यान दिइनुपर्छ। पहिलेका तिन तत्त्वहरू (स्वतन्त्र, अग्रिम र सुसूचित)ले सहमतिको निर्णयका सर्त तोक्दछन् र आवश्यक वातावरण परिभाषित गर्दछन्। यीमध्ये कुनै एक मात्रको उल्लङ्घनले पनि सहमतिको निर्णयलाई अमान्य बनाउँदछ।

तरपनि एफपिआइसीले कुनै पनि रेडप्लस परियोजनालाई केही महत्त्वपूर्ण तवरबाट जटिल बनाउन सक्छ। एफपिआइसीले रेडप्लस परियोजनामा पार्न सक्ने प्रभावहरू:

- केही परियोजना विकासकर्ताले समुदायलाई 'पक्ष' र 'विपक्ष' गरी दुई समूहमा विभाजन गर्न सक्छन्। यसले समुदायको सामूहिक निर्णय गर्ने क्षमतामा ह्रास पुऱ्याउनुका साथै समुदायमा तनावको स्थिति सृजना गर्न सक्छ।

- परियोजनाले समुदायहरूलाई विभिन्न कोणबाट प्रभावित पार्न सक्छ। यस्तो अवस्थामा नराम्रोसँग प्रभावित हुने समुदायहरूले साझा अवधारणा तथा प्रणालीको विकास गर्ने कोसिस गर्नु महत्त्वपूर्ण हुन्छ, जसले गर्दा उनीहरूको आबाज बुलन्द हुन्छ।

- परियोजनाबाट हुने लाभसम्बन्धी वार्तामा समुदायका सबै सदस्यहरू सहभागी हुनु आवश्यक हुन्छ। समुदायका के ही अगुवा र बोलवालाहरू मात्र संलग्न हुँदा उनीहरूले सामूहिक लाभ कटौती गरी आफ्नो व्यक्तिगत लाभ बढाउन भूमिका खेल्न सक्छन्।

- राष्ट्रिय कानुनले समुदायको एफपिआइसीको अधिकार सुरक्षित गरे पनि अझै कुरा बिग्रन सक्छ। उदाहरणका लागि भ्रष्टाचारका कारण समस्याहरू सृजना हुनु, नियमको पालना नहुनु वा कमजोर पालना हुनु, नियमानुसार एफपिआइसी कार्यान्वयन सुनिश्चित गर्ने सरकारी निकाय स्वतन्त्र नहुनु आदि। केही परियोजना विकासकर्ताले समुदायमा सहमति गराउन त्यहाँका जग्गाधनी र तिनीहरूका प्रतिनिधिहरूलाई अनुचित तवरले हात लिई कागजपत्रमा हस्ताक्षर गर्न बाध्य पार्न सक्छन्।

- केही परियोजना विकासकर्ताहरूले समुदायको सहमति गराउन आफैँले समुदायको निर्णय प्रक्रियाको 'हुन्छ' भन्ने उत्तर मात्र आउने अनाधिकारिक रूपरेखा विकसित गरी सहमति प्राप्त गर्ने प्रयत्न गर्न सक्छन्।

सिकाइ तह

३

# एफपिआइसीका सहयोगी मान्यताहरू




यो सिकाइ तहले एफपिआइसीका आधारभूत सिद्धान्तहरूलाई बल प्रदान गर्ने प्रमुख मान्यताहरूमा प्रकाश पार्दछ । सहभागिताको मान्यता तथा प्रचलनहरूबारेको बुझाइले स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिको खोजीमा मदत गर्न सक्छ । तपाईँको तालिममा यस सिकाइ तहका निश्चित सत्रहरूको समावेश तालिमका सहभागीहरूको पृष्ठभूमि र चेतनाको स्तरमा भर पर्दछ । तपाईँसँग सबै सत्रहरूमा ध्यान दिन पर्याप्त समय छैन भने तालिममा कसरी यी मान्यताहरू सुदृढ र एकीकृत गर्न सकिन्छ भनी गहिरिएर विचार गर्नुहोस् । यी सत्रहरूले सिद्धान्तहरूसँग सम्बन्धित सिकाइलाई सुदृढ बनाउँदछन् र तिनीहरूले कसरी काम गर्दछन् भन्ने व्यावहारिक ज्ञान प्रदान गर्दछन् ।

# १३ एफपिआइसीका सहयोगी मान्यताहरूको परिचय

**समय :**
३० मिनेट

**विधिहरू :**
समूहमा छलफल

**सामग्रीहरू:**
१. फ्लिप चार्ट
२. मार्करहरू
३. पाँच सहयोगी मान्यताहरू र चार सिद्धान्तहरू लेखिएका कार्डहरू

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- एफपिआइसीका पाँच सहयोगी मान्यताहरूबारे वर्णन गर्न सक्नेछन् ।
- चार सिद्धान्तहरू र पाँच मान्यताहरूका सम्बन्धहरूको पहिचान गर्नेछन् ।

## चरणहरू

१. यस सत्रले स्वतन्त्र, अग्रिम, सुसूचित र सहमतिका सिद्धान्तहरूका केही सहयोगी मान्यताहरूको सङ्क्षिप्त परिचय दिनेछ भन्ने कुरा बताउनुहोस् । छुट्टाछुट्टै गोलाकार कार्डहरूमा प्रत्येक सिद्धान्तका लागि शब्दहरू लेख्नुहोस् ।

२. विभिन्न रङका गोलाकार कार्डहरूमा पाँच सहयोगी मान्यताहरू (आत्मनिर्णय, भोगाधिकारको बुझाइ, अधिकारको मान्यता, सहभागितात्मक निर्णय र प्रभावकारी सञ्चार) लाई सहभागीहरूसमक्ष प्रस्तुत गर्नुहोस् । प्रत्येक सहयोगी मान्यताहरूलाई विस्तृत वर्णन गर्न नथाल्नुहोस् । यो कार्य समूहमा छलफलका लागि छोडिदिनुहोस् ।

३. सहभागीहरूलाई समूहमा विभाजन गर्नुहोस् । तिनीहरूलाई सिद्धान्त र मान्यता भएका गोलाकार कार्डहरूको प्रत्येक सेट प्रदान गर्नुहोस् । उनीहरूलाई सिद्धान्तहरूका बिचमा राख्न र सहयोगी सिद्धान्तहरूसँग मान्यताहरू कसरी जोड्दा उचित हुन्छ भनी छलफल गर्न भन्नुहोस् । कार्डहरू जति नजिक हुन्छन् तिनीहरूको सम्बन्ध त्यति घना छ भन्ने बुझिन्छ ।

४. सहभागीहरूले कार्डहरूको स्थान मिलाइसकेपछि ती कार्डहरूलाई गम लगाएर टाँस्न लगाउनुहोस् र ती कार्डहरू त्यसरी मिलाएर राख्नुको कारण लेख्नका लागि भन्नुहोस् ।

५. प्रत्येक समूहलाई ती सिद्धान्त र मान्यताहरू भएका कार्डहरू टाँसेको कागज प्रदर्शनीका लागि मिलाएर राख्न लगाउनुहोस् र समूहहरूलाई उनीहरूका ती कागजहरू अवलोकन गर्दै तुलना गर्न लगाउनुहोस् । अब उनीहरूलाई निम्न बमोजिमका प्रश्नहरू सोध्नुहोस् :

   - *के सबै समूह ती सिद्धान्त र मान्यताहरूको सम्बन्धका बारेमा एकमत छन् ?*

- *के सिद्धान्त र मान्यताहरूका बिच मात्रै सम्बन्ध छ कि मान्यताहरूका बिचमा पनि एकआपसका सम्बन्ध छ ?*
- *एफपिआइसी खोज्ने प्रक्रियामा एउटा वा त्यो भन्दा धेरै सङ्ख्यामा यी मान्यताहरू राम्रोसँग एकीकृत गरिएनन् भने त्यसको असर के हुन सक्छ ?*
- *के अब यी मान्यताहरू राम्रोसँग सम्मानित र तपाईँको परिप्रेक्ष्यमा बुझिएका छन् त ? यदि छन् भने कुन चाहिँ र किन ?*

यी सहयोगी मान्यताहरूले नै व्यावहारिक रूपमा सिद्धान्तहरूले काम गर्ने वातावरण बनाउँछन् भन्दै सत्रको समापन गर्नुहोस्। प्रत्येक मान्यताहरूमा अझ बढी खोजबिन गर्न सकिन्छ भनी बताउनुहोस्।

## प्रशिक्षकका लागि टिपोटहरू :

सहभागीहरूले मान्यताहरूलाई सिद्धान्तहरूसँग जोड्न सकून् भन्ने सुनिश्चित गर्नका लागि यो पूर्णतः परिचयात्मक सत्र हो। यी सम्बन्धहरूमा जोड दिनका लागि यस सत्रलाई तालिमको अन्त्यतिर पनि प्रयोगमा ल्याउन सकिन्छ।

कुन मान्यतासँग कुन सिद्धान्त सम्बन्धित छ भन्नेमा प्रस्ट उत्तर छैन तर पनि यस सत्रले चिन्तन र छलफललाई बढावा दिन्छ। सहयोगी मान्यताहरूलाई पुरै एफपिआइसीको प्रक्रियाको अङ्गका रूपमा हेरी छुट्टाछुट्टै नहेरियोस् भन्ने कुरा सुनिश्चित गर्नुहोस्।

# १४ सहयोगी मान्यता : आत्मनिर्णय

**समय :**
४५ मिनेट

**विधिहरू :**
१. दृश्यात्मक प्रस्तुति
२. समूहमा छलफल

**सामग्रीहरू :**
१. फ्लिप चार्टहरू
२. विभिन्न रङका सिसाकलमहरू, मार्कर, पत्रपत्रिकाका चित्रहरू

## उद्देश्यहरू

सत्रको अन्त्यमा सहभागीहरूले :

- आफ्ना व्यक्तिगत जीवनमा लिएका निर्णयहरू पत्ता लगाउनेछन्। तिनीहरूको महत्त्वको वर्णन गर्नेछन् र ती निर्णयहरूलाई आफ्ना व्यक्तिगत विकाससँग जोडेर हेर्नेछन्।
- आत्मसङ्कल्पको मान्यतालाई आफ्नो जीवनमा पहिचान गर्नेछन्।
- आदिवासी तथा स्थानीय मानिसहरू र रेडप्लसमा एफपिआइसीको सन्दर्भमा आत्मनिर्णयको अर्थको वर्णन गर्न सक्नेछन्।

## चरणहरू

१. यस सत्रमा तपाईँ एउटा सहयोगी मान्यता आत्मनिर्णयमा केन्द्रित हुनुहुनेछ भनेर बताउनुहोस्।

२. सहभागीहरूलाई जोडी जोडीमा छलफल गरेर आफ्नै शब्दमा आत्मनिर्णय भनेको के हो भन्न तयार हुनका लागि आग्रह गर्नुहोस् (बाह्य क्षेत्रको प्रभावविना आफ्ना लागि आफैँ निर्णय लिने शक्ति वा क्षमता, कुनै व्यक्ति वा राष्ट्रको बाह्य क्षेत्रको प्रभावविना आफ्नो सरकारको स्वरूप आफैँ निर्धारण गर्ने हक)। कोठाका अगाडि फ्लिप चार्टमा उनीहरूको उत्तर टिप्नुहोस्।

३. तपाईँ उनीहरूको आत्मनिर्णयको कथा सुन्न चाहनु हुन्छ भनी भन्नुहोस् र उनीहरूलाई आआफ्नो आत्मनिर्णयको कथा विकास गर्न आग्रह गर्नुहोस्। प्रत्येक सहभागीलाई फ्लिप चार्टको ठुलो टुक्रा प्रदान गर्नुहोस्। उनीहरूलाई त्यसमा चार वटा वृत्तहरू कोर्न र प्रत्येक वृत्तको खाली ठाउँवरिपरि पर्ने गरी उक्त कागजमा भर्न लगाउनुहोस्। तपाईँ आफ्नै उदाहरण दिनुहोस्। (उदाहरण हेर्नुहोस् )

४. उनीहरूको जीवनको एउटा एकदमै महत्त्वपूर्ण निर्णय (जसले उनीहरूको जीवनको मोड नै बदलिदियो अथवा उनीहरूको व्यक्तिगत विकासमा ठुलो प्रभाव पर्‍यो) बारे चिन्तन गर्न भन्नुहोस्। अरू मानिसहरूले सल्लाह दिए होलान्, जानकारी उपलब्ध गराए होलान् तर अन्तिम निर्णय उनीहरू आफैँले लिए।

५. वृत्तहरूको बिच भागमा उनीहरूको त्यो निर्णय चित्र वा सङ्केतका रूपमा प्रस्तुत गर्न भन्नुहोस्। उनीहरूलाई कथा भन्नका लागि सहयोग गर्न थरीथरीका रङहरू र पत्रिकाका चित्रहरू प्रयोग गरी खाली ठाउँ भर्न प्रोत्साहन गर्नुहोस्।


६. उनीहरूले चित्र पुरा गर्न पाँच मिनेट खर्च गरिसकेपछि उनीहरूलाई उक्त निर्णय लिन कसले कस्तो खालको सल्लाह दियो, त्यो पनि त्यहाँ चित्रका माध्यमबाट प्रस्तुत गर्न आग्रह गर्नुहोस्।

७. उनीहरूले उक्त कार्य सकिसकेपछि उक्त निर्णयको फलस्वरूप उनीहरूको जिन्दगी कसरी परिर्वतन भयो र त्यसमा कोही सामेल थिए भने उनीहरूलाई पनि समेट्ने गरी त्यसको पनि चित्र कोर्न भन्नुहोस्।

८. सबैभन्दा बाहिरको वृत्तमा उनीहरूले वृत्त जस्तै घुमाउरो हुने गरी आफ्नो नाम लेख्नुपर्दछ। जसको उदाहरणका लागि यो पिटरको 'आत्मनिर्णय' भन्ने चित्र प्रस्तुत गरिएको छ।

९. सहभागीहरूलाई अब ती चार वटा वृत्तहरूको बाहिरी घेराबाट काट्न र यससम्बन्धी आदानप्रदान गर्न अरू तिन जना मानिस खोज्नका लागि भन्नुहोस्।

**पिटरको आत्म-निर्णय**



१०. समूहहरूलाई आदानप्रदान गर्न १० मिनेटदेखि १५ मिनेटको समय प्रदान गर्नुहोस्।

११. सहभागीहरूलाई पूर्ण सत्रमा फिर्ता बोलाउनुहोस् र निम्न प्रश्नहरू सोध्नुहोस् :

- *यो अभ्यास गर्दा तपाईँले कस्तो महसुस गर्नुभयो र किन ?*
- *के तपाईँले लिनुभएका निर्णयहरूका केही परिपाटी थिए ? किन ?*
- *के ती निर्णयहरूले जहिले पनि सकारात्मक नतिजा दिए ?*
- *तपाईँको निर्णय लिने प्रक्रियामा अरूहरूले कस्तो भूमिका खेले ?*
- *के तपाईँको विचारमा ती निर्णयहरू तपाईँ आफैँले लिनु आवश्यक थियो ? किन ?*
- *यदि अरू कसैले तपाईँका लागि निर्णय गरिदिएको भए के हुन्थ्यो ?*
- *उक्त कुरा कसरी समुदायको आत्मनिर्णयसँग सम्बन्धित छ ?*
- *यदि उक्त विन्दुमा पुनः फर्कन सक्ने भए के फरक निर्णय गर्नुहुन्थ्यो ?*
- *के तपाईँको विचारमा आत्मनिर्णय आफूलाई आदिवासी भनेर बताउने मानिसहरूमा मात्र लागु हुन्छ ? हो भने किन ? होइन भने किन ?*
- *तपाईँको विचारमा के हामीले आत्मनिर्णयलाई एफपिआइसीको सहयोगी मान्यताका रूपमा लिएका हौँ ?*

१२. पूर्ण सत्रपछि सहभागीहरूलाई एउटा ठुलो कागजमा सबै वृत्तहरू सभ्य र सृजनात्मक तरिकाबाट सजाएर टाँस्न लगाउनुहोस्। यसले तपाईँको आत्मनिर्णयको अधिकारको स्मरण गराउँछ जसले अझ बृहत् रूपमा एफपिआइसीको केन्द्रको रूपमा रहेको समुदायको आत्मनिर्णयको अधिकारलाई सङ्केत गर्दछ भनी बताउनुहोस्।

१३. आत्मनिर्णयको अधिकार आदिवासी मानिसहरू मात्र नभई सबैमा लागु हुन्छ भन्दै सत्रको समापन गर्नुहोस्। अन्तर्राष्ट्रिय घोषणाहरूले आदिवासी मानिसहरूको आत्मनिर्णयको अधिकारलाई मान्यता दिए पनि परियोजनाहरूसँग सम्बन्धित सबै मानिसको यो हकबारे विकासको हकसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र स्पष्ट छ।

## प्रशिक्षकका लागि टिपोटहरू

यो सत्र छोटो हुनुपर्छ तर यसले गहिरो चिन्तनलाई प्रोत्साहन गर्नुपर्दछ। यो सत्र मानिसहरूको आफ्नै आत्मनिर्णयको अनुभवको मान्यता पहिचान गरी त्यसलाई एफपिआइसीसँग जोडेर हेर्न तयार गरिएको हुँदा यसमा स्रोतपत्र समावेश छैन। यस सत्रले दायित्वको प्रणालीहरूसँग पनि जोड्दछ।

जति धेरै चित्र, पत्रिका र कलात्मक सामग्रीहरू उपलब्ध गराउन सक्नुहुन्छ त्यति नै सहभागीहरू अभ्यासमा सृजनात्मक ढङ्गले लाग्ने सम्भावना बढी रहन्छ।

# १५ सहयोगी मान्यता : भोगाधिकारको बुझाइ

**समय :**
१ घण्टा ३० मिनेट

**विधिहरू :**
१. साना समूहगत भलाकुसारी
२. घटना अध्ययन
३. समूहमा छलफल

**सामग्रीहरू :**
१. फ्लिप चार्टहरू
२. मार्करहरू

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- सहमतिका स्वरूपहरू तथा तहहरूको भिन्नता छुट्ट्याउन सक्नेछन्।
- भोगाधिकारको 'बुझाइ'लाई मान्यताका रूपमा एफपिआइसीको प्रमुख सिद्धान्तहरूसँग जोडेर हेर्न सक्नेछन्।
- प्राचीन र परम्परागत भोगाधिकारका प्रणालीहरूका बिचको फरकको वर्णन गर्न सक्नेछन्।
- कुनै क्षेत्रमा भोगाधिकारको गलत बुझाइबाट सृजना हुनसक्ने अवस्थाको वर्णन गर्न सक्नेछन्।

## चरणहरू

१. एफपिआइसीका सिद्धान्तहरूलाई टेवा दिने यो एक प्रमुख मान्यता हो भन्ने वर्णन गर्दै सत्रको सुरुवात गर्नुहोस्। सहभागीहरूलाई उनीहरूले 'भोगाधिकार' भन्नाले के बुझ्दछन् भनी प्रश्न गर्नुहोस्। उनीहरूको उत्तर फ्लिप चार्टमा लेख्नुहोस्।

२. औपचारिक, अनौपचारिक र परम्परागत अधिकारहरूबारे सहभागीहरूलाई प्रश्न गर्दै यस विषयमा अझ अगाडि बढ्नुहोस्। यी अधिकारहरू कसरी भोगाधिकारसँग सम्बन्धित छन् ?

३. सहभागीहरूलाई प्राकृतिक स्रोत तथा भू–उपयोग (पहुँच, दोहन, बहिष्करण, कटान), नियन्त्रण वा निर्णयको अधिकार (व्यवस्थापन, बाली विकास, चरिचरण ) र स्वामित्व हस्तान्तरण (भाडामा दिने, बिक्री गर्ने र हक हस्तान्तरण) अधिकारका उदाहरणहरू आफ्नो अनुभवका आधारमा दिन आग्रह गर्नुहोस्।

४. एफपिआइसी प्रक्रियामा यो एउटा जटिलता हो भनी वर्णन गर्नुहोस्। रेडप्लसका लागि प्रस्तावित क्षेत्रहरूमा प्राचीन भोगाधिकार प्रणालीको जस्तो जमिनलगायतका स्रोतहरूमा सम्पूर्ण हकका बिटो (स्रोतपत्रमा प्राचीन हकका प्रणालीहरू हेर्नुहोस्) उपलब्ध नहुन सक्छन्। सहभागीहरूलाई आफ्नै परिप्रेक्ष्यबाट उक्त ढाँचामा ठ्याक्कै नमिलेको वन क्षेत्रको उदाहरण दिन आग्रह गर्नुहोस्।

५. दुई मुख्य अक्षरहरू प्रस्तुत गर्दै भोगाधिकारको बाकसका बारेमा छोटो प्रस्तुति दिनुहोस्। विभिन्न भोगाधिकारका प्रणालीहरूलाई कसरी बुझ्ने हो भनी वर्णन गर्नुहोस्।

६. सहभागीहरूलाई समूहमा बाँड्नुहोस्। प्रत्येक समूहलाई प्राचीन भोगाधिकार प्रणालीको वर्णन गर्न अभ्यासका लागि भोगाधिकारको बाकस र सामुदायिक वनको भोगाधिकारको एउटा उदाहरण उपलब्ध गराइनेछ।

७ सहभागीहरूलाई छुट्टाछुट्टै अभ्यास पढ्न र प्रश्नहरूबारे सोच्न आग्रह गर्नुहोस्। १० मिनेटपछाडि ती प्रश्नहरूको उत्तर समूहमा छलफल गर्न भन्नुहोस्।

८. २० मिनेटपछि वा समूहहरूले प्रश्नहरू सकेपछि आफ्ना उत्तरहरू प्रस्तुत गर्नका लागि भन्नुहोस्। पालैपालो प्रत्येक समूहको प्रत्येक प्रश्नमा छलफल गर्दै अगाडि बढ्नुहोस्।

९. धेरै वनहरू साझा सम्पत्तिका रूपमा रहेका छन्। त्यसकारण त्यहाँ बहुलवादी भोगाधिकार प्रणाली प्रचलनमा हुन्छ। यदि यसलाई राम्रो तवरबाट बुझिएन भने यसले रेडप्लस परियोजनालाई नै कमजोर बनाउँछ भन्दै सत्रको तालमेल मिलाउनुहोस्।

१० सहभागीहरूलाई यो सहयोगी मान्यता र अरू मान्यताहरू (आत्मनिर्णय, अधिकारहरूको मान्यता, समावेशी सहभागिता, प्रभावकारी सञ्चार) सँग कसरी सम्बन्धित छ भनी प्रश्न गर्नुहोस्।

११. एफपिआइसीको प्रक्रियाका लागि भोगाधिकार बारेको बुझाइ आवश्यक छ भन्दै सत्रको समापन गर्नुहोस्। भोगाधिकार बारेका सही र स्पष्ट बुझाइको कमीले विवादहरू सृजना हुन सक्छ जसले स्रोत व्यवस्थापनको दिगोपनमा असर गर्दछ।

## प्रशिक्षकका लागि टिपोटहरू


सहभागीहरूले तुलना गर्नका लागि भोगाधिकार बाकसको एकै अक्षलाई आधार मानेका छन् भन्ने कुराको सुनिश्चित गर्नुहोस्। अभ्यासका दौरान सहभागीलाई भोगाधिकारको छलफलमा कति गहिराइसम्म लैजाने हो सो निर्णय गर्नुअगाडि समूहहरूको आधारभूत बुझाइको मापन गर्नुहोस्।

यो एफपिआइसीको अति महत्त्वपूर्ण सहयोगी मान्यता हो र यसलाई एफपिआइसीको जुनसुकै तालिममा पनि समेट्न जरुरी छ। यो मान्यता हकवालाहरूलाई आधिकारिकता प्रदान गर्न र समावेशी प्रजातन्त्रसँग एकदमै नजिकबाट सम्बन्धित छ।

## अभ्यास

तल प्रस्तुत गरिएको भोगाधिकारको बाकसका[११] उदाहरणहरू अध्ययन गर्नुहोस् र कागजमा तपाईँको आफ्नो देशका लागि वा रेडप्लस परियोजना क्षेत्रका लागि त्यस्तै बाकस बनाउने प्रयत्न गर्नुहोस्। उक्त बाकस बनाइसकेपछि आफ्नो समूहमा रही तल प्रस्तुत गरिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

**चित्र २. वनको सामूहिक भोगाधिकार**




**चित्र २. वनको सामूहिक भोगाधिकार**

*हकका बिटाहरू* / *हकवालाहरू*

| | राज्य | समुदाय | उपभोक्ता समूह | व्यक्ति |
|---|---|---|---|---|
| पहुँच | | | | वन प्रवेश |
| प्रयोग | | | गैरकाष्ठ वन पैदावार सङ्कलन गर्नु | पानी र सुकेका हाँगाहरू प्रयोग गर्नु केही प्लटमा खेती गर्नु |
| व्यवस्थापन | निश्चित छुट भएका प्रजातिहरूको कटान स्वीकृति | जग्गा व्यवस्थापन विस्तृत योजना | सुधारका लागि लगानीहरू, जस्तैः माहुरीको चाका | आफ्नै जग्गामा वृक्षारोपण गर्नु |
| बहिष्करण | काष्ठ सङ्कलन गर्ने अनुमतिहरू | बाहृय क्षेत्रकालाई निषेध ? खेतीपाती गर्नका लागि प्लटहरू छुट्याउनु | | रोपण क्षेत्रमा अन्यलाई प्रवेश निषेध गर्नु |
| हक हस्तान्तरण | | | | समुदायभित्रै हस्तान्तरण गर्नु |

११ Barry, D and Meinzen-Dick, R The invisible map; community tenure rights 2008

तपाईँको आफ्नो सामुदायिक वन वा रेडप्लस क्षेत्रको भोगाधिकार बाकस कस्तो देखिन्छ ? समान हकका बिटाहरू र हकवालाहरू प्रयोग गरी विचार गर्नुहोस् । आफ्नो देशको उदाहरण लिएर यो भरिसकेपछि तपाईँको समूहमा निम्न प्रश्नहरूको उत्तर आदानप्रदान गर्नुहोस् ।

- *प्राचीन भोगाधिकारको बाकस र तपाईँको आफ्नो भोगाधिकारको बाकसका बिचमा केके प्रमुख भिन्नताहरू छन् ?*
- *तिनीहरूको रेडप्लसमा एफपिआइसीको सन्दर्भमा के अर्थ हुन्छ ?*
- *तपाईँका विचारमा भोगाधिकार बारेको बुझाइ किन एफपिआइसीका सिद्धान्तहरूको प्रमुख मान्यता हो ?*

**स्रोतपत्र**

# भोगाधिकारको बुझाइ

**रेडप्लसका लागि एफपिआइसीमा भोगाधिकार र भोगाधिकारका दायित्वहरूका सम्बन्धमा किन जानकार तथा स्पष्ट हुन आवाश्यक छ ?**


तल दिइएको अंश एफएओ प्रकाशन (१६५), २०११ बाट उद्धरण गरिएको हो। यसले वन, जमिन र रुख जस्ता उस्तै प्राकृतिक स्रोतहरूको उपयोगको हक त्यति सरल छैन भन्ने स्पष्ट पार्दछ। यो कुनै नौलो जानकारी होइन। यस विषयमा त रेडप्लसको विकास गरिनुपूर्व नै छलफल भएको हो। भोगाधिकारको स्पष्टतालाई अन्तर्राष्ट्रिय रूपमा पहिले नै रेडप्लसका लागि बाधक वा चुनौती हुन सक्ने कुरा औँल्याइएको थियो। भोगाधिकारको स्पष्टता र सुनिश्चितता नभई दिगो वन व्यवस्थापन असम्भव प्रायः हुन्छ। प्रायः जसो एउटै स्रोतमा धैरैको हकदाबी पर्ने गरेको छ। रेडप्लसको परिप्रेक्ष्यमा औपचारिक अधिकार र स्वामित्वको स्वरूप मात्र बुझ्नु अपूर्ण हुन जान्छ। धैरै क्षेत्रहरूमा वन संरक्षण र व्यवस्थापनका लागि आदिवासीहरू र वनमा आश्रित समुदायहरूको परम्परागत अधिकार र उनीहरूको अधिकारका सञ्जालको अदृश्य चित्र आधारका रूपमा रहेको छ। ती हकवालाहरू परियोजनासँग सहमत छन् र यसबाट उनीहरू नकारात्मक रूपमा प्रभावित हुने छैनन् भन्ने कुरा सुनिश्चित गर्नका लागि उनीहरूबाट नै एफपिआइसी आवश्यक पर्दछ। भोगाधिकारको प्रकृतिअनुसार ती हकवाला एक भन्दा बढी व्यक्ति र कहिले त समुदाय पनि हुन सक्छन्। यसमा त अझ छिमेकी समुदाय पनि समावेश हुन सक्छन्। यसरी धैरै पक्षबाट स्रोतमा हुने भोगाधिकारको दाबी सुरुमा नै स्पष्ट पारिएन भने रेडप्लसका लागि चिरकालसम्म यसको असर नकारात्मक हुन सक्छ र गुणस्तरीय एफपिआइसी पनि प्राप्त नहुन सक्छ।

*"भोगाधिकार साधारणतया गलत रूपमा बुझिँदै आएको शब्द हो। यसलाई कहिलेकाहीँ स्वामित्वका रूपमा बुझिन्छ। जुन बुझाइ भ्रम सृजना गर्ने खालको छ। भोगाधिकार अधिकारलाई परिभाषित गर्न विभिन्न व्यवस्था र स्वामित्वका सर्तहरू तोक्न प्रयोग गरिने एउटा साधारण शब्द हो। भोगाधिकारले स्रोतको पहुँच र उपयोगलाई नियन्त्रण गर्दछ। 'स्वामित्व' भोगाधिकारको एक प्रकार हो, जसले जग्गावालाको उक्त जग्गामा बलियो हक पुग्दछ भन्ने बुझाउँछ। भोगाधिकारको व्यवस्थामा एक्लैको पहुँच (कुनै एक व्यक्ति वा समूहको हक पुग्ने अवस्थामा) वा विभिन्न समयमा विभिन्न समूहहरूका विभिन्न किसिमका पहुँचहरू हुन सक्छन्। स्वामित्वलगायतका विभिन्न भोगाधिकारहरू प्रचलनमा छन्। भोगाधिकारका ज्ञाताहरू यसलाई हकको 'बिटो' भन्दछन्। भोगाधिकारका विभिन्न व्यवस्थाहरूले हकको उक्त बिटोबाट विभिन्न हकहरू प्रदान गर्दछन्। जस्तै उपभोगको हक, व्यवस्थापनको हक, नियन्त्रणको हक, बेचबिखनको हक, हस्तान्तरणको हक, विच्छेदको हक, भाडामा लगाउने हक, धितोमा राख्ने हक आदि। भोगाधिकारका केही व्यवस्थाअन्तर्गत उपयोगको हक वा प्रयोगाधिकार पर्दछ। यसले मानिसहरूलाई जमिन वा वनको प्रयोग गर्ने अधिकार प्रदान गर्दछ तर स्वामित्व र हस्तान्तरणको अधिकार दिँदै न। 'भाडा' भन्नाले निश्चित समयका लागि (नवीकरण नभए सम्झौता अवधि समाप्त हुनुअघि) प्रदान गरिएको अधिकार भन्ने बुझिन्छ। विश्वभरि नै त्यस्ता जटिल खालका र सही सङ्क्षेपीकरण प्राप्त गर्न मुस्किल पर्ने अधिकारहरू प्रचलनमा रहेका छन्। अधिकार दायित्वसहित आउने हुँदा स्रोत प्रयोग गर्ने अधिकारहरू पनि प्रायः निसर्त हुँदैनन्। जस्तो कि वन प्रयोग गर्ने अधिकारसँगै दिगो रूपमा वन ब्यबस्थापन गर्ने वा वनको संरक्षण गर्ने जिम्मेवारी पनि सँगसँगै आउँछन्। भोगाधिकारको प्रचलनमा व्यक्ति वा समूहहरूलाई हकको बिटाबाट प्रदान गरिएका अधिकारका सङ्ख्याहरू फरक हुन सक्छन्। यसको एक व्यावहारिक*

**हकको बिटोका उदाहरणहरू**

- वनको एक क्षेत्रबाट निश्चित समूहका मानिसहरूलाई निश्चित वन पैदावारको सङ्कलनको अनुमति प्रदान गरिएको हुन्छ तर सबै वन पैदावारको सङ्कलनमा होइन। केही अवस्थाहरूमा कुनै सामूहिक वनको कुनै एक रुखमा एक व्यक्तिको मात्र पनि हक लाग्न सक्छ।
- कुनै निश्चित मौसममा कुनै एक समूहको पहुँचको हक लाग्न सक्छ।
  सरकारी वनमा स्थानीय मानिसहरूको निश्चित वन पैदावारहरूमा वैधानिक हक लाग्दछ।
- वन क्षेत्रका वैधानिक हकवालाहरूले छुट्टै अनुमतिविना उनीहरूको वनको उपयोग गर्न पाउँदैनन्।

*उदाहरण वनको जग्गामाथिको भोगाधिकारले उक्त वनका कुनै रुखहरूमाथिको अधिकार नजनाउन सक्छ। धेरै देशहरूमा राष्ट्रिय वा सार्वजनिक वन क्षेत्रमा रहेका रुखहरू अथवा भाडीहरूमाथि स्थानीय रूपमा कुनै व्यक्तिको हक लाग्न सक्छ।"*




## भोगाधिकारको बाकसले कसरी सहयोग गर्न सक्छ ?

भोगाधिकारको बाकसले भोगाधिकारका प्रचलनहरू तथा वैधानिक बहुलवादी प्रचलनहरूका बारेमा वर्णन गर्न मद्दत गर्दछ। कुनै पनि भोगाधिकारको प्रणालीले प्राचीन प्रणाली मात्र पछ्याउनु दुर्लभ भए तापनि धेरै संविधान तथा कानुनहरू हालसम्म पनि प्राचीन भोगाधिकार प्रणाली नै कायम भए जस्तै तवरबाट वनेका छन्।

एफपिआइसीको प्रारम्भिक बहसको आधारका रुपमा भोगाधिकारको बाकसले यससम्बन्धी प्रचलित खाकामा स्पष्ट हुन र वर्णन गर्न मद्दत गर्दछ। यस छलफलका माध्यमबाट विभिन्न उपभोक्ता र हकवालाहरू समेत समेटेर प्रचलित हकहरूको नक्साङ्कन गर्न र प्रयोगमा ल्याउन सकिन्छ। यो दुई तरिकाबाट गर्न सकिन्छ। पहिलोअन्तर्गत अनौपचारिक प्रश्नहरू सोधिसकेपछि सहजकर्ताले कोठाहरू भर्दछन्। दोस्रोमा यसलाई स्थानीय भाषामा ढालेर समुदायहरूसँगै बसेर सोभै प्रयोगमा ल्याउन सकिन्छ।

## औपचारिक तथा अनौपचारिक भोगाधिकार

"भोगाधिकार औपचारिक वा अनौपचारिक दुबै हुन सक्छ । औपचारिक भोगाधिकारलाई प्रचलित नियमकानुनहरूले मान्यता दिएका हुन्छन् । अनौपचारिक भोगाधिकार चाहिँ स्थानीय स्तरमा स्थापित तर राज्यले औपचारिक रूपमा मान्यता नदिएको भोगाधिकार हो । मेलानेसिया र घानामा जस्तै कानुनी मान्यता पाए पनि परम्परागत भोगाधिकार प्रायशः अनौपचारिक हुन्छन् । प्रायः जसो अनौपचारिक भोगाधिकार प्रणाली कानुनी भोगाधिकारसँग समानान्तर हुन्छ । त्यस्तो अवस्थामा राज्यको कानुनले माने पनि नमाने पनि स्थानीय मानिसहरूले वन तथा वन पैदावारहरूमा निश्चित मानिस तथा समूहहरूको हक लागेको मान्दछन् । विश्वभरि नै धेरै वन क्षेत्रहरू अनौपचारिक रूपमा प्रयोग हुँदै तथा परम्परागत रूपमा तिनको स्वामित्व ग्रहण हुँदै आएको कुरा जान्न जरुरी छ । अनौपचारिक भोगाधिकार प्रभावकारी हुने भए तापनि राज्यले त्यसलाई मान्यता नदिँदा विवाद सृजना हुने तथा भोगाधिकारमा विचलन आउँने जोखिम रहन्छ । परम्परागत भोगाधिकारले मान्यता नपाएका स्थानमा भोगाधिकारको पुनर्गठनमा त्यस्ता भोगाधिकारहरूलाई मान्यता दिइनुपर्दछ । धेरै देशहरूमा बहुकानुनी प्रणालीहरू समानान्तर रूपमा प्रचलनमा छन्, जहाँ धेरै कानुनी अङ्गहरू समानान्तर रूपमा सञ्चालनमा हुन्छन् र प्रत्येक अङ्गले त्यस्तो हक प्रदान गर्न सक्छ । विभिन्न देशहरूमा आदिवासी जनजातिहरू र स्थानीय मानिसहरूको मामला हेर्ने परम्परागत कानुनहरू हुन सक्छन् । यी कानुनहरू (जुन बाह्य क्षेत्रका मानिसहरूलाई नौलो लागे तापनि स्थानीय स्तरमा राम्रोसँग बुझिएको) ले अलिखित मान्यताअनुसार परम्परागत हकवालाहरूलाई हक प्रदान गर्न सक्छन् । त्यस्ता कानुनहरूलाई संविधानले मान्यता दिएको हुन सक्छ तर तिनीहरू राज्यका ऐन तथा कार्यकारीका अध्यादेशहरूसँग बाझिन सक्छन् । यसरी बाझिएको कानुन र कार्य क्षेत्रको खप्टाइले सृजना भएका विवादहरू समाधानका लागि सर्वोच्च अदालतमा आवेदन गर्न सकिन्छ ।

राज्यले व्यक्ति तथा निश्चित समूहका मानिसहरूको मौलिक अधिकार संरक्षण गर्ने मानव अधिकारका अन्तर्राष्ट्रिय सन्धिहरूमा हस्ताक्षर गर्दा पनि भोगाधिकारको अर्को तह सृजना हुन जान्छ । हालैका वर्षहरूमा आदिवासीहरूले परम्परादेखि ओगटेका तथा प्रयोगमा ल्याएका जमिन तथा स्रोतहरूमा उनीहरूको स्वामित्वलाई मान्यता दिने विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू आएका छन् । यसले आदिवासीहरूले राज्यको कुनै ऐनबाट नभई परम्परागत रूपमा हक प्राप्त गर्दछन् भन्ने देखाउँछ । यसैलाई हालसालै आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणामा अङ्गीकार गरिएको छ (युएनड्रिप)।" एफएओ, २०११ ।

# १६ सहयोगी मान्यताः हकवालाहरूको पहिचान

**समय :**
१ घण्टा ३० मिनेट

**विधिहरू :**
१. साना समूहमा छलफल
२. घटना अध्ययन
३. समूहमा छलफल

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- सरोकारवाला र हकवालाहरू (परम्परागत र औपचारिक) बिचको भिन्नता र एफपिआइसीको सन्दर्भमा उनीहरूको रेडप्लसका लागि विभिन्न भूमिकाहरूको वर्णन गर्न सक्नेछन्।
- प्रस्तावित रेडप्लस क्षेत्र र एफपिआइसीसम्बन्धी विभिन्न हकहरू र विभिन्न हकवालाहरूका बिचको भिन्नता पहिल्याउन सक्नेछन्।
- उनीहरूको आफ्नो सन्दर्भमा हकहरूलाई एफपिआइसी प्रक्रियाको एउटा अङ्गका रूपमा औपचारिक र अनौपचारिक मान्यता दिनु र त्यसका तात्पर्यहरूको विश्लेषण गर्ने छन्।

## चरणहरू

१. एफपिआइसीका महत्त्वपूर्ण सहयोगी मान्यताहरू (आत्मनिर्णय, भोगाधिकार को बुझाइ र सहभागितात्मक निर्णय प्रक्रिया) सँग जोड्दै सत्रको सुरुवात गर्नुहोस्।

२. यो सत्रको अर्को मान्यता हकहरूको मान्यतामा केन्द्रित रहने कुरा बताउनुहोस्। यदि तपाईँलाई उपयुक्त छ भन्ने लाग्छ भने यसलाई भोगाधिकारको बुझाइ बारेको सत्रसँग जोड्नुहोस्।

३. रेडप्लसको सन्दर्भमा केन्द्रित भई सहभागीहरूलाई सरोकारवाला र हकवालाका बिचको भिन्नता थाहा छ कि भनी सोध्नुहोस्। "सरोकारवाला" र "हकवाला" भन्ने शब्दहरू फ्लिप चार्टमा लेख्नुहोस् र सावधानीपूर्वक उनीहरूका बिचको बुझाइको स्तरको सामञ्जस्यता हेरी प्राप्त उत्तरहरूलाई ती शब्दहरूका मुन्तिर लेख्नुहोस्। मुख्य भिन्नताहरूको निचोड निकाल्नुहोस् (स्रोतपत्र हेर्नुहोस्)।

४. एफपिआइसीका सन्दर्भमा "सरोवारवाला" र "हकवाला" शब्दहरूका बिचको भिन्नता बुझ्न किन आवश्यक छ भनी सहभागीहरूलाई सोध्नुहोस्। आदिवासी जनता र वनमा आश्रित समुदायहरूलाई हकवाला भन्ने शब्दसँग जोडेर वर्णन गर्नुहोस् र समूहहरूलाई सरोकारवालाको, जो हकवाला हुनै पर्छ भन्ने छैन, उदाहरण प्रस्तुत गर्न आग्रह गर्नुहोस्।

५. सरोकारवालाको विश्लेषण महत्त्वपूर्ण भए तापनि यस सत्रमा हामी रेडप्लसका लागि एफपिआइसीसँग सम्बन्धित हकवालाहरूको मापनमा केन्द्रित हुनेछौँ भन्नुहोस्।

६. सहभागीहरूलाई “मान्यता” भन्ने शब्दको अर्थ के हो भनी सोध्नुहोस् । रेडप्लसमा एफपिआइसीका सन्दर्भमा हकहरूको मान्यता किन अत्यावश्यक विषयवस्तु हुँदै छ भन्ने सोधी उनीहरूको विचार प्रस्तुत गर्न लगाउनुहोस्।

७. सहभागीहरूले हकवालाहरूको पहिचान र मान्यताको तात्पर्य विश्लेषण गर्न घटना अध्ययनको प्रयोग गर्नेछन् भन्ने कुरा बताउनुहोस्। सहभागीहरूलाई सानासाना समूहमा विभाजिन गरी घटना अध्ययन गर्न लगाउनुहोस् र समूहमा छलफल गरी प्रश्नहरूको उत्तर दिनका लागि भन्नुहोस्। प्रत्येक समूहलाई आफ्ना उत्तरहरू फ्लिप चार्टमा लेखी त्यससम्बन्धी आदानप्रदानका लागि तयार रहन भन्नुहोस्। सो सामूहिक कार्यका लागि ३० देखि ४० मिनेट समय प्रदान गर्नुहोस्।

८. प्रत्येक समूहलाई पुनः पूर्ण सत्रमा ल्याउनुहोस् र फ्लिप चार्टका उत्तरहरूका बिचको समानता र भिन्नता पत्ता लगाउन भन्नुहोस्। घटना अध्ययनका प्रत्येक प्रश्नका उत्तरहरूमा छलफल गरिसकेपछि निम्न प्रश्नहरूमा चिन्तन गर्न सहजीकरण गर्नुहोस् :

- *यो घटना अध्ययनले रेडप्लस क्षेत्रका रूपमा प्रस्तावित हुनसक्ने तपाईँको सन्दर्भको अन्य क्षेत्रहरूको प्रतिनिधित्व गर्छ ? यदि गर्छ भने यसका तात्पर्यहरू के हुन सक्छन् ? यदि गर्दैन भने मुख्य भिन्नताहरू केके हुन सक्छन् ?*
- *एफपिआइसी प्रक्रियामा हकवालाको पहिचान गर्दाका मुख्य चुनौतीहरू केके हुन् र किन ?*
  *परियोजना प्रस्तावकले कहिलेकाहीँ यो चरणलाई किन छोड्दछ ?*
- *एफपिआइसी प्रक्रियाबाट सबै हकवालाहरू (औपचारिक र अनौपचारिक) पहिचान भएनन् र तिनीहरूले मान्यता पाएनन् भने त्यसका असरहरू केके हुन सक्छन् ?*
- *सहभागीहरूको अनुभवमा हकवालाहरूको पहिचान गर्ने तथा तिनको हकलाई मान्यता दिने अचेलको प्रक्रिया कत्तिको गुणस्तरीय छ ? एफपिआइसी प्रक्रियामा सबै हकवालाहरूको पहिचान गरी तिनीहरूसँगको परामर्श सुनिश्चित गर्न के गर्नुपर्ला ?*
- *हकहरूको मान्यताको खोजीमा परियोजना प्रस्तावकको भूमिका के हुन सक्छ ?*
  *रेडप्लसका सन्दर्भमा समुदायका हकहरूलाई औपचारिक मान्यता दिइनुका फाइदाहरू केके हुन सक्छन् ?*
- *मान्यता प्रदान गर्नमा सहयोग गर्न कुन प्रणाली प्रयोगमा ल्याउन सकिन्छ र यसमा परियोजना प्रस्तावकको भूमिका कस्तो रहन सक्छ ?*

९. प्रस्तावित रेडप्लस परियोजनाले भोगाधिकारका सम्पूर्ण दाबीहरू (औपचारिक र अनौपचारिक तथा एकआपसमा बाझिने मागहरू) पहिचान गर्नु र तिनीहरूको अभिलेख राख्नु पर्दछ। समुदायका हकहरूले औपचारिक मान्यता नपाएका स्थानमा पनि समुदायहरूले आफ्नो हकको औपचारिक मान्यताका लागि दाबी गर्ने अधिकार उनीहरूसँग सुरक्षित रहेको कुरा बुझ्न आवश्यक छ।

१०. सहभागीहरूलाई उनीहरूको सन्दर्भमा समुदायको हकका लागि राष्ट्रिय स्तरमा पैरवी गर्ने संरचनाको उदाहरण दिनका लागि भन्नुहोस्।

११. प्रस्तावित रेडप्लस परियोजनामा एफपिआइसीको अधिकारको सम्मान गर्ने प्रक्रियामा कसको के हक लाग्दछ भन्ने स्पष्ट हुनुपर्ने कुरामा जोड दिँदै सत्रको समापन गर्नुहोस्। यसले परामर्श दिने अधिकार कोसँग छ र कुन हकवालासँग सहमति प्रदान गर्ने वा असहति प्रकट गर्ने अधिकार छ भन्ने परिभाषित गर्छ।

१२. रेडप्लसलगायतका वन क्षेत्रमा हुने लगानीको सुरक्षाका लागि भोगाधिकारको सुरक्षा एक प्रमुख सर्त हो भनी भन्नुहोस्। यसर्थ एफपिआइसी प्रक्रियामा हकको अनौपचारिक मान्यता आवश्यक छ तर हकहरूलाई औपचारिक मान्यता प्रदान हुँदा दीर्घकालीन लगानी सुरक्षित हुन्छ।

१३. रेडप्लसका लागि एफपिआइसीका सन्दर्भमा समुदायहरूले आफ्नो अधिकारका बारेमा केके जान्नु पर्दछ भन्ने कुरा वर्णन गर्दै सत्रको सारांश प्रस्तुत गर्नुहोस्, जुन यस प्रकार छन् :

- राज्यले जमिन/स्रोतको हकलाई कानुनी मान्यता प्रदान नगरेको अवस्था (जहाँ निर्णयहरू सदर नहुन वा उल्टिन सक्छन्) मा सहभागिताको तात्पर्य
- असल आशयका बहसहरूमा परियोजना प्रस्तावकले अनुमोदन गर्नसक्ने वा गर्ने अधिकारहरू स्पष्ट हुन आवश्यक छ
- जमिन/स्रोतको हकको पैरवीको निरन्तरताको महत्त्व
- समुदायहरूले कसरी राष्ट्रिय स्तरका सहयोगी संरचनाहरू (जस्तैः कानुनी सहयोग, नागरिक समाजको सहयोग) पहिचान गर्छन्
- उनीहरूको परियोजनमा सिधै समावेश नभएको तेस्रो पक्षसँग परामर्श गर्ने अधिकार।

## प्रशिक्षकका लागि टिपोटहरू

मान्यताका विभिन्न स्तरहरूका बिचको भिन्नताका विषयमा जानकार हुनु महत्त्वपूर्ण छ। अनौपचारिक मान्यताको समावेशी सहभागिता र प्रभावकारी सञ्चारसँग एकदमै नजिको सम्बन्ध हुन्छ। त्यसकारण यदि मान्यता नदिइएका हकवालाहरूलाई एफपिआइसी प्रक्रियामा सम्मान गरिएन भने परियोजना असफल हुन सक्छ। औपचारिक मान्यता यस भन्दा एक कदम अगाडि हुन्छ र यसलाई नीतिनियम र राष्ट्रिय स्तरका पैरवी गर्ने संरचनाहरूमा पहुँच प्रदान गरी सहयोग गर्न सकिन्छ।

घटना अध्ययन

## कालिमन्तान वन र जलवायु साझेदारी

अस्ट्रेलियाले कालिमन्तान वन र जलवायु साझेदारी (केएफसिपी) लाई ४ वर्षमा ३० मिलियन डलर भन्दा बढी प्रदान गर्ने प्रतिबद्धता गरेको छ। केएफसिपीअन्तर्गत अस्ट्रेलिया र इन्डोनेसियाले मध्यकालिमन्तानमा ठुलो स्तरको रेडप्लसको प्रदर्शन कार्य विकास तथा कार्यान्वयनका लागि सँगै काम गरिरहेका छन्। यसले पिटलगायतका क्षेत्रको क्षयीकरण लगायतका वन विनाश र वनको क्षयीकरणबाट हुने उत्सर्जन न्यूनीकरण गर्न विश्वसनीय, समतामूलक र प्रभावकारी विधिको प्रदर्शनी गर्ने लक्ष्य राख्दछ, जसले २०१२ पश्चात्को विश्वव्यापी जलवायु परिवर्तनको सम्झौताको जानकारी प्रदान गर्दछ। १०० मि. डलरको सहयोग गर्ने लक्ष्य लिई सञ्चालन भएको कार्यक्रमका लागि केएफसिपीले बाँकी रकम निजी क्षेत्र तथा सहयोगी देशहरूको सहयोग वा सहकार्यबाट उठाउने उद्देश्य राखेको छ।

खनिजयुक्त माटोमा अवस्थित वनमा भन्दा वनले ढाकेको पिट क्षेत्रमा बढी कार्बन पाइन्छ। पिट क्षेत्रको वनमा आगो लाग्दा वा सो क्षेत्रको वनको क्षयीकरणले उल्लेखनीय मात्रामा हरित ग्यास उत्सर्जन गर्दछ। कालिमन्तानले इन्डोनेसियाको पिट क्षेत्रको ठुलो हिस्सा ओगटेको छ। केएफसिपीले १ लाख हेक्टर भन्दा बढी पिटको गुम्बज (डोम) भएका स्थानहरूमा आफ्नो ध्यान केन्द्रित गरेको छ। उक्त पिटको गुम्बजबाट वरिपरिका दलदले पिट र खोलातर्फ पानी निस्किएर बग्छ, त्यसकारण जलविज्ञानले दलदले पिटको संरक्षण तथा व्यवस्थापनका लागि "पुरै गुम्बज" वा "पुरै पारिस्थितिकिय प्रणाली" पद्धति अङ्गीकार गरेको छ।

सन् २०११ को फेब्रुअरीमा परियोजनाबाट प्रभावित दयाक समुदायका प्रतिनिधिहरूले सिधै अस्ट्रेलियन सरकारलाई चिठी लेखे। उनीहरूले उठाएका प्रमुख सबालहरू निम्न बमोजिम छन्।[१२]

**परम्परागत अधिकारको मान्यता प्रदान नहुनु** – "हालको शासन तथा कानुनी पद्धति प्रचलनमा आउनुभन्दा धेरै पहिले देखि नै अदत (परम्परागत कानुन) चलिआएको छ। बाह्य क्षेत्रको व्यापारिक दोहनले वातावरणको स्वास्थ्यलाई खलल पुऱ्याउनु र जमिन तथा वनहरूको विनाश तथा अतिक्रमण हुनु भन्दा पहिलको परम्परागत प्राकृतिक वातावरण स्वास्थ तथा दिगो भएकाले पनि अदतले आफ्नो प्रभावकारिता र क्षमता दर्साउँछ।" चिठीमा अझ उल्लेख छ, "इन्डोनेसियन सरकारले हालसम्म दयाक समुदायको जमिनको भोगाधिकार तथा अन्य हकको औपचारिक मान्यता प्रदान गर्न बाँकी नै छ। त्यसैले केएफआइपीले इन्डोनेसियन सरकारसँग सहकार्य गरी हाम्रा परम्परा तथा हकको बेवास्ता गर्दै निरन्तर कमजोर बनाउँदछ।"

**दयाक समुदायको परम्परागत ज्ञानको मान्यता नदिइनु** – "असफल बृहत् धानवाली परियोजनाले विनाश गरेको पिट तथा वन क्षेत्रहरूमध्ये हाम्रो गाउँनजिकका क्षेत्र तथा आफ्ना परम्परागत जमिनमा पुनरुत्थान गर्न हामीले कडा परिश्रम गरेका छौँ। उदाहरणका रूपमा वन डढेलोबाट पनि धेरै हानी नव्यहोर्ने प्रजातिहरूको सावधानीपूर्वकको रोपणलगायतका बचावटका धेरै रणनीतिहरू हामीसँग छन्। हामीसँग आगलागी व्यवस्थापन र संरक्षणका अरू परम्परागत विधिहरू समेत छन्, जसको प्रभावकारिता प्रमाणित भएका प्रमाणहरू छन्। हामीले केएफसिपीका कर्मचारीहरूलाई हाम्रो परम्परागत ज्ञान र विवेकका आधारमा सहयोगका लागि प्रस्ताव पनि राख्यौँ तर जुन ग्रहण भएन। बरु उनीहरू त त्यस्तो रणनीति पो विकास गर्न खोज्दै छन् जसले काम गर्नेछैन भन्ने हामीलाई अहिले नै थाहा छ।"

[१२] चिठी र प्रतिक्रियाको पुरै प्रति www http://www.forestpeoples.org/topics/redd-and-related-initiatives/publication/2011/letter-australian-delegation-central-kalimantan मा उपलब्ध छ।

**समुदायमा प्रभावकारी परामर्श नगरिनु र समुदायलाई संलग्न नगराइनु** – "हालसम्म समुदायमा भएका परामर्श तथा समुदायको संलग्नता परियोजनाका क्रियाकलापहरूलाई सहज बनाउन र परियोजना लागु गर्न मात्र लक्षित छन्। यसले समुदायको स्वतन्त्र, अग्रिम र सुसूचित सहमति जनाउँदैन।"

**रेडप्लस वा कार्बन के हो भन्ने बुझाइको कमी** – "बृहत् र विस्तृत प्रस्तुतीकरण र समुदायका बैठक बसेका भए तापनि तलव प्राप्त गरी परियोजनाका क्रियाकलापमा समावेश भएका लगायतका समुदायका प्रायः मानिसहरू रेडप्लस के हो, कार्बन के हो, तिनीहरूले कसरी काम गर्दछन् र परियोजनका क्रियाकलापहरूले कसरी उत्सर्जन कटौतीमा सहयोग गर्दछन् भन्नेमै अनभिज्ञ छन्। यस्तोमा उनीहरूको सहभागिता स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिबाट धेरै टाढा छ।"

**परियोजना तथा कार्यक्रमको प्रारूपमा समुदायको अभिव्यक्तिका लागि स्थान नहुनु** – "समुदायका बैठकहरु मौद्रिक भुक्तानी लिएर समुदायको सहमति प्रदान गर्नु र सहभागिता जनाउनुमा नै केन्द्रित छन्। परियोजनाका सम्पूर्ण क्रियाकलापहरू समुदायको पृष्ठपोषण अथवा सुझावका लागि समेत स्थान नदिई बाह्य क्षेत्रमा नै तयार भएका हुन्। समुदायको सहमति तथा सहभागिता पैसाको लोभले मात्र डोऱ्याएको छ, जुन परियोजनाको दिगोपन र परियोजना अवधिपश्चात् स्वामित्व ग्रहणका लागि हानिकारक छ।"

अस्ट्रेलियन सरकारले उक्त चिठीको जबाफ दियो, जसमा उठान गरिएका प्रमुख सबालहरूलाई सम्बोधन गरिएको थियो।

अस्ट्रेलियन सरकारले दयाक समुदायलाई पठाएको चिठीका केही अंशहरू :

- केएफसिपीका प्रारम्भिक क्रियाकलापहरूको केन्द्रविन्दु स्थानीय समुदायहरूसँगको पूर्ण र प्रभावकारी परामर्श हो। नहर बन्द गर्ने र पुनः वृक्षरोपण जस्ता भौतिक कार्यहरू समुदायसँगको बृहत् परामर्शपश्चात् मात्र सुरु भएको हो। भविष्यका क्रियाकलापहरूका लागि पनि यही नै आधार हुनेछ।

- केएफसिपीमा समुदायहरूको सहभागिता स्वेच्छिक हुन्छ र केएफसिपीले रेडप्लस र आफ्नोबारेमा समुदाय स्तरमा बुझाउनका लागि क्षमता अभिवृद्धि कार्यक्रम व्यापक रूपमा अगाडि बढाएको छ। सन् २००९ को खाका तयारी चरणपश्चात् जलवायु परिवर्तन, पिट क्षेत्रको जैविक अवस्था, रेडप्लस, वनको दिगो विकास, जीविकोपार्जनमा सुधार, सामुदायिक विकास, केएफसिपीको उद्देश्य र क्रियाकलापहरू तथा समुदायको चासोका अरू विषयमा जागरण चलाएको छ।

- सामुदायिक जमिनमा कुनै पनि कार्यको योजना बनाउँदा औपचारिक रुपमा सामुदायिक परामर्श गरी समुदायका सदस्यहरूको सहभागितामा र सरकारले अनुमोदन गरेको गाउँ विकास योजनाअनुसार हुन्छ।

- सङ्घीय विकास योजना नियोगका अनुसार मध्य कालिमन्तानमा केएफसिपी क्षेत्रहरू मध्ये सुरुमा सात गाउँहरूमा परामर्श गरिएको थियो, जसलाई केएफसिपीले सहजीकरण गरेको थियो।

- केएफसिपी एउटा प्रदर्शनी कार्यक्रम भएको हुँदा यसका कार्यक्रमहरूको प्रारूप तयार पार्ने कार्य जारी छ, जसको समुदायहरूसँगको परामर्शको आधारमा मूल्याङ्कन र समायोजन हुन सक्छ। केएफसिपीका सम्पूर्ण कर्मचारीहरू र परामर्शदाताहरूलाई क्रियाकलापहरूको खाका तथा योजना बनाउँदा समुदायको सहभागिता सुनिश्चित गर्न तालिम चालु छ।

सन् २०११ को मध्यमा केएफसिपी क्षेत्रका समुदायका अगुवाहरूले परियोजनाको समर्थन गर्दै वक्तव्य जारी गरे । स्पष्ट रूपमा नै प्रभावित समुदायहरू केएफसिपीप्रतिको आफ्नो धारणमा विभाजित छन् । परियोजनाले स्पष्ट रूपमा परियोजनाबाट प्रभावितहरूको जमिनको परम्परागत हक तथा प्रस्तावित परियोजनलाई सहमति प्रदान गर्ने वा नगर्ने भन्ने हकको सम्मान, छलफल र निर्णय प्रक्रियामा समुदायका संरचनाहरूको सम्मान र समुदायका आग्रहहरूको समयमै सम्बोधन गर्ने कुरा समुदायका सम्पूर्ण वर्गमा स्पष्ट रूपमा सुसूचित गर्नु नै ठुलो चुनौती रहेको इन्डोनेसियन गैरसरकारी संस्थाले पत्तो पायो ।

घटना अध्ययनका प्रश्नहरू :

- *हकवालाहरूको पहिचानसम्बन्धी अनुभवबाट उठान भएका महत्त्वपूर्ण सबालहरू केके हुन् ?*
- *तपाईँलाई यहाँ उपलब्ध जानकारीका आधारमा हकवालाहरूको पहिचानका लागि गरिएको प्रयासहरूको पहिचान गर्नुहोस् ।*
- *यदि तपाईँ यो रेडप्लस परियोजनाको कार्यान्वयन गर्दै हुनुहुन्थ्यो भने तपाईँ यस्तो अवस्थामा कस्ता कदमहरू चाल्नुहुन्थ्यो ?*
- *यहाँ आइपरेका कुनकुन चुनौतीहरू तपाईँको सन्दर्भमा पनि लागु हुन्छन् ? एफपिआइसीसँग सम्बन्धित भएर तिनीहरू कसरी समधान हुन्छन् ?*

स्रोत पत्र

# अधिकारवालाहरूको चिनारी

## रेडप्लसका सन्दर्भमा सरोकारवाला र अधिकारवालाका बिचमा के भिन्नता छ ?

रेडप्लसका योजनाहरू तयारी र कार्यान्वयन प्रक्रियामा एफपिआइसीको अधिकार कसमा छ भनि निर्धारण गर्न मद्दत गर्ने हुँदा सरोकारवाला र अधिकारवालाका बिचको भिन्नता छुट्याउनु महत्त्वपूर्ण छ। कहिलेकाहीँ यी दुई शब्दहरू एकअर्काका सट्टामा प्रयोग गरिए पनि बृहत् परामर्शलाई सहजीकरण गर्न भन्दा पनि सहमति खोज्नका लागि रेडप्लसमा एफपिआइसीको अधिकारसम्बन्धी छलफलका सहभागीहरूका लागि यी दुई शब्दहरूको भिन्नता छुट्याउन आवश्यक हुन्छ।

*सरोकारवाला परियोजनामा चासो भएको तथा परियोजनालाई प्रभाव पार्न सक्ने वा परियोजनाबाट प्रभावित हुने व्यक्ति, समूह, संस्था वा पद्धति हो। तर अधिकारवाला कुनै सामाजिक, कानुनी वा नैतिक आधारमा दाबी गर्न योग्य क्षेत्रमा बसोबास गरी आफ्नो हकको दाबी गर्ने व्यक्ति वा व्यक्तिहरूको समूह हो (युएनडिपी, २०११)।*

अर्को अर्थमा रेडप्लसको पहलकदमीमा प्रभाव पार्न सक्ने वा स्वयं यसबाट प्रभावित हुने कुनै प्रकारको हक धारण गरेको हकवाला नै सरोकारवाला पनि हुन सक्छ। तर पनि कुनै पनि पहलकदमी लिनुपूर्व उनीहरूको अनुमति लिनुपर्ने र उनीहरूको निर्णयको सम्मान गरिनुपर्ने हुँदा हकवाला सरोकारवाला भन्दा भिन्न हुन्छन्। त्यस्तै गुणस्तरीय संलग्नता, परामर्श र एफपिआइसीका लागि रणनीति तयारीका लागि परियोजनाका विभिन्न सरोकारवालाहरूको पहिचान गर्नु र उनीहरूमध्येबाटै हकवालाहरूबारे जान्नु आवश्यक हुन्छ।

हकवालाको उदाहरण केही रेडप्लस क्षेत्रका आदिवासी जनताहरू हुन्। विश्व बैंकको कार्यनीति ४.१ (जसलाई युएन–रेड कार्यक्रमले पनि पछ्याएको छ) ले सबै परियोजनाहरूले आदिवासी जनताहरूको खोजी गरी उनीहरूको एफपिआइसीको रक्षा गर्नुपर्नेमा जोड दिन्छ। आदिवासी जनताहरूलाई उनीहरूको आफ्नो सामूहिक पहिचान र त्यस पहिचानलाई अरूले दिने मान्यता, भौगोलिक रूपमा छुट्टै क्षेत्रमा बसोबास, पैतृक अधिकार क्षेत्र, त्यस क्षेत्रका प्राकृतिक स्रोतहरू, भिन्न संस्कृतिका आर्थिक, सामाजिक र राजनीतिक संस्थाहरू र परम्परागत भाषाका आधारमा पहिचान गरिन्छ।

## मान्यता के हो ?

मान्यता प्रदान गर्नु भनेको आभार व्यक्त गर्नु हो। यो सम्मानको एक स्वरूप हो। पहिचानले धेरै स्वरूप लिन्छ। सहभागी हुन आमन्त्रण गर्ने र विचारहरूको सही मूल्याङ्कन तथा ग्रहण गर्ने अवस्थामा यो अनौपचारिक हुन्छ वा कानुनी कागजपत्र निश्चित गर्ने अवस्थामा यो औपचारिक हुन्छ। जग्गाको लालपुर्जा औपचारिक मान्यताको उदाहरण हो।

## रेडप्लसका लागि एफपिआइसी प्रक्रियामा कस्ता प्रकारका हक र हकवालाहरूलाई मान्यता प्रदान गरिनुपर्दछ ?

ऐतिहासिक रूपमा एफपिआइसीको प्रक्रिया आदिवासी जनताहरूसँग सम्बन्धित छ । रेडप्लसको छलफलमा वनमा आश्रित मानिसहरूलाई समेत समावेश गरिएको छ (रिकफ्ट, २०११) र केही अवस्थाहरूमा स्थानीय समुदायहरूलाई समेत समेटिएको छ । अनौपचारिक अधिकार वा भोगाधिकार पद्धतिको मान्यता दिने कानुनी आधारहरूबारे प्रश्नहरू उब्जन्छन् किनभने धेरै राष्ट्रिय संविधानहरू तथा कानुनी संरचनाहरूले अझैसम्म पनि वनको परम्परागत भोगाधिकार र हकहरूको मान्यता दिदैनन् । केही राष्ट्रहरूले वनको पुनर्संरचना गर्दा त्यस्ता हकहरूलाई औपचारिक मान्यता दिन सुरु गरेका पनि छन् । हालको यस्तो अन्तर्राष्ट्रिय स्थिति हुँदाहुँदै पनि दिगो वन व्यवस्थापन सुनिश्चित गर्न यी परम्परागत अधिकारहरूलाई मान्यता दिनु तथा सम्मान गरिनु पर्दछ । यो कुरा हाल रेडप्लसको बहसमा उठिरहेको छ । त्यस्तै रेडप्लसको योजना बनाउँदा र कार्यान्वयन गर्दा एफपिआइसीको प्रक्रियाबाट यसले मान्यता पाउँछ भनेर युएनड्रिपले भन्दछ। त्यस्तै, यसलाई फरेस्ट स्टेवार्डसिप काउन्सिल (एफएस्सी)ले दिगो वन व्यवस्थापनका सन्दर्भमा धेरै अगाडिदेखि मान्यता दिँदै आएको छ। आदिवासी जनता र वनमा आश्रित समुदायहरूसँग काम गर्ने धेरै अभ्यासकर्ताहरूले रेडप्लसलाई स्थानीय जनताहरूको वन क्षेत्रको हक सुरक्षित गर्ने अवसरका रूपमा हेर्दछन् । यसलाई अहिले आदिवासी जनताको आत्मनिर्णयका सन्दर्भमा मात्र नभई वन क्षेत्रमा लामो समयदेखि जनताको परम्परागत अधिकार थियो भन्ने आधारमा पनि हेरिन्छ।

## हकवालाहरूको पहिचान गर्नका लागि वर्तमानका चुनौतीहरू केके हुन् ?

हकवालाहरूको पहिचान गर्नका लागि हालका चुनौतीहरू तल सूचीकृत गरिएका छन्। रेडप्लसका सन्दर्भमा चुनौतीहरू तपाईँ आफैले पनि थप्न सक्नुहुन्छ।


- परम्परागत रूपमा वन र वन पैदावर प्रयोग गर्दै आइरहेका वा वन तथा वन पैदावारसँग अन्य कुनै अनौपचारिक रूपमा सम्बन्ध राख्ने मानिसहरूलाई रेडप्लस परियोजना प्रस्तावकले पहिचान तथा सम्मान गर्नु पर्दछ। कोही यसको विपरीतमा पनि हुन सक्छन्।

- उनीहरूको रेडप्लसमा एफपिआइसीको हक सुनिश्चित गर्नका लागि अनौपचारिक हकवालाहरू र बृहत् सरोकारवालाहरूका बिचको फरक छुट्याइनुपर्दछ (सहमति वा असहमति व्यक्त गर्न सक्ने अधिकार हुन पनि सक्ने र नहुन पनि सक्ने हुँदा यसमा परामर्श पर्याप्त हुँदैन)।

- सम्बन्धित क्षेत्रमा प्रचलनमा रहेका हकहरूको जटिलताबारे बुझ्न उपयुक्त साधनहरू र क्षमता आवश्यक हुन्छ। यसमा अधिकारको नक्साङ्कन गर्ने औजारहरू पनि प्रयोमा आउन सक्छन् तर यी समुदायमा रहेका हकका बिटाहरू भन्दा पनि अधिकारको भौगोलिक क्षेत्रका सम्बन्धमा मात्रै अल्मलिइरहने सम्भावना हुन्छ।

- एफपिआइसी प्रक्रियाको उपयुक्त स्थानमा नछुट्न् भन्नाका लागि समुदायका सीमान्तकृत समूहहरू हकवालाहरूको नक्साङ्कनमा समावेश भएको सुनिश्चित गर्नुपर्दछ।

- तपाइँको आफ्नो थप्नुहोस्. ...........................................................................................।



अधिकारको औपचारिक मान्यताका लागि आदिवासी जनताहरू र समुदायहरूले यो जान्न आवश्यक छ कि :

- राज्यले जमिन/स्रोतको हकलाई कानुनी मान्यता प्रदान नगरेको अवस्था (जहाँ निर्णयहरू सदर नहुन वा उल्टिन सक्छन्) मा सहभागिताको तात्पर्य
- असल आशयका बहसहरूमा परियोजना प्रस्तावकले अनुमोदन गर्न सक्ने वा गर्ने अधिकारहरू स्पष्ट हुन आवश्यक छ
- जमिन/स्रोतको हकको पैरवीको निरन्तरताको महत्त्व
- समुदायहरूले कसरी राष्ट्रिय स्तरका सहयोगी संरचनाहरू (जस्तैः कानुनी सहयोग, नागरिक समाजको सहयोग) पहिचान गर्छन्
- उनीहरूको परियोजनमा सिधै समावेश नभएको तेस्रो पक्षसँग परामर्श गर्ने अधिकार

# १७ सहयोगी मान्यता : सहभागितात्मक निर्णय

**समय :**
१ घण्टा ३० मिनेट

**विधिहरू :**
१. मस्तिष्क मन्थन
२. समूहमा छलफल

**सामग्रीहरू :**
१. लहरमा क्रमैसँग मिलाएर राखिएका फ्लिप चार्टहरू
२. सहभागिताको चार वटा मान्यता भएको लिप चार्ट

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- एफपिआइसी खोज्ने क्रममा निर्णय प्रक्रियाका चरणहरूका बिचको फरक छुट्याउन सक्नेछन्।
- समुदायभित्र निर्णय प्रक्रियामा सहभागिताका विभिन्न चरणहरूको पहिचान गर्न र त्यसलाई आफ्नो सन्दर्भमा जोडेर हेर्न सक्नेछन्।
- समुदायको सहभागितात्मक निर्णय प्रक्रिया र एफपिआइसी खोज्ने प्रक्रियासँग सम्बन्धित सहभागिताका चार मुख्य मान्यताहरूको वर्णन गर्न सक्नेछन्।
- समुदाय स्तरमा रेडप्लसका लागि एफपिआइसी खोज्ने प्रक्रियामा प्रभावकारी सहभागिता सुनिश्चित गर्ने रणनीतिहरूको पहिचान गर्नेछन्।

## चरणहरू

१. एफपिआइसीका महत्त्वपूर्ण सहयोगी मान्यताहरूलाई गएका सत्रहरूसँग जोड्दै सत्रको सुरुवात गर्नुहोस्। यस सत्रमा हामी सहभागितात्मक निर्णय प्रक्रियामा केन्द्रित हुनेछौँ भन्नुहोस्।

२. एफपिआइसी खोज्ने प्रक्रियामा निर्णय गर्ने विभिन्न तहहरू केके हुन् भनी सहभागीहरूलाई सोध्नुहोस्। तपाईंको मतलव विभिन्न प्रकारका निर्णयहरूमा कोको संलग्न हुन्छन् *(समुदायभित्रका निर्णयहरू, समुदायका सदस्यहरूका बिचका निर्णयहरू, समुदायका उच्च वर्गका मानिसहरू र अगुवाहरूका बिचका निर्णयहरू र समुदाय र प्रस्तावकका बिचका निर्णयहरू)* भन्न हो। एफपिआइसीको निर्णय प्रक्रियाका तहहरूको गोलाहरू प्रस्तुत गर्नुहोस्।

३. स्रोत पत्रमा उल्लेख भए झैँ गरी कार्डहरूमा लेखेर र तिनीहरूलाई मिलाएर राखेर तालिका बनाउनुहोस् र भित्तामा एउटै लहरमा टाँस्नुहोस् । अब सहभागीहरूलाई निम्न बमोजिमका मननीय प्रश्नहरू सोध्नुहोस् :

   - *यस तालिकामा एफपिआइसीका उद्देश्यहरू कसरी समाहित हुन्छन् ?*
   - *एफपिआइसीका सन्दर्भमा सबैभन्दा प्रभावशाली सरोकारवाला को हो ?*

- *तपाईँको विचारमा परियोजनालाई अगाडि बढाउन परियोजना प्रस्तावक सहभागितात्मक निर्णयको एक अङ्ग हुनु सम्भव छ ? यो कुन अवस्थामा सम्भव हुन सक्छ ?*
- *के यो तालिका समुदायभित्रका निर्णयहरूमा पनि लागु हुन्छ ?*
- *यदि हुन्छ भने कसलाई चाहिँ समुदायभित्रको सबैभन्दा प्रभावशाली सरोकारवालाका रूपमा छुट्याउन सकिन्छ ?*
- *सहमति खोज्ने प्रक्रिया निर्माण गर्दा यस्ता तहहरूका बिचको भिन्नता छुट्याउन किन आवश्यक छ ?*
- *यदि प्रभावशालीहरूले सहमति प्रदान गर्ने अथवा असहमति प्रकट गर्ने निर्णयमा आफ्नो प्रभुत्व जमाए भने यसले रेडप्लस परियोजनालाई कस्तो असर गर्दछ ?*

४. यस सत्रमा तपाईँ समुदायभित्रको सहभागितात्मक निर्णय प्रक्रिया र यसका मान्यताहरूमा केन्द्रित हुनुहुनेछ भन्नुहोस्। अर्को अर्थमा यसमा सबै वन उपभोक्ताहरू र भूमिहीनहरू सहमति प्रदान गर्न वा असहमति व्यक्त गर्न संलग्न हुन्छन्।

५. निर्णय प्रक्रियामा सहभागिता किन आवश्यक हुन्छ भन्नेमा एउटा सङ्क्षिप्त मस्तिष्क मन्थन गराउनुहोस् (सहदायित्व, अन्तिम निर्णयमा चासो समावेश, दिगोपन आदि)।

६. सहभागितात्मक निर्णय प्रक्रियाका चारवटा मान्यताहरू (पूर्ण सहभागिता, पारस्परिक बुझाइ, समावेशी समाधान र जिम्मेवारीको बाँडफाँट) प्रस्तुत गर्नुहोस् र यिनीहरूलाई सहभागीहरूको उत्तरसँग र रेडप्लसको सन्दर्भमा एफपिआइसीसँग जोड्नुहोस्।

७. रेडप्लसमा सहमति प्रदान गर्ने वा असहमति व्यक्त गर्ने धारणासँग जोड्दै सहभागीहरूबाट आएका प्रश्नहरूको उत्तर दिनुहोस्।

८. सहभागीहरूलाई तिनतिन जनाको समूहमा विभाजन गर्नुहोस् र उनीहरूलाई समुदायको स्तरमा रेडप्लस परियोजनामा एफपिआइसी प्राप्त गर्ने सहभागितात्मक निर्णय प्रक्रियामा सहजीकरण गरेको कल्पना गर्न भन्नुहोस्। यसमा केले सहभागितालाई सहयोग पुऱ्याउँछ र केले अवरोध पुऱ्याउँछ भनी मस्तिष्क मन्थन गर्नका लागि भन्नुहोस्। उनीहरूलाई आफूले पत्ता लगाएका कुराहरूलाई विश्लेषण गर्न र पहिले छलफल गरिएका चार वटा मान्यताहरू प्रतिबिम्बित गर्ने र समावेशी सहभागिता सुनिश्चित गर्ने प्रमुख तिन रणनीतिहरू पहिचान गर्नका लागि भन्नुहोस्।

९. ३० मिनेट पछाडि सबै समूहहरूलाई आआफ्ना फ्लिप चार्टहरू देखाउन र अरूहरूको फ्लिप चार्टहरू अवलोकन गर्नका लागि भन्नुहोस्। सबै समूहहरूलाई पूर्ण सत्रमा उपस्थित गराई निम्न बमोजिम प्रश्नहरू सोध्नुहोस् :

- *सामुदायिक स्तरमा सहभागिताका लागि केले सहजीकरण गर्दछ ?*
- *सामुदायिक स्तरमा सहभागितालाई केले अवरोध गर्दछ ?*
- *हाम्रा साझा रणनीतिहरू के हुन् ?*
- *कुनकुन रणनीतिहरू भिन्न छन् ?*
- *सामुदायिक स्तरमा एफपिआइसी खोज्ने प्रक्रियामा समावेशी र प्रतिनिधिमूलक निर्णय प्रक्रिया सुनिश्चित गर्ने दायित्व कसको हो ?*
- *परियोजना प्रस्तावकले सामुदायिक स्तरको सहभागिताको स्तरलाई किन ख्याल राख्नुपर्दछ ?*
- *प्रस्तावकले केके सहयोग प्रदान गर्न सक्दछ ?*

१०. दिइएका प्रश्नहरूमा चिन्तन गरिसकेपछि एफपिआइसी प्रक्रियामा निर्णय प्रक्रियाका तहहरू पुनः अवलोकन गर्नुहोस् र यो सत्र सहभागितात्मक निर्णय प्रक्रिया सुनिश्चित गर्नका लागि हो भन्दै जोड दिनुहोस्। रेडप्लससम्बन्धी निर्णय प्रक्रियामा बाहृय क्षेत्रबाट स्थानीय स्तरमा शक्ति सन्तुलनको स्थानान्तरण गर्ने गरी एफपिआइसीको प्रारूप तयार गरिएको छ भनी भन्नुहोस्। एफपिआइसीका सन्दर्भमा 'हुन्छ' वा 'हुँदैन' भन्ने शक्ति हकवालाहरू (समुदाय)सँग सुरक्षित हुन्छ।

## प्रशिक्षकका लागि टिपोटहरू


सहभागीहरू तह र मान्यताहरूका बारेमा द्विविधामा पर्ने सम्भावना रहन्छ। सामुदायिक स्तरमा सहमति प्रदान गर्ने र परियोजना प्रस्तावक र समुदायका बिचका निर्णय गर्ने प्रक्रियाहरू फरकफरक हुन सक्ने हुँदा सत्रको सुरुवातदेखि नै उनीहरूले यो कुरा बुझेका छन् वा छैनन् भनी जाँच गर्नुहोस्।

स्रोतपत्र

# सहयोगी मान्यता : सहभागितात्मक निर्णय

## एफपिआइसी खोज्ने प्रक्रियाका निर्णय गर्ने विभिन्न तहहरू केके हुन् ?

समुदायभित्र नै गरिएको निर्णय र समुदायले बाह्य क्षेत्रका व्यक्ति वा संस्थाहरूसँग गरेको निर्णयका बिचको भिन्नता बुझ्न जरुरी हुन्छ।




## सहभागितात्मक निर्णयले कसरी स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिका प्रमुख सिद्धान्तहरूलाई टेवा दिन्छ ?

एफपिआइसीको एउटा प्रमुख सहयोगी मान्यता निर्णय प्रक्रियामा समावेशिता हो । यसको मतलव विभिन्न चाहना समूहहरूका बिचमा निर्णय गर्दा उनीहरूको चासो, विचार र सरोकार व्यक्त गर्ने स्थल उपलब्ध गराउनु नै अर्थपूर्ण निर्णय प्रक्रिया हो। केही व्यक्ति वा संस्थाहरू बसेर गरेको निर्णयभन्दा फरक यसले निर्णयको सहस्वामित्व तथा जिम्मेवारीको बाँडफाँटले गर्दा परियोजना कार्यान्वयन सहज बनाउन सक्छ।


एफपिआइसी आफैँले नै समुदाय वा हकवालाहरूलाई 'हुन्छ' वा 'हुँदैन' भन्ने अधिकार प्रदान गर्दछ। तर पनि समुदायमा केही हकवालाहरू अरू भन्दा अधिक प्रभावशाली हुन सक्छन् र अरूसँग परामर्श नै नगरी निर्णय लिन अभ्यस्त भएका हुन सक्छन्। एफपिआइसी सबै हकवालाहरू र रेडप्लस परियोजनाको कार्यान्वयनबाट हैसियत प्रभावित हुनेहरू (विशेष रूपमा जसको जमिन तथा वनको नियमित उपयोगको हक प्रभावित हुन्छ) का हकमा लागु हुन्छ। त्यसकारण यो प्रक्रिया प्रभावशाली व्यक्तिहरूको स्वार्थलाई टेवा दिने खालको मात्र हुनुहुँदैन। सहभागितात्मक निर्णयका लागि उचित निर्णय लिन र आफ्ना चासोसम्बन्धी सबालहरू उठाउन मानिसहरू सुसूचित हुनु आवश्यक छ। रेडप्लसमा एफपिआइसीसँग सम्बन्धित निर्णयका लागि निश्चित समूहको सहभागिताको अवरोध हटाउन उपयुक्त रणनीतिहरू र सहभागीहरूको सहभागिता वृद्धि गर्ने कारकहरूमा सुधार आवश्यक हुन सक्छ। त्यस्ता समूहहरूको सहभागिताका लागि बैठक नै जहिले पनि सबैभन्दा उपयुक्त विधि नहुन सक्छ।

**स्रोतपत्र**

# निर्णयमा कसको नियन्त्रण छ ?

## निर्णय प्रक्रियामा विभिन्न स्तरको सहभागिता

'सहभागितात्मक निर्णय' भन्ने शब्दले बृहत् स्तरको संलग्नतालाई समेट्छ । सहभागिताको स्तरअनुसार भिन्नभिन्न सहजीकरणका ढाँचा, कौशल र विधिहरू आवश्यक पर्ने हुँदा निर्णय प्रक्रियामा यसका स्तरहरूका बिचको भिन्नता छुट्याउन सक्षम हुनु आवश्यक हुन्छ। तल दिइएको तालिका जहिले पनि दायाँ भागबाट नै सुरु गर्नु सहज वा आवश्यक हुँदैन । कुन स्तरको निर्णय प्रक्रियालाई लक्षित गर्ने भन्ने पहलकदमीको उद्देश्य, सबालको जटिलता र गाम्भीर्यता र उपलब्ध मानव र आर्थिक स्रोतहरूमा भर पर्दछ।



## सबै चाहना समूहहरूले संयुक्त रूपमा लगानी, विश्लेषण र निर्णय गर्दछन्

इच्छुक समूहहरूले निर्णय प्रक्रियामा सक्रिय सहभागिता जनाएको अवस्थामा मात्र यी प्रमुख मान्यताहरू हासिल हुन्छन्

| | |
|---|---|
| **पारस्परिक बुझाइ**<br>विभिन्न चासोहरू भएको समूह दिगो समझदारीमा पुग्नका लागि यसका सदस्यहरूले अन्य मानिसहरूको आवश्यकता र लक्ष्यका कारण बुझ्न र ग्रहण गर्न आवश्यक छ। अरूको विचार बुझ्नाले र ग्रहण गर्नाले मानिसहरूलाई सबैको धारणा समेट्ने नवीन खाकाको रचना गर्न प्रोत्साहन गर्दछ। | **पूर्ण सहभागिता**<br>सहभागितात्मक प्रक्रियाहरूमा सबै इच्छुक समूहहरूलाई सक्रिय रूपमा संलग्न हुन र आफ्ना विचारहरू राख्न प्रोत्साहन गरिन्छ। यसले धेरै तवर बाट सरोकारवालाहरूलाई सुदृढ बनाउँछ। इच्छुक समूहहरूले कठिन सबाल उठाउने साहस बटुल्छन्, आफ्ना आवश्यकता र धारणाहरू कसरी व्यक्त गर्ने र प्रक्रियामा कसरी संलग्न सरोकारवालाहरूको धारणा र पृष्ठभूमिको विविधता पहिल्याउन र ग्रहण गर्न सकिन्छ भन्ने सिक्दछन्। |
| **समावेशी समाधान**<br>समावेशी समाधानहरू बुद्धिमत्तापूर्ण समाधान हुन्छन्। ती समाधानहरू प्रत्येक मानिसको विचार र आवश्यकताहरूको मन्थनबाट निस्केका हुन्छन्। यी समाधानहरूले बलवान् र प्रभावशालीहरूको दायरा र दृष्टिकोण मात्र नसमेटी सीमान्तकृत र निर्बलहरूको पनि बुझाइ र आवश्यकता सम्बोधन गर्दछन्। | **सहदायित्व**<br>सहभागितात्मक प्रक्रियाहरूमा दिगो समझदारी निर्माणका लागि इच्छुक समूहहरूले गहन जिम्मेवारी महसुस गर्दछन्। आफूले प्रस्ताव गरेको प्रस्तावको कार्यान्यवनका लागि आफैं अग्रसर हुनुपर्ने कुरालाई अङ्गीकार गर्दै अन्तिम निर्णयमा पुग्नुअघि उनीहरू एकअर्काको धारणा आदानप्रदानका लागि हरसम्भव प्रयास गर्दछन्। यो मान्यता केही अगुवाहरूले गरेको निर्णयका असरका लागि सबै जना जिम्मेवार हुन्छन् भन्ने पुरानो मान्यताबाट धेरै भिन्न छ। |

# १८ सहयोगी मान्यता : प्रभावकारी सञ्चार

**समय :**
१ घण्टा ३० मिनेट

**विधिहरू :**
१ अनुभूति नक्साङ्कन
२. समूहगत कार्य र आदानप्रदान

**सामग्रीहरू :**
फ्लिप चार्ट, मार्कर र पोस्ट–इटहरू

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- एफपिआइसीका सिद्धान्तहरूमा प्रभावकारी सञ्चारको भूमिकाको व्याख्या गर्न सक्नेछन्।
- आफ्नो रेडप्लस पहलकदमीको अनुभवका आधारमा समुदायको आफूले चिनेको व्यक्तिको अनुभूति नक्साङ्कन गरी आदानप्रदान गर्नेछन्।
- उपयुक्त सञ्चारका रणनीतिहरूसँग सूचनाका प्रमुख क्षेत्रहरूलाई संयोजन गर्नेछन्।
- एफपिआइसी खोज्ने तथा निरन्तरता दिने प्रक्रियाको अंशका रूपमा सञ्चार र क्षमता अभिवृद्धि रणनीतिको महत्त्वबारे वर्णन गर्न सक्नेछन्।

## चरणहरू

१. एफपिआइसीका सिद्धान्तहरूलाई सहयोग गर्ने अन्तिम मान्यता प्रभावकारी सञ्चार हो। यसैले प्रभावकारी सञ्चारले सहमति खोज्ने प्रक्रियामा कसरी सहजीकरण गर्दछ भन्नेमा यो सत्र केन्द्रित रहनेछ भनेर बताउनुहोस्।

२. सहभागीहरूलाई जोडी बनाएर रेडप्लका लागि एफपिआइसीमा प्रभावकारी सञ्चारको सम्बन्ध तथा यसको तात्पर्य के हुन सक्छ भनी छलफल गर्न लगाउनुहोस्। सबै जोडीका उत्तरहरूलाई दोहोऱ्याउँदै त्यसलाई सबैले देख्ने गरी फ्लिप चार्ट वा कार्डहरूमा लेख्नुहोस्।

३. सहभागीहरूलाई एफपिआइसीका सिद्धान्तहरूसँग प्रभावकारी सञ्चार कसरी सम्बन्धित हुनसक्छ भनी पुनः स्मरण गर्न लगाउनुहोस्।

४. प्रत्येक सहभागीलाई फ्लिप चार्ट प्रदान गर्नुहोस् र रेडप्लस सन्दर्भमा र स्थानीय मानिसहरूसँगको अन्तर्क्रियामा आधारित उनीहरूका अनुभवका बारेमा केही समय उनीहरूलाई एक्लाएक्लै चिन्तन गराउन चाहनुहुन्छ भन्ने कुरा बताउनुहोस्।

५. आफूले सत्र सरु हुनुपूर्व बनाएको फ्लिप चार्टको प्रयोग गरी अनुभूति नक्साङ्कन गर्ने प्रक्रिया क्रमिक रूपमा सुरु गर्नुहोस् । प्रथमतः आफूले समुदायमा भेटेको रेडप्लस परियोजनामा सामेल भइसकेका एक प्रमुख व्यक्ति (वन उपभोक्ता वा गाउँको अगुवा) का बारेमा सोच्न लगाउनुहोस् । उनीहरूलाई सकेसम्म उनीहरूले सोचेको व्यक्तिको अनुहारको चित्र बनाउन लगाउनुहोस् । तपाईँले उनीहरूको कलात्मक क्षमता मापन गर्न खोजेको नभई उनीहरूलाई उक्त व्यक्तिको स्थानमा राखेर रेडप्लस परियोजनासँग उक्त व्यक्तिको सम्बन्धको कल्पना गराउन चाहनुहुन्छ भनी भन्नुहोस् ।

६. उक्त व्यक्तिको अनुहारको चित्र बनाइसकेपछि अभ्यासमा दिएअनुसार नक्साको अरू खण्डहरू पनि विस्तार गर्न भन्नुहोस् (अभ्यास पत्र हेर्नुहोस्) । प्रत्येक खण्ड (सुनाइ, हेराइ, सोचाइ, भनाइ, गराइ र भोगाइ) मा काम गर्न केही मिनेट दिनुहोस् । उनीहरूले उक्त व्यक्तिको रेडप्लस परियोजनाको अनुभव बारेको आफ्नो छाप पालैसँग सुनाइ, हेराइ, सोचाइ, भनाइ, गराइ र भोगाइ व्यक्त गर्नुपर्छ । प्रत्येक सहभागीलाई सो कार्य गर्न २० मिनेट समय दिनुहोस् ।

७. अनुभूति चित्र बनाइसकेपछि सहभागीलाई साना समूहरूमा बाँडिन भन्नुहोस् र समूहका अन्य सदस्यहरूलाई आफ्नो अनुभूति चित्र देखाउन लगाउनुहोस् । उनीहरूले छनोट गरेका व्यक्तिहरूको समानता र भिन्नता तथा छानेका व्यक्तिहरूका विषयमा छलफल गर्न प्रोत्साहन गर्नुहोस् ।

८. प्रत्येक समूहलाई आफूले बनाएको चित्र भित्तामा टाँस्न लगाउनुहोस् र तिनीहरूको समानता र भिन्नताका बारेमा आफ्नो प्रतिक्रिया दिनुहोस् ।

९. प्रत्येक समूहबाट पृष्ठपोषण प्राप्त गरिसकेपछि सबै समूहहरूलाई निम्न बमोजिमका मननीय प्रश्नहरू सोध्नुहोस् :

- *तपाईँलाई यो कार्य गर्दा कस्तो अनुभव भयो ?*
- *यसलाई केले सहज बनायो ? केले यसलाई असहज बनायो ?*
- *अरूको दुष्टिकोणबाट हेर्दा, सुन्दा, अनुभव गर्दा परियोजना सुरुवात र कार्यान्वयन गर्न कस्तो सहयोग मिल्छ होला ? अनुभूति चित्रमा कस्तो परिपाटी देखा पऱ्यो ?*
- *रेडप्लसको सर्न्दभको प्रभावकारी सञ्चारको हाम्रो विश्लेषणको असर के होला ?*

१०. अनुभूति चित्रको निर्माण समुदायको नजरबाट सोच्न सहयोग गर्ने एउटा विधि हो तर हाम्रो बुझाइ अझै पनि मापन गरिनुपर्ने हुन सक्छ भन्दै चिन्तनमा सहजीकरण गर्नुहोस् ।

११. कति जना सहभागीहरू विगतमा प्रभावकारी सञ्चार रणनीतिहरू तर्जुमा तथा कार्यान्वयन गर्न संलग्न भएका थिए सोध्नुहोस् । प्रभावकारी सञ्चारका सूचकहरबारे उनीहरूलाई सोध्नुहोस् । धेरै रेडप्लस परियोजनाहरूले सञ्चारका रणनीतिहरू तय तथा सशक्तीकरण कार्यक्रम सञ्चालन गरिसके तर धेरै स्थानीय जनता अझै पनि यो परियोजनाबारे अनभिज्ञ छन् भनी भन्नुहोस् ।

१२. सबै सहभागीहरूलाई तालिम कक्षमा भएको छलफल र अनुभूति चित्रहरू दिमागमा राखी आआफ्नो सुरुको छलफल समूहमा फिर्ता जान आग्रह गर्नुहोस् । उनीहरूलाई निम्न दुई महत्त्वपूर्ण प्रश्नहरूको उत्तर दिन आग्रह गर्नुहोस् :

- *तपाईँको अनुभूति चित्रको आधारमा स्थानीय रेडप्लस क्षेत्र/परियोजनामा सञ्चार गर्दा आइपर्ने मुख्य अवरोधहरू केके हुन् ?*

- *यस्ता अवरोधहरूबाट पार लाउने सबैभन्दा प्रभावकारी सञ्चारका रणनीतिहरू के हुन सक्छन् ?*

१३. ३० मिनेटपछाडि प्रत्येक समूहलाई आफ्नो अनुभूति चित्र सँगै राखेर आफूले निकालेको निष्कर्ष देखाउन लगाउनुहोस्। प्रत्येक समूहलाई अर्को समूहको निष्कर्ष पढ्न र स्पष्ट हुनका लागि प्रश्नहरू सोध्न आग्रह गर्नुहोस्।


१४. सम्पूर्ण समूहहरूलाई पूर्ण सत्रमा फिर्ता बोलाउनुहोस् र हकवालाहरूको संलग्नताका लागि तयारी गर्न सञ्चारका रणनीतिहरूको भूमिका के हुन्छ सोध्नुहोस् ? किन, को, कसरी, कहिले जस्ता शब्दहरू फ्लिप चार्टमा लेख्नुहोस् र यिनीहरूको उक्त रणनीतिसँग कस्तो सम्बन्ध हुन्छ भनी सोध्नुहोस्। रेडप्लसको निश्चित समुदायमा सञ्चारका रणनीतिहरू निर्माण गर्दाको उदाहरणहरू प्रयोग गर्नुहोस्।

१५. रणनीतिको खाकाका बारेमा छलफल गरिसकेपछि कसले रणनीति बनाउने हो र त्यसमा लक्षित समुदायको भूमिका कस्तो हुन सक्छ भनी सहभागीहरूलाई सोध्नुहोस्।

१६. सञ्चारका रणनीति बनाउने कार्य विशेषज्ञको क्षेत्र भएको हुँदा यो सत्र उनीहरूलाई सञ्चारका रणनीति बनाउन सक्षम बनाउन नभई एफपिआइसी प्रक्रियामा रणनीतिको महत्त्व बुझ्न सक्षम बनाउनका लागि लक्षित थियो भन्दै सत्रको समापन गर्नुहोस्।

अभ्यास

## अनुभूति चित्र बनाउने तरिका





रेडप्लस परियोजनाका सन्दर्भमा आफूले अन्तर्क्रिया गरेको कुनै लैङ्गिक समूह वा उमेर समूहको एक व्यक्ति छान्नुहोस्। बिचमा उसको अनुहारको चित्र बनाउनुहोस् र रेडप्लससम्बन्धी सम्भव भएसम्म उसका अनुभव र दृष्टिकोण अनुमान गर्दै चित्र पुरा गर्नुहोस्। उसले रेडप्लस सम्बन्धमा के देखेको छ, के सुनेको छ, के भन्छ, के गर्छ र के अनुभव गर्छ आदि क्रमैसँग भर्दै जानुहोस्।

समूहमा आफूले बनाएको चित्र प्रदर्शन गर्नुहोस् र निम्न प्रश्नमा छलफल गर्नुहोस् :

- *के समान छ ? किन ?*
- *के भिन्न छ ? किन ?*
- *आफूले छनोट गरेको व्यक्तिले आफ्नो वन/रेडप्लसका सन्दर्भमा के आश गरेको छ ?*
- *त्यस्ता व्यक्तिको प्रेरणाको स्रोत के हो ?*
- *यस्ता विभिन्न कारकहरूले कसरी सञ्चारका रणनीतिलाई प्रभाव पार्छन् ?*

स्रोतपत्र

# प्रभावकारी सञ्चार




## एफपिआइसी खोज्ने प्रक्रियामा प्रभावकारी सञ्चारको आवश्यकता किन पर्दछ ?

मानिसहरू निर्णय गर्दा स्वतन्त्र र सुसूचित छन् भन्ने सुनिश्चित गर्नका लागि एफपिआइसी खोज्ने कुनै पनि प्रक्रियाका लागि प्रभावकारी सञ्चारको आवश्यकता पर्दछ। सबै चाहना समूहहरूसम्म जानकारी पुगेको सुनिश्चित गर्नु, चाहना समूहहरूका बिच छलफल र बहस गर्नु, लाभ, जोखिम, सम्भावित असर र पछिल्लो विकासक्रमहरूका विषयमा मानिसहरू जानकार भएको सुनिश्चित गर्नु नै प्रभावकारी सञ्चारको अर्थ हुन आउँछ। सम्बन्धित समुदायलाई हरसम्भव जानकारी उपलब्ध गराउन उपयुक्त साधनहरूको प्रयोग गरी उपयुक्त भाषा र माध्यमहरूमा सूचना अनुवाद गरिनु आवश्यक हुन सक्छ।

## संचारका रणनीति किन विकास गरिनुपर्छ ?


परियोजनाको कार्यान्वयनका लागि बाह्य क्षेत्र वा भित्रैबाट रेडप्लस परियोजनाको प्रक्रियामा लागेको समुदायमा परियोजना अवधिभर नै बिना रोकतोक सूचना र स्पष्ट सन्देशहरू बहाव हुनु आवश्यक छ। त्यसकारण यसलाई एफपिआइसीको मार्गचित्रभित्र समेट्नु अति नै आवश्यक छ। एउटा स्पष्ट रणनीतिले सबैभन्दा महत्त्वपूर्ण अन्तर्क्रियामा केन्द्रित हुन र रेडप्लस परियोजनासँग सम्बन्धित प्रमुख सबालहरूमा प्रकाश पार्न सहयोग गर्दछ।

## रणनीति कसले बनाउनुपर्दछ र त्यसमा समुदायको के भूमिका हुन्छ ?

परियोजना प्रस्तावकको सहकार्य र गाउँका हकवालाहरूको सल्लाह लिई विशेषज्ञहरूले रणनीति बनाउनुपर्दछ।

## सञ्चारका रणनीतिको खाका कस्तो हुनुपर्छ ?

| रणनीतिको खाका | मुख्य सवालहरू |
|---|---|
| **किन** | रेडप्लसको क्षेत्र/समुदायका सन्दर्भमा रणनीतिका मुख्य उद्देश्यहरू र कारणहरूबारे प्रकाश पान |
| **कसले** | हकवालाहरूको उल्लेख र वर्गीकरण गर्दै अन्तर्क्रिया समूहहरू, उपभोक्ता समूहहरू र लैङ्गिक समूहहरूको पहिचान |
| **के** | रेडप्लसको प्रारूप तयार पार्न र कार्यान्वयन गर्न आवश्यक निर्णयका लागि अत्यावश्यक सन्देशहरूको सञ्चार<br>उपयुक्त लक्षित स्रोताहरूका लागि सञ्चार अभियानको योजना तयार |
| **कसरी** | समुदायभित्रै वा समुदायबाहिरबाट सञ्चारका रणनीतिहरू तय गरेर<br>सहभागितात्मक सूचक र अनुगमन योजना बनाएर<br>सरल र सांस्कृतिक रूपमा संवेदनशील सञ्चारका साधनहरू प्रयोग गरेर |
| **कहिले** | कार्यक्रमहरूको वार्षिक योजना बनाएर |
| **टिपोटहरू** | सञ्चार कुनै उत्पादन वा घटनामा मात्र सीमित रहँदैन; चालु प्रक्रियाहरू र लक्षित समूहहरूको अन्तर्क्रियामा सञ्चार केन्द्रित गरिनुपर्दछ |



सिकाई तह

# ४

# एफपिआइसी कार्यान्वयनका प्रमुख चरणहरू



यो सिकाइको तहले एफपिआइसी खोज्ने प्रक्रियाको मेरुदण्डका रूपमा रहेका बृहत् चरणहरूको रूपरेखा प्रस्तुत गर्ने जमर्को गर्दछ। यसले सहभागीहरूले एफपिआइसीलाई कुनै एक पटकमा कोठाहरूमा रेजा लगाएर सक्ने चरण भन्दा पनि यसलाई रेडप्लस परियोजनाको प्रारूप तयार पार्ने प्रक्रियाको अभिन्न अङ्गका रूपमा बुझ्नु् भन्ने कुराको सुनिश्चित गर्दछ । यस सिकाइ तहले एफपिआइसी कसरी परियोजना व्यवस्थापन चक्रमा समाविष्ट रहेको छ भन्ने कुरा दर्साउँछ। यी सत्रहरूलाई कुनै निश्चित परियोजना वा वस्तुगत अवस्थामा एफपिआइसी खोज्न अनुकूलन गर्न सकिन्छ। यदि तपाईँसँग सम्पूर्ण सत्रहरूमा जोडदिन समय छैन भने सहभागीहरूले सम्पूर्ण चरणहरूमाथि विचार गरुन् र कुनै चरण पनि नछुटोस् भन्ने सुनिश्चित गर्नका लागि सङ्क्षिप्त परिचय सत्र उपयोगमा ल्याउन सक्नुहुन्छ ।

# १८ एफपिआइसी कार्यान्वयनका महत्त्वपूर्ण चरणहरूको सङ्क्षिप्त परिचय

**समय :**
२ घण्टा :
- एक घण्टा सामूहिक कार्य
- ४० मिनेट आदानप्रदान
- १० मिनेट समापन

**तरिकाहरू :**
१. समूहगत छलफल र चित्र कोर्ने
२. चित्रहरूको प्रर्दशनी तथा सामूहिक पृष्ठपोषण

**सामग्रीहरू :**
१. महत्त्वपूर्ण चरणहरू लेखिएका कार्डहरू; एउटा कार्डमा एउटा मात्र चरण
२. पहिले नै संरचना तयार पारिएको फ्लिप चार्ट, गम र ब्लु ट्याग
३. "समुदायले के जान्न जरुरी छ ?" भनेर लेख्न पुग्ने खाली ठाउँ भएको र प्रत्येक तत्त्वहरू ठुला अक्षरमा लेखिएका एफोर साइजका रङ्गीन कार्डहरू (स्थायी रूपमा भित्तामा टाँसेर प्रर्दशनीका लागि)

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- एफपिआइसी खोज्ने प्रक्रियाका पाँच प्रमुख चरणहरू पहिचान गरी तिनीहरूको वर्णन गर्न सक्नेछन् ।
- कुनै एक वा सो भन्दा बढी चरणहरू छोड्दा हुने असरको विश्लेषण गर्नेछन् ।

## चरणहरू

१. सहभागीहरूलाई यस सिकाइ तह ४ (एफपिआइसीका प्रमुख चरणहरू)मा एफपिआइसीका आधारभूत चरणहरूलाई विस्तृत रूपमा परीक्षण गरिँदै छ भनी बताउनुहोस् । तपाईँले यसलाई तालिमको बहाव र खाका तयारीसँग पनि जोड्न सक्नुहुन्छ ।

२. सहभागीहरूले कहीँकतै एफपिआइसीको कार्यविधि निर्देशिका भेटेका थिए कि भनेर प्रश्न गर्नुहोस् । उनीहरूलाई उक्त निर्देशिकाका विधिहरू/सिद्धान्तहरू/तत्त्वहरू स्मरण गर्नका लागि भन्नुहोस् । (यदि सहभागीहरूमा निर्देशिकाको कुनै ज्ञान छैन भने अर्को चरणमा प्रवेश गर्नुहोस् । उनीहरूले वन प्रमाणीकरण वा अन्य निजी लगानीका लागि आदिवासी मानिसहरूमा केन्द्रित सहमति प्रक्रियाको एफपिआइसीको मार्गनिर्देशन भेटेको हुन सक्ने कुरा ख्याल गर्नुहोस् ।) यदि उनीहरूले त्यस्तो कुनै मार्गदर्शन भेटेको बताए भने त्यसको नाम लिप चार्टमा लेख्नुहोस् र सत्रमा पछि चिन्तन गर्दा त्यसलाई पनि प्रयोगमा ल्याउनुहोस् ।

३. रेडप्लसमा एफपिआइसीको मार्गदर्शनको पाटोका रूपमा तपाईं यस सत्रमा पाँच प्रमुख तत्त्व वा चरणहरूमा केन्द्रित हुनुहुनेछ र उनीहरूले यी चरणहरूमा खोजबिन गर्न र यिनीहरूको महत्त्व पत्ता लगाउन एउटा सामूहिक सहभागितात्मक अभ्यास गर्नेछन् भन्ने कुरा बताउनुहोस् ।

४. एउटा एउटा कार्ड गर्दै प्रत्येक प्रमुख चरणहरू पढ्दै बेसिलसिलेवार तवरबाट भित्तामा टाँस्नुहोस् । यी चरणहरू दिइएकै क्रममा कार्यान्वयन गर्नुपर्छ भन्ने छैन तर यिनीहरू एफपिआइसीका अत्यावश्यक अवयव वा मसलाहरू हुन् भनेर भन्नुहोस् । यसकारण निर्देशिकामा उल्लेख तिनीहरूको वास्तविक क्रम सहभागीलाई नदेखाउनुहोला । तपाईँ एउटा खाना पकाउने ठुलो भाँडाको चित्र देखाउन सक्नुहुन्छ, जहाँ कार्डहरूले मसला जनाउँछन् ।

५. तपाईं प्रत्येक तत्त्व वा चरण पढ्दा त्यसबारे विस्तृतमा वर्णन नगर्नुहोस्। उनीहरूले त्यहाँ प्रयोग भएका शब्दको अर्थ बुझेका छन् भन्ने कुरा मात्र सुनिश्चित गर्नुहोस्।

६. भिन्नभिन्न पृष्ठभूमि वा चासो भएका चार वा पाँच जना रहने गरी समूहहरू बनाउनुहोस्।

७. यस अभ्यासले उनीहरूको अनुभवमा वृद्धि गर्नेछ र आउँदा सत्रहरूले प्रत्येक चरणका विवरणहरूको मापन गर्नेछन् भनी बताउनुहोस्।

८. भित्तामा टाँसिएका कार्डहरू जस्तै छन् ? भन्दै प्रत्येक समूहहरूलाई चरणहरू उल्लेख भएका उनीहरूका कार्डहरूको सेट प्रदान गर्नुहोस्।

९. छलफलको ढाँचा (अभ्यासमा भए जस्तै तिन वटा कोलम भएको एउटा तालिका) प्रस्तुत गर्नुहोस् र सबैभन्दा बढी परिचित भएको कार्ड सुरुमा छान्दै उनीहरूलाई सहज महसुस हुने क्रममा ती कार्डहरूबारे छलफल गर्नका लागि भन्नुहोस्।

१०. ४० मिनेटपश्चात् सबै समूहहरूलाई एकत्रित गर्नुहोस् र उनीहरूको कार्यलाई फ्लिप चार्टको स्ट्यान्ड वा भित्तामा टाँसेर प्रदर्शन गर्नका लागि भन्नुहोस् । प्रत्येक समूहलाई अरू प्रत्येक समूहले गरेका कार्य अवलोकन गर्न लगाउनुहोस्।

११. खाली ठाउँमा चार्टहरूलाई लहरै मिलाएर राख्नुहोस् जसले गर्दा सहभागीहरू तथा प्रशिक्षक दुवै पक्षहरूले तिनीहरूलाई सजिलैसँग तुलना गर्न सकून्।

१२. निम्न प्रश्नहरू सोधी चिन्तन अभ्यासको सहजीकरण गर्नुहोस् :

- *चरणहरूका महत्त्वका बारेमा के सबै समूहहरूका धारणाहरू समान थिए ? के चाहिँ फरक थियो ? के सबै समूहहरू यसमा सहमत छन् ?*
- *के चरणहरू एकआपसमा सम्बन्धित छन् ? किन र कसरी ? के तिनीहरू कुनै लय मिलाएर राखिनुपर्दछ ? किन ?*
- *कुन चरणहरूमा बढी जोड दिन आवश्यक हुन्छ ? कुन सन्दर्भमा र किन ?*
- *कुनै चरणहरू छोड्दाको असरका रूपमा के परिपाटी सुरु हुन्छ ?*
- *कुन चरण सामान्यतया छुट्छ वा बेवास्ता गरिन्छ जस्तो लाग्छ ? किन ? यसलाई कसरी सम्बोधन गर्न सकिन्छ ?*
- *कुन चरणमा कसले र किन नेतृत्व लिनुपर्दछ ?*

१३. चिन्तन गरिसकेपछि प्रत्येक चरणलाई एकएक गरी प्रत्येक तत्त्वमा कसले नेतृत्व लिन्छ भन्ने टिपोटसमेत तालिम कक्षको भित्तामा टाँस्दै पुनः एकपटक सबैमा छलफल गर्नुहोस्। यो प्रदर्शनी तालिम अवधिभर नै रहनेछ र प्रत्येक चरणका विषयमा तालिमका दौरानमा अझ बढी खोजबिन गरिनेछ भनी बताउनुहोस्। एफपिआइसीको मार्गचित्रमा अघि बढ्दै जाँदा समुदायले जान्न आवश्यक कुराहरु थप्दै गइनेछ भन्नुहोस्।

१४. रेडप्लसमा एफपिआइसी क्रमिक रूपमा विकसित हुँदै गइरहेको हुँदा कुनै पनि चरणहरू अपरिवर्तनीय छैनन् भन्ने कुरामा जोड दिँदै सत्रको समापन गर्नुहोस्। एफपिआइसीलाई व्यवहारमा कार्यान्वयन गर्दै जाँदा यो अझ विकसित हुँदै जान्छ र परिस्थिति अनुसार प्रत्येक चरणलाई अन्य चरणहरू भन्दा बढी जोड दिनु आवश्यक हुन सक्छ।

१५. निःसन्देह भविष्यको कार्यप्रणाली हालका कार्यप्रणालीहरूबाट नै विकास हुने हो तर हाललाई चाहिँ यी मार्गदर्शनहरू नै रेडप्लस प्रक्रियामा एफपिआइसीको योजना बनाउन, कार्यान्वयन गर्न र अनुगमन गर्न निर्देशकका रूपमा रहेका छन् भन्दै सारांश निकाल्नुहोस्। आउँदा सत्रहरूले प्रत्येक विषयलाई छुट्टाछुट्टै प्रस्तुत गर्नेछन्।

## प्रशिक्षकका लागि टिपोटहरू

यो सत्र एफपिआइसी कार्यान्वयनका प्रमुख चरणहरूको सङ्क्षेपमा परिचय दिन लक्षित छ (यो रिकफ्ट[१३] र जिआईजेड् का मार्गदर्शनमा भएका १२ चरणहरूलाई सरलीकरण गरेर तयार पारिएको कुरा टिपोट गर्नुहोस्) । यी सामग्रीहरूमा अरू चरणहरूलाई भिन्नै तवरले प्रस्तुत गरिएको छ। सामूहिक कार्यका दौरान प्रत्येक तत्त्वहरूको वर्णनमा अनावश्यक गहिराइसम्म नजानुहोस्। सत्रको बिट मार्दा समुदायले के जान्न जरुरी छ भन्ने कुरा टिपोट गर्न तपाईँले प्रत्येक कार्डहरूमा पर्याप्त खाली ठाउँ छोड्नका लागि सम्झनुहोस्। यी टिपोटहरू कार्यान्वयनका सत्रमा मात्र आवश्यक छन् र यिनीहरूका बारेमा प्रत्येक स्रोतपत्रमा जानकारी पाउन सकिन्छ।

१३ Free, Prior, Informed Consent in REDD+: Principles and Approaches for Policy and Project Development. RECOFTC and GIZ 2011.

**अभ्यास**

## एफपिआइसी कार्यान्वयनका प्रमुख चरणहरूको सङ्क्षेपमा परिचय

छलफलका लागि तल दिइएका कार्डमा लेख्नुहोस् अथवा छाप्नुहोस् ।

| |
|---|
| **निर्णय गर्ने उपयुक्त संस्थाको छनोट** |
| **परियोजना चक्रका सन्दर्भमा सहमतिको खोजी तथा प्राप्तिका लागि प्रक्रियाको विकास** |
| **अनुगमन र सहयोग : सहमतिको निरन्तरता** |
| **गुनासो व्यवस्थापन प्रक्रियाको विकास** |
| **सहमतिको प्रमाणीकरण** |

## अभ्यास

समूहहरूले एकआपसमा आदानप्रदान गर्दा तुलनाका लागि योग्य ढाँचाको प्रयोग गरून् भन्ने सुनिश्चित गर्नका लागि निम्न तालिकालाई फ्लिप चार्टमा पहिले नै उतार्न पनि सकिन्छ।

| चरणहरू | यो चरण किन महत्त्वपूर्ण छ ? | यो चरण छुट्यो भने के हुन्छ ? | यस चरणमा कसले नेतृत्व गर्छ ? |
|---|---|---|---|
| निर्णय गर्ने उपयुक्त संस्थाको छनोट | | | |
| परियोजना चक्रका सन्दर्भमा सहमतिको खोजी तथा प्राप्तिका लागि प्रक्रियाको विकास | | | |
| अनुगमन र सहयोग : सहमतिको निरन्तरता | | | |
| गुनासो व्यवस्थापन प्रक्रियाको विकास | | | |
| सहमतिको प्रमाणीकरण | | | |

**स्रोतपत्र**

## एफपिआइसीका प्रमुख चरणहरू केके हुन् ?

| एफपिआइसीका प्रमुख चरणहरू के के हुन् ? | यो चरण किन महत्त्वपूर्ण छ ? | यो चरण छुट्यो भने के हुन्छ ? | यस चरणमा कसले नेतृत्व गर्छ ? |
|---|---|---|---|
| निर्णय गर्ने उपयुक्त संस्थाको छनोट | एफपिआइसी अधिकारको सम्मान तथा आत्मनिर्णयको अधिकार सुनिश्चित गर्छ जसले गर्दा कसले आफ्ना लागि निर्णय गर्दछ भनी समूहहरूले निर्णय गर्न सक्छन्। | समुदायका बोलवालाहरू/सरकारी अगुवाहरू/संरचनाहरूले निर्णयमा आफ्नो प्रभुत्व जमाउन सक्छन् र हकवालाहरूका वास्तविक दृष्टिकोणको प्रतिनिधित्व नगर्न सक्छन्, जसको परिणामस्वरूप परियोजना लक्ष्यबाट विमुख हुन सक्छ। | समुदाय/ हकवालाहरू |
| सहमतिको खोजी तथा प्राप्तिका लागि प्रक्रियाको विकास | सहमति प्रदान वा असहमति प्रकट हुन सक्ने प्रक्रिया परियोजना प्रस्तावक र समुदाय दुबैले बुझ्दछन् भन्ने सुनिश्चित गर्दछ। विश्वास र पारस्परिक बुझाइको निर्माण गर्दछ।<br>एफपिआइसीलाई एकै पटकमा सम्पन्न हुने प्रक्रियाका रूपमा बुझिएको छैन भन्ने सुनिश्चित गर्दछ र परियोजना चक्रका विभिन्न बिन्दुहरूलाई विशेष महत्त्व प्रदान गर्न सक्छ। | समझदारीको गलत सञ्चार वा असमझदारी र विवाद सृजना हुन सक्छ।<br>सहमतिलाई एकै पटकमा सम्पन्न हुने प्रक्रियाका रूपमा बुझिन सक्छ र पछिपछि सहमति प्राप्त नहुन सक्छ। | हकवालाहरू र परियोजना प्रस्तावक |
| समझदारी भएका कुराहरूको कार्यान्वयनको अनुगमन | सम्झौता भएको कुरा दुबै पक्षले पालना गर्छन् भन्ने सुनिश्चित गर्छ र अनावश्यक हल्लाहरू कम गर्दै भएका कार्यहरूको अभिलेख राख्दछ। | नियमसङ्गत अनुगमन भएन भने अनावश्यक हल्लाहरू फैलन्छन्, जसले विवाद सृजना गर्नुका साथै द्विविधा खडा गर्दछ। | परियोजना प्रस्तावक |
| गुनासो व्यवस्थापन प्रक्रियाको विकास | चित्त नबुझेको खण्डमा कसरी उजुरी गर्ने भनी सबै जानकार हुन्छन्। | गुनासो व्यवस्थापनको सही प्रक्रियाको अभावमा विभिन्न पक्षहरू असन्तुष्ट हुन सक्छन् र निश्चित सबालहरू तथा निर्णयउपर विवाद सिर्जना हुन सक्छ। | परियोजना प्रस्तावक र हकवालाहरू |
| सहमतिको प्रमाणीकरण | बाह्य पक्षले निश्चित मापदण्डहरू प्रयोग गरी सहमति प्रमाणीकरण गरेको सुनिश्चित गर्छ। | विभिन्न पक्षहरूले सहमति प्राप्त गर्न प्रयास नगरेको वा कुनै चरणहरू छुटाएको आरोप लगाउन सक्छन्। | परियोजना प्रस्तावक |

## निश्चित सन्दर्भमा यी चरणहरूको मिश्रण कसरी गर्न सकिन्छ ?

माथि सूचीकृत चरणहरू निर्देशिकाका अवयवहरू जस्तै हुन्। तपाईंको काम गर्ने परिस्थितिअनुसार यी अझै बढी पनि हुन सक्छन्। उक्त निर्देशिका समायोजन गर्न आवश्यक हुन सक्छ र माथि प्रस्तुत गरिएको क्रममा वा स्तरमा नै कार्य नगर्न पनि सक्छन्। स्रोतको उपलब्धता, पहलकदमीको स्तर र एफपिआइसीका लागि सुरुमा नै निर्धारण गरिएका सर्तहरूका आधारमा परिमार्जन आवश्यक हुन सक्छ। प्रत्येक चरणले खेल्ने मुख्य भूमिका र सम्पूर्ण चरणहरूले कसरी संयोजित भएर काम गर्दछन् भनी बेवास्ता गरेर प्रस्तुत अवयवहरूमध्ये एक वा एक भन्दा बढीलाई ध्यान नदिँदा सम्पूर्ण प्रक्रिया नै कमजोर हुन सक्छ। प्रक्रिया जति बढी पूर्ण हुन्छ, द्विविधा वा विवाद सृजना हुने सम्भावना पनि त्यति नै कम हुन्छ।

# २० निर्णय गर्ने उपयुक्त निकायहरूको पहिचान

**समय :**
१ घण्टा १५ मिनेट

**विधिहरू :**
१. सामूहिक कार्य
२. पूर्ण सत्रमा चिन्तन र आदानप्रदान

**सामग्रीहरू :**
१. फ्लिप चार्ट र मार्करहरू
२. प्रस्तुतिका लागि तयार पारिएका सिकाइका बुँदाहरू
३. वितरणका लागि स्रोतपत्र

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- रेड परियोजना प्रस्तावक संलग्न हुनसक्ने निर्णय गर्ने स्थानीय निकायहरूको पहिचान गर्न सक्नेछन्।
- रेडप्लसको पहलकदमीसँग सम्बन्धित भएर प्रत्येक प्रकारका फाइदा तथा बेफाइदाहरूको पहिचान गर्नेछन्।
- एफपिआइसीका सिद्धान्तहरूअन्तर्गत हकवालाहरू (आदिवासी जनताहरू र वनमा आश्रित समुदायहरू) का लागि निर्णय गर्ने आफ्नै निकाय छान्नुको महत्त्वका बारेमा वर्णन गर्न सक्नेछन्।
- एफपिआइसीमा निर्णय गर्ने अधिकारबारे समुदायहरूले जान्नुपर्ने कुराहरूको सूची बनाउन सक्नेछन्।

## चरणहरू

१. यस सत्रमा सहभागीहरू हकवालाहरूसँग अन्तर्क्रिया गर्न तयारी गर्ने प्रमुख चरणका रूपमा निर्णय गर्ने उपयुक्त निकायको 'पहिचान'मा केन्द्रित हुने बताउँदै सत्र सुरु गर्नुहोस्।

२. यसलाई एउटा महत्त्वपूर्ण चरणका रूपमा उल्लेख गरेको पछिल्लो सत्र (रेडप्लसमा एफपिआइसी खोज्ने प्रक्रियाका प्रमुख चरणहरू) मा उल्लेख यसका कारणहरूमा पुनः एकपटक छलफल गर्नुहोस्। एफपिआइसी प्रक्रियामा निर्णय गर्ने निकायको छनोट किन महत्त्वपूर्ण हुन्छ ?

३. एउटा समूहमा चारदेखि पाँच जना रहने गरी सहभागीहरूलाई समूहहरूमा विभाजन गर्नुहोस् । आफ्नो देशमा रहेका स्थानीय स्तरका निर्णय गर्ने निकायहरू पहिचान गर्न र सोको अनुभव आदानप्रदान गर्न उनीहरूलाई आग्रह गर्नुहोस् । यो कुनै पनि सबाल (सामुदायिक विकास, शासन, सामुदायिक वन आदि) सँग सम्बन्धित हुन सक्छ भन्ने बताउनुहोस्। उनीहरूले औपचारिक र अनौपचारिक दुबै किसिमका निकायहरूबारे विचार गरून् भन्ने कुरामा जोड दिनुहोस्। प्रत्येक निकायहरूको प्रकृति वर्णन गर्न र रेडप्लसमा एफपिआइसीका लागि तिनीहरू प्रत्येकको फाइदा र बेफाइदा सूचीकृत गर्न आग्रह गर्नुहोस्। यसका लागि उनीहरूलाई ४० मिनेट समय प्रदान गर्नुहोस् (अभ्यास हेर्नुहोस्)।

४. समूहहरूलाई पूर्ण सत्रमा फिर्ता बोलाउनुहोस् र उनीहरूले तयार गरेका कार्यलाई प्रस्तुति र पृष्ठपोषणका माध्यमबाट आदानप्रदान गर्नुहोस्।

५. आदानप्रदानपश्चात् सम्पूर्ण समूहसँग निम्न प्रश्नहरूका आधारमा चिन्तन गर्नुहोस् :

- *यस विश्लेषणहरूबाट कुन परिपाटीको विकास भएको देख्नुहुन्छ ?*
- *उपयुक्त निर्णय गर्ने निकाय पहिचान गर्नका लागि केके सूचकहरू प्रयोग गरिनुपर्दछ ?*
- *रेडप्लसमा एफपिआइसीका लागि निर्णय गर्ने निकाय छान्नुका तात्पर्यहरू केके हुन सक्छन् ?*
- *कसले उपयुक्त निकाय छान्नुपर्छ र किन ?*
- *यस प्रक्रियामा परियोजना प्रस्तावकको भूमिका के हुन्छ र किन ?*
- *तपाईंको आफ्नो परिप्रेक्ष्यका आधारमा रेडप्लस परियोजनामा यसको आशय के हुन सक्छ ?*

६. माथिका प्रश्नहरूका आधारमा चिन्तन गरिसकेपछि एफपिआइसीको सिद्वान्तका आधारमा आदिवासी जनताका लागि निर्णय गर्न उपयुक्त निकाय छनोट गर्ने कानुनी आधार के हुन सक्छ भनी समूहमा छलफल गर्नुहोस् (स्रोतपत्र हेर्नुहोस्)।

७. रेडप्लसमा एफपिआइसीको निर्णयका लागि उनीहरूका विचारमा समुदायहरूले के जान्नु आवश्यक छ ? यस सङ्क्षिप्त प्रस्तुतिका आधारमा भन्न सहभागीहरूलाई आग्रह गर्नुहोस् । उनीहरूको उत्तरलाई फ्लिप चार्टमा लेख्नुहोस्।

८. उनीहरूले पूर्ण सत्रमा यसलाई सूचीकृत गरिसकेपछि तपाईंले सुरुमा तयार गर्नुभएको समुदायले जान्नुपर्ने प्रमुख बुदाहरूसँग तुलना गर्नुहोस् (स्रोतपत्र हेर्नुहोस्)।

## प्रशिक्षकका लागि टिपोटहरू

समूहको संरचनाअनुसार सामूहिक कार्यको व्यवस्थापन गरिनुपर्ने हुन्छ। यदि तपाईंसँग अन्तर्राष्ट्रिय समूह छ भने तपाईंले देशका सन्दर्भहरूलाई छलफलमा प्रयोगमा ल्याउन सक्नुहुन्छ। यदि यो राष्ट्रिय स्तरको तालिम हो भने सहभागीहरूलाई कुनै आधारविना वा सन्दर्भ हेरी क्षेत्रिय आधारमा विभाजन गर्ने बारेमा सोच्न सक्नुहुन्छ।


सत्रको अन्त्यसम्ममा सहभागीहरूले निर्णय गर्ने निकाय परियोजना प्रस्तावक, सरकार वा अन्य कुनै निकायले छनोट गर्ने नभई समुदाय स्वयम्ले छनोट गर्ने कुरा बुझेका छन् भन्ने कुराको सुनिश्चित गर्नुहोस्।

## अभ्यास

| निर्णय गर्ने निकाय | रेडप्लसमा एफपिआइसीका लागि फाइदाहरू | रेडप्लसमा एफपिआइसीका लागि बेफाइदाहरू | टिपोटहरू |
|---|---|---|---|
| | | | |
| | | | |

स्रोतपत्र

# निर्णय गर्ने उपयुक्त निकायहरूको छनोट



## किन निर्णय गर्ने उपयुक्त निकायको छनोट एफपिआइसीको अत्यावश्यक तत्त्व हो ?

आत्मनिर्णयको हकबमोजिम आदिवासी तथा स्थानीय मानिसहरूले आफ्ना लागि निर्णय गर्ने निकाय छान्न पाउने हक अन्तर्राष्ट्रिय कानुनी संरचनाहरूमा स्थापित भएको धेरै भइसकेको छ। यी संरचनाहरूले आफ्नो राजनीतिक अवस्थाको निर्धारण गर्ने र आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्न स्वतन्त्र निर्णय गर्न पाउने हकको व्यवस्था गरेका छन्। आत्मनिर्णय एउटा चालु प्रक्रिया हो जसले आदिवासी तथा स्थानीय समुदायको निर्णय गर्नमा सहभागिता र आफ्नो गन्तव्य निर्धारणको निरन्तरता सुनिश्चित गर्दछ। यसको मतलव हकवालाहरूलाई आफ्ना आन्तरिक र स्थानीय मामलाहरूमा निर्णय गर्न र उपयुक्त मानव अधिकारका मापदण्डहरूबमोजिम बाह्य मामलामा निर्णय गर्नका लागि सामूहिक रूपमा सहभागी हुन सक्षम बनाउन एफपिआइसीमा निर्णय गर्ने निकायहरू संरचित हुनुपर्दछ। यस प्रकारको निर्णय प्रक्रिया हाल आएर एफपिआइसीको महत्त्वपूर्ण विशेषता बनेको छ। आत्मनिर्णयको मान्यता र निर्णय गर्ने स्वतन्त्र निकायको छनोट आदिवासी नभए पनि वनमा जीविकाका लागि आश्रित स्थानीय मानिसहरूको हकमा समेत लागु हुन्छ।

## कुन निकाय ?

सरकारले नियुक्त गरेको अगुवा जस्ता लादिएका प्रचलन र भिन्न परम्परागत रूपमा स्विकारिएका निकायहरू सुशासन र 'प्रतिनिधित्व'का सबालमा केही बाफिन सक्छन् । परम्परागत निकायहरूले महिला, युवा र अन्य सीमान्तकृत समूहहरूलाई निर्णय प्रक्रियामा सामेल गर्दछन् । परम्परागत निकायको प्रयोगले आदिवासीका रूपमा मान्यता नपाएका तर रूपमा रेडप्लसबाट विकसित हुँदै गरेको मार्गदर्शनअनुसार एफपिआइसीको हक पाउने वनमा आश्रित समुदायका सबालहरू समेत उठ्छन् ।

आदिवासी तथा वनमा आश्रित समुदायहरूले केन्द्रीय सरकार वा स्थानीय सरकारलाई आफ्नो चासो उठाउने सबालमा प्रतिनिधि नस्वीकार्न सक्छन् । आदिवासी जनताहरूको राष्ट्रिय निकाय हुन सक्छ तर केही समुदायहरूले आफ्नै स्थानीय परिषद् र शासन पद्धतिलाई मात्र आफ्नो प्रतिनिधि स्वीकार्न सक्छन् ।

एफपिआइसीको प्रक्रिया कार्यान्वयन गर्दा समुदायले कुन चाहिँ निकायलाई आफ्नो चासो उठाउने तथा स्थानीय र केन्द्रीय सरकारसँग जोड्ने सेतुका रूपमा स्विकार्छन् भनी पत्ता लगाउन आवश्यक छ । आउँदो सत्रमा चर्चा गरिए झैँ निर्णय प्रक्रियाका लागि मिश्रित शासन प्रणाली अवलम्बन हुँदा उक्त पहिचान प्रक्रिया अझ जटिल हुन जान्छ ।

## परम्परागत शासन प्रणाली र नयाँ शासन प्रणाली

निर्णय गर्ने परम्परागत निकायहरूको क्षेत्र बृहत् छ र धेरै हदसम्म यसलाई सामान्य रूपमा बुझिनु हुँदैन । तथापि विगतका र हाल विकासको क्रममा रहेका केही प्रमुख विशेषताहरू सन्दर्भहरूको विश्लेषण गर्न उपयोगी हुन्छन् । निर्णय प्रक्रियाका लागि शासन प्रणालीहरू निम्न बमोजिम हुन सक्छन् :

- एउटै वा धेरै तह भएका तर कहिलेकाहीँ कानुनी व्यवस्था तथा विभिन्न प्रचलन, विधि र अभ्यासहरू (अध्यात्मिकतासहित) लगायतका परम्परागत नियमहरूले निर्देशित हुन्छन् ।
- गाउँ स्तरमा सीमित वा ठुलो भौगोलिक क्षेत्र समेटी पुरै समुदाय, समुदायका समूहहरू तथा सांस्कृतिक समूहहरूलाई नै समेट्न सक्छन् ।
- झैझगडा सुल्झाउने प्रक्रियाहरू हुन सक्छन् वा आवश्यकता पर्दा पञ्चभेला गरी महत्त्वपूर्ण विषयहरूमा परम्परागत अगुवा/प्रमुख र सल्लाहकारहरू आदिले निर्णय सुनाउने प्रथा हुन सक्छन् । हरसम्भव प्रभावित पक्षहरूको संलग्नतामा विमतिहरू सुल्झाउने विधि प्रयोग गरेर समस्याहरूको सहमतिद्वारा नै हल गरिन्छ ।

**समुदायहरूले के जान्न जरुरी छ ?**

- आफ्नो प्रतिनिधि निकाय छान्न पाउने हक
- सबै सरोकारवालाहरूले विभेदरहित क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने दायित्व
- स्वतन्त्र सहजीकरणका लागि सहयोग प्राप्त गर्ने (आवश्यक तथा माग भएमा) हक
- एफपिआइसीका सिद्धान्तहरूअनुसार निर्णय गर्न पाउने हक
- असमावेशी निर्णय प्रक्रिया र शक्तिको दुरुपयोग भएका समुदायमा सन्तुलन कायमको माग गर्न पाउने हक

## रेडप्लसमा एफपिआइसीका लागि निर्णय गर्ने उपयुक्त निकायको छनोटका तात्पर्यहरू केके हुन् ?

सन्दर्भ र परम्परागत शासन प्रणालीका चुनौतीमा विविधता भए तापनि आफ्ना लागि निर्णय गर्ने सबैभन्दा उपयुक्त निकाय छान्न पाउने हक समुदायमा नै निहित हुनु अति नै आवश्यक छ। यो कुरा परियोजना प्रस्तावकले निर्णय गर्न पाउँदैनन् र गर्नु पनि हुँदैन। निर्णय गर्ने परम्परागत निकाय नहुनुको मतलव समुदायले बाह्य क्षेत्रकाले गरेको निर्णय सहजै स्विकार्छन् भन्ने होइन। यसको सम्भावना एकदमै न्युन छ।

परिस्थितिमा आधारित भई परम्परागत निकाय र गाउँ प्रशासन वा अन्य कुनै निकायको मिलापबाट निर्णय गर्ने छुट्टै संयन्त्रको निर्माण पनि एउटा विकल्प हुन सक्छ तर यसको निर्णय पनि समुदायले नै गर्नुपर्छ। सबै विकल्पको फाइदा बेफाइदा होसियारीपूर्वक विश्लेषण भएको सुनिश्चित गर्न एउटा स्वतन्त्र र लक्ष्योन्मुख सहजकर्ता नै पनि आवश्यक हुन सक्छ। परियोजना प्रस्तावकले नै सहजकर्ताका रूपमा सेवा प्रदान गर्नु त्यति उपयुक्त हुँदैन तर सहजकर्ता नियुक्त गर्ने कार्यका लागि परियोजना प्रस्तावक वा अन्य पक्षले स्रोत उपलब्ध गराउनुपर्ने हुन सक्छ।

संस्थाहरूको नक्साङ्कन प्रक्रियाको अभ्यास गर्नाले विकल्प तथा छुट्टै संरचनाहरू पहिचान गर्न सहयोग पुग्न सक्छ।

## सबैभन्दा उपयुक्त निकाय छनोटका लागि कसरी सहजीकरण गर्ने

यदि तपाईँ समुदायलाई निर्णय गर्ने सबै भन्दा उपयुक्त प्रतिनिधि निकाय छनोट गर्न सहयोग गर्दै हुनुहुन्छ भने छनोटलाई सहज बनाउन तपाईँले केही सूचकहरुको विकास गर्नुपर्ने हुन सक्छ। केही सम्भावित सूचकहरु यस प्रकार छन् :

- सामाजिक रूपमा स्वीकार्य
- वैधानिक
- रेडप्लस परियोजनाको प्रस्तावबाट प्रभावितहरूको प्रतिनिधि
- सम्बन्धित सबालहरूको विश्लेषण गर्ने क्षमता र दक्षता भएको
- रेडप्लस वा एफपिआइसीका लागि केही समय लाग्ने भएमा केही हदसम्मको स्थायित्व प्रदर्शन गर्ने

# २१ सहमतिको खोजी तथा प्राप्तिका लागि प्रक्रियाको विकास

**समय :**
२ घण्टा

**विधिहरू :**
१. भनाइहरूको प्रयोग
२. कार्डको अभ्यास र समुहमा छलफल

**सामग्रीहरू :**
१. भनाइहरू लेखिएको फ्लिप चार्ट वा पावर प्वाइन्ट
२. प्रत्येक समुहका लागि परियोजना चक्र भएको फ्लिप चार्ट
३. प्रत्येक समुहका लागि फ्लिप चार्ट मार्कर, रङ्गीन कार्ड, गम र पोस्ट–इटहरू

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- सहमति प्रक्रिया विकास गर्नुको महत्त्वको वर्णन गर्न सक्नेछन्।
- सहमति प्रक्रियाको विकासमा हकवालाहरू तथा परियोजना प्रस्तावकको भूमिकाको वर्णन गर्न सक्नेछन्।
- परियोजना चक्रभरि सहमति प्रदान गर्न सकिने सम्भावित विन्दुहरू पत्ता लगाउन सक्नेछन्।
- सहमति प्रक्रियाबारे समुदायहरूले के जान्न जरुरी छ भनी वर्णन गर्नेछन्।

## चरणहरू

१. पहिले सिकेका कुराहरूको पुनः स्मरण गर्न र परियोजनाको प्रारूप तयार पार्दा नै सहमति प्रक्रियाको विकास गर्नेबारे नयाँ विषयवस्तुमा प्रवेश गर्न हौस्याउन तपाइँ रमाइलो विधि प्रयोग गर्न गइरहनुभएको छ भनी सहभागीहरूलाई बताउनुहोस्।

२. सहमति जनाउने एउटा चिन्ह वा शब्द सहमति जनाउने एउटा चिन्ह वा शव्द कोठाको विपरीत भित्ताहरूमा टाँस्नुहोस्।

३. तपाईँले भनाइहरू प्रदर्शन गर्नु तथा पढ्नुहुनेछ र प्रत्येक सहभागीहरूले आफू त्यसमा सहमत वा असहमत भएको निर्णय गर्नुपर्ने कुरा बताउनुहोस्। यदि सहमत भए सहमति जनाउने चिन्हका मुनि उभिनुपर्नेछ र असहमत भए असहमति जनाउने चिन्हका मुनितिर। प्रत्येक सहभागीले सहमति वा असहमतिमध्ये एक मात्रै रोज्न पाउनेछन् र कोही पनि बिचमा बस्न पाउने छैनन् भनी बताउनुहोस्। एकपटकमा एउटा मात्र भनाइ देखाउनु र पढ्नुहोला।

४. पहिलो भनाइ (अभ्यास हेर्नुहोस्) पढ्नुहोस् र सहभागीहरूलाई सहमति वा असहमतिको निर्णय गरी आफ्नो स्थान छनोट गर्नका लागि भन्नुहोस्। अब दुई समूहमा रहेका सहभागीहरूलाई अर्को समूहलाई चुनौती दिँदै उनीहरू ती स्थानमा रहेको कारण बताउनका लागि भन्नुहोस्। उनीहरूलाई दुईदेखि तिन मिनेटको समय दिनुहोस् र दुई समूहहरूका बिचको छलफललाई सहजीकरण गर्नुहोस्।

५. छलफलमा ल्याउन लागिएका विषयवस्तुहरू पुरै नसमेटिएसम्म उनीहरूलाई बहस गर्न दिनुहोस् र अन्त्यमा समूहहरू सहमत भएका विषयहरू सङ्क्षेपमा भन्नुहोस्।

६. प्रत्येक भनाइ (बढीमा तिनवटा भनाइहरू)का लागि यो अभ्यास दोहोऱ्याउनुहोस्।

७. यस भनाइसँग सम्बन्धित अभ्यास सकिसकेपछि सहभागीहरूलाई पूर्णसत्रमा फिर्ता लिएर आउनुहोस् र अबको जोड सहमति प्रक्रियाको कार्यान्वयनमा हुनेछ भनेर बताउनुहोस्। यसमा भनाइमा उठाइएका विषयवस्तुहरू जोड्नुहोस्।

८. सहमति प्रक्रियाको कार्यान्वयनका बारे सोच्नका लागि परियोजना चक्रको ढाँचालाई केलाउनु उपयोगी हुन्छ भनी बताउनुहोस्।

९. सहभागीहरूलाई परियोजना चक्रको उनीहरूको अनुभव बारेमा सोध्नुहोस् । प्रमुख तत्त्वहरू केके हुन् ? कम्पनी र विकासका साझेदारहरू सबैले परियोजनाको प्रारूप तयार पार्न, कार्यान्वयन र अनुगमन गर्न प्रयोग गर्ने निश्चित ढाँचाको परियोजना चक्रको चित्र प्रस्तुत गर्नुहोस्। निश्चित योजना चक्रमा आधारित हुने हुँदा रेडप्लस परियोजना प्रस्तावकले भिन्न खाकाको प्रस्ताव पेस गरे पनि परियोजना चक्रका प्रमुख चरणहरू समान नै हुन्छन् भनी बताउनुहोस्।

१०. परियोजना चक्र प्रस्तुत गरिसकेपछि तिन वा चार जना सहभागीहरूको समूहलाई रेडप्लस परियोजना चक्रमा रङ भर्न तपाईँलाई सघाउन आग्रह गर्नुहोस्। यस चक्रमा समावेश गर्न सकिने खालका रेडप्लसमा एफपिआइसीसँग सम्बन्धित क्रियाकलापहरूबारे विचार गर्न उनीहरूलाई आग्रह गर्नुहोस्। परियोजना चक्र भर्नका लागि सघाउन तपाईँले पहिले नै त्यसका लागि उपयुक्त बुँदाहरू भएका कागजका टुक्राहरू लिएर आउनुभएको छ भनी भन्नुहोस्। उनीहरूलाई ती बुँदाहरूबाट उनीहरूको अनुभव र यस तालिमको सिकाइका आधारमा उपयुक्त बुँदाहरू छानेर र मिलाएर परियोजना चक्रको उपयुक्त स्थानहरूमा टाँस्न आग्रह गर्नुहोस्।

११. उनीहरूले ती कागजका टुक्राहरू टाँसिसकेपछि उनीहरूका विचारमा उक्त परियोजना चक्रका कुनकुन विन्दुमा हकवालाहरूबाट सहमति आवश्यक पर्छ, सो स्थानहरूमा रातो तारा कोर्नका लागि भन्नुहोस्। उनीहरूलाई 'सहमति केका लागि ? भन्ने प्रश्नको उत्तर प्रत्येक ताराका लागि कार्डमा लेखेर ती राता ताराहरूसँगै टाँस्न भन्नुहोस्।

१२. उनीहरूलाई अरू सहभागीहरू भएकै ठाउँमा फिर्ता पठाउनुहोस् र प्रत्येक समूहहरूलाई आआफ्ना फ्लिप चार्टहरू भित्तामा टाँस्न भन्नुहोस्। उनीहरूलाई सहमतिका विन्दुहरूमा केन्द्रित भई अरूको लिप चार्टहरू अवलोकन गर्न भन्नुहोस्।

१३. उनीहरूले अवलोकन गरिसकेपश्चात् अन्य समूहहरूले फ्लिप चार्टका सम्बन्धमा दिएका सुझावहरूमा प्रत्येक समूहलाई पाँचपाँच मिनेट प्रतिक्रियाका लागि समय दिनुहोस्।

१४. सबै समूहका सहभागीहरूलाई पूर्ण सत्रमा फिर्ता गर्नुहोस् र उनीहरूलाई तल उल्लिखित मननीय प्रश्नहरू सोध्नुहोस् :

- *यो अभ्यास गर्दा तपाईँले कस्तो अनुभव गर्नुभयो र किन ?*
- *तपाईँको विचारमा परियोजना चक्रको कुन चाहिँ विन्दुमा सबैभन्दा बढी अन्तर्क्रिया हुन्छ ?*
- *कहिले र केमा सहमति आवश्यक हुन्छ भन्ने कुरामा समूहहरू कुन हदसम्म सहमत भए ?*
- *तपाईँको विचारमा सहमतिको प्रक्रियाको विकास कसले गर्नुपर्छ र किन ?*
- *तपाईँको विचारमा के प्रत्येक हकवाला समूहका लागि सहमतिका समान विन्दुहरू आवश्यक पर्छ ? पर्छ भने किन र पर्दैन भने किन ?*
- *तपाईँको अनुभवमा परियोजना चक्रभरिमा कति वटा परियोजनाहरू सहमतिका प्रक्रियासँग सम्बन्धित छन् र किन ?*
- *तपाईँको विचारमा कुनकुन विन्दुहरूमा समुदायहरूका लागि स्वतन्त्र सल्लाह आवश्यक पर्न सक्छ ? कस्तो खालको सल्लाह आवश्यक पर्न सक्छ र त्यो उनीहरूले कहाँ प्राप्त गर्न सक्छन् ?*

१५. चिन्तन गरिसकेपछि स्रोतपत्रमा भएका परियोजना चक्रसँग सम्बन्धित सहमतिका विन्दुहरूको सूची प्रस्तुत गर्नुहोस्। यसलाई ‘सहमति केका लागि ?’ लेखिएका रङ्गीन कार्डहरू, परियोजना चक्रको खाली खाका र अरू रङका कार्डहरू प्रयोग गरी निर्माण गर्नुहोस्। जलवायु परिवर्तन र रेडप्लसका अवधारणाहरू बारेको सञ्चार मुख्य कुरा हो तर यस प्रक्रियाभरि नै यिनीहरूलाई परिभाषित गरी सम्बन्धित जानकारीहरू प्रवाह गरिनुपर्छ भन्नेमा जोड दिनुहोस्।

१६. सहमति प्रक्रियाको विकास र कार्यान्वयन परियोजनाको कुनै एक विन्दुमा मात्र नगरेर पुरै परियोजना चक्रका सन्दर्भमा गरिनुपर्छ भन्ने कुरामा जोड दिँदै सत्रको समापन गर्नुहोस्। सहमति प्रक्रियाको विकास समुदायले गर्नुपर्छ र कहाँ सहमति खोजिनुपर्छ भन्ने कुरा उनीहरूले व्यक्त गर्नुपर्छ भन्ने कुरा स्पष्ट पार्नुहोस्। उनीहरूलाई यसबारेमा सोच्न एउटा खाका आवश्यक हुन्छ।

१७. सत्र छोड्नु अघि सहभागीहरूलाई उनीहरूको विचारमा सहमतिको विकास गर्दा हुन सक्ने गल्तीहरू केके हुन सक्छन् भनी सोध्नुहोस् (स्रोतपत्र हेर्नुहोस्)।

१८. सहमति प्रक्रियाको विकास गर्दा समुदायहरूले जान्न आवश्यक कुराहरून्को निष्कर्ष निकाल्नुहोस्।

## प्रशिक्षकका लागि टिपोटहरू

यो अभ्यास वातावरण तयार गर्न लक्षित छ। त्यसकारण प्रशिक्षकले पुरै छलफलमा आएका र समूहमा विवादास्पद बाहेकका भनाइहरू सावधानीपूर्वक छान्नुपर्दछ। यदि तपाईँ आफ्नै भनाइ प्रयोग गर्न चाहनुहुन्छ भने ती भनाइहरू प्रमुख सबालहरूमा छलफल चलाउन सक्ने सामर्थ्य भएको हुनुपर्ने कुरामा ध्यान दिनुहोस्। केही अवस्थाहरूमा प्रशिक्षकले सहभागीहरूलाई चुनौती दिनु पनि आवश्यक हुन सक्छ तर केही संवेदनशील मामलाहरूमा चनाखो रहनुहोला।

सहभागीहरूले परियोजना चक्रवरिपरि कागजका टुक्राहरू टाँस्ने फरकफरक परिपाटीका सम्बन्धमा सजग रहनुहोस्। सहभागीहरूले ‘निर्णय गर्ने उपयुक्त निकायको छनोट’ भन्दा अघि सहमति खोज्नुपर्ने धेरै विन्दुहरू हुँदाहुँदै पनि यसलाई नै प्रायजसो सुरुमा राखेर गल्ती गर्छन्। यसमा चनाखो हुनुहोस् र निर्णय गर्ने निकाय कहिले सान्दर्भिक हुन्छ भन्नेबारेमा उनीहरूको बुझाइलाई चुनौती दिनुहोस्।

## अभ्यास

### भनाइहरू


- सहमति प्रक्रियामा सबै हकवालाहरूलाई व्यक्तिगत रूपमा समावेश गरिनु आवश्यक हुँदैन।
- यदि कुनै समुदाय रेडप्लस परियोजनाका लागि सहमति प्रक्रियाको विकास गर्न सहमत भयो भने त्यसले जहिले पनि उक्त परियोजनालाई निर्णायक सहमति प्रदान गर्दछ।
- योजना तर्जुमा, विश्लेषण र कार्यान्वयनका प्रत्येक चरणमा सहमतिको एउटा विन्दु हुनै पर्छ।
- हकवालाहरूलाई रेडप्लस र कार्बनको अवधारणाहरूबारे विरलै थाहा हुने हुँदा उनीहरू रेडप्लस परियोजनाको प्रारूप तयार पार्न खासै संलग्न हुनुपर्दैन।
- सहमतिको प्रक्रिया सुस्त हुँदा अनुदान प्राप्त गर्ने अवसर र क्रेताहरू गुम्न सक्ने हुँदा परियोजनाको खाका तयार पार्दा सहमति प्रक्रिया हतार गरेर सम्पन्न गर्नुपर्छ।

## अभ्यास

तलका चरणहरूलाई ठुलो बनाएर उतार्नुहोस्, दिइएको रेखा हुँदै काट्नुहोस् र तिनीहरूलाई मिलाएर प्रत्येक समूहका लागि एउटा खाममा एक सेट हाल्नुहोस् ।

| | |
|---|---|
| एक आपसमा परिचय र प्रस्तावित परियोजनामा एफपिआइसी प्रक्रियाको सम्बन्धबारे बुझाउन पहिलो बैठक | हकवालाहरूबारे जानकारी सङ्कलन र सामाजिक नक्साङ्कन |
| सहमति प्रक्रियाको प्रारूप तयार र सोमा सहमति | समुदायका सदस्यहरूलाई रेडप्लस परियोजनाको मुख्य अवधारणाको जानकारी दिन चेतना अभिवृद्धि कार्यक्रम |
| निर्णय गर्ने उपयुक्त निकायको छनोट | वन विनाश, कार्बन सञ्चिति आदिको मापन गर्न आधार रेखाको विकास |
| वन व्यवस्थापन/भूउपयोग प्रारम्भिक योजनाको विकास र पुनरावलोकन | पृष्ठभूमिको आधारमा परियोजनाको प्रारूपको पुनरावलोकन |
| प्रस्तावित परियोजना खाकाको प्रस्तुति | हकवालाहरूको प्रभाव तथा जोखिम (आर्थिक, सामाजिक र वातावरणीय)को विश्लेषण |
| लाभको निर्धारण तथा वितरणका लागि लाभ र वैकल्पिक आम्दानीको विश्लेषण | विवाद समाधान प्रणालीको पहिचान |
| सम्झौताका लागि बहस | कार्यान्वयनको अनुगमन |
| कार्बन क्रेडिट किन्नका लागि व्यापारिक सहमति | परियोजनाको समापन |
| | |

## अभ्यास



यहाँ कुन क्रियाकलाप मिल्दछ ?
सहमति केका लागि ?
६. मूल्यांकन
Evaluation
१. पहिचान
Identification
यहाँ कुन क्रियाकलाप मिल्दछ ?
सहमति केका लागि ?
यहाँ कुन क्रियाकलाप मिल्दछ ?
सहमति केका लागि ?
५. कार्यान्वयन र समापन
Implementation and completion
परियोजना चक्र
Preparation
२. तयारी
यहाँ कुन क्रियाकलाप मिल्दछ ?
सहमति केका लागि ?
४. कार्यान्वयन र अनुगमन
Implementation and monitoring
यहाँ कुन क्रियाकलाप मिल्दछ ?
सहमति केका लागि ?
Appraisal
३. लेखाजोखा
यहाँ कुन क्रियाकलाप मिल्दछ ?
सहमति केका लागि ?

स्रोतपत्र

# सहमति प्रक्रियाको विकास र परियोजनाको प्रारूपमा एफपिआइसीको हक समावेश

## सहमति खोज्ने तथा प्राप्त गर्ने प्रक्रियामा सहमत हुनु किन आवश्यक छ ?

रेडप्लस परियोजनाका बारेमा सहमति वा असहमति व्यक्त गर्ने प्रक्रिया सुरुवातदेखि नै समुदाय र परियोजना प्रस्तावक दुबैले बुझून् भन्नका खातिर सहमति खोज्ने तथा प्राप्त गर्ने प्रक्रियामा समझदारी आवश्यक हुन्छ । यस प्रक्रियामा संलग्न हुनुका कारण समुदायहरूले आफ्नो सरोकार जुनसुकै बखतमा व्यक्त गर्न पाउने व्यवस्थाका बारे बुझ्दछन् । त्यस्तै यसले सूचनाहरूको पारदर्शी तवरबाट आदानप्रदान भएको सुनिश्चित गर्दछ र हकवालाहरूलाई कुनै समयमा थप जानकारी आवश्यक भएमा माग गर्ने मार्ग प्रशस्त पनि गरिदिन्छ। सहमति प्रक्रियाका लागि समयरेखा तयार गर्नाले आन्तरिक छलफलका माध्यमबाट हकवालाहरूको आवश्यकताको आँकलन गर्न सकिन्छ र आवश्यक परेमा सल्लाहका लागि बाह्य क्षेत्रमा समेत अनुरोध गर्न सकिन्छ। यसले परियोजना प्रस्तावकहरूले हकवालाहरूको सहकार्य र समझदारीविना प्रक्रिया हतार गरेर अगाडि बढाउँदैनन् भन्ने कुरा सुनिश्चित गर्दछ।




## यस प्रक्रियाको सफलतालाई केके कुराहरूले असर पार्दछन् ?

समुदायलाई सहमति प्रक्रियाको योजना तर्जुमा गर्नलाई सहयोग गर्न परियोजना प्रस्तावकको समय, प्रयास र पारदर्शिता आवश्यक पर्दछ। सुरुमै योजना तर्जुमा गर्नाले अगाडिका चरणहरूमा प्रवेश गर्न हकवालाहरूका लागि मार्गचित्र तयार हुन्छ। समुदायले प्रक्रियाको कुनै पनि विन्दुमा सहमति फिर्ता लिन पाउँछ भन्ने कुरा उनीहरूले बुझ्नु आवश्यक हुन्छ। उनीहरूलाई सहमति प्रक्रियाको तर्जुमामा सहभागी गराउनु एफपिआइसीको एउटा प्रमुख सिद्धान्त हो, जसका कारण उनीहरूले पहिचानदेखि बहस र अनुगमनलगायतका परियोजनाका सम्पूर्ण चरणहरूमा अपनत्व महसुस गर्छन्। सहमति प्रक्रियाको तर्जुमामा तेस्रो पक्षलाई र हकवालाहरूले आवश्यक महसुस गरेको विन्दुमा परियोजना प्रस्तावकलाई सामेल गराउनेबारे सोच्न पनि सकिन्छ।

## सहमति प्रक्रियालाई सहयोग गर्न कसरी परियोजना चक्रलाई प्रयोगमा ल्याउन सकिन्छ ?

हकवालाहरूसँग नै बसेर सहमतिको प्रक्रिया निर्धारण गरिनुपर्ने भए तापनि सम्बन्धित समुदायहरूबाट परियोजना प्रस्तावकले प्रतिक्रिया चाहेका प्रमुख चरणहरूको खाका प्रस्तुत गर्नु सहज हुन सक्छ। समुदायहरूले यी चरणहरूलाई सहमति प्रक्रियामा समावेश गर्ने वा नगर्ने निर्णय गर्न सक्छन् अथवा उनीहरू अर्को चरणमा प्रवेश गर्नुअघि पृष्ठपोषण र औपचारिक सहमतिको आवश्यकताका बिचको भिन्नता छुट्याउन इच्छुक हुन सक्छन्।

## रेडप्लस परियोजना चक्रका चरणहरू र सहमतिका सम्भावित विन्दुहरू

| परियोजना चक्रका चरणहरू | सहमति प्रक्रियाका अवयवहरू | सहमतिका विन्दुहरू (उदाहरणहरू) |
|---|---|---|
| **पहिचान**<br><br>*(जलवायु परिवर्तन र यसको वनसँग सम्बन्ध तथा रेडप्लसका आधारभूत अवधारणाहरूको साधारण चेतना अभिवृद्धिसमेत)* | एकआपसमा परिचय र प्रस्तावित परियोजनामा एफपिआइसी प्रक्रियाको सम्बन्धबारे बुझाउन पहिलो बैठक | ▪ अगाडि बढ्न र अर्को चरणमा आपसमा सहमत हुन |
| | हकवालाहरूबारे जानकारी सङ्कलन र सामाजिक नक्साङ्कन | ▪ अधिकारहरूको नक्साङ्कन र सहमति भएबमोजिम उपयुक्त ढाँचा (लिखित, विद्युतीय, मौखिक)मा अभिलेख<br>▪ नक्साङ्कन गरिएका सिमानाहरूमा सहमति<br>▪ सहमति प्रक्रियाको प्रारूप तयारीमा विभिन्न पक्षहरूलाई समावेश गराउन सहमति |
| **तयारी**<br><br>*(रेडप्लस परियोजना, कानुनी अधिकारहरू, वन व्यवस्थापनका अन्य विकल्पहरूसँग सम्बन्धित लक्षित सञ्चार प्रक्रिया)* | सहमति प्रक्रियाको प्रारूप तयारी र सोमा सहमति | ▪ प्रमुख चरणहरू र सहमति आवश्यक विन्दुहरू तथा समय तालिकामा सहमति |
| | निर्णय गर्ने उपयुक्त निकायको छनोट | ▪ निर्णय गर्ने प्रक्रियासँग सम्बन्धित प्रस्तावको उपयुक्त प्रणालीको पहिचान र त्यसमा पारस्परिक सहमति |
| | वन विनाश, कार्बन सञ्चिति, आदिको मापन गर्न आधार रेखाको विकास | ▪ विधिहरू, अभिलेखीकरण, प्रकाशन र उपलब्ध जानकारीको प्रयोगमा सहमति |
| | वन व्यवस्थापन/भू–उपयोग योजनाको तर्जुमा | ▪ वन व्यवस्थापन रणनीति र सिफारिस तथा वनपैदावारहरू र वन व्यवस्थापनबाट प्राप्त हुने लाभको पहुँचमा सहमति<br>▪ कार्यक्रमको प्रारम्भिक प्रारूपमा सहमति |
| **लेखाजोखा**<br><br>(रेडप्लस, विकल्पहरू र रेडप्लस सम्झौताका तात्पर्यहरू बारेको चालु सञ्चार) | सामाजिक, आर्थिक, सांस्कृतिक र वातावरणीय प्रभावको मापन | ▪ मापनको क्षेत्र र विषयवस्तुमा सहमति |

| परियोजना चक्रका चरणहरू | सहमति प्रक्रियाका अवयवहरू | सहमतिका विन्दुहरू (उदाहरणहरू) |
|---|---|---|
| **योजना तथा बहस**<br><br>(मुख्य दस्ताबेजहरूमा सार्वजनिक बहस प्रक्रिया) | परिवर्तित वन प्रयोग र लाभ बाँडफाँडको व्यवस्थासहितको परियो जनाको प्रारूप तयारी | ▪ हकवालाहरूलाई असर गर्ने सम्पूर्ण पाटाहरू तथा विवरणहरू (विशेष गरी लाभको बाँडफाँट गर्ने व्यवस्था)मा सहमति |
| | परिवर्तित वन प्रयोग र लाभ बाँडफाँडको व्यवस्थासहितको परियोजनाको प्रारूप तयारी | ▪ व्यापारिक सम्झौता र विशेष गरी लाभको बाँडफाँटको व्यवस्थाको खाकामा सहमति |
| **कार्यान्वयन र अनुगमन**<br><br>(चालु सहभागितात्मक अनुगमन र अनुभवहरूको आदानप्रदान समेत) | परियोजना कार्यान्वयन र अनुगमन | ▪ कार्यान्वयनका दौरान र पारस्परिक समझदारीमा तोकिएको समयावधिमा उठेका सबालहरूमा सहमति |
| **कार्यान्वयन र सम्पन्न** | परियोजना समापन | ▪ परियोजना रोक्ने कारण र समापनमा सहमति |

## सहमति प्रक्रियाका सामान्य गल्तीहरू

सहमति प्रक्रियाका निम्न बमोजिमका केही सामान्य गल्तीहरू पहिचान गरिएका छन् । तपाईं पनि आफूले पहिचान गरेका सामान्य गल्तीहरू थप्न सक्नुहुन्छ :

- गलत अगुवा/प्रतिनिधिहरूसँग परामर्श गरिनु अथवा समुदायको प्रमुख चासो छुट्ने तवरबाट बहस गरिनु
- योजनामा छलफल गर्न प्रदान गरिएको सहमतिलाई समुदाय रेडप्लसको प्रस्तावमा बहस गर्न इच्छुक भएको रूपमा बुझ्नु
- परियोजनासँग सम्बन्धित दायित्व वा परियोजनाका सकारात्मक र नकारात्मक प्रभावहरूका बारेमा महत्त्वपूर्ण जानकारीहरू समावेश गर्न छुटाउनु
- समुदायलाई योजना तर्जुमासम्बन्धी बहस गर्न, स्वतन्त्र जानकारी र सल्लाह प्राप्त गर्न पर्याप्त समय प्रदान नगरिनु ।

## आदिवासी र स्थानीय समुदायहरूले के जान्नु जरुरी छ ?

- पारस्परिक समझदारीमा सहमति प्रक्रिया तय गर्ने उनीहरूको हक, उक्त समझदारी पालना गर्ने उनीहरूको दायित्व र यदि परियोजना प्रस्तावकले यसको उल्लङ्घन गरेमा कारबाहीका लागि सम्बन्धित निकायको सहयोग लिन पाउने उनीहरूको हक ।
- एफपिआइसीमा उनीहरूको हक र रेडप्लस परियोजनाको प्रत्येक चरणको प्रारूप तयार पार्ने र सहमत हुने प्रक्रियामा यो हक कसरी प्रयोग गर्न सकिन्छ ।

- रेडप्लस परियोजना के हो र यसले कसरी काम गर्छ ? सामुदायिक वन र यसका उपभोक्ताहरूको जीविकोपार्जनमा यसको असर के हुन्छ ? यसले कसरी लाभहरूको सृजना गर्दछ ?

- कार्बन बजारमा किन कुनै निश्चित प्रचलन छ ? परिवर्तित बजारले परियोजनामा कस्तो असर पुऱ्याउन सक्छ ?

- कानुनी, सामाजिक, आर्थिक र वातावरणीय सबालहरूमा स्वतन्त्र विज्ञको सल्लाह लिन पाउने उनीहरूको हक।

- सल्लाह प्राप्त गर्नका लागि आवश्यक रकम सहयोग गर्न परियोजना प्रस्तावक, सरकार र निजी लगानीकर्ताहरू जिम्मेवार छन्।

# २२ सहमतिको प्रमाणीकरण

**समय :**
२ घण्टा ३० मिनेट
(छलफल र पृष्ठपोषणका लागि छुट्याइएको समय समूहहरूको सङ्ख्या अनुसार परिवर्तन गर्न सकिन्छ)

**विधिहरू :**
१. समूहगत कार्यको अभ्यास
२. प्यानलको मुल्याङ्कन

**सामग्रीहरू :**
१. फ्लिप चार्ट र मार्करहरू
२. प्रमुख स्रोत सन्दर्भहरू (आवश्यक भएमा परामर्शका लागि प्रदर्शनीमा राख्ने)
३. अभ्यास पुस्तिका
४. एफपिआइसीको मुल्याङ्कनका लागि प्रमुख शब्दावलीसहितको स्रोतपत्र

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- एफपिआइसी प्रक्रियामा स्वतन्त्र प्रमाणीकरणको भूमिका र कारणबारे वर्णन गर्न सक्नेछन्।
- सहमति प्रमाणीकरणका प्रचलित मापदण्डहरूको भूमिका र दायराहरूबारे वर्णन गर्न सक्नेछन्।
- सहमति समयमा नै गरिएको थियो र अनावश्यक प्रभावहरूबाट मुक्त थियो भन्ने प्रमाणीकरण गर्न आवश्यक प्रमुख सबालहरू पहिचान गर्नेछन्।
- सहमतिको प्रमाणीकरणका लागि समुदायले जान्नैपर्ने कुराहरूको सूची बनाउन सक्नेछन्।

## चरणहरू

१. तपाईंहरू एफपिआइसीका प्रमुख तत्त्वहरूको अन्तिम अर्थात् ‘सहमतिको प्रमाणीकरण’मा आइपुग्नुभएको छ भन्दै सत्रको सुरुवात गर्नुहोस्।

२. सहभागीहरूलाई सहमतिको प्रमाणीकरण भन्नाले के बुझिन्छ र यो किन गर्नुपर्छ भनेर सोध्नुहोस्। रेडप्लसमा एफपिआइसीको प्रमाणीकरण कसले गर्न सक्छ ? सम्बन्धित सम्पूर्ण अवयवहरूलाई प्रमाणीकरणसँग जोडेर हेर्न एकपटक पुनः सहमति कार्यान्वयनका बारेमा छलफल गर्नुहोस्।

३. प्रमाणित कार्बन मापदण्डहरू (भिसिएस), वा जलवायु, समुदाय र जैविक विविधता मापदण्डहरू (सिसिवि) जस्ता रेडका मापदण्डहरू प्रमाणित गर्ने अवधारणासँग कसरी सम्बन्धित छन् भनी सहभागीहरूलाई प्रश्न गर्नुहोस्। उनीहरूलाई आफ्नै अनुभवबाट उदाहरण दिन आग्रह गर्नुहोस्। प्रमाणीकरणमा मापदण्डहरूले कस्तो भूमिका खेल्दछन् ? मापदण्डहरू कसले प्रयोग गर्छ ? मापदण्डका सामान्यतया स्वरूपहरू कस्ता हुन्छन् ? (सुचकहरू/विधिहरू)।

४. कसरी सहमति (रेडमा एफपिआइसी) प्रमाणित हुन्छ भनेर सोच्न यस सत्रमा नक्कल गर्ने (simulation) अभ्यास गरिने छ। उक्त अभ्यासमा परामर्शदाताहरू (सहभागीहरू)का धेरै समूहहरू हुन्छन् जहाँ परामर्शदाताहरूलाई रेडप्लस पुस्तिकाको लागि एफपिआइसीको प्रमाणीकरणको अवधारणा पेश गर्न आग्रह गरिएको छ (अभ्यास हेर्नुहोस्)।

वोलपत्र मापन गर्ने प्यानल समक्ष के पेश गर्ने भनेर सोच्न र पेश गर्ने अवधारणा तयार गर्न टोलीहरूसँग दुई घण्टा समय छ (अभ्यास हेर्नुहोस्) । यदि तपाईँ यस अभ्यासलाई अझ वढी मनोरञ्जनपूर्ण बनाउन चाहनुहुन्छ भने विजेताको लागि पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुन्छ।

५. प्यानलमा छलफल गर्ने र सुझाव प्राप्त गर्ने कार्य सकिसकेपछि पुरै समूहलाई उक्त अभ्याससँग सम्बन्धित निम्न प्रश्नहरूका आधारमा चिन्तन गराउनुहोस् :

- *यो अभ्यास गर्दा तपाईँले कस्तो महसुस गर्नुभयो ? किन ?*
- *यो सजिलो वा गाह्रो के थियो ? किन ?*
- *तपाईँको अनुभवको आधारमा सहमति प्रमाणीकरण गर्नुका प्रमुख चुनौतिहरू के के हुन् (स्थिरता, वस्तुगत, प्रतिनिधिमूलक) ?*
- *तपाईँको सन्दर्भमा प्रमाणीकरण प्रक्रियाले कसरी काम गर्न सक्छ ?*

६. प्रचलनमा रहेका रेडप्लसका केहि मापदण्डहरूले मूख्यत स्वयंसेवी कार्बन बजार क्षेत्रमा एफपिआइसीको अवधारणा समेट्छन्। सहभागीहरूले यसबारे सुनेका छन् छैनन् सोध्नुहोस्। यस अर्न्तगत भिसिएस र सिसिवि पर्दछन्।

७. सिसिविलाई कसरी स्थानिय समुदायहरूको स्पष्ट संलग्नता र परामर्श तथा समुदायको आव्हानमा परियोजनाको प्रारूपमा परिवर्तन गरेको अभिलेख आवश्यक पर्दछ वर्णन गनुहोस्। स्वयंसेवी बजार मापदण्डहरू पालना गर्नुका फाइदाहरू के के हुन सक्छन् सहभागीहरूलाई सोध्नुहोस्।

८. गैर स्वयंसेवी वन कार्बन बजार मापदण्डहरूका विषयमा अन्तर्राष्ट्रिय सभाहरूमा छलफल भए तापनि तिनीहरू अहिले सम्म विकास गरिएका वा उपलव्ध छैनन्  तर भविष्यमा विकसित हुनेछन् भनेर वर्णन गर्नुहोस्।

९. स्रोत पत्रको अन्तिम पानामा रहेका प्रमुख सबालहरूका सेटहरू बारे जानकारी गराएर ती विभिन्न प्रमूख सबालहरू उनीहरूको प्रस्तुतिमा समेटियो कि समेटिएन सहभागिहरूलाई प्रश्न गर्नुहोस्। सुचकहरूले प्रमुख प्रश्नहरूलाई अझ वढी स्पष्ट पार्दछन्, तर यो सारांश मात्र हो भन्ने कुरामा जोड दिनुहोस्।

१०. स्वतन्त्र प्रमाणीकरण र प्रमाणीकरणका स्थायी मापदण्डहरूको आवश्यकतामा पुन जोड दिदै सत्रको समापन गर्नुहोस्।

## प्रशिक्षकका लागि टिपोटहरू

यदि तपाईँ वोलपत्रको प्रस्तुतिकरण र प्यानलमा छलफल प्रक्रिया नक्कल गर्न कल्पनाशिल हुनुहुन्छ भने यो अभ्यासले सबै भन्दा वढी प्रभावकारी रूपमा काम गर्दछ। यदि तालिम भन्दा वाहिरका मान्छे विज्ञको रूपमा प्यानलमा रहने गरी यस अभ्यासमा सहभागि हुन सक्छन् भने नक्कल गर्ने अभ्यास अझ मूर्त हुन जान्छ। तपाईँसँग प्यानलको रूपमा कार्य गर्न सक्षम सहभागिहरू छन् भने पनि यसले अभ्यासलाई अझ वढी गतिशिल बनाउदछ।

तपाईँ समयको उपलब्धताको आधारमा समूहमा छलफलको माध्यमबाट स्रोत पत्रको तालिकाको पुनरावलोकनमा जोड दिन पनि सक्नुहुन्छ।

नक्कल

# सहमतिको प्रमाणीकरण

## रेडप्लसमा एफपिआइसीको स्वतन्त्र प्रमाणीकरण सेवाको लागि खुला वोलपत्र प्रतिस्पर्धा

तपाईंहरू एउटा परामर्शदाताहरूको समूह भएको कल्पना गर्नुहोस्। तपाईंहरूबाट तिन भिन्न देशका पाँच भिन्न क्षेत्रहरूमा रेडप्लसमा एफपिआइसीको प्रमाणीकरणको सेवा प्रदान गर्नको लागि वोलपत्रका माग भएको छ। ती क्षेत्रहरूको बारेमा विस्तृत विवरण अझै उपलव्ध गराइएको छैन। अन्य धेरै समूहहरूलाई पनि वोलपत्र पेश गर्नको लागि आव्हान भएको हुँदा यो एकदमै प्रतिस्पर्धी वोलपत्र हो। तपाईंले यसमा लिखित प्रस्ताव पेश गर्नुपर्ने छैन, विज्ञहरूको प्यानल समक्ष आफ्नो प्रस्तुति दिनुहुनेछ जसले विजेता छान्नेछन् र विजेतालाई एउटा भुक्तानी फारम प्रदान गर्नेछन्।

तपाईंसँग वोलपत्रको विषयवस्तुमा तयारी गर्न १ घण्टा समय र प्रस्तुतिमा तयारी गर्न ३० मिनेट समय छ। उक्त कम्पनी विकासका परियोजनाहरूमा एफपिआइसी खोज्न एकदमै अनुभवी छ र मिहिन तवरले तपाईंको उक्त कार्यको प्राविधिक पक्ष नियाल्नेछ। उनीहरूले रेडप्लसको सन्दर्भमा एफपिआइसीको ज्ञान भएको प्रस्तुतीलाई महत्त्व दिनेछन् र तपाईंले के चाहि प्रमाणित गर्न गइरहनु भएको छ जान्न चाहनेछन्।

उक्त वोलपत्रले निम्न वमोजिम तत्त्वहरूलाई समेट्न खोज्नुपर्नेछ :

- स्वतन्त्र प्रमाणीकरण प्रक्रियाको भूमिका र यसले वढाउने महत्त्व
- तपाईंले के र कसरी प्रमाणीकरण गर्नुहुनेछ
- प्रमाणीकरणबारेको तपाईंको टोलीको प्रस्ताव छनौट गर्नुपर्ने विशेष कारण
- तपाईंको विधिको अन्तिम सारांस र यसले रेडप्लसमा एफपिआइसीलाई कसरी सुदृढ गर्छ र उक्त क्षेत्रमा अनुकरणिय प्रक्रिया वन्छ


प्यानल समक्ष कसरी प्रस्तुति गर्ने हो निर्णय गर्न तपाईं स्वतन्त्र हुनुहुन्छ तर उक्त कार्यको लागि तपाईंसँग जम्मा १५ मिनेट समय भएको ख्याल गर्नुहोस्। तपाईंको प्रस्तुति पछि तपाईंलाई प्यानलले पाँच मिनेट प्रश्न सोध्नेछन्। तपाईंले कसरी प्रस्तुति गर्नु हुन्छ त्यसैले नै तपाईंको सन्देशको प्रभावकारिता निर्धारण गर्छ।

यस सेवा सम्झौता अन्तर्राष्ट्रिय स्तरको हो जसमा धेरै यात्रा गर्नुपर्ने हुन्छ र उत्कृष्ट परामर्शदाताहरूको लागि आकर्षक सेवा सुविधा उपलव्ध हुनेछ।

### तपाईंको टोलीका लागि सल्लाहहरू

- एफपिआइसीको तपाईंको वुझाइ स्पष्ट बनाउन तपाईंको टोलीका अन्य सदस्यहरूसँग छलफल गर्नुहोस्।
- तपाईंले रेडप्लसमा एफपिआइसीका सिद्धान्तहरू बारे कतिको जान्नुभएको छ भनेर कसरी देखाउनुहुन्छ सोच्नुहोस्।
- एफपिआइसी कार्यान्वयनका आधारभूत अवयवहरूबारेको तपाईंको दृष्टिकोण के गरी प्रस्तुत गर्नुहुन्छ र त्यसलाई कार्यक्षेत्रमा कसरी मापन गर्नुहुन्छ सोच्नुहोस्।
- प्रमाणीकरण गर्न प्रयोगमा आउने विधी तथा साधनहरूबारे प्रकाश पार्न नभुल्नुहोस्।

# सहमतिको प्रमाणीकरण




## सहमतिको प्रमाणीकरण के हो ?

एफपिआइसीको सिद्धान्त वमोजिम सहमति खोजिएको छ छैन भन्ने जाँच नै सहमतिको प्रमाणीकरण हो। परियोजना प्रस्तावक आफैले यो कार्य गर्ने भन्दा पनि यसको लागि सामान्यतया स्वतन्त्र सेवाप्रदायकको खोजी गरिन्छ।

## प्रमाणीकरण किन आवश्यक हुन्छ ?

प्रमाणीकरणले कार्बनका सम्भावित खरिदकर्तालाई वन क्षेत्रमा वा वन क्षेत्रको वरिपरि बस्ने मानिसहरू कार्बनको व्यापारबाट नकारात्मक रूपमा प्रभावित छैनन् र उनीहरू परियोजनाका जोखिम तथा लाभहरूबारे जानकार छन् भन्ने जानकारी प्रदान गर्दछ। केही अवस्थाहरूमा एफपिआइसी प्रमाणीकरण गरिएका स्थानहरूमा सामाजिक रूपमा उत्तरदायी कार्बन भएको हुँदा सो स्थानबाट प्रमाणीकरण नगरिएको स्थानको भन्दा सहजै कार्बनको व्यापार गर्न सकिन्छ।

## मापदण्डहरू र प्रमाणीकरणका बिच के सम्बन्ध छ ?

प्रायः जसो मापदण्डहरूको विकास तथा अनुगमन स्वतन्त्र निकायले गर्दछ । एफपिआइसी खोज्न सबैभन्दा उपयुक्त प्रक्रियाहरू अवलम्बन गरिएको थियो भन्ने प्रमाणित गर्ने आधारहरु नै मापदण्डहरू हुन् । मापदण्डहरूले प्रायः विभिन्न अवधारणाहरूको अथवा सम्बन्धित सूचकहरूको प्रमाणीकरणको खाका प्रस्तुत गर्दछन् ।

भिसिएस र सिसिबी मात्र हालसम्म रेडप्लस परियोजना क्षेत्रमा सहमति प्रमाणीकरण गर्न प्रयोग गरिने मापदण्डहरू हुन् । सिसिबी सामाजिक मापदण्डहरूमा एकदमै कडा छ। यसका लागि एफपिआइसी खोजिएका बखतको अभिलेख आवश्यक पर्दछ।

**प्रमाणित कार्बन मापदण्ड**
वेबसाइटबाट लिइएको एउटा अंश "व्यापारी तथा उपभोक्ताहरूले किनेको कार्बन क्रेडिट विश्वसनीय छ र यसका वास्तविक वातावरणीय लाभहरू छन् भन्ने हामी सुनिश्चित गर्दछौँ।"
www.v-c-s.org

## सहमतिको प्रमाणीकरण गर्दा कुनकुन सबालहरूमा ध्यान दिनुपर्दछ ?

रेडप्लसमा एफपिआइसीको प्रमाणीकरण गर्ने विधि तथा मापदण्डहरू विकास गर्न केही संस्था तथा व्यक्तिहरू लागिपरेका छन्। तपाईँले ध्यान दिनुपर्ने सबालहरूको सूची यस प्रकार छ (यो सूची भियतनामको राष्ट्रिय कार्यक्रमअन्तर्गत युन–रेडले एफपिआइसीको मूल्याङ्कनका लागि तयार पारेको पुस्तिकाको सुरुवाती खाकाबाट लिइएको हो) :

| सबाल[१४] | प्रमुख प्रश्नहरू |
|---|---|
| एफपिआइसी सहजीकरण टोली : उपयुक्तता र योग्यता | के भाषा अनुवादका लागि कसैको सहयोग प्राप्त नगरी स्थानीय मानिसहरूसँग सिधै कुराकानी गर्न सक्छ ? |
| | के टोलीले एफपिआइसीमा जातीय विविधता झल्काउन सक्छ ? |
| | के टोलीको लैङ्गिक सन्तुलनले एफपिआइसी प्रक्रियामा लैङ्गिक समता हासिल गर्न सहयोग गर्छ ? |
| | के समुदायको जानकारी पूर्णरूपमा प्रदान गर्नका लागि टोलीका सदस्यहरूको उमेर संरचना सहयोगी हुन्छ ? |
| | के टोलीले सहभागितात्मक परामर्श प्रक्रियामा दक्षता प्रदर्शन गर्न सक्छ ? |
| | के टोलीका सबै सदस्यहरूले युएन–रेड राष्ट्रिय कार्यक्रमका सिद्धान्तहरू, प्रगति र हालको अवस्थाबारे बुझेका छन् ? |
| | के टोलीले एफपिआइसी प्रक्रियाको अन्तर्राष्ट्रिय कानुनी आधार बुझेको छ ? |
| एफपिआइसीको प्रक्रियाको प्रारूप तयारी | के एफपिआइसी प्रक्रियाहरूका लागि उपयुक्त राष्ट्रिय मार्गदर्शनहरूमा एफपिआइसीको प्रारूप तयार पार्दा ध्यान दिइएको थियो ? |
| | के टोलीले स्थानीय शासनपद्धति बुझेको छ र एफपिआइसीको प्रक्रियाको प्रारूप तयार पार्दा उक्त कुरा झल्किन्छ ? |
| | के एफपिआइसीको प्रारूपलाई टेवा दिने वा कुनै तवरले प्रभावित गर्ने कानुनी संरचनाहरूबारे बुझिएको छ र यिनीहरूलाई एफपिआइसीको प्रारूपमा सम्बोधन गरिएको छ ? |
| | के टोलीले आदिवासीहरू र वनमा आश्रित अन्य समुदायहरूका बिचमा र उनीहरूको परम्परागत अभ्यासका बिचको भिन्नता पत्ता लगाएको छ ? |
| | के एफपिआइसी प्रक्रियाका सीमितताहरूको आँकलन र सम्बोधन पहिले नै भएको थियो ? |
| | के एफपिआइसी प्रक्रियामा दृष्टिकोण र चासोहरूको अभिलेख राख्ने प्रणाली समावेश गरिएको थियो ? |
| परामर्श प्रक्रियाको सुरुवात | के टोलीले कार्य गर्नका लागि समुदायहरूबाट स्पष्ट निमन्त्रणा प्राप्त गरेको थियो ? |
| | के टोलीले समुदायका वैधानिक प्रतिनिधिहरूसँग सञ्चार गरेको थियो ? |
| | के एफपिआइसीको एक चरणबाट अर्कोमा प्रवेश गर्नु समुदायको नियन्त्रणमा थियो ? |
| | के समुदायका प्रतिनिधिहरू निर्णय प्रक्रियाका दौरान आफ्नो भूमिकाप्रति उत्तरदायी थिए ? |
| | के समुदायमा भएका छलफलहरू महिला, युवालगायतका समुदायका सम्पूर्ण मानिसहरूको सहभागिताका लागि सहयोगी थिए ? |
| | |

[१४] Adapted from FPIC Evaluation Toolkit Version 1 Vickers 2011 RECOFTC and UN-REDD बाट लिइएको

| सबाल[१४] | प्रमुख प्रश्नहरू |
|---|---|
| परामर्श प्रक्रियाको सुरुवात | के निर्णय प्रक्रियाको अभिलेख इमान्दारीपूर्वक राखिएको थियो ? |
| | के एफपिआइसी प्रक्रियाले समुदायका सदस्यहरूबिच आन्तरिक तथा स्वतन्त्र छलफलका लागि विधिको विकास गर्न सघाउ पुऱ्याएको थियो ? के यसले समुदायका ती छलफल चलाउने क्षमताका कमजोरीहरू पहिचान र सम्बोधन गऱ्यो ? |
| सूचना तथा सञ्चार रणनीति | के जनचेतना जगाउने कार्यक्रमका बारेमा यथाशक्य बढी जानकारीहरू समुदायका सबैले बुझ्ने र उनीहरूको स्तर सुहाउँदो भाषामा प्रवाह गरिएको थियो ? |
| | के ती जानकारीहरू सही र स्थानीय मानिसहरूका प्रमुख सबालहरूको जबाफ दिने खालका थिए ? |
| | के समुदायहरू रेडप्लसका जानकारीहरू वैकल्पिक स्रोतहरूबाट प्राप्त गर्न सक्षम थिए ? |
| | के निर्णय गर्नुअघि रेडप्लस कार्यक्रमहरूबारे बुझ्न समुदायहरूलाई यथेष्ट समय प्रदान गरिएको थियो ? |
| पारदर्शिता र असल नियत सूचकहरू | के एफपिआइसी प्रक्रियाका माध्यमबाट युएन–रेड कार्यक्रम गलत तरिकाले प्रस्तुत गरिएको प्रमाण छ ? |
| | के समुदायका अगुवा वा समुदायको विचार व्यक्त गर्ने अन्य प्रभावशाली व्यक्तिहरूलाई सहमति प्रदान गर्नका लागि केही लाभ  वा असहमति व्यक्त हुँदा नराम्रो परिणाम व्यहोर्नु पर्ने चेतावनी दिइएको थियो ? |
| | के एफपिआइसी प्रक्रियामा कुनै निश्चित राजनैतिक वा बौद्धिक दृष्टिकोणका आधार मा कुनै व्यक्ति वा संस्थाको सहभागितालाई प्रोत्साहन गरिएको थियो ? |
| | के एफपिआइसीको प्रक्रियाका माध्यमबाट पेस गरिएका दस्ताबेजहरूले वास्तविक प्रक्रिया वा उपलब्धिको प्रतिनिधित्व गर्छन् ? |
| गुनासो व्यवस्थापन तथा पुनरावलोकन प्रक्रिया | के एफपिआइसी प्रक्रियामा गुनासो व्यवस्थापन तथा पुनरावलोकन (जिआरएम) प्रक्रिया समावेश थियो ? के यो संलग्न समुदायका सबै सदस्यहरूको प्रभावकारी पहुँचमा थियो ? |
| | के जिआरएम कुनै तवरबाट एफपिआइसी टोलीसँग सम्बन्धित थियो ? |
| | के जिआरएम कुनै तवरबाट निश्चित राजनैतिक एजेन्डा वा बौद्धिक एजेन्डासँग सम्बन्धित थियो ? |
| | के जिआरएमअन्तर्गत गरिएका कार्य तथा लिइएका निर्णयहरू बाध्यकारी थिए ? |
| | के एफपिआइसी प्रक्रियामा जिआरएमको संरचनाले लैङ्गिक, जातीय, धार्मिक र राजनैतिक सन्तुलन अभिव्यक्त गर्दछ ? |

# २३ सम्झौताको कार्यान्वयनको अनुगमन

**समय :**
१ घण्टा ३० मिनेट
(उत्प्रेरकसहित)

**विधिहरू :**
१. तथ्य र जनश्रुति उत्प्रेरक
२. सामूहिक कार्य

**सामग्रीहरू :**
फ्लिप चार्ट र मार्करहरू

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- कार्यान्वयन प्रक्रियामा हकवालाहरूले अनुगमन गर्नुको महत्त्वबारे वर्णन गर्न सक्नेछन्।
- सहमति प्रक्रिया र परियोजनाको कार्यान्वयनको अनुगमन गर्नमा हकवालाहरूको भूमिकाको वर्णन गर्न सक्नेछन्।
- के र कसरी अनुगमन गर्न सकिन्छ भनी पहिचान गर्नेछन्।
- कार्यान्वयन प्रक्रियामा आदिवासी तथा समुदायहरूले के जान्नु आवश्यक छ सूची बनाउन सक्नेछन्।

## चरणहरू

१. एफपिआइसीका प्रमुख तत्त्वहरूबारे पुनः एकपटक छलफल गर्दै सत्रको सुरुवात गर्नुहोस् र तपाईँहरू अब सहमति कार्यान्वयनको अनुगमन र स्थायित्वका बारेमा छलफल गर्दै हुनुहन्छ भनी बताउनुहोस्।

२. सहमति स्थायित्वको अर्को मुख्य अवयव कार्यान्वयनका दौरान भएको सम्झौताको अनुगमन हो भन्ने कुरा वर्णन गर्नुहोस् । समुदायका लागि सम्झौताको अनुगमन किन आवश्यक छ भन्नेमा सहभागीहरूलाई सानासाना समूहमा विभाजित भई मस्तिष्क मन्थन गर्न लगाउनुहोस्। उनीहरूको उत्तर फ्लिप चार्टमा लेख्नुहोस् (सहदायित्व, पारदर्शितामा टेवा, तथ्याङ्क र कार्यान्वयन प्रगतिको छड्के जाँच, वास्तविक संरचनाको विकासद्वारा प्रभावसँग सम्बन्धित भई वास्तविकता र अपेक्षाबिचको फरकको मापन, भविष्य र अन्य क्षेत्रहरूका लागि सिकाइ, समुदाय र प्रस्तावक वा लगानीकर्ताबिच विश्वास सृजना, परियोजना कार्यान्वयन र सहमति प्रक्रियाको परिवर्तनका लागि आधार को उपलब्धता)।

३. सहभागीहरूलाई सानासाना समूह बनाउन लगाई सहमति निर्माण प्रक्रिया सत्रमा आधारित भई समुदायले के र कसरी अनुगमन गर्न सक्छन् भनी सोच्नका लागि आग्रह गर्नुहोस्। उनीहरूलाई यसबारे फ्लिप चार्टमा तालिका बनाई लेख्न लगाउनुहोस्।

४. ३० मिनेटपछि समूहहरूलाई एकत्रित गर्नुहोस् र आआफ्ना कार्यहरू प्रदर्शन गर्न भन्नुहोस् । तिनीहरूको समानता र भिन्नता पत्ता लगाउन आग्रह गर्नुहोस् । पूर्ण सत्रमा निम्न बमोजिम मननीय प्रश्नहरू सोध्नुहोस् :

- *तपाईँले 'के अनुगमन गर्ने' भन्ने कुरा केका आधारमा छुट्याउनु भयो र किन ?*
- *कहाँ चाहिँ भिन्नताहरू थिए ? के तपाईँ तिनीहरूसँग सहमत हुनुहुन्छ ?*
- *सहमति प्रक्रिया र परियोजना कार्यान्वयन किन अनुगमन गरिनुपर्दछ ?*
- *अनुगमन प्रणाली र सूचकहरू कसले विकास गर्नुपर्दछ र किन ?*
- *अनुगमन प्रक्रियाका लागि कुनकुन सिपहरू आवश्यक पर्छन् ?*
- *सहभागितात्मक अनुगमन कसरी एमआरभी प्रक्रिया र सामाजिक प्रभावहरूसँग सम्बन्धित हुनुपर्छ ?*
- *तपाईँको अनुभवमा कति वटा पहलकदमीहरूले सहमति प्रक्रिया र अपेक्षित असरहरूको सहभागितात्मक अनुगमन समावेश गरेका छन् ?*
- *तपाईँको विचारमा कस्ता चुनौतीहरू सन्दर्भिक छन् ?*

५. चिन्तन गरिसकेपश्चात् सहभागिहरूलाई सहमति प्रक्रियाको अनुगमनमा आफ्नो भूमिका र अधिकारबारे समुदायहरूले के जान्न आवश्यक छ भनी प्रश्न गर्नुहोस् (स्रोतपत्र हेर्नुहोस्) ।

६. अनुगमन प्रक्रियाको केन्द्र सहमति हो र पारदर्शिता र सहमतिको स्थायित्वका लागि समुदाय आफैँले यो गर्नुपर्छ भन्ने कुरामा जोड दिँदै सत्रको समापन गर्नुहोस् ।

## प्रशिक्षकका लागि टिपोटहरू

यो सत्र तथ्य/जनश्रुति उत्प्रेरक प्रयोग गरेर पनि सुरु गर्न सकिन्छ । यस विधिका लागि अभ्यास पुस्तिका हेर्नुहोस् ।

सहभागीहरूले सहमति प्रक्रियाको अनुगमनलाई आफ्नो विश्लेषणमा समावेश गरेको कुरा सुनिश्चित गर्नुहोस् । उनीहरू सहमतिका विन्दु, अपेक्षित लाभ र असरहरू भन्दा पनि प्राविधिक अनुगमन, जस्तै : वनको अवस्था/सर्वेक्षणमा केन्द्रित हुन सक्छन् ।

**अभ्यास**

## तथ्य, धारणा र जनश्रुति

सहभागीहरूलाई तपाईं तान्जानियाको रेडप्लस परियोजना लागेको समुदायका सदस्यसँगको अन्तर्वाताका केही अंश वाचन गर्दै हुनुहुन्छ भन्ने कुरा बताउनुहोस्।

वाचन गर्दैगर्दा तपाईंले भनेको कुरा तथ्य, धारणा वा जनश्रुति (हल्ला) के हो भनी विश्लेषण गर्न लगाउनुहोस्। प्रत्येक वाक्यको अन्त्यमा पुरै समूहले तल प्रस्तुत क्रियाकलाप गर्दै निर्णय गर्नुपर्नेछ :

**तथ्य (त)** : **दुबै हात उठाउनुहोस् (उत्प्रेरित हुनका लागि)**
**धारणा (ध)** : **हातहरू टाउकामा राख्नुहोस्**
**जनश्रुति (ज)** : **शरीरअगाडि हात बाँध्नुहोस्**

**सहभागीहरूका लागि अन्तवार्ताको निम्न अंश वाचन गर्नुहोस् :**

मेरो विचारमा हामीमध्ये अधिकांश वनको यो परियोजनाबाट खुसी छौँ (त)। अग्रजहरूले हामीलाई भनेका छन् कि एक वा दुई वर्षमा हामीले दसौँ लाख डलर प्राप्त गर्न गइरहेका छौँ (ज)। मेरो विचारमा कोइला बनाउँदा भन्दा यो परियोजनाले ल्याएको अवसरले हाम्रो जीवन बढी सहज बनाउछ (ध)। हामीले सञ्चिति गरेको कार्बन किन्ने कम्पनीको नाम न्युट्रल सोलुसन्स हो (त)। प्रक्रियाको सुरुमा तिनीहरूले हामीलाई टिसर्टहरू प्रदान गरे (त)। हामीसँग अहिले जिपिएस एकाइ छ र यसले हाम्रो वनको नक्सा तयार पारेको छ, यसका लागि न्युट्रल सोलुसन्सलाई धन्यवाद, हाम्रो वन १,४०,००० हेक्टर छ (त)।। हामीले गस्ती जस्ता क्रियाकलाप गर्‍यौं भने त्यसबैपत हामीलाई पैसा दिइने कुरा पनि मैले सुनेको छु (ज)। त्यसकारण मेरो विचारमा हामीले दुई कार्यका लागि भुक्तानी पाउँछौं : वन गस्तीका लागि र कार्बन सञ्चितिका लागि (ध)। हाम्रो वनमा सबैभन्दा मूल्यवान् रुख पिन्गो हो र सरकारसँगको सहमतिमा तयार गरिएको हाम्रो वनको कार्ययोजनाअनुसार हामीले वर्षमा दुई वटा रुख काट्न पाउँछौं। मेरी श्रीमतीका अनुसार वन समितिले वन गस्ती गरे पनि वनमा धेरै गैरकानुनी कार्यहरू हुन्छन् (ज)। गाउँका अगुवाहरूले सरकारी अधिकारीहरूसँग मिलेमतो गर्ने हुँदा मेरो विचारमा अगुवाहरूका कारण यो समस्या सृजित छ (ध)। हाम्रो गाउँमा परियोजनाको योजना गत हप्ता प्रस्तुत भएको थियो (त)। यस हप्ता मैले प्राथमिकतामा परेको १० कि.मी. अग्निरेखा निर्माणमा सहयोग गरेँ (त)। हामीले एउटा ठुलो लगानी छिट्टै नै प्राप्त गर्दैछौँ भन्ने मैले सुनेको छु (ज)।

माथिको अंश वाचन गरिसकेपछि सहभागीहरूलाई निम्न बमोजिमका मननीय प्रश्नहरू सोध्नुहोस् :

- *यो अभ्यास गर्दा तपाईंले कस्तो महसुस गर्नुभयो ?*
- *यसमा निर्णय लिन सजिलो वा गाह्रो के थियो र किन ?*
- *तथ्य, धारणा र जनश्रुतिबिचको भिन्नता पत्ता लगाउन तपाईंलाई केले मद्दत गर्‍यो ?*
- *यो रेडप्लसमा एफपिआइसीसँग कसरी सम्बन्धित छ ?*
- *एफपिआइसी सहमति प्रक्रिया र परियोजना कार्यान्वयनमा हकवाला/समुदायहरूबिच के भइरहेको छ भन्ने पत्ता लगाउन सहभागितात्मक अनुगमनले के भूमिका खेल्न सक्छ ?*

## अनुगमन र उजुरी : सहमतिको स्थायित्व र सम्झौताको कार्यान्वयनको अनुगमन

### आदिवासी जनता र स्थानीय समुदायहरूले कार्यान्वयनको अनुगमन किन गर्नुपर्छ ?

प्राकृतिक स्रोतको मुख्य हकवालाका रूपमा सम्बन्धित समुदायहरूले सहमति प्रक्रियाको अनुगमन भएको र परियोजनाले कबोल गरेबमोजिमका कुराहरू प्राप्त भएको सुनिश्चित गर्न आवश्यक हुन्छ। सहभागितात्मक अनुगमनले :

- संयुक्त रूपमा विकास गरिएको सहमति प्रक्रिया र कार्यान्वयनका भूमिकाहरूमा सहदायित्वको भावना विकास गर्न सहयोग गर्दछ।
- पारदर्शी बनाउँछ र अनुभव आदानप्रदानका लागि तथ्यगत आधार उपलब्ध गराई उपलब्धि र असरहरूसँग तथ्याङ्कको तारतम्य मिलेको सुनिश्चित गर्दछ।
- कार्यान्वयनको प्रगति तथा हकवालाहरूको दृष्टिकोणअनुसार तय गरिएको सहमति प्रक्रियाको सम्मानको मापन गर्दछ।
- अपेक्षा र प्रभावका आधारमा वास्तविकताको छड्के जाँचको सहजीकरण गर्दछ।
- समुदाय र प्रस्तावक वा लगानीकर्ताबिच विश्वासको वातावरण सृजना गर्दछ।
- आवश्यक भएमा सहारा प्राप्त गर्न आवश्यक प्रमाणलगायतका सहमति प्रक्रिया र परियोजना कार्यान्वयन परिवर्तनका आधारहरू उपलब्ध गराउँछ।

## के र कसरी अनुगमन गर्न सकिन्छ ?

सहभागितात्मक अनुगमन प्रक्रिया पारस्परिक समझदारीमा तय गरिएको सहमति प्रक्रिया र परियोजना कार्यान्वयनको ढाँचामा आधारित हुनुपर्दछ। आवश्यक भएमा सहयोग लिएर हकवालाहरू आफैँले सूचक र सूचकहरू मापन गर्ने विधिहरू विकास गर्नुपर्छ। अनुगमन प्रक्रियाको केन्द्रमा निम्न बमोजिमका कुराहरू हुन सक्छन् :

- सहमति प्रक्रियाको आफैँमा अनुगमन : सम्झौताको स्तर, पछ्याइएका चरणहरू, सहमतिका लागि प्रस्तुत जानकारीहरू, निर्णय गर्ने प्रतिनिधि निकाय र समुदायका सदस्यहरू बिचको सञ्चार।
- लाभ, प्रभाव, असरहरूको अनुगमन र अन्य विकल्पसँग तुलना
- वित्त र लाभको वितरणको अनुगमन

यो प्रक्रिया स्रोत साधन सम्पन्न र हकवालाहरूले स्वतन्त्र रूपमा अनुगमन गर्न र प्राप्त नतिजा प्रकाशन गर्न सक्षम बनाउनका लागि सरल हुन आवश्यक छ।

## आदिवासी जनताहरू तथा समुदायहरूले अनुगमनका बारेमा के जान्न जरुरी छ ?

- परियोजना कार्यान्वयनको अनुगमनमा उनीहरू केन्द्रीय भूमिका खेल्न सक्छन्।
- सम्झौता भएको सहमति प्रक्रिया भन्दा विमुख भएर कार्यान्वयन गर्दा गुनासाहरू उत्पन्न हुन्छन्। यदि यी मामलाहरू गुनासो व्यवस्थापन प्रक्रियाका माध्यमबाट हल गर्न सकिएन भने कुनै एक पक्षले सहमति प्रक्रिया पुनः सुरु गर्न आग्रह गर्न अथवा यो मामलालाई अदालतमा लैजान सक्छ।

# २४ गुनासो व्यवस्थापन प्रक्रियाको विकास

**समय :**
१ घण्टा १५ मिनेट

**विधिहरू :**
१. अभिनय
२. पूर्ण सभामा छलफल

**सामग्रीहरू :**
- फ्लिप चार्ट र मार्करहरू
- अभिनय कार्डहरू

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- एफपिआइसी प्रक्रियामा गुनासो व्यवस्थापन प्रक्रियाको भूमिकाबारे वर्णन गर्न सक्नेछन्।
- गुनासो व्यक्त गर्ने प्रक्रियाका प्रमुख चरणहरू पहिचान गरेर सो सम्बन्धमा छलफल गर्नेछन्।
- गुनासो व्यवस्थापन प्रक्रियाको विकासका प्रमुख सिद्धान्तहरूको पहिचान गर्नेछन्।
- गुनासो व्यवस्थापन प्रक्रियाबारे आदिवासी जनता र समुदायहरूले के जान्न जरुरी छ भनी सूची बनाउन सक्नेछन्।

## चरणहरू

१. एफपिआइसीका प्रमुख तत्त्वहरूको सारांशलाई जोड्दै तालिम अब सहायताका बाटा वा उपचारहरूमा केन्द्रित हुने बताउँदै यो सत्र सुरु गर्नुहोस्।

२. सहभागीहरूलाई 'सहायताको बाटो'को अर्थ र रेडप्लसअन्तर्गत एफपिआइसी प्रक्रियामा यो कसरी सान्दर्भिक छ थाहा छ कि सोध्नुहोस् (सहायताको बाटो वा भन्नाले कार्यशैली परिवर्तन गर्न पाउने वा सहमति फिर्ता लिन पाउने हक हो)। (सहायताको बाटो प्रायः जसो गुनासो व्यवस्थापनको प्रक्रियाबाट प्राप्त हुन्छ भनी बताउनुहोस्। सहभागीहरूलाई 'गुनासो' जनाउने अन्य शब्दहरू भन्नका लागि आग्रह गर्नुहोस् (उजुरी, ध्यानाकृष्ट, असन्तुष्टि आदि)।

३. सहभागीहरूलाई आफूले व्यक्तिगत तथा व्यावसायिक जीवनमा सामना गरेको एउटा गुनासोबारे स्वतन्त्ररूपमा दुई मिनेट चिन्तन गर्न आग्रह गर्नुहोस् (जस्तै : क्षतिपूर्तिका लागि उजुरी, उनीहरूको कार्यालयमा व्यक्त असन्तुष्टि आदि)।

४. सहभागीहरूलाई स्वेच्छिक रूपमा आफ्नो अनुभव साट्न आग्रह गर्नुहोस् र ती कथाहरूमा के समानता छ विचार गर्नका लागि भन्नुहोस् :

   - *तपाईंको गुनासो कसरी व्यक्त भएको थियो (औपचारिक या अनौपचारिक) ?*

- *तपाईंको धारणा व्यक्त गर्ने कस्तो खालको प्रचलन थियो ?*
- *उक्त प्रक्रियाबारे तपाईंले कसरी थाहा पाउनुभयो ?*
- *गुनासो सम्बोधन हुँदा वा नहुँदा तपाईंले कस्तो महसुस गर्नुभयो र किन ?*
- *तपाईंको गुनासो सम्बोधन नहुनुको असर के भयो ?*

५. गुनासासँग सम्बन्धित सबालहरूबारे खोजबिनका गर्न सहभागीहरू एउटा अभिनय गर्न गइरहेका छन् भनी बताउनुहोस्। उनीहरू आफ्नो भूमिकाअनुसार विभिन्न समूहहरूमा बाँडिनेछन्।

६. अभिनयको पृष्ठभूमिको कथा वितरण गर्नुहोस् र कथाबारे हरसम्भव स्पष्ट र वास्तविक हुने प्रयास गर्दै सहभागीहरूसमक्ष जानुहोस्।

७. भूमिकाहरू क्षणिक मात्रै हुन् भन्दै आफ्नो भूमिका सक्दो ग्रहण गर्ने प्रयत्न गर्न आग्रह गरी सहभागीहरूलाई समूहमा बाँड्नुहोस्। तपाईं परियोजना प्रस्तावक र सहजकर्ताको भूमिका तथा आफ्ना विचारहरू आत्मविश्वासपूर्वक व्यक्त गर्न सक्ने उपयुक्त सहभागी छानेर प्रदान गर्नुभएको कुरा सुनिश्चित गर्नुहोस्।

८. आफ्नो कथा ग्रहण गर्न र भूमिका तयारी तथा विचार गर्न प्रत्येक समूहहरूलाई १० मिनेट समय दिनुहोस्।

९. अभिनय गाउँले परिवेशमा हुने हुँदा सोही बमोजिम तालिम कक्षलाई मिलाएर अभिनयका लागि ३० मिनेट समय प्रदान गर्दै अभिनयकर्ताहरूलाई निम्त्याउनुहोस्।

१०. ३० मिनेटपश्चात् अभिनय रोक्नुहोस् र निम्न बमोजिमका मननीय प्रश्नहरू सोध्नुहोस् :

**दर्शकहरूलाई**

- *तपाईंले के भइरहेको देख्नुभयो र किन ?*
- *गुनासो व्यवस्थापन प्रक्रियाको छलफलमा उक्त समूह कसरी प्रवेश गर्‍यो ?*
- *रचनात्मक छलफलका लागि के कुराले अवरोध गरिरहेको थियो ?*
- *तपाईंको विचारमा यदि त्यहाँ पहिले नै गुनासो व्यवस्थापन प्रक्रिया भएको भए यस्तो हुन्थ्यो होला ? यसले के गरी सहयोग गर्न वा अवरोध पुर्‍याउन सक्थ्यो होला ?*

**अन्य अभिनयकर्ताहरूलाई**

- *आफ्नो भूमिकामा तपाईंले कस्तो महसुस गर्नुभयो ?*
- *यो सजिलो वा कठिन के थियो ?*
- *सम्भावित विवादहरू सहजीकरण गर्न गुनासो व्यवस्थापन प्रक्रियाको विकास हुँदा तपाईंले कस्तो महसुस गर्नुभयो ? के तपाईंका सरोकारहरू सम्बोधन भए ?*
- *यस प्रक्रियामा कसरी गुनासो व्यवस्थापनको परम्परागत प्रक्रियालाई पनि समाहित गर्न सकिन्छ ?*

११. अभिनयकर्ताहरूलाई अभिनयको माहोलबाट बाहिर निकाल्नुहोस् र उनीहरूलाई निम्न प्रश्नहरू सोध्नुहोस्। उनीहरूको उत्तरलाई किन, के र कसरी शीर्षक दिएर लिप चार्टमा टिप्दै जानुहोस् :

- *रेडप्लसका लागि एफपिआइसीसँग सम्बन्धित गुनासो व्यवस्थापन प्रक्रिया किन आवश्यक पर्दछ ?*
- *प्रभावकारी गुनासो व्यवस्थापन प्रक्रियाका मुख्य सिद्धान्तहरू केके हुन सक्छन् ?*
- *कुनै पनि गुनासो व्यवस्थापन प्रक्रियाका प्रमुख चरणहरू केके हुन् ?*
- *गुनासो व्यवस्थापन प्रक्रिया प्रभावकारी रूपमा कार्यान्वयन भई विपन्न र सीमान्तकृत समूहहरूको पहुँचमा समेत पुग्दछ भनेर तपाईं कसरी सुनिश्चित गर्नुहुन्छ ?*

फ्लिप चार्टमा सारांश निकालिसकेपछि असन्तुष्टिहरूलाई सुषुप्त अवस्थामा नै आन्तरिक वा बाह्य रूपमा सम्बोधन गरी ठुलो विवादको रूप लिन नदिन गुनासो व्यवस्थापन प्रक्रिया आवश्यक हुन्छ र यो एफपिआइसी प्रक्रियामा अनुगमन र सहायताको एक पाटो हो भन्ने कुरामा जोड दिँदै सत्रको बिट मार्नुहोस्। एफपिआइसीका प्रमुख तत्त्वहरूबारे पुनः छलफल गर्दै र गुनासो व्यवस्थापन प्रक्रियाबारे समुदायले के जान्न आवश्यक छ भनी टाँस्दै यस सत्रको अन्त्य गर्नुहोस्। रेडप्लस परियोजनामा सिकेका पाठहरूका आधारमा गुनासो व्यवस्थापन प्रक्रिया एफपिआइसीको एक प्रमुख तत्त्व हो, जसको बेवास्ता हुँदा सृजित विवादका कारण विभिन्न परियोजनाहरू अवरुद्ध भएका छन् भन्ने कुरामा जोड दिनुहोस्। यसलाई एफपिआइसी खोज्ने प्रक्रियाको एक अत्यावश्यक तत्त्वको रूपमा हेरिनुपर्छ र बेवास्ता गरिनुहुँदैन।

## प्रशिक्षकका लागि टिपोटहरू

अभिनयकला विवाद व्यवस्थानमा नै अल्झिरहने सम्भावना रहन्छ। गैरसरकारी संस्थाको उपयुक्त अभिनयकर्ता छानेर र तयारीका क्रममा उसको भूमिका स्पष्ट रूपमा व्याख्या गरेर पनि यो समस्या न्यूनीकरण गर्न सकिन्छ। यदि अझै पनि उक्त समस्या रहिरहन्छ भने विवाद 'बढिरहेको' अभिनयको अनुभव विवाद बढ्नुपूर्व नै पारदर्शी प्रणालीको भूमिका र महत्त्वमा चिन्तन गर्न प्रयोगमा ल्याउनुहोस् । समयको उपलब्धताका आधारमा यस अभिनयलाई १५ देखि ३० मिनेटसम्ममा छोट्याउन पनि सकिन्छ।

**अभिनय**

## गुनासो व्यवस्थापन प्रक्रियाको विकास

प्रत्येक अभिनयकर्ताहरूका लागि एकएकप्रति कथाको पृष्ठभूमि र भूमिकाको वर्णन फोटोकपी गर्नुहोस् । अभिनयकर्ताहरूलाई अभिनय नसकिएसम्म अरू अभिनयकर्ताहरूका भूमिकाहरू नदेखाउनुहोस् ।

**कथा यस प्रकार छ :**

“**त्यो निर्णय कसले गर्‍यो** ....................**म कहाँ उजुरी गर्न पाउँछु** ?”

रेडप्लसको हालैको पहलकदमीका रूपमा तपाईंको समुदायले स्वस्थ तथा उत्कृष्ट वन व्यवस्थापन र भू-उपयोगका कारण वृद्धि हुने कार्बन सञ्चितिका लागि भुक्तानी पाउने सम्झौतामा हस्ताक्षर गर्‍यो । तपाईंको समुदायमा ३००० भन्दा बढी घरहरू छन् र ती गोल पोल्ने, चरिचरण जस्ता जीविकोपार्जनका स्रोतहरूका लागि वनमा आश्रित छन् । यस सम्झौताको बहस लगभग दुई वर्षसम्म चल्यो र उक्त समयमा रेडप्लसको अवधारणा वर्णन गर्न, विकल्पहरू तथा परियोजनाका सम्भावित असरहरूको विश्लेषण गर्न र उक्त गाउँका लागि भू-उपयोग तथा वन व्यवस्थापन योजना तयारी गर्न धेरै बैठकहरू आयोजना भए ।

प्रक्रियाको सुरुको चरणमा परियोजना प्रस्तावकसँग बहस गर्न गाउँका सबै घरधुरीको प्रतिनिधिका रूपमा एउटा प्राकृतिक स्रोत व्यवस्थापन समिति गठन गरे । सम्झौताअनुसार निषेध भएको भए पनि चरन क्षेत्रमा नयाँ घाँस उमार्नका लागि आगो लगाउने गरेर गाउँका केही सदस्यहरूले भू-उपयोग योजना उल्लङ्घन गरेको थाहा हुन आयो । समितिका मानिसले आगो लगाउने मानिसहरूलाई अबआइन्दा आगो नलगाउनका लागि आग्रह गरे । यस कुराले ती आगो लगाउने गाउँलेहरूलाई साह्रै असन्तुष्ट बनायो । वास्तवमा उनीहरू त्यो आगो लगाउन नपाउने निर्णय गर्नमा सामेल थिएनन् र यसमा सहमत पनि थिएनन् । गाउँ तथा गाउँका अगुवाहरूले उक्त निर्णय उल्टाऊन् भन्ने चाहन्थे । परियोजना प्रस्तावकले विवादको अनुसन्धान गरी भविष्यमा यस्तो अवस्था नआओस् भन्नका लागि र गुनासो व्यवस्थापन प्रक्रिया विकासमा सहयोग गर्न एक जना सहजकर्ता नियुक्त गर्‍यो । अब हुने बैठकमा कृषि प्रसार अधिकृतहहरू पनि सामेल हुँदै छन्, जो आफ्नो सरकार को लक्ष्य पुरा गर्न सहयोग गर्ने हुँदा रेडप्लस परियोजनाका पक्षमा छन् ।

तपाईंलाई यो मामला कसरी समाधान गर्न सकिन्छ भनेर उक्त बैठकमा बोलाइएको छ ।

तपाईं आफूलाई दिइएको भूमिका वहन गर्दै हुनुहुन्छ । कथाको पृष्ठभूमि र आफ्नो भूमिका पढ्नुहोस् । आफ्नो दृष्टिकोणबारे सोच्नुहोस् । अभिनय गर्दा सहजकर्ताको प्रश्नलाई आफ्नो भूमिकाका आधारमा वास्तविक जसरी नै उत्तर दिने प्रयत्न गर्नुहोस् । यो अभिनय ३० मिनेट समयावधिको हुनेछ ।

## स्वतन्त्र गैरसरकारी सहजकर्ताहरू

तपाईँ पहिचान चरणदेखि नै समुदायसँग सक्रिय रूपमा काम गर्दै आउनुभएको छ। गाउँको वस्तुस्थितिबारे तपाईँ राम्रोसँग जानकार हुनुहुन्छ र तपाईँले भूउपयोग तथा वन व्यवस्थापन योजना तयारीमा सहयोग पनि गर्नुभएको थियो । घाँसमा आगो लगाउने विषयको विवाद परियोजना प्रस्तावकसमक्ष उठाइएको छ, जसले भविष्यको भुक्तानीमा असर गर्न सक्छ। तपाईँलाई परियोजना प्रस्तावकले समुदायको उक्त विवाद सुल्झाउन र भविष्यका विवादहरूमा पनि सोही गर्न आग्रह गर्नुभएको छ। उक्त बैठकको उद्देश्य विवादको सम्बोधन गर्ने नभई भविष्यमा व्यक्त हुनसक्ने गुनासाहरूको सम्बोधन गर्ने प्रक्रियाको विकास हो।

निम्न कार्यहरूका लागि आफ्नो समूहमा योजना बनाउनुहोस् ः

- बैठकमा तपाईँ के गरी सहजीकरण गर्नुहुन्छ र सन्दर्भ तथा उद्देश्यहरू (तपाईँको आफ्नो भूमिका, सहजकर्ता, अभिलेखकर्ता आदि समेतका) का लागि
- सम्बन्धित पक्षबाट भविष्यमा गुनासाहरू रचनात्मक तवरबाट व्यक्त हुन् भन्नका लागि कस्तो पद्धतिको विकास गर्ने हो, सम्बन्धित पक्षहरूसँग बसेर पत्ता लगाउनुहोस् (सिद्धान्त तथा चरणहरू)
- गुनासो व्यक्त गर्नका लागि तपाईँ स्थानीय/परम्परागत प्रक्रियाहरूमा के विकास गर्नुहुन्छ ?
- उक्त पद्धतिले कसरी काम गर्दछ भन्ने बारेको आफ्नो अन्तिम खाका प्रस्तुत गर्नुहोस्।

## कृषि तथा वन प्रसार अधिकृतहरू (सरकार)

तपाईँ उक्त क्षेत्रमा केही समयदेखि काम गर्दै आइरहनुभएको छ र त्यहाँको बहस र सम्झौताका प्रक्रियाहरूबारे जानकार हुनुहुन्छ। तपाईँ भूउपयोग तथा वन व्यवस्थापनका योजनाका सर्तहरूबारे जानकार हुनुहुन्छ र उनीहरूलाई ती सर्तहरू पालना गर्न बाध्य पारिनुपर्दछ भन्ने तपाईँको विचार छ। ती पशुपालन गर्ने गाउँलेहरूले चरन क्षेत्रमा आगो लगाएर सम्झौता उल्लङ्घन गरेमा उनीहरूलाई उपयुक्त कारबाही गर्नुपर्छ पनि भन्नुहुन्छ। यदि यस्तै खालका विवादहरू उत्पत्ति भइरहे भने वन क्षेत्र र सम्झौता नै समस्यामा पर्दछ भन्ने तपाईँलाई लाग्दछ। यदि विवादका कारण स्रोतमा नकारात्मक प्रभाव पर्‍यो भने तपाईँको असक्षमता झल्किने हुँदा तपाईँलाई हाकिम रिसाउने चिन्ता पनि छ।

निम्न कार्यहरूका लागि आफ्नो समूहमा योजना बनाउनुहोस् ः

- तपाईँको समूहमा कसले कुन भूमिका कसरी निर्वाह गर्दछ ?
- आफ्ना असन्तुष्टिहरू समयमा नै व्यक्त गर्न तपाईँलाई कस्तो खालको प्रक्रियाले सहयोग गर्दछ ? त्यसका चरण तथा सिद्धान्तहरू केके हुन सक्छन् ?
- त्यस्ता खालका विवादहरू भविष्यमा उत्कर्षमा नपुगून् भन्नका लागि समुदायलाई तपाईँ कस्ता सुझाव दिन चाहनुहुन्छ ?

## पशुपालकहरू

तपाईँ वाक्क भएको, बहिष्करणमा परेको र हिनताबोध महसुस गर्दै यस बैठकमा सहभागी हुँदै हुनुहुन्छ। तपाईँलाई वन व्यवस्थापनको नयाँ प्रचलनबारे थाहा थिएन र तपाईँले नया परियोजनामा केही परिवर्तन भएको छ रे भन्ने सुन्नुभएको छ तर तपाईँलाई त्यो आफ्नो सरोकारको विषय होइन भन्ने जस्तो लाग्छ। समुदायका सदस्यहरूले तपाईँलाई धेरै पटक घाँसमा आगो नलगाउन चेतावनी दिइसकेका छन् र सजायको रूपमा धेरै सदस्यहरूको चौपाया जफत समेत गरेका छन्। यसै हप्ता तपाईँले गाउँको अगुवासमक्ष आफ्नो समस्या राख्ने प्रयास गरिरहनुभएको छ तर कुनै प्रतिक्रिया प्राप्त गरिरहनुभएको छैन। तपाईँ सबैजनालाई आफ्नो समस्या सुनाउन र उक्त निर्णय उल्टियोस् भन्ने कुरा राख्न उक्त बैठकमा उपस्थिति जनाउँदै हुनुहुन्छ। यदि त्यो निर्णय फिर्ता हुँदैन भने आगो नलगाएवापत तपाईँले क्षतिपूर्ति प्राप्त गर्नुपर्छ जस्तो लाग्छ। त्यस्ता निर्णयहरू कसरी उल्टिन्छन् र आइन्दा त्यस्ता निर्णयहरू लिने कार्य के गरी रोक्न सकिन्छ भन्नेबारे तपाईँ जान्न चाहनुहुन्छ। तपाईँको आफ्नो धारणा सुनुवाइका लागि यति धेरै समय लगाइदिएकोमा तपाईँ हिनताबोधले ग्रसित हुनुहुन्छ।

निम्न कार्यहरूका लागि आफ्नो समूहमा योजना बनाउनुहोस् :

- तपाईँको समूहमा कसले कुन भूमिका कसरी निर्वाह गर्दछ ?
- आफ्ना असन्तुष्टिहरू समयमा नै व्यक्त गर्न तपाईँलाई कस्तो खालको प्रक्रियाले सहयोग गर्दछ ? ती चरण तथा सिद्धान्तहरू केके हुन सक्छन् ?
- त्यस्तो खालको अवस्था भविष्यमा आइनपरोस् भन्नका लागि समितिलाई तपाईँ कस्ता सुझावहरू दिन चाहनुहुन्छ ?

## दर्शक

अभिनय कसरी अगाडि बढ्दछ भनी ध्यानपूर्वक हेर्नुहोस् । भविष्यका लागि गुनासो व्यवस्थापनका सिद्धान्त र प्रक्रियाहरूलाई विशेष ध्यान दिएर सुन्नुहोस्। कस्ता प्रमुख विषयवस्तु तथा सबालहरू खडा हुन्छन् ?

## प्राकृतिक स्रोत व्यवस्थापन गाउँ समिति

तपाईं रेडप्लस परियोजना तथा एफपिआइसी प्रक्रियाका लागि निर्णय गर्ने निकायका रूपमा छानिनुभएको छ। समुदायका सबै सदस्यहरूलाई भूउपयोग र वन व्यवस्थापन योजनाको प्रावधानका विषयमा (जसले गर्दा परियोजना प्रस्तावसँग उक्त सम्झौता हुन पुग्यो) थाहा पाउने अवसर प्राप्त थियो भन्ने तपाईंलाई लाग्दछ। केही मानिसहरू अत्यन्त व्यस्त भएर वा अल्छी गरेर योजना सार्वजनिक गरिएको बैठकमा आउन आएनन् भन्ने तपाईंलाई थाहा छ। पशुपालकहरूले उठाएका सबालहरूबारे तपाईं जानकार हुनुहुन्छ र तपाईंले व्यक्तिगत रूपमा अरू असन्तुष्टिहरू पनि सुन्नुभएको छ। निर्णय गर्ने निकायका रूपमा तपाईं विवाद उत्कर्षमा पुग्न नदिन स्थानीय रूपमा नै असन्तुष्टि व्यक्त गर्ने स्पष्ट प्रक्रिया विकास गर्न चाहनुहुन्छ। तपाईंको विचारमा उक्त प्रक्रिया सरल र पाका मानिसहरूद्वारा गुनासा व्यवस्थापन गर्ने स्थानीय प्रचलनहरूमा आधारित हुनुपर्छ।

निम्न कार्यहरूका लागि आफ्नो समूहमा योजना बनाउनुहोस् :

- तपाईंको समूहमा कसले कुन भूमिका कसरी निर्वाह गर्दछ ?
- कुन किसिमको प्रक्रियाले समुदायलाई आफ्नो असन्तुष्टि समयमा नै व्यक्त गर्न सहयोग पुऱ्याउँछ ? यसका चरण र सिद्धान्तहरू केके हुन सक्छन् ?
- त्यस्ता किसिमका विवादहरू भविष्यमा सृजना नहोऊन् भन्नका लागि समुदायलाई तपाईं कस्ता सुझावहरू दिन चाहनुहुन्छ ?

## परियोजना प्रस्तावक

तपाईं धेरै क्षेत्रमा काम गरिरहेको एउटा निजी लगानीकर्ताको प्रतिनिधि हुनुहुन्छ। तपाईंले प्रमाणित गरेको क्षेत्रको कार्बन क्रेडिटको कारोबार तपाईं आफैं गर्न चाहनुहुन्छ। परियोजना सुरु गर्नका लागि तपाईंले यस क्षेत्रमा धेरै नै लगानी गरिसक्नु भएको छ तर प्रसार अधिकृतहरूले सल्लाह दिए जस्तै तपाईंले प्राकृतिक स्रोत व्यवस्थापन समितिसँग मात्र प्रायः जसो छलफल गर्नुभयो। तपाईं यस विवादका कारण सन्तुष्ट हुनुहुन्न। यो र भविष्यमा सृजना हुने अन्य विवादहरूको रचनात्मक तवरबाट समाधान गरिएन भने तपाईं यस क्षेत्रबाट बाहिरिनुपर्नेछ। आफ्नो संलग्नताबाट एउटा गुनासो व्यवस्थापन प्रक्रियाको विकास गर्न तपाईं एकदमै इच्छुक हुनुहुन्छ।

निम्न कार्यहरूका लागि आफ्नो समूहमा योजना बनाउनुहोस् :

- तपाईंको समूहमा कसले कुन भूमिका कसरी निर्वाह गर्दछ ?
- कुन किसिमको प्रक्रियाले समुदायलाई आफ्नो असन्तुष्टि समयमा नै व्यक्त गर्न सहयोग पुऱ्याउँछ ? यसका चरण र सिद्धान्तहरू केके हुन सक्छन् ?
- त्यस्ता किसिमका विवादहरू भविष्यमा सृजना नहोऊन् भन्नका लागि समुदायलाई तपाईं कस्ता सुझावहरू दिन चाहनुहुन्छ ?

## गाउँका अग्रजहरू/अगुवाहरू

तपाईँका सदस्यहरूसँग छलफल गरिसकेपश्चात् धेरै अगाडि तपाईँहरूले रेडप्लस परियोजनाका लागि निर्णय गर्ने निकायका रूपमा निर्वाचित प्राकृतिक स्रोत व्यवस्थापन समिति हुनेछ भन्ने निर्णय गर्नुभएको थियो । तपाईँले पशुपालन गर्ने गाउँलेहरूलाई समितिसँग छलफल गर्न धेरैपटक आग्रह गरिसक्नुभएकाले अहिले विवाद सिर्जना हुँदा तपाईँ अचम्ममा पर्नुभएको छ। समस्या समाधान भए जस्तो देखिँदैन। तपाईँसँग स्रोत प्रयोगसम्बन्धी र घरधुरीहरूका बिचका गुनासाहरू व्यवस्थापन गरेको अनुभव छ। नयाँ प्रक्रिया अनावश्यक रूपमा जटिल र समस्या थप चर्काउने खालको हुन्छ भन्ने तपाईँलाई लाग्दछ। तपाईँ कुनै पनि गुनासाहरू परम्परागत तवरबाट सम्बोधन गरिनुपर्छ भन्ने पक्षमा हुनुहुन्छ।

निम्न कार्यहरूका लागि आफ्नो समूहमा योजना बनाउनुहोस् :

- तपाईँको समूहमा कसले कुन भूमिका कसरी निर्वाह गर्दछ ?
- कुन किसिमको प्रक्रियाले तपाईँलाई आफ्नो असन्तुष्टि समयमा नै व्यक्त गर्न सहयोग पुऱ्याउँछ ? यसका चरण र सिद्धान्तहरू केके हुन सक्छन् ?
- त्यस्ता किसिमका विवादहरू भविष्यमा सृजना नहोऊन् भन्नका लागि समुदायलाई तपाईँ कस्ता सुझावहरू दिन चाहनुहुन्छ ?

**स्रोतपत्र**

# अनुगमन र सहायताको बाटो : सहमति कायम

## गुनासो व्यवस्थापन प्रक्रियाको विकास

### गुनासो व्यवस्थापन प्रक्रिया किन महत्त्वपूर्ण छ ?

गुनासो व्यवस्थापन प्रक्रियाको विकास रेडप्लस परियोजना कार्यान्वयन अनुगमनको एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेको छ । परियोजना कार्यान्वयन गर्दैगर्दा नयाँ विषयवस्तुहरू प्रवेश तथा परिस्थिति परिवर्तन हुने गर्छ। गुनासो व्यवस्थापन प्रक्रियाले त्यस्ता विषयवस्तुहरू पहिचान गर्न र तिनीहरूले विवादको विकराल रूप धारण गर्नुअघि नै तिनीहरूको सम्बोधन गर्न सहयोग पुऱ्याउँछ। यसका लागि सम्झौताको पुनरावलोकन आवश्यक हुनसक्ने हुँदा अन्ततोगत्वा यसले सहायताको बाटातिर नै उन्मुख गराउँछ।




बुझाइ तथा दृष्टिकोणको विविधताले गर्दा परियोजना कार्यान्वयनमा असहमतिहरू प्रकट हुनु अवश्यम्भावी छ। एक पक्षका लागि खासै महत्त्व नराख्ने विषय अर्को पक्षका लागि ठुलो महत्त्वको विषय हुन सक्छ।

गुनासो व्यवस्थापन प्रक्रियाका माध्यमबाट निकालिएको समाधानले प्राविधिक तालिम जस्ता परियोजना वा कार्यक्रममा समावेश नगरिएका वैकल्पिक समाधानहरूको पहिचान गर्दछ।

गुनासो व्यवस्थापन प्रक्रिया र सहायताको बाटोलाई रेडप्लस परियोजनाको योजना र कार्यान्वयन तथा एफपिआइसी प्रक्रियाको अत्यावश्यक पाटोका रूपमा हेरिनु आवश्यक हुन्छ । हाल यो युएन–रेड र एफसिपिएफ[१५] को सर्त नै भइसकेको छ।

## गुनासो व्यवस्थापन प्रक्रियाको अन्तिम लक्ष्य के हो ?

गुनासो व्यवस्थापन प्रक्रियाको अन्तिम लक्ष्य पुनः सहमति हासिल गर्नु हो । यसले रेडप्लस परियोजनाको पक्ष तथा समुदायहरूलाई विवाद समाधानको बाह्य क्षेत्रमा भर पर्नुपर्ने प्रक्रियाको विकल्प उपलब्ध गराउँछ। यसको प्रक्रियाले सबै पक्षहरूलाई सहभागी गराउने लक्ष्य राख्दछ। त्यसकारण यसलाई सम्बन्धित समुदायमा वा समुदायसहितका रेडप्लस परियोजनका विभिन्न पक्षहरूका बिचमा प्रयोगमा ल्याउन सकिन्छ।

१५ FCPF and UN-REDD R-PP template; feedback and grievance redress mechanism को ड्राफ्ट

## गुनासो व्यवस्थापन प्रक्रियाका सिद्धान्तहरू

अन्य क्षेत्रहरूको अनुभवका आधारमा गुनासो व्यवस्थापन प्रक्रियाले निम्न कुराहरूमा ध्यान दिनुपर्दछ :

- सांस्कृतिक परिप्रेक्ष्य : सरोकारहरू सम्बोधन गर्ने प्रक्रिया तथा पद्धतिहरू सांस्कृतिक रूपमा उपयुक्त विधिहरूमा ध्यान दिँदै विकास गरिनुपर्दछ।
- पहुँच : गुनासो व्यवस्थापन प्रक्रिया स्पष्ट र सहजै बुझिने खालको, निःशुल्क र समुदायका सबै वर्गको पहुँचमा हुनुपर्छ।
- पारदर्शिता र उत्तरदायित्व : सम्झौताको कार्यान्वयनका लागि सबै पक्षहरू उत्तरदायी हुनुपर्छ।

### गुनासो व्यवस्थापन प्रक्रियामा कस्तो चरण पालना गरिनुपर्दछ ?

१. गुनासो व्यवस्थापन प्रक्रियाले कसरी काम गर्दछ भन्ने कुरा सबैले बुझ्ने गरी प्रचार
२. गुनासाहरूको प्राप्ति तथा दर्ता (गुनासोको अभिलेख राख्न र त्यसमा प्रतिक्रिया जनाउन आधिकारिक व्यक्ति)
३. गुनासाहरूको पुनरावलोकन तथा अनुसन्धान (सुनुवाइ तथा जाँचका लागि प्यानल)
४. समाधानका विकल्पहरूको विकास, गुनासोको सम्बोधन र कारबाही सम्पन्न
५. अनुगमन र मूल्याङ्कन (अनुगमन बैठकहरूमा प्रतिवेदन पेस)

यदि निराकरणका उपायहरू अवलम्बन गरिएनन् भने गुनासो व्यवस्थापन प्रक्रियामा सहमति फिर्ता लिन पाउने विधिसमेत समावेश गरिनुपर्छ।


### आदिवासी मानिस तथा समुदायहरुले गुनासो व्यवस्थापन प्रक्रियाबारे के जान्न जरुरी छ ?

- गुनासो व्यवस्थापन प्रक्रियाले उनीहरूको कानुनी सहायता खोज्ने बाटो बन्द गर्दैन।
- उनीहरूसँग मध्यस्तकर्ता, न्यायालाय जस्ता स्वतन्त्र संस्थाको सहायता लिने अधिकार पनि हुन सक्छ।
- सहमति प्रदान गरिएपछि पनि तर्कसङ्गत परिस्थितिमा फिर्ता लिन सकिन्छ।
- समझदारीमा तय गरिएको गुनासो व्यवस्थापन प्रक्रिया तथा यो कहाँ, कहिले र कसरी प्रयोग गर्ने।

सिकाई तह

# ५

# रेडप्लसमा एफपिआइसीको सिकाइको मूल्याङ्कन




सिकाइको यस तहमा सिकाइका विभिन्न विन्दुहरूमा सहभागीहरूले एफपिआइसीको ज्ञान, दृष्टिकोण र सबालहरूको अवस्था मापन गर्न प्रयोग गर्न सक्ने विभिन्न स्वेच्छिक सत्रहरू समावेश गरिएको छ । तपाईँलाई सहभागीहरूको बुझाइमा रहेका दरार वा द्विविधाबारेको पृष्ठपोषाण उपलब्ध हुने हुँदा यी सत्रहरू उपयोगी छन् । सहभागीहरूले कार्यक्षेत्रमा कुनकुन विन्दुमा चुनौती वा सबालहरूको सामना गर्छन् भन्ने अनुमान लगाउन पनि यी सत्रहरू  प्रयोगमा ल्याउन सकिन्छ । त्यस्तै यिनीहरूले सहभागीहरूलाई भिन्न तवरबाट सिकेका कुराहरूलाई संश्लेषाण गर्न, मनन गर्न र आकार प्रदान गर्न अवसर पनि प्रदान गर्दछन् ।

# २५ तपाईंले एफपिआइसीका बारेमा केके देख्नुभयो, सुन्नुभयो, महसुस गर्नुभयो र सिक्नुभयो ?

**समय :**
४० मिनेट

**विधिहरू :**
१. व्यक्तिगत चिन्तन
२. चित्रको प्रस्तुति
३. समूहमा छलफल

**सामग्रीहरू :**
१. फ्लिप चार्टहरू
२. पोस्ट–इट र कार्डहरू (चार रङका)
३. मार्करहरू

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- यस तालिमबाट प्राप्त गरेका एफपिआइसीको सिकाइका अनुभवहरू पहिचान गर्नेछन् र चित्रका माध्यमबाट एकआपसमा साट्नेछन्।
- प्रशिक्षकले परिस्थिति अनुसार समायोजन गर्न सकिने तालिमको योजना बनाउँदा सम्बोधन गर्नुपर्ने प्रमुख सबालहरूको उठान गर्नेछन्।

## तयारी

१. यो सत्र एफपिआइसीको सिकाइ प्रक्रियाको व्यक्तिगत तथा सामूहिक चिन्तनमा केन्द्रित रहने कुरा बताउनुहोस्।

२. एउटा फ्लिप चार्टमा बिचमा काटिएका दुई रेखाहरूलाई कोर्दै चार कोठामा विभाजन गर्नुहोस् र प्रत्येक कोठाहरूमा 'हेर्नु' (आँखा), 'सुन्नु' (कान), महसुस 'गर्नु' (मुटु) र 'सिक्नु' (हात) मध्ये एउटा कोठामा एउटा सङ्केत हुने गरी कोर्नुहोस्।


३. सहभागीहरूलाई चार वा पाँच जनाको समूहमा विभाजन गर्नुहोस् र उनीहरूलाई अगाडिको उदाहरणमा प्रयोग भए जस्तै उही चित्रहरू कोरिएका फ्लिप चार्टहरू प्रदान गर्नुहोस्।

४. तपाईं सहभागीहरूले एफपिआइसीको तालिम अवधिमा उनीहरूले देखेका, सुनेका, भोगेका र सिकेका कुराहरूबारे शान्तपूर्वक सोचून् भन्ने कुरा चाहनुहुन्छ भनी बताउनुहोस्।

५. उनीहरूले पोस्ट–इटमा आफ्नो सोचाइ शब्दका रूपमा टिपोट नगरी चित्रका रूपमा उतार्नुपर्ने कुरा भन्नुहोस्। प्रत्येक सहभागीले एउटा कोठाका लागि कम्तीमा एउटा चित्र कोर्नुपर्नेछ भन्ने कुरा स्मरण गराउनुहोस्। उनीहरूलाई सोच्न र चित्र कोर्नका लागि १५ मिनेट समय दिनुहोस्। चित्र कोर्न नचाहेमा उनीहरूले सङ्केत प्रयोग गर्न पनि सक्ने कुरा भन्नुहोस्।

६. १५ मिनेट बितिसकेपछि उनीहरूलाई आफूले कोरेका चित्रहरू फ्लिप चार्टका कोठाहरूमा टाँस्न लगाउनुहोस् र सबै सहभागीहरूका सामुन्ने उनीहरूले त्यसलाई कसरी प्रस्तुत गर्नेछन् भन्नेबारे सोच्दै आफ्ना चित्रहरूको विश्लेषण गर्न थप १० मिनेट समय दिनुहोस्।

७. प्रत्येक समूहहरूलाई आफ्नो सिकाइ यात्राका चित्रहरू प्रस्तुत गर्नका लागि भन्नुहोस्। उनीहरूले प्रस्तुति सकेपछि उठान भएका मुख्य विषयवस्तु वा सबालहरूको पहिचान गर्नुहोस्।




## प्रशिक्षकका लागि टिपोटहरू

यो सत्र उपयोगी र रमाइलो पृष्ठपोषण सत्र हो। चित्र बनाउने प्रक्रियाले मानिसहरूलाई चल्तीका पृष्ठपोषणका शब्दावलीहरूभन्दा बाहिर गएर सोच्न बाध्य पार्छ र सिकाइ प्रक्रियाका दु:खान्त चित्रहरूको विकास हुन्छ, जसले प्रशिक्षकका लागि लाभदायी तर अनपेक्षित प्रतिक्रियाहरू उपलब्ध गराउन सक्छ।

# २६ एफपिआइसीका चार "सी" हरु

**समय :**
१ घण्टा

**विधिहरू :**
१. चार सी'को संरचना
२. समूहमा छलफल

**सामग्रीहरू :**
१. फ्लिप चार्ट, मार्करहरू
२. पोट–इटहरू (चार भिन्नाभिन्नै रङका)

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- रेडप्लसमा एफपिआइसीसँग सम्बन्धित अवयव, चरित्र, विशेषता तथा चुनौतीहरूका बारेको हालको बुझाइ र/वा सिकाइ पहिचान गरेका र एकआपसमा आदानप्रदान गरेका हुनेछन्।
- तालिमको खाका र सिकाइ प्रक्रियासँग उनीहरूको बुझाइ कसरी सम्बन्धित छ भनी पहिचान गरेका हुनेछन्।

## चरणहरू

१. यस सत्रले रेडप्लसमा एफपिआइसीको अनुभव तथा विचारहरूको क्षेत्र निर्धारण गर्नेछ भन्दै सत्र सुरु गर्नुहोस्। यसको विधि सहभागीहरूलाई निश्चित समय रेखामा अरूहरूले के सोच्दछन् भन्ने खोजबिन गरेर सोचाइको दायरा फराकिलो बनाउन नियोजित तवरबाट नै विकास गरिएको हो भनी बताउनुहोस्। हामीले नसोचेका विचारहरू कहिलेकाहीँ तीव्र प्रक्रियामा विकास हुन्छन् भन्ने कुरामा जोड दिनुहोस्।

२. सहभागीहरूलाई चार समूहमा विभाजन गर्नुहोस्। चार 'सी'को संरचना भएको फ्लिप चार्ट पाटी वा भित्तामा टाँस्नुहोस्। चार 'सी' (अवयव, चरित्र, विशेषता र चुनौती)को अर्थ वर्णन गर्नुहोस्।

३. प्रत्येक समूहलाई चार 'सी' (अवयव, चरित्र, विशेषता र चुनौती) मध्ये एउटामा भाग लगाउनुहोस्। उनीहरूले यस अभ्यासमा छरितो तरिकाबाट एउटा काम गर्नेछन् भनी भन्नुहोस्। प्रत्येक समूहलाई विभिन्न रङका पोस्ट–इटहरू दिनुहोस्।

४. रेडप्लसमा एफपिआइसीका बारेको समूहको बुझाइ मापन गर्न उनीहरू चार 'सी' को संरचना प्रयोग गर्दै छन् भनी भन्नुहोस्। प्रत्येक समूहले अर्को समूहसँग अन्तर्वार्ता लिनुपर्नेछ र 'सी' का आधारमा उनीहरूको उत्तर पोस्ट–इटमा टिपोट गर्नुपर्नेछ। उनीहरूलाई तिन मिनेट योजना बनाउन, पाँच मिनेट अर्को समूहसँग अन्तर्वार्ता लिन र पुनः तिन मिनेट आफूले पत्ता लगाएका कुराहरूको विश्लेषण गर्न समय प्रदान गरिनेछ। उस्तै विषयवस्तुलाई स्पष्ट शीर्षक दिएर वर्गीकरण गर्दै उनीहरूले यो कार्य गर्नुपर्नेछ।

५. उक्त प्रक्रिया सुरु गर्नुअघि सहभागीहरूलाई विश्लेषण कार्य सजिलो बनाउन र समयको बचत गर्न अन्तर्वार्ताका दौरान प्राप्त उत्तरहरू एउटा पोस्ट–इटमा एउटा विचार पर्ने गरी सिधै त्यसैमा टिपोट गर्नुपर्नेछ भनी बताउनुहोस्।

६. सहभागीहरूलाई समयबारे विचार गर्न लगाउँदै उक्त कार्य सुरु गर्न लगाउनुहोस्। तपाईँले उनीहरूलाई गहिराइसम्म छलफल गराउन नचाहनुभएको हुँदा यो विधि सफल बनाउन उनीहरूलाई थप समय प्रदान नगर्नुहोला।

७. उनीहरूले अभ्यास सकिसकेपछि प्रत्येक समूहलाई अरू समूहको फ्लिप चार्ट अवलोकन गर्न आग्रह गर्नुहोस्। सबै समूहले अवलोकन गरिसकेपछि उनीहरूको नतिजा विश्लेषण गर्नुहोस् र प्रश्नको उत्तर दिन प्रत्येक समूहलाई तिन मिनेट समय दिनुहोस् र 'सी' को वरिपरि रहेर छलफल चलाउन सहजीकरण गर्नुहोस्।

आदानप्रदानको अन्त्य पछि सहभागीहरूलाई निम्न बमोजिमका मननीय प्रश्नहरू सोध्नुहोस् :

- *यो अभ्यास गर्दा तपाईँले कस्तो महसुस गर्नुभयो ?*
- *के केही कुराले तपाईँलाई अचम्ममा पाऱ्यो ? किन ?*
- *त्यसअन्तर्गत तपाईँ वास्तवमै असहमत हुनुभएको कुरा केही थियो ? किन ?*
- *रेडप्लसमा एफपिआइसीबारे तपाईँले केही नयाँ कुरा पत्ता लगाउनुभयो ?*
- *रेडप्लसमा एफपिआइसीबारे सोच्न यसले हामीलाई कसरी सहयोग गर्छ ?*

८. रेडप्लसमा एफपिआइसीबारे हामीले के जानेका छौँ भन्ने कुरा पुनरावलोकन गर्न यो एउटा सङ्क्षिप्त जाँच थियो र तालिम अवधिभरि नै यसको व्यवस्थित विकास गरिनेछ भन्दै सत्रको बिट मार्नुहोस्। हामीले तालिम अवधिभरि नै एकअर्काको अनुभवबाट कति सिक्न सक्छौँ भन्ने कुरा पहिले नै महसुस गरिसकको अवस्थामा यसले आदानप्रदान प्रक्रियाको पनि सुरुवात गराएको छ।

## प्रशिक्षकका लागि टिपोटहरू

यो सत्र सहभागीहरूको सिकाइको मूल्याङ्कन गर्न र रेडप्लसमा उनीहरूको बुझाइ, द्विविधा र एफपिआइसी कार्यान्वयनका सम्भाव्यता बारेको दृष्टिकोण (चुनौतीमा समावेश गरिएको) को स्तरको मापनका लागि तयार गरिएको हो। चालु ज्ञान र सुरुवाती धारणा मापन गर्नका लागि यो सत्र अनुभवी समूहमा पनि प्रयोगमा ल्याउन सकिन्छ।


केही सहभागीहरूले अभ्यासको सुरुमा तोकिएको समयसीमा उल्लङ्घन गर्न सक्छन्। त्यसकारण यस विधिको औचित्यबारे वर्णन गर्न र कटिबद्ध भएर समयसीमा पालना गराउन आवश्यक छ। यो अभ्यासको महत्त्व चार कोठे कार्य गर्नुमा निहित छ।

सन्दर्भका लागि : अभ्यासका दौरान उठ्नसक्ने सबालका उदाहरणहरू निम्न बमोजिम छन् :

| | | |
|---|---|---|
| **अवयवहरू** | : | स्वतन्त्र, अग्रिम, सुसूचित, सहमति |
| **विशेषताहरू** | : | दोहोरिइरहने, सहभागितात्मक, जटिल, दीर्घकालीन, खर्चिलो, जोखिमयुक्त/जोखिममुक्त |
| **चुनौतीहरू** | : | हकको मान्यता नदिइनु, विश्वासको आवश्यकता, क्षमताको आवश्यकता, नीति कार्यन्वयनको अभाव |
| **चरित्रहरू** | : | हकवालाहरू, संयुक्त राष्ट्रसङ्घीय नियन्त्रकहरू, सरकार, निजीक्षेत्र, स्थानीय मानिसहरू |

अभ्यास

## चार "सी"को संरचना



# २७ कार्ड खेलका चुनौती तथा सफल अभ्यासहरू

**समय :**
४५ मिनेट

**विधिहरू :**
कार्ड प्रयोग गरी खेलिने समूह खेल

**सामग्रीहरू :**
१. रङ्गीन कार्डहरू (प्रत्येक टोलीलाई एउटा) र प्रत्येक व्यक्तिका लागि कम्तीमा एउटा मार्कर
२. मास्किङ टेप
३. अङ्क तालिका बनाइएको फ्लिप चार्ट

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- रेडप्लसका लागि एफपिआइसीको मार्गचित्र पहिल्याउँदै जाँदा सामना गर्नुपर्ने आफ्नो सन्दर्भका चुनौतीहरू पहिचान गरेका हुनेछन्।
- ती चुनौतीहरूबाट पार लगाउनसक्ने समाधान पत्ता लगाएर अनुकूलन गरेका हुनेछन्।
- एफपिआइसीको कार्यान्वयन र विकास भइरहेका सिकाइका विषयवस्तुहरू बारेको बुझाइ प्रशिक्षकलाई प्रस्तुत गर्नेछन्।

## चरणहरू

१. सहभागीहरूले रेडप्लसमा एफपिआइसीको कार्यान्वयनका लागि सिकाइ तह पुरा गरिसकेका हुँदा उनीहरूले आफ्नो परिप्रेक्ष्य वा परियोजनामा गर्ने कामबारे खोजबिन गर्नेछन् भनी बताउनुहोस्।

२. यस सत्रमा सिकाइका लागि समूहमा खेल खेल्ने विधि प्रयोगमा ल्याइनेछ भनी बताउनुहोस्। सहभागीहरूलाई दुई समूह (चुनौती समूह र समाधान समूह) मा विभाजन गर्नुहोस्।

३. प्रत्येक समूहलाई आफ्ना लागि खेलका दौरान बोलाउन सजिलो हुने र थप ऊर्जा प्रदान गर्ने आफ्नो नाम राख्नका लागि अह्वाउनुहोस्।

४. समूहका सदस्यसङ्ख्या भन्दा दोब्बर सङ्ख्यामा हुने गरी प्रत्येक समूहलाई कार्डहरू वितरण गर्नुहोस् । प्रत्येक समूहसँग भिन्नभिन्न रङका कार्डहरू हुनुपर्दछ । एउटा टोलीलाई एफपिआइसी प्रक्रियाको चुनौती जनाउन र अर्कालाई चाहिँ समाधान जनाउनका लागि छनोट गर्नुहोस्।

५. आफ्ना विचारहरू लेख्नका लागि उनीहरूसँग १५ मिनेट समय छ भनी भन्नुहोस् । एउटा कार्डमा एउटा मात्र विचार लेखिनुपर्नेछ भनी बताउनुहोस् । चुनौती जनाउने समूहले पूर्वानुमान गरेका एफपिआइसी प्रक्रिया कार्यान्वयन गर्दा आइपर्ने प्रमुख चुनौतीहरू लेख्नुपर्नेछ। उनीहरूलाई एउटा उदाहरण दिनुहोस्: "हामी सीमान्तकृत समुदायको समावेशीकरण के गरी सुनिश्चित गर्न सक्छौँ ?" । सोही समयमा दोस्रो समूहले प्रस्तुत गर्ने चुनौती वा सबालको पूर्वानुमान लगाउँदै सो चुनौती सम्बोधन गर्ने समाधान वा सफल अभ्यासहरू लेख्नुपर्नेछ । (टिपोट : पहिलो समूहले आफ्नो

ज्ञानमा आधारित रही प्रस्तुत गरेका चुनौतीहरूको दोस्रो समूहले पूर्वानुमान गर्दछ ।) प्रत्येक समूहलाई आफ्ना कार्डहरू अर्को समूहबाट लुकाएर राख्नका लागि भन्नुहोस् । तालिमका सबै नियमहरू समूहहरूले अहिले नै थाहा पाउँदा आफूलाई सहयोग पुग्न सक्छ भन्ने सोचेर चलाकी गर्नसक्ने हुँदा अहिले नै खेलका पुरै नियमहरू नबताउनुहोला ।

६. १५ मिनेट बितेपछि खेलको नियम वर्णन गर्नुहोस् । प्रत्येक समूहले पालैपालो चुनौती र समाधान टाँस्नेछन् भनी बताउनुहोस् । खेल विनारोकावट अघि बढ्छ भन्ने सुनिश्चित गर्न सेतो पाटी र मास्किङ टेप तयारी अवस्थामा राख्नुहोस् ।

७. एउटा समूहले चुनौती वा समाधान टाँसेपछि अर्को टोलीले आफ्नो कार्डको समूहबाट त्यससँग जोडा मिल्दो कार्ड टाँस्नुपर्नेछ। यदि तिनीहरूले आफूसँग भएको कार्डबाट नै जोडा मिलाएमा पछि टाँस्ने समूहले दुई अङ्क प्राप्त गर्छ। यदि त्यहाँ जोडा मिलेन भने टाँस्ने पालो भएको समूहले नयाँ कार्ड (चुनौती वा समाधान) बनाउनका लागि एक मिनेट समय प्राप्त गर्दछ र यदि उनीहरूको त्यो कार्ड मिलेको छ भनेर निर्णायक (प्रशिक्षक)ले भनेमा उनीहरूले एक अङ्क प्राप्त गर्छन् । यदि उनीहरूले जोडा बनाउन सकेनन् भने अर्को समूहलाई नै आफ्नै कार्डको जोडा बनाउनका लागि दुई मिनेट समय प्रदान गरिन्छ। यदि उनीहरूले सके भने उनीहरूलाई एक अङ्क प्रदान गरिन्छ। प्रशिक्षक अथवा स्वतन्त्र दर्शकले अङ्क चढाउन सक्छन् ।

८. समूहका सुरुमा लेखिएका कार्डहरू टाँसिनसकिएसम्म खेल चलिरहन दिनुहोस् । यदि कार्डहरू बाँकी रहे भने तपाईँले नै चुनौती वा समाधानबारे स्पष्ट पारिदिने कोसिस गर्नुहोस्। अन्त्यमा दुबै समूहको अङ्क गणना गर्नुहोस् र पुरस्कारका लागि विजेताको घोषणा गर्नुहोस् ।

९. समूहहरूलाई निम्न बमोजिम प्रश्न गर्दै मनन गर्न लगाउनुहोस् :

- *खेल अवधिमा तपाईँले कस्तो महसुस गर्नुभयो ? किन ?*
- *तपाईँको विचारमा चुनौती वा समाधान कुन चाहिँ सहज थियो ? किन ?*
- *तपाईँको विचारमा यो खेल रेडप्लसका लागि एफपिआइसीको अनुभव र अभ्याससँग कसरी सम्बन्धित छ ? (सफल अभ्यासका माध्यमबाट चुनौतीहरूको पूर्वानुमान, प्रतिरोधन क्रियाकलापहरूका कारण समस्याको प्रतिरोधन, समस्यालाई चुनौतीका रूपमा नहेरेर अवसरका रूपमा हेरिनु, प्रत्येक अवस्थाका लागि एउटै समाधानमा मात्र भर नपर्नु, विभिन्न क्षेत्रमा विभिन्न समस्याहरू हुन्छन् र परिवर्तित समाधानहरूसहित एफपिआइसी समायोजन गर्न मिल्ने प्रक्रिया हुनुपर्छ)*
- *यस खेलले हामीलाई रेडप्लसमा एफपिआसीको भविष्यबारे के भन्दछ ?*

१०. चुनौतीहरूको समाधान खोज्न र एफपिआइसीका सफल अभ्यासहरूले ती चुनौतीहरूमध्ये केहीलाई कसरी प्रतिरोधन गर्दछ भन्ने बारेमा सोच्न उत्प्रेरित गर्न यो खेलको तयारी गरिएको थियो भन्दै सत्रको समापन गर्नुहोस् ।

## प्रशिक्षकका लागि टिपोटहरू

यो खेल समूहमा ऊर्जा प्रदान गर्न र एफपिआइसी प्रक्रियामा उनीहरूको ज्ञानका लागि उत्साह थपिदिन लक्षित छ । खेललाई बढी वास्तविक बनाउन सहजीकरण गरिरहेको प्रशिक्षकका रूपमा तपाईँले स्टप वाच, घन्टी वा त्यस्तै अन्य सामग्रीहरू प्रयोगमा ल्याउन सक्नुहुन्छ ।


खेल अवधिमा तपाईंले कस्तो महसुस गर्नुभयो ?
चुनौती वा समाधान ?
तपाईंको विचारमा यो खेल रेडप्लसका लागि एफपिआइसीको अनुभव र अभ्याससँग कसरी सम्बन्धित छ ?
यस खेलले हामीलाई रेडप्लसमा एफपिआसीको भविष्यबारे के भन्दछ ?

# अनुसूचीहरु



## सत्रमा आधारित तालिमका विस्तृत परिदृश्यहरू

| पहिलो दिन | दोस्रो दिन | तेस्रो दिन | चौथो दिन | पाँचौ दिन | छैठौं दिन |
|---|---|---|---|---|---|
| ▪ फेसबुकमा आफ्नो समूहको पेज बनाउनुहोस् (सि. त.८ १)<br>▪ तालिमको परिचय (सि. त. १)<br>▪ रेडप्लस के हो ? (सि. त. १) | ▪ आत्मनिर्णय (सि. त. ३)<br>▪ रेडप्लस परियोजनामा एफपिआइसी किन आवश्यक छ ? (सि. त. १) | ▪ सुसूचित के हो ? (सि. त. २)<br>▪ सहमति के हो ? (सि. त. २) | ▪ एफपिआइसीको क्षेत्र निर्धारण (सि. त. ५)<br>▪ एफपिआइसीका तत्त्वहरूको सारांश (सि. त. ४)<br>▪ हकवालाहरूको मान्यता (सि. त. ३) | ▪ तपाईंले के देख्नु, सुन्नु, सीक्नु भयो ? (सि. त. ५)<br>▪ प्रभावकारी सञ्चार (सि. त. ३)<br>▪ एफपिआइसीको प्रक्रियाको विकास (सि. त. ४) | ▪ चुनौतीको खेल (सि. त. ५)<br>▪ सहमतिको प्रमाणीकरण (सि. त. ४) |
| ▪ एफपिआइसी के हो ? (सि. त. १)<br>▪ के र कसका लागि एफपिआइसी ? (सि. त. १) | ▪ स्वतन्त्र के हो ? (सि. त. २)<br>▪ अग्रिम के हो ? (सि. त. २) | ▪ एफपिआइसीका लागि बाध्यकारी संयन्त्रहरू (सि. त. १)<br>▪ भोगाधिकारको बुझाइ (सि. त. ३) | ▪ निर्णय गर्ने उपयुक्त निकायको छनोट (सि. त. ४)<br>▪ सहभागितात्मक निर्णय प्रक्रिया (सि. त. ३) | ▪ सम्झौताको अनुगमन (सि. त. ४)<br>▪ गुनासो व्यवस्थापन प्रक्रियाको विकास (सि. त. ४) | ▪ आफ्नो सन्दर्भ र कार्ययोजनाको आत्ममूल्याङ्कन (सि. त. ५) |

(टिपोट : सहजीकरण कौशल र औजारहरूका केही सत्रहरू पनि यसमा समावेश गर्न सकिन्छ)

* सिकाइ तह

## विकल्प २ : परियोजना व्यवस्थापक/रेडप्लस प्रस्तावकहरूका लागि एक चरणको दुई दिने सारांश तालिम

| पहिलो दिन | दोस्रो दिन |
|---|---|
| ▪ तालिमको परिचय (सि. त. १)<br>▪ सहमति किन ? (सि. त. १)<br>▪ एफपिआइसीका लागि बाध्यकारी संयन्त्रहरू (सि. त. १) | ▪ एफपिआइसीको क्षेत्र निर्धारण (सि. त. ५)<br>▪ सुसूचित के हो ? (सि. त. २)<br>▪ सहमति के हो ? (सि. त. २) |
| ▪ के र कसका लागि एफपिआइसी ? (सि. त. १)<br>▪ स्वतन्त्र के हो ? (सि. त. २)<br>▪ अग्रिम के हो ? (सि. त. २) | ▪ एफपिआइसीका तत्त्वहरूको सारांश (सि. त. ४)<br>▪ आफ्नो सन्दर्भ र कार्ययोजनाको आत्ममूल्याङ्कन (सि. त. ५) |

(टिपोट : यदि व्यवस्थापकहरू कुनै निश्चित क्षेत्रका छन् भने उनीहरूकै क्षेत्रका लागि जोखिम र लाभहरूको विश्लेषणको सत्र समावेश गर्न सकिन्छ)

## विकल्प ३ : एफपिआइसी सहजकर्ताहरूका लागि दुई खण्डको ८ दिने तहगत तालिम र फिल्ड अनुशिक्षण

**पहिलो तालिम कार्यशाला**

| पहिलो दिन | दोस्रो दिन | तेस्रो दिन | चौथो दिन |
|---|---|---|---|
| ▪ फेसबुकमा आफ्नो समूहको पेज बनाउनुहोस् (सि. त. १)<br>▪ तालिमको परिचय (सि. त. १)<br>▪ रेडप्लस के हो ? (सि. त. १) | ▪ के र कसका लागि एफपिआइसी ? (सि. त. १)<br>▪ रेडप्लस परियोजनामा एफपिआइसी किन आवश्यक छ ? (सि. त. १) | ▪ सुसूचित के हो ? (सि. त. २)<br>▪ सहमति के हो ? (सि. त. २) | ▪ एफपिआइसीको क्षेत्र निर्धारण (सि. त. ५)<br>▪ एफपिआइसीका तत्त्वहरूको सारांश (सि. त. ४) |
| ▪ सहमति किन ? (सि त १)<br>▪ आत्मनिर्णय (सि त ३)<br>▪ एफपिआइसी के हो ? (सि त १) | ▪ स्वतन्त्र के हो ? (सि. त. २)<br>▪ अग्रिम के हो ? (सि. त. २) | ▪ एफपिआइसीका लागि बाध्यकारी संयन्त्रहरू (सि. त. १)<br>▪ भोगाधिकारको बुझाइ (सि. त. ३) | ▪ हकवालाहरूको मान्यता (सि त ३)<br>▪ आफ्नो सन्दर्भ र कार्ययोजनाको आत्ममूल्याङ्कन (सि. त. ५) |

**दोस्रो तालिम कार्यशाला** (फिल्डको सिकाइलाई हकवालाहरूको आफ्नो रेडप्लस परियोजना क्षेत्रमा पहिचानसँग तहगत रूपमा मिश्रण गर्दै)

| पहिलो दिन | दोस्रो दिन | तेस्रो दिन | चौथो दिन |
|---|---|---|---|
| ▪ तपाईंले के देख्नु, सुन्नु र सिक्नुभयो (फिल्डको अनुभवमा केन्द्रित हुनुहोस्) ? (सि. त. ५)<br>▪ हकवालाहरूको पुनरावलोकन र आदानप्रदान (फिल्डको अनुभवमा केन्द्रित हुनुहोस्) | ▪ सहमति खोज्ने र प्राप्त गर्ने प्रक्रियाको विकास (सि. त. ४)<br>▪ तपाईंको आफ्नो परियोजनाको प्रारूपमा एफपिआइसी प्रक्रिया समावेश (पछिल्लो सत्रमा तपाईंको आफ्नो सन्दर्भ जोड्नुहोस्) | ▪ सम्झौताको अनुगमन (सि. त. ४)<br>▪ गुनासो व्यवस्थापन प्रक्रियाको विकास (सि. त. ४) | ▪ चुनौतीको खेल (सि. त. ५)<br>▪ कार्ययोजना |
| ▪ निर्णय गर्ने उपयुक्त निकायको छनोट (सि. त. ४)<br>▪ सहभागितात्मक निर्णय प्रक्रिया (सि. त. ३) | ▪ प्रभावकारी सञ्चार (सि. त. ३) | ▪ सहमतिको प्रमाणीकरण (सि. त. ४) | ▪ कार्ययोजनाको प्रस्तुति र त्यसमा पृष्ठपोषण |

(टिपोट : यस तालिम पुस्तिकाबाट फिल्ड अभ्यासका लागि चिन्तन गर्न अनुभव आदानप्रदान गर्ने सत्र प्रयोग गर्न सकिन्छ)

## विकल्प ४ : समुदायका लागि एक चरणको दुई दिने तालिम

| पहिलो दिन | दोस्रो दिन |
|---|---|
| ▪ तालिमको परिचय (सि. त. १)<br>▪ सहमति किन ? (सि. त. १)<br>▪ रेडप्लस के हो ? (सि. त. १)<br>▪ आत्मनिर्णय (सि. त. ३) | ▪ तपाईंले के देख्नु, सुन्नु र सिक्नुभयो ? (सि. त. ५)<br>▪ एफपिआइसीको मार्गचित्र (सि. त. ४) थप जानकारी (जानकारीका थप स्रोतहरू – सन्दर्भ र वेबसाइट) |
| ▪ एफपिआइसीको अधिकारको सम्मान गर्नुपर्ने बन्धन<br>▪ एफपिआइसी (स्वतन्त्र, अग्रिम, सुसूचित, सहमति) | ▪ सहमति खोज्ने र प्राप्त गर्ने प्रक्रियाको विकास र समुदायले के जान्न आवश्यक छ<br>▪ एफपिआइसीका तत्त्वहरूको सारांश (सि. त. ४) |

(टिपोट : समुदायमा प्रयोग गर्नका लागि सत्रलाई धेरै समायोजन गर्नुपर्ने हुन्छ। मार्गचित्रको प्रत्येक चरणमा समुदायले के जान्न आवश्यक हुन्छ भनी जान्नका लागि स्रोतपत्र हेर्नुहोस्)

## विकल्प ५ : बहुसरोकारवाला फिल्ड सिकाइ प्रक्रिया

| **पहिलो दिन (समुदाय र अन्य सरो कारवालाहरूलाई छुट्टाछुट्टै समूहमा)** | **दोस्रो दिन (समुदाय र अन्य सरोकार वालाहरूलाई छुट्टाछुट्टै समूहमा)** | **तेस्रो दिन (सबै समूहहरूलाई सँगसँगै)** |
|---|---|---|
| ▪ सहमति किन ? (सि. त. १)<br>▪ रेडप्लस के हो ? (सि. त. १)<br>▪ एफपिआइसीको अधिकारको सम्मान गर्नुपर्ने बन्धन | ▪ एफपिआइसीका तत्त्वहरूको सारांश (सि. त. ४)<br>▪ सहमति खोज्ने र प्राप्त गर्ने प्रक्रियाको विकास र समुदायले के जान्न आवश्यक छ | ▪ सरोकार तथा सहमतिका प्रस्तावित विन्दुहरूका विषयमा समुदायको प्रस्तुति |
| ▪ एफपिआइसी (स्वतन्त्र, अग्रिम, सुसूचित, सहमति)<br>▪ (सि. त. २त्र उपयुक्त समूहलाई संयो जन गर्नुहोस्) | ▪ हकवालाहरूको पहिचान र क्षेत्रका स्तरमा अन्तर्क्रियाको तयारी (निश्चित फिल्डको अवस्थामा संयोजन गर्नुहोस्) | ▪ तेस्रो पक्षको संलग्नताबाट सहमति प्रक्रियाको व्यावहारिक विकास |

(टिपोट : यस प्रक्रियाका लागि अनुभवी सहजीकरण आवश्यक हुन्छ र कुनै क्षेत्रको अवस्थासँग जोड्नका लागि सत्रहरूको समायोजन गर्न आवश्यक हुन्छ। समुदायहरूलाई सुरुमा नै र अरू सरोकारवालाहरू भन्दा भिन्न राखेर तयारी गराउनु आवश्यक हुन्छ।)

## जानकारीका थप स्रोतहरू (सन्दर्भ सामग्री र वेबसाइटहरू)

थप प्रेरणा तथा अध्ययनका लागि वेब ठेगाना र प्रकाशित स्रोतहरू

**एफपिआइसी र रेडप्लसमा सरोकारवालाहरूको संलग्नतासँग सम्बन्धित**

| शीर्षक | टिपोटहरू | वेब ठेगाना |
|---|---|---|
| Free, Prior, Informed Consent: Principles and Approaches for Policy and Project Development: The Center for People and Forests (RECOFTC and GIZ). Anderson (2011) | एफपिआइसीको रेडप्लससँग सम्बन्धित थोरै सन्दर्शिकामध्ये यो एक हो। यसले धेरै प्रमुख तत्त्वहरूको वर्णन गर्छ र तपाईंको सिकाइलाई बल प्रदान गर्न विश्वभरिका उदाहरूणहरू पेस गर्छ। | http://www.recoftc.org/site/resources/Free-Prior-and-Informed-Consent-in-REDD-.php |
| Guide to Free Prior and Informed Consent: Oxfam | यो निर्देशिका विशेषगरी समुदाय र प्राथमिक समूहहरूका लागि तयार पारिएको हो र यसले विकास परियोजनामा समुदायको नजरबाट एफपिआइसीको हकको वर्णन गर्छ। | http://www.culturalsurvival.org/news/none/oxfam-guide-free-prior-and-informed-consent |
| Draft guidelines for stakeholder engagement for REDD Readiness (May 2011). UN-REDD and World Bank FCPF. | एफपिआइसीमा रेडको तत्परता, कार्यक्रमको चालु अवस्थाको जानकारी प्रदान गर्नका लागि दस्ताबेज उपयोगी छ। अन्तिम रूप प्राप्त गर्नुभन्दा अघि धेरैपटक परिमार्जित भएर यसले पछिल्ला विकासक्रमहरूलाई समेट्न सक्छ। | http://www.forestcarbonportal.com/resource/guidelines-stakeholder-engagement-redd-readiness |
| Smoke and Mirrors: a critical assessment of the Forest Carbon Partnership Facility May 2011. Dooley et al | एफपिआइसीको अधिकारको सम्मान गर्न आग्रह गर्ने विश्व बैंकको इच्छाको मूल्याङ्कन र आलोचनात्मक दृष्टिकोण। | http://www.forestcarbonportal.com/resource/smoke-and-mirrors-critical-assessment-forest-carbon-partnership-facility |
| Free, Prior and Informed Consent: Making FPIC work for forests and peoples: The Forests Dialogue (TFD). | फरेस्ट डायलगसँग उसको विभिन्न देशहरूसँगको छलफलबाट विकास गरिएका उपयोगी सामग्रीहरूका धेरै सेट छन्। घटना अध्ययनका स्रोतहरूमध्ये विशेषगरी इन्डोनेसियाबाट एउटा उपयोगी स्रोत छ। | http://environment.yale.edu/tfd/dialogue/free-prior-and-informed-consent/ |
| United Nations Declaration on the Rights of Indigenous peoples | घोषणाको पूर्ण रूप। विशेषगरी आदिवासी जनजातिका हकमा एफपिआइसीको सन्दर्भ बुझ्न एउटा उपयोगी सन्दर्भसामग्री | http://www.un.org/esa/socdev/unpfii/en/drip.html |
| Forests People Programme | रेडप्लसबारे आदिवासी जनजातिहरूको धारणा र उनीहरूको एफपिआइसीको सम्मानको प्रगतिबारे सुसूचित गर्न उपयोगी वेबसाइट | http://www.forestpeoples.org |

### रेडप्लस र कार्बनसँग सम्बन्धित

| शिर्षक | टिपोटहरू | वेब ठेगाना |
|---|---|---|
| The Little REDD Book | रेडप्लस र सम्बन्धित विषयवस्तुहरूको वर्णन गर्ने एउटा उपयोगी हातेपुस्तक | http://www.theredddesk.org/redd_book |
| COP16 Agreement on REDD+: An Official UNFCCC Text | चालु बहसलाई क्यानकुन सम्मेलनले कसरी परिभाषित गऱ्यो भनेर जान्न चाहनुहुन्छ भने धेरै उपयोगी सन्दर्भसामग्री। (आधिकारिक धारणा) | http://unfccc.int/meetings/cop_16/items/5571.php |
| REDD Monitor | रेडप्लसबारे अत्यन्तै आलोचनात्क वेबसाइट, जसले फिल्डका अनुभवको आधारमा रेडप्लसबारे आलोचनात्मक प्रश्नहरू उठाउँछ। यसले सन्तुलित विचार प्रस्तुत गर्दैन तर पनि महत्त्वपूर्ण सबालहरूको उठान भने गर्दछ। | http://www.redd-monitor.org |
| REDD net | रेडप्लस र सामुदायिक वनलाई जोड्ने आधारभूत व्याख्या र प्रकाशनहरू उपलब्ध भएको सिकाइको एउटा उपयोगी थलो। | http://www.redd-net.org/ |

### सहभागिता र सिकाई विधिहरूसँग सम्बन्धित

| शिर्षक | टिपोटहरू | वेब ठेगाना |
|---|---|---|
| Facilitator's Guide to Participatory Decision-Making, New Society Publishers, Canada, 1998 Sam Kaner | सहभागितात्मक निर्णय प्रक्रियाका मान्यताहरू प्रस्तुत गर्ने एउटा धेरै उपयोगी पुस्तक | |
| Toolbox for enhancing stakeholder participation in policy making. FAO. 2010. Peter O'Hara | विभिन्न सन्दर्भमा प्रयोगमा ल्याउन सकिने उत्कृष्ट विधिहरू भएको एउटा उपयोगी पुस्तिका। तपाईंले आफ्नो परियोजनालाई केन्द्रमा राखेर फिल्डमा आधारित तालिम सञ्चालन गर्न चाहनु हुँदा विशेष उपयोगी। | http://www.fao.org/docrep/014/i1858e/i1858e00.pdf |
| The Art of Building Facilitation Capacities. RECOFTC. Braakman and Edwards (2002) | तपाईंको तालिम समूहको कुन पाटो सुदृढ गर्नु आवश्यक छ भनी पत्ता लगाउन सहयोग गर्ने पुस्तिका। तपाईं एफपिआइसीका प्रशिक्षकहरूलाई प्रशिक्षित गर्दै हुनुहुन्छ भने यसबाट पनि केही सत्र समावेश गर्न सक्नुहुन्छ। | |
| Gamestorming: A Playbook for Innovators, Rulebreakers, and Changemakers. Dave Grey, Sunni Brown & James Macanufo (2011) | छलफल र सिकाइमा सहजीकरण गर्ने विभिन्न औजारहरूको सङ्ग्रह भएको हालसालै प्रकाशित पुस्तक। यो तालिम पुस्तिकामा पनि सो किताबबाट केही औजारहरू प्रयोगमा ल्याइएको छ। | http://www.amazon.com/Gamestorming-Playbook-Innovators-Rulebreakers-Changemakers/dp/0596804172 |
| Visual Meetings: How Graphics, Sticky Notes and Idea Mapping Can Transform Group Productivity. David Sibbet (2010) | बैठक र विचारहरूलाई कसरी चित्राङ्कन गर्ने भन्ने बारेका उपयोगी उपायहरू। शक्तिमा विविधता भएको मिश्रित समूहका लागि चित्राङ्कन अनिवार्य हुन सक्छ। | |

# शब्दावली

| | |
|---|---|
| **अतिरिक्तता** | कार्बन अफसेट परियोजनाको परिप्रेक्ष्यमा अतिरिक्तता भन्नाले हरितगृह ग्याँस उत्सर्जनमा आउने अतिरिक्त कमी जुन परियोजना सञ्चालन नभएको अवस्थामा सम्भव हुँदैनथ्यो । |
| **एफरेस्टेसन** | लामो समयदेखि नै खाली रहेको जग्गामा रुखको बिरुवा (वन) लगाउने कार्य । |
| **सहमति** | प्रस्तावित रेडप्लस क्रियाकलाप वा परियोजना विकासका लागि समुदायले स्पष्ट वा पूर्ण समझदारीका साथ गरेको निर्णय वा अनुमति । यसका लागि परियोजनामा संलग्न मानिसहरूले आदिवासीहरूलाई आफ्नै रोजाइको निर्णय प्रक्रियाका माध्यमबाट परियोजनाको प्रत्येक चरणमा “हुन्छ” वा “हुँदैन” भन्न दिइनुपर्छ । |
| **वन विनाश** | गैर वनजन्य भूउपयोगका लागि वनका रूखहरू हटाउने कार्य । यसको उदाहरणमा वन भूमिलाई कृषि तथा आवासीय उपयोगमा परिवर्तन गर्नु । |
| **वन क्षयीकरण** | जब कुनै वनको संरचना तथा हैसियतमा ह्रास आउँछ र वनबाट प्राप्त हुनुपर्ने सेवा र उत्पादनहरूमा कमी आउँछ तब त्यसलाई वनको क्षयीकरण भनिन्छ । |
| **स्वतन्त्र** | कोही (सरकार, परियोजना विकासकर्ता, कम्पनी वा कुनै संस्था) को करकाप, डरधम्की, बलजफत, चालबाजी वा दबाबबाट मुक्त भन्ने बुझिन्छ । |
| **सुसूचित सहमति** | उपयुक्त भाषा र ढाँचामा सबै सरोकारवाला र अवस्थाहरूसम्बन्धी जानकारीहरू खुलस्त रूपमा उपलब्ध गराउँदै पृथक् र विभिन्न परम्परागत तथा स्थानीय शासन संरचना, नियम कानुन, संस्कृति र रीतिरिवाजलाई मान्यता दिँदै उपयुक्त भाषा तथा ढाँचाहरूमा गरिएको सहमति |
| **वन विनाश तथा वन क्षयीकरणबाट उत्सर्जन घटाउने कार्य(रेड)** | वनसँग सम्बन्धित न्यूनीकरणका उपायहरूलाई कार्बन बजारको प्रक्रियामा सामेल गराएर वनको विनाश वा क्षतिबाट हुने हरितगृह ग्याँस उत्सर्जनको मात्रालाई कटौती गर्ने उपाय । |
| **रेडप्लस** | विकासशील राष्ट्रहरूलाई वन क्षेत्रबाट हुने उत्सर्जनमा कमी ल्याएवापत फाइदा प्रदान गरेर तथा कम कार्बन निस्कने दिगो विकासमा लगानी गरी वनमा सञ्चित कार्बनको मौद्रिक मूल्य खडा गर्ने एउटा प्रयास (युएन–रेड २०११) |
| **रिफरेस्टेसन** | पहिले वन भएको तर विभिन्न कारणले गर्दा खाली गरिएको ठाउँमा पुनः वन लगाउने कार्य । युएनएफसिसिसीको मार्गदर्शन बमोजिम रिफरेस्टेसन कार्य सन् १९८९ को डिसेम्बर ३१ भन्दाअघि नै खाली भएका ठाउँहरूमा मात्र गर्न सकिन्छ । |

| | |
|---|---|
| **हकवाला** | कुनै सामाजिक, कानुनी वा नैतिक आधारमा दाबी गर्न योग्य क्षेत्रमा बसोवास गरी आफ्नो हकको दाबी गर्ने व्यक्ति वा व्यक्तिहरूको समूह (युएनडिपी, २०११) |
| **अग्रिम** | सहमतिको खोजीलाई टेवा दिनका लागि परम्परागत विधिबाट जानकारी सङ्कलन, स्थानीय स्तरमा विश्लेषण र छलफल तथा स्थानीय भाषामा अनुवादका लागि विना कुनै बन्धन यथेष्ट र उपयुक्त समय प्रदान गर्नु। |
| **आत्मनिर्णय** | बाह्य क्षेत्रको प्रभावविना आफ्ना लागि आफैँ निर्णय लिने शक्ति वा क्षमता, कुनै व्यक्ति वा राष्ट्रको बाह्य क्षेत्रको प्रभावविना आफ्नो सरकारको स्वरूप आफैँ निर्धारण गर्ने हक |
| **सारोकारवाला** | परियोजनामा चासो भएको तथा परियोजनालाई प्रभाव पार्नसक्ने वा परियोजनाबाट प्रभावित हुने व्यक्ति, समूह, संस्था वा पद्धति। |
| **भोगाधिकार** | जमिन वा स्रोतहरूमा कसको हक लाग्छ भनी निर्धारण गर्न र कहिलेकाहीँ स्वामित्वका सर्तहरू तोक्ने विभिन्न व्यवस्था। भोगाधिकारले स्रोतको पहुँच र उपयोगलाई नियन्त्रण गर्दछ। |
| **आदिवासी जनजातिको अधिकारबारे संयूक्त राष्ट्रसङ्घीय घोषणापत्र (युएनड्रिप)** | यसले संस्कृति, परिचय, भाषा, व्यवसाय, स्वास्थ्य र शिक्षालगायत आदिवासी जनजातिका व्यक्तिगत वा सामूहिक हकबारे स्पष्ट पार्दछ। यसले उनीहरूको आफ्नो संस्था, संस्कृति र परम्परालाई स्थायित्व प्रदान गर्ने र सुदृढ पार्ने तथा आफ्ना आवश्यकता र उद्देश्यको विकास गर्न पाउने हकमा जोड दिन्छ। यसले आदिवासी जनजातिमाथिको भेदभावलाई बन्देज लगाउँदछ र स्वतन्त्र, अग्रिम र सुसूचित सहमति प्रदान गर्न पाउने वा असहमति प्रकट गर्न पाउने हकलगायतका उनीहरूको सरोकारका सम्पूर्ण कुराहरूमा उनीहरूको सहभागितालाई प्रोत्साहन गर्दछ। |
| **जलवायुपरिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी)** | वायुमण्डलको हरितगृह ग्याँसको मात्रालाई मानव सिर्जित जलवायु परिवर्तनबाट हुने खतराका तहसम्म पुग्न नदिई स्थिर राख्ने उद्देश्यले गरिएको वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि। |
| **प्रमाणीकरण** | एफपिआइसीको सिद्धान्तअनुसार सहमति खोजिएको छ कि छैन भनी गरिएको जाँच। यसका लागि परियोजना प्रस्तावक नभई स्वतन्त्र तवरबाट जाँच गर्न सक्ने व्यक्ति वा संस्था आवश्यक पर्दछ। |

## शब्दका छोटकरी रुपहरू

| | |
|---|---|
| सिबिएफएम | कम्युनिटी बेस्ड फरेस्ट म्यानेजमेन्ट |
| सिसिबी | क्लाइमेट, कम्युनिटी एन्ड बायोडाइभर्सिटी |
| इआइए | इन्भारोमेन्टल इम्प्याक्ट एसेसमेन्ट |
| एफसिपिएफ | फरेस्ट कार्बन पार्टनरसिप फ्यासिलिटी अफ वर्ल्ड बैँक |
| एफपिआइसी | फ्री प्रायर एन्ड इन्फर्म्ड कन्सेन्ट |
| एफएस्सी | फरेस्ट स्टेवार्डसिप काउन्सिल |
| जिआइजेड | डिउट्स गेसेल्सचाफ्ट फर इनटरनेसनाल जुसामेनारवेट |
| जिआरएम | ग्रिभान्स एन्ड रिभ्यु मेकानिज्म |
| आइजिइएस | द इन्स्टिच्युट फर ग्लोबल इन्भारोमेन्टल स्ट्राटेजिज् |
| केएफसिपी | द कालिमन्तान फरेस्टस् पार्टनरसिप |
| एम्ओयु | मेमोऱ्यान्डम अफ अन्डरस्ट्यान्डिङ |
| एमआरभी | मेजरिङ, रिपोर्टिङ, भेरिफिकेसन |
| एनजिओ | नन् गभर्नमेन्ट अर्गनाइजेसन |
| एनआरएम | नेचुरल रिसोर्सेज म्यानेजमेन्ट |
| पिआरए | पार्टिसिपेटरी रुरल अप्राइजल |
| रिकफ्ट | रिजनल कम्युनिटी ट्रेनिङ सेन्टर फर एसिया एन्ड द प्यासिफिक वा द सेन्टर फर पिपुल एन्ड फरेस्ट्स |
| रेडप्लस | रिड्युसिङ् एमिसन्स् फ्रम डिफरेस्टेसन एन्ड फरेस्ट डिग्रेडेसन |
| युएनड्रिप | युनाइटेड नेसन्स डिक्लेरेसन अन द राइट्स् अफ इन्डिजिनस् पिपुल्स |
| युएनएफसिसिसी | युनाइटेड नेसन्स फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट चेन्ज |
| भिसिएस | भोलुन्टरी कार्बन स्टान्डर्ड |

RECOFTC – The Center for People and Forests
P.O. Box 1111, Kasetsart University,
Pahonyothin Road,
Bangkok 10903, Thailand
Tel: +66-2-940-5700
Email: info@recoftc.org
Website: www.recoftc.org

Institute for Global Environmental Strategies (IGES)
604 SG Tower 6F,
161/1 Soi Mahadlek Luang 3. Rajdamri Road,
Patumwan, Bangkok, 10330, Thailand
TEL: +66-2-651-8797
FAX: +66-2-651-8798
E-mail: regionalcentre@iges.or.jp

Norwegian Agency for Development Cooperation (Norad)
Ruseløkkveien 26 0251 Oslo, Norway
Pb 8034 Dep. 0030 Oslo, Norway
+47 23 98 00 00
postmottak@norad.no